ओजयुक्त बनाऊ । हे मन्युपुरुष ! हामीलाई अनीति प्रतिरोध गर्ने क्षमता प्रदान गर । हे सङ्घर्षशील ! हामीलाई आफूमाथि हुने आक्रमण प्रतिकार गर्नका लागि सङ्घर्षशक्तिले सम्पन्न गराऊ ।

या व्याघ्रं विषूचिकोभौ वृकं च रक्षति । श्येनं पतत्रिणथं॑ सिथं॑ हथं॑ सेमं पात्वथं॑हसः ॥१०॥

विषूचिका रोगकी अधिष्ठात्री देवीले बाघ, ब्वाँसा, सिंह आदि जमिनमा रहनेलाई रक्षा गर्दछिन् र वेगपूर्वक झम्टिने श्येन आदि आकाशमा उड्नेवालाई पनि रक्षा गर्दछिन् । उनैले यी यजमानहरूलाई पनि रक्षा गरुन् ।

यदापिपेष मातरं पुत्रः प्रमुदितो धयन् । एतत्तदग्ने अनृणो भवाम्यहतौ पितरौ मया । सम्पृच्च स्थ सं मा भद्रेण पृङ्क्त विपृच स्थ वि मा पाप्मना पृङ्क्त ॥११॥

अबोध शिशुले दुध खाएपछि खुसी हुँदै हातगोडा बजारेर आमालाई नै हिर्काउँछ । हे अग्निदेवता ! तिमीलाई साक्षी मानेर हामी ती मातापिताको पितृऋणबाट मुक्त हुन पाऔँ । आफूले जानीबुझीकन ती कल्याणकारी मातापितालाई कुनै अहित गरेका छैनौँ । तिमी संयोग गराउनमा समर्थ छौ, हामीलाई कल्याणसँग संयोग गराऊ र तिमी वियोग गराउन समर्थ छौ, त्यसैले हामीलाई पापबाट मुक्त गराऊ ।

देवा यज्ञमतन्वत भेषजं भिषजाश्विना । वाचा सरस्वती भिषगिन्द्रायेन्द्रियाणि दधतः ॥१२॥

देवताहरूले औषधिहरू हवन गरेर यज्ञलाई विस्तृत गराएका छन् । अश्विनीकुमार नामका वैद्य र सरस्वती नामकी वाणीकी देवीले इन्द्रदेवताका लागि इन्द्रियको सामर्थ्य धारण गरेका छन् ।

दीक्षायै रूपथं॑ शष्पाणि प्रायणीयस्य तोक्मानि । क्रयस्य रूपथं॑ सोमस्य लाजाः सोमाथं॑शवो मधु ॥१३॥

नयाँ चामल दीक्षा यज्ञका लागि अनिवार्य चाहिन्छ । नयाँ जौ प्रायणीय यज्ञको रूप हो । किनेर ल्याएको लाजा र मह सोमको रूप हो ।

आतिथ्यरूपं मासरं महावीरस्य नग्नहुः । रूपमुपसदामेतत्तिस्रो रात्रीः सुरासुता ॥१४॥

व्रीहि आदि धान्य, औषधि मिश्रित चूर्ण आतिथ्यका रूपमा उपकारी छन् । शुद्ध धान्य महन् वीरहरूका लागि लाभदायक हुन्छ । प्रक्रिया पुऱ्याएर तीन रात पेलेपछि सुरा निर्माण हुन्छ ।

सोमस्य रूपं क्रीतस्य परिस्रुत्परिषिच्यते । अश्विभ्यां दुग्धं भेषजमिन्द्रायैन्द्रथं॑ सरस्वत्या ॥१५॥

अश्विनीकुमारहरूले दोहन गरेको औषधिको रस र सरस्वतीले दोहन गरेको दुधलाई उचित किसिमले मिसाउनुपर्दछ । धनले सम्पन्न व्यक्तिले किनेको सोमरसको रूप त्यसैलाई मान्नुपर्दछ । यस्तो सोमरस ऐश्वर्यका अधिपति इन्द्रदेवताका लागि हो ।

आसन्दी रूपथं९ राजासन्द्यै वेद्यै कुम्भी सुराधानी । अन्तरऽ उत्तरवेद्या रूपं कारोतरो भिषक् ॥१६॥

राजाभ्रैँ उत्तम आसनमा सोम राखिएको छ । वेदिकामा सुराको घैँलो राखिएको छ । दुवैका बीचमा रहेको खाली स्थान उत्तरवेदीका पछिल्लोपटक उपयोग गर्नका लागि राखिएको छ । औषधिहरूलाई उचित मात्रामा मिलाउने कुशल भिषक्का रूपमा चाल्नी राखिएको छ ।

वेद्या वेदिः समाप्यते बर्हिषा बर्हिरिन्द्रियम् । यूपेन यूपऽ आप्यते प्रणीतो अग्निरग्निना ॥१७॥

यस यज्ञको वेदिकासँग पृथ्वीरूपी वेदिका, कुशासँग कुशा, दिव्य इन्द्रियसित पुरुषार्थ, स्तम्भरूपी वृक्षसँग स्तम्भहरू र दिव्य अग्निसँग अग्निलाई उचित रूपमा प्राप्त गरिएको छ ।

हविर्धानं यदश्विनाग्नीध्रं यत्सरस्वती । इन्द्रायैन्द्रथं९ सदस्कृतं पत्नीशालं गार्हपत्यः ॥१८॥

यज्ञमा रहेका अश्विनीकुमारहरूका अनुकम्पाले सोमसम्बन्धी हव्य पदार्थ प्राप्त हुन्छ । सरस्वती देवीका अनुकम्पाले सोमसम्बन्धी आग्नीध्र प्राप्त हुन्छ । इन्द्रदेवताका लागि उनको ऐश्वर्यरूपी हवि ज्ञानयज्ञका साथ सभागृहमा, बलिवैश्वयज्ञका साथ पत्नीशालामा र देवयज्ञका साथ गार्हपत्य अग्निमा प्रस्तुत गर्दछौँ ।

प्रैषेभिः प्रैषानाप्नोत्याप्रीभिराप्रीर्यज्ञस्य । प्रयाजेभिरनुयाजान् वषट्कारेभिराहुतीः ॥१९॥

प्रैष आज्ञा आदि कर्मले आज्ञाकारीहरूलाई, तृप्तिकारक क्रियाले तृप्तिप्रदाताहरूलाई श्रेष्ठ यज्ञका साधनले यज्ञ आदि क्रियालाई र वषट्कार आदि क्रियाले आहुतिलाई प्राप्त गर्न सकिन्छ ।

पशुभिः पशूनाप्नोति पुरोडाशैर्हवींथं९ ष्या । छन्दोभिः सामिधेनीर्याज्याभिर्वषट्कारान् ॥२०॥

पशुका माध्यमले पशुको, पुरोडाशले हव्य पदार्थको, छन्दले छन्दहरूको, सामधेनी नामका विशिष्ट ऋचाहरूले सामधेनी नामक रहस्यात्मक ज्ञानको र यज्ञ आदि क्रियाले यज्ञको अनुरूप आचरण प्राप्त गर्न सकिन्छ ।

धानाः करम्भः सक्तवः परिवापः पयो दधि । सोमस्य रूपथं९ हविषऽ आमिक्षा वाजिनं मधु ॥२१॥

भुटेको धान, रोटपुरी, सातु आदि यी हव्यपदार्थ र दुधदही आदि सोमकै रूप हुन् । कुराउनी, मह र अन्न हविष्यका रूप हुन् ।

धानानाथं९ रूपं कुवलं परिवापस्य गोधूमाः । सक्तुनाथं९ रूपं बदरमुपवाकाः करम्भस्य ॥२२॥

धानलाई मुख्य अन्नका रूपमा, गहुँ आदिका पकाइएका पुरोडाशलाई हव्यपदार्थका रूपमा, बयरको धुलो सातुका रूपमा र जौको रोटीपुरीका रूपमा यज्ञका लागि प्रयोग गरिएको छ ।

ओजयुक्त बनाऊ । हे मन्युपुरुष ! हामीलाई अनीति प्रतिरोध गर्ने क्षमता प्रदान गर । हे सङ्घर्षशील ! हामीलाई आफूमाथि हुने आक्रमण प्रतिकार गर्नका लागि सङ्घर्षशक्तिले सम्पन्न गराऊ ।

या व्याघ्रं विषूचिकोभौ वृकं च रक्षति । श्येनं पतत्रिणथं॑ सिथं॑ हथं॑ सेमं पात्वथं॑हसः ॥१०॥

विषूचिका रोगकी अधिष्ठात्री देवीले बाघ, ब्वाँसा, सिंह आदि जमिनमा रहनेलाई रक्षा गर्दछिन् र वेगपूर्वक झम्टिने श्येन आदि आकाशमा उड्नेलाई पनि रक्षा गर्दछिन् । उनैले यी यजमानहरूलाई पनि रक्षा गरुन् ।

यदापिपेष मातरं पुत्रः प्रमुदितो धयन् । एतत्तदग्ने अनृणो भवाम्यहतौ पितरौ मया । सम्पृच्च स्थ सं मा भद्रेण पृङ्क्त विपृच स्थ वि मा पाप्मना पृङ्क्त ॥११॥

अबोध शिशुले दुध खाएपछि खुसी हुँदै हातगोडा बजारेर आमालाई नै हिर्काउँछ । हे अग्निदेवता ! तिमीलाई साक्षी मानेर हामी ती मातापिताको पितृऋणबाट मुक्त हुन पाऔँ । आफूले जानीबुझीकन ती कल्याणकारी मातापितालाई कुनै अहित गरेका छैनौँ । तिमी संयोग गराउनमा समर्थ छौ, हामीलाई कल्याणसँग संयोग गराऊ र तिमी वियोग गराउन समर्थ छौ, त्यसैले हामीलाई पापबाट मुक्त गराऊ ।

देवा यज्ञमतन्वत भेषजं भिषजाश्विना । वाचा सरस्वती भिषगिन्द्रायेन्द्रियाणि दधतः ॥१२॥

देवताहरूले औषधिहरू हवन गरेर यज्ञलाई विस्तृत गराएका छन् । अश्विनीकुमार नामका वैद्य र सरस्वती नामकी वाणीकी देवीले इन्द्रदेवताका लागि इन्द्रियको सामर्थ्य धारण गरेका छन् ।

दीक्षायै रूपथं॑ शष्पाणि प्रायणीयस्य तोक्मानि । क्रयस्य रूपथं॑ सोमस्य लाजाः सोमाथं॑शवो मधु ॥१३॥

नयाँ चामल दीक्षा यज्ञका लागि अनिवार्य चाहिन्छ । नयाँ जौ प्रायणीय यज्ञको रूप हो । किनेर ल्याएको लाजा र मह सोमको रूप हो ।

आतिथ्यरूपं मासरं महावीरस्य नग्नहुः । रूपमुपसदामेतत्तिस्रो रात्रीः सुरासुता ॥१४॥

ब्रीहि आदि धान्य, औषधि मिश्रित चूर्ण आतिथ्यका रूपमा उपकारी छन् । शुद्ध धान्य महन् वीरहरूका लागि लाभदायक हुन्छ । प्रक्रिया पुऱ्याएर तीन रात पेलेपछि सुरा निर्माण हुन्छ ।

सोमस्य रूपं क्रीतस्य परिस्रुत्परिषिच्यते । अश्विभ्यां दुग्धं भेषजमिन्द्रायैन्द्रथं॑ सरस्वत्या ॥१५॥

अश्विनीकुमारहरूले दोहन गरेको औषधिको रस र सरस्वतीले दोहन गरेको दुधलाई उचित किसिमले मिसाउनुपर्दछ । धनले सम्पन्न व्यक्तिले किनेको सोमरसको रूप त्यसैलाई मान्नुपर्दछ । यस्तो सोमरस ऐश्वर्यका अधिपति इन्द्रदेवताका लागि हो ।

आसन्दी रूपꣳ राजासन्द्यै वेद्यै कुम्भी सुराधानी । अन्तरऽ उत्तरवेद्या रूपं कारोतरो भिषक् ॥१६॥

राजाभन्दैं उत्तम आसनमा सोम राखिएको छ । वेदिकामा सुराको थैलो राखिएको छ । दुवैका बीचमा रहेको खाली स्थान उत्तरवेदीका पछिल्लोपटक उपयोग गर्नका लागि राखिएको छ । औषधिहरूलाई उचित मात्रामा मिलाउने कुशल भिषक्का रूपमा चाल्नी राखिएको छ ।

वेद्या वेदिः समाप्यते बर्हिषा बर्हिरिन्द्रियम् । यूपेन यूपऽ आप्यते प्रणीतो अग्निरग्निना ॥१७॥

यस यज्ञको वेदिकासँग पृथ्वीरूपी वेदिका, कुशासँग कुशा, दिव्य इन्द्रियसित पुरुषार्थ, स्तम्भरूपी वृक्षसँग स्तम्भहरू र दिव्य अग्निसँग अग्निलाई उचित रूपमा प्राप्त गरिएको छ ।

हविर्धानं यदश्विनाग्नीध्रं यत्सरस्वती । इन्द्रायैन्द्रꣳ सदस्कृतं पत्नीशालं गार्हपत्यः ॥१८॥

यज्ञमा रहेका अश्विनीकुमारहरूका अनुकम्पाले सोमसम्बन्धी हव्य पदार्थ प्राप्त हुन्छ । सरस्वती देवीका अनुकम्पाले सोमसम्बन्धी आग्नीध्र प्राप्त हुन्छ । इन्द्रदेवताका लागि उनको ऐश्वर्यरूपी हवि ज्ञानयज्ञका साथ सभागृहमा, बलिवैश्वयज्ञका साथ पत्नीशालामा र देवयज्ञका साथ गार्हपत्य अग्निमा प्रस्तुत गर्दछौं ।

प्रैषेभिः प्रैषानाप्नोत्याप्रीभिराप्रीर्यज्ञस्य । प्रयाजेभिरनुयाजान् वषट्कारेभिराहुतीः ॥१९॥

प्रैष आज्ञा आदि कर्मले आज्ञाकारीहरूलाई, तृप्तिकारक क्रियाले तृप्तिप्रदाताहरूलाई श्रेष्ठ यज्ञका साधनले यज्ञ आदि क्रियालाई र वषट्कार आदि क्रियाले आहुतिलाई प्राप्त गर्न सकिन्छ ।

पशुभिः पशूनाप्नोति पुरोडाशैर्हवीꣳष्या । छन्दोभिः सामिधेनीर्याज्याभिर्वषट्कारान् ॥२०॥

पशुका माध्यमले पशुको, पुरोडाशले हव्य पदार्थको, छन्दले छन्दहरूको, सामधेनी नामका विशिष्ट ऋचाहरूले सामधेनी नामक रहस्यात्मक ज्ञानको र यज्ञ आदि क्रियाले यज्ञको अनुरूप आचरण प्राप्त गर्न सकिन्छ ।

धानाः करम्भः सक्तवः परिवापः पयो दधि । सोमस्य रूपꣳ हविषऽ आमिक्षा वाजिनं मधु ॥२१॥

भुटेको धान, रोटपुरी, सातु आदि यी हव्यपदार्थ र दुधदही आदि सोमकै रूप हुन् । कुराउनी, मह र अन्न हविष्यका रूप हुन् ।

धानानाꣳ रूपं कुवलं परिवापस्य गोधूमाः । सक्तुनाꣳ रूपं बदरमुपवाकाः करम्भस्य ॥२२॥

धानलाई मुख्य अन्नका रूपमा, गहुँ आदिका पकाइएका पुरोडाशलाई हव्यपदार्थका रूपमा, बयरको धुलो सातुका रूपमा र जौको रोटीपुरीका रूपमा यज्ञका लागि प्रयोग गरिएको छ ।

पयसो रूपं यद्यवा दध्नो रूपं कर्कन्धूनि । सोमस्य रूपं वाजिनथं सौम्यस्य रूपमामिक्षा ॥२३॥

दुधजत्तिकै पोसिलो यहाँको जौ छ, यहाँको बयर दहीका रूपमा छ, अन्न सोमका रूपमा छ र दही मिसिएको दुध तथा सोमरस चरुजस्तै छन् ।

आश्रावयेति स्तोत्रियाः प्रत्याश्रावो अनुरूपः । यजेति धाय्यारूपं प्रगाथा ये यजामहाः ॥२४॥

स्तोत्रका सुरुमा आउने तीन ऋचाहरूले आश्रावय भन्ने शब्दको सङ्केत गर्दछन् र अन्तिम तीन ऋचाहरूले प्रत्याश्रावय भन्ने शब्दलाई जनाउँछन् । धाय्या नामका ऋचाहरू यज भन्ने पदबाट सुरु हुन्छन् । प्रगाथाका रूपमा उच्चारण हुने ऋचाहरू ये यजामहे भन्ने पदबाट सुरु हुन्छन् ।

अर्धऋचैरुक्थानाथं रूपं पदैराप्नोति निविदः । प्रणवैः शस्त्राणाथं रूपं पयसा सोमऽ आप्यते ॥२५॥

आधा ऋचाको उच्चारणले उक्थ नामका मन्त्र उच्चारण भएको कुरो बुझिन्छ । विभिन्न पदहरूबाट निविद नामका ऋचाहरू उच्चारण भएको कुरो जान्न सकिन्छ । प्रणवबाट शास्त्र वा स्तोत्रको रूपमा रहेका मन्त्र उच्चारण भएको अनुभव गर्न सकिन्छ र दुधलाई सोमका रूपमा रहेको अनुमान गर्न सकिन्छ ।

अश्विभ्यां प्रातःसवनमिन्द्रेणैन्द्रं माध्यंदिनम् । वैश्वदेवथं सरस्वत्या तृतीयमाप्तथं सवनम् ॥२६॥

बिहानको सवन दुवै अश्विनीकुमारहरूका माध्यमबाट प्राप्त हुन्छ, दिउँसोको सवन इन्द्रदेवतासम्बन्धी देवताहरूका माध्यमबाट प्राप्त हुन्छ र तेस्रो सवन विश्वेदेवासित सम्बन्धित देवी सरस्वतीका माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

वायव्यैर्वायव्यान्याप्नोति सतेन द्रोणकलशम् । कुम्भीभ्यामम्भृणौ सुते स्थालीभिः स्थालीराप्नोति ॥२७॥

वायव्य पात्रको प्राप्ति अनन्त अन्तरिक्षमा रहेका वायव्य नामको महान् सोमपात्रबाट हुन्छ र द्रोण कलसको प्राप्ति वेतस् नामको बेतको पात्रबाट हुन्छ । सोम सवन भएपछि दुवै घैलाले पूतभृत् र आधवनीय प्राप्त हुन्छन् र याज्ञिक यजमानलाई स्थालीको प्राप्ति दिव्य स्थालीबाट हुन्छ ।

यजुर्भिराप्यन्ते ग्रहा ग्रहैः स्तोमाश्च विष्टुतीः । छन्दोभिरुक्थाशस्त्राणि साम्नावभृथऽ आप्यते ॥२८॥

यजुर्मन्त्रले यजुको, सबै ग्रहपात्रले ग्रहपात्रको, सबै स्तोमले स्तोमको, उत्तम स्तुतिले स्तुतिको, छन्दले उक्थ र शस्त्रको, सामका मन्त्रले साम एवं अवभृथ स्नानले अवभृथको पुण्य प्राप्त हुन्छ ।

इडाभिर्भक्षानाप्नोति सूक्तवाकेनाशिषः । शंयुना पत्नीसंयाजान्त्समिष्टयजुषा सथं स्थाम् ॥२९॥

यज्ञमा प्रयुक्त हुने अन्नको त्यागले प्राणपर्जन्यरूपी पोषक पदार्थको प्राप्ति हुन्छ । उत्तम मन्त्ररूपी शुभ वचन प्रयोग गर्नाले आशीर्वाद प्राप्त हुन्छ । संयमले पतिपत्नीको

प्रेमपूर्ण सम्बन्धको प्राप्ति हुन्छ र सामूहिक रूपले सम्पन्न हुने यज्ञका अनुष्ठानले सङ्गठित समाज प्राप्त हुन्छ ।

व्रतेन दीक्षामाप्नोति दीक्षयाप्नोति दक्षिणाम् । दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥३०॥

व्रतपूर्वक यज्ञको अनुष्ठान सम्पन्न गर्नाले मानिसले दक्षतारूपी दक्षता प्राप्त गर्दछ । दक्षताले प्रतिष्ठा प्राप्त हुन्छ, प्रतिष्ठाले श्रद्धा प्राप्त हुन्छ र श्रद्धाले सत्यरूपी परमेश्वरको प्राप्ति हुन्छ ।

एतावद्रूपं यज्ञस्य यद्देवैर्ब्रह्मणा कृतम् । तदेतत्सर्वमाप्नोति यज्ञे सौत्रामणी सुते ॥३१॥

देवता र ब्रह्माले सम्पन्न गरेका यज्ञको उत्तम स्वरूपलाई सौत्रामणि यज्ञका रूपमा वर्णन गरिएको छ । यस्तो सौत्रामणि यज्ञमा सोमरस अभिषवण गरेपछि यज्ञले पूर्णता प्राप्त गर्दछ ।

सुरावन्तं बर्हिषदथं॑ सुवीरं यज्ञथं॑ हिन्वन्ति महिषा नमोभिः । दधानाः सोमं दिवि देवतासु मदेमन्द्रं यजमानाः स्वर्काः ॥३२॥

स्तुतिगानले, दिव्यलोकमा निवास गर्ने देवताहरूका निम्ति सोमरस धारण गर्दै श्रेष्ठ याज्ञिक र कुशका आसनमा बसेका देवताले भरिएका यज्ञमा सोमरस तयार गर्ने ऋत्विक्ले सौत्रामणि नामका यज्ञलाई विस्तृत गराउँछन् । यस्तो श्रेष्ठ यज्ञमा हामी महान् वैभवले सम्पन्न इन्द्रदेवताका निम्ति यजन गर्दै खुसी हुन्छौँ ।

यस्ते रसः सम्भृतऽ ओषधीषु सोमस्य शुष्मः सुरया सुतस्य । तेन जिन्व यजमानं मदेन सरस्वतीमश्विनाविन्द्रमग्निम् ॥३३॥

हे सोमरस ! औषधिबाट बटुलिएको तिम्रो सारतत्त्व अत्यन्त कडा औषधिरस हो । पेलेर तयार गरिएका सोममा भएको पोषकतत्त्वरूपी बल आनन्दप्रदायक हुन्छ । त्यसै रसका सारले यजमान, देवी सरस्वती, दुवै अश्विनीकुमार र अग्निदेवतालाई सन्तुष्ट गराउँछ ।

यमश्विना नमुचेरासुरादधि सरस्वत्यसुनोदिन्द्रियाय । इमं तथं॑ शुक्रं मधुमन्तमिन्दुथं॑ सोमथं॑ राजानमिह भक्षयामि ॥३४॥

असुरपुत्र नमुचीबाट दुई अश्विनीकुमारहरूले फेला पारेको सोमरस सरस्वती देवीले इन्द्रदेवतालाई पराक्रमशक्ति बढाउनका लागि औषधिका रूपमा पेलेर तयार गरिन् । वैभवसम्पन्न, राम्ररी केलाइएको राजाजस्तो तेजस्वी मधुरतायुक्त रस भएको त्यही सोम सोमयज्ञमा सेवन गरिन्छ ।

यदत्र रिप्तथं॑रसिनः सुतस्य यदिन्द्रो अपिबच्छचीभिः । अहं तदस्य मनसा शिवेन सोमथं॑ राजानमिह भक्षयामि ॥३५॥

रसयुक्त, पेलेर तयार पारेको सोमको यहाँ भएको भागलाई इन्द्रदेवताले आफ्नै बलपराक्रमले सेवन गरे । त्यही दीप्तिमान् सोम कल्याणकारी भावना र उत्तम मनले यस यज्ञमा हामी पनि सेवन गर्दछौँ ।

पितृभ्यः स्वधायिभ्यः स्वधा नमः पितामहेभ्यः स्वधायिभ्यः स्वधा नमः प्रपितामहेभ्यः स्वधायिभ्यः स्वधा नमः । अक्षन् पितरोमीमदन्त पितरोतीतृपन्त पितरः पितरः शुन्धध्वम् ॥३६॥

स्वधारूपी अन्न धारण गर्ने पितृहरूलाई स्वधा नामकै अन्न प्राप्त होस् । स्वधालाई धारण गर्ने पितामहलाई स्वधा नामकै अन्न प्राप्त होस् । स्वधा धारण गर्ने प्रपितामहलाई स्वधा नामकै अन्न प्राप्त होस् । पितृहरू हविष्यान्नका रूपमा समर्पित आहार ग्रहण गरेर तृप्त भएका छन् । पितृहरू सन्तुष्ट भएर हामीलाई पनि सन्तुष्ट गराउँछन् । हे पितृहरू हो ! तिमीहरू पवित्र रहेर हामीलाई पनि पवित्र जीवन निर्वाह गर्ने प्रेरणा प्रदान गर ।

पुनन्तु मा पितरः सोम्यासः पुनन्तु मा पितामहाः पुनन्तु प्रपितामहाः पवित्रेण शतायुषा । पुनन्तु मा पितामहाः पुनन्तु प्रपितामहाः पवित्रेण शतायुषा विश्वमायुर्व्यश्नवै ॥३७॥

सौम्यताले परिपूर्ण पितृहरूले पवित्रतायुक्त सय वर्षको आयु हामीलाई प्रदान गरुन् । पितामहले हामीलाई पवित्र बनाऊन् । प्रपितामहले हामीलाई पवित्र बनाऊन् । पवित्र भएका पितामहले सय वर्षसम्मको पूर्ण जीवनले हामीलाई पवित्र गराऊन् । प्रपितामहले हामीलाई पवित्र गराऊन् । यस किसिमले उनीहरूका प्रेरणाले पवित्र जीवनको लाभ प्राप्त गरेर हामी आफ्नो आयु पूर्ण रूपले उपयोग गर्न सकौँ ।

अग्नऽ आयूꣳषि पवसऽ आ सुवोर्जमिषं च नः । आरे बाधस्व दुच्छुनाम् ॥३८॥

हे अग्निदेवता ! हामीलाई लामो आयु प्रदान गर, अन्न र बलले पूर्ण गर । चाकरी गर्ने श्वानवृत्ति भएका शत्रुलाई हामीबाट टाढा लैजाऊ ।

पुनन्तु मां देवजनाः पुनन्तु मनसा धियः । पुनन्तु विश्वा भूतानि जातवेदः पुनीहि मा ॥३९॥

देवत्वको मार्ग अनुसरण गर्ने पुरुषहरूले हामीलाई पवित्र बनाऊन् । असल विचारले सम्पन्न मन भएका बुद्धिले हामीलाई पवित्र बनाओस् । सबै किसिमका प्राणीले हामीलाई पवित्र गराऊन् । हे जातवेद अग्निदेवता ! हामीलाई तिमी पनि पवित्र गराऊ ।

पवित्रेण पुनीहि मा शुक्रेण देव दीद्यत् । अग्ने क्रत्वा क्रतूँ१रनु ॥४०॥

हे दिव्यगुणले सम्पन्न अग्निदेवता ! तिमी आफ्नो जाज्वल्यमान र पवित्र तेजले हामीलाई पवित्र गराऊ । हाम्रा कर्मको द्रष्टाका रूपमा रहेका तिमीले आफ्ना पवित्र कर्मले हामीलाई पवित्र गर ।

यत्ते पवित्रमर्चिष्यग्ने विततमन्तरा । ब्रह्म तेन पुनातु मा ॥४१॥

हे अग्निदेवता ! तिम्रा तेजस्वी ज्वालाहरूका बीचमा रहेको पवित्र सत्य, ज्ञान र अनन्तरूपी विभिन्न लक्षणले युक्त ब्रह्म विस्तृत भएको छ । त्यसका माध्यमले हाम्रो जीवन पवित्र गर ।

पवमानः सो अद्य नः पवित्रेण विचर्षणिः । यः पोता स पुनातु मा ॥४२॥

सर्वद्रष्टा सोमले पवित्र गराउँछ । शोधित भएर त्यसले हामीलाई पनि पवित्रता प्राप्त गराउने काम गरोस् ।

उभाभ्यां देव सवितः पवित्रेण सवेन च । मां पुनीहि विश्वतः ॥४३॥

हे संसारलाई प्रेरणा प्रदान गर्ने सवितादेवता ! तिमी पवित्र गराउने ज्ञान र सोम यी दुवैले यज्ञ सम्पन्न गर्नका निम्ति हामीलाई पवित्र गराऊ ।

वैश्वदेवी पुनती देव्यागाद्यस्यामिमा बह्व्यस्तन्वो वीतपृष्ठाः । तया मदन्तः सधमादेषु वयꣳस्याम पतयो रयीणाम् ॥४४॥

वाणीलाई पवित्र गराउने यी विश्वदेवीको पवित्रता हामीलाई प्राप्त होस् । यिनलाई चिनेर धेरै किसिमका शरीरधारी र हामी सबै नै एकै स्थानमा आनन्दपूर्वक रहन पाऔँ तथा ऐश्वर्यको अधिकारले सम्पन्न होऔँ ।

ये समानाः समनसः पितरो यमराज्ये । तेषाँल्लोकः स्वधा नमो यज्ञो देवेषु कल्पताम् ॥४५॥

विश्वलाई नियन्त्रण गर्ने यमराजका सत्ताको अधीनमा रहने, एकै किसिमको मन तथा चित्त भएका हाम्रा पितृहरू भएका ठाउँमा हामीले स्वधा भन्दै प्रदान गरेको हविष्यान्न र मन्त्ररूपी अभिवादन पुगोस् । हाम्रो यो यज्ञको अनुष्ठान समस्त दिव्य शक्तिलाई सन्तुष्ट गराउने खालको होस् ।

ये समानाः समनसो जीवा जीवेषु मामकाः । तेषाꣳ श्रीर्मयि कल्पतामस्मिँल्लोके शतꣳ समाः ॥४६॥

एकै किसिमको मन, चित्त भएर स्नेही हृदयका आफन्त भावले संसारमा रहने सबै जीवित प्राणीको यश तथा अपार धनवैभव यस लोकमा सय वर्षसम्म रहिरहोस् । यी सबै कुरा सुहाउँदो किसिमले हामीसित सम्बन्धित भइरहून् ।

द्वे सृती अशृणवं पितृणामहं देवानामुत मर्त्यानाम् । ताभ्यामिदं विश्वमेजत्समेति यदन्तरा पितरं मातरं च ॥४७॥

पितृ, देवता र मानिसका देवयान र पितृयान गरी दुवै मार्गसित हामी परिचित छौँ । यो जगत् मातापितारूपी द्यावापृथिवीका बीचमा प्रकट भएको छ । संसार अगाडि सधैं ती दुवै लोकको मार्ग फेला पार्दछ ।

इदꣳ हविः प्रजननं मे अस्तु दशवीरꣳसर्वगणꣳ स्वस्तये । आत्मसनि प्रजासनि पशुसनि लोकसन्यभयसनि । अग्निः प्रजां बहुलां मे करोत्वन्नं पयो रेतो अस्मासु धत्त ॥४८॥

हाम्रो यो हविष्यान्न सन्तान वृद्धि गराउने, दसै इन्द्रियहरूको सामर्थ्य बढाउने, समस्त अङ्गलाई पुष्टि गर्ने, आत्मसुख प्रदान गर्ने प्रजाको वृद्धि गर्ने, गाई आदि पशु वृद्धि गर्ने, समाजमा प्रतिष्ठा प्रदान गर्ने, अभय प्रदान गर्ने र सबैका लागि कल्याणकारी होस् । हे अग्निदेवता ! तिमी हाम्रा प्रजाहरूको उन्नति गर र हामीलाई अन्न, दुध तथा पराक्रम वृद्धि गराऊ ।

उदीरतामवरऽ उत्परासऽ उन्मध्यमाः पितरः सोम्यासः । असुं यऽ ईयुरवृकाऽ ऋतज्ञास्ते नोवन्तु पितरो हवेषु ॥४९॥

हाम्रा उत्तम, मध्यम र निम्न तीनै खालका पितृ यस यज्ञमा कृपापूर्वक उपस्थित भएका छन् । उनीहरू पुत्रको प्राणरक्षाका लागि यज्ञमा समर्पित हविष्यान्न ग्रहण गरुन् र हाम्रो रक्षा गरुन् ।

अङ्गिरसो नः पितरो नवग्वाऽ अथर्वाणो भृगवः सोम्यासः । तेषां वयथ्ं सुमतौ यज्ञियानामपि भद्रे सौमनसे स्याम ॥५०॥

अङ्गिरा, अथर्वा र भृगु आदि हाम्रा पितृ भर्खरै आएका छन् । उनीहरू सबै सोमको इच्छा गर्दछन् । ती पितृहरूको कृपादृष्टि हामीलाई उपलब्ध होस् । हामी उनीहरूका कृपाले कल्याणकारी मार्गतिर बढौँ ।

ये नः पूर्वे पितरः सोम्यासोनूहिरे सोमपीथं वसिष्ठाः । तेभिर्यमः सथ्ंरराणो हवीथ्ंष्युशन्नुशद्भिः प्रतिकाममत्तु ॥५१॥

सोमरस तयार गर्ने वसिष्ठ आदि याजकहरू वैभवसम्पन्न भएर सोमपायी पितृलाई हविरूपी सोम प्रदान गर्दछन् । पितृहरूसँगै पितृका अधिपति यम पनि हविष्यको कामना गर्दछन् । जसले हविको कामना गर्दछन्, ती सबैले त्यो प्राप्त गर्दछन् ।

त्वथ्ं सोम प्र चिकितो मनीषा त्वथ्ं रजिष्ठमनु नेषि पन्थाम् । तव प्रणीती पितरो नऽ इन्दो देवेषु रत्नभजन्त धीराः ॥५२॥

हे सोमदेवता ! आफ्ना बुद्धिले हामी तिमीलाई जान्न सकौँ । हामीलाई तिमी उत्तम मार्गमा हिँडाउँछौ । तिम्रा नेतृत्वमा तिम्रै अनुगमन गरेर हाम्रा पूर्वजहरू, देवताको भन्दा रमणीय सुख प्राप्त गर्नमा सफल भएका थिए ।

त्वया हि नः पितरः सोम पूर्वे कर्माणि चक्रुः पवमान धीराः । वन्वन्नवातः परिधीँरऽ रपोर्णु वीरेभिरश्वैर्मघवा भवा नः ॥५३॥

हे शोधित सोमरस ! बुद्धिपूर्वक कार्य गर्ने हाम्रा पुर्खाले अनादि कालदेखि तिम्रो सहायता प्राप्त गर्नका लागि कार्य गरेका छन् । तिमी शत्रु नाश गर्दै अपराजित भएर, ती शत्रु पर हटाइदेऊ र हामीलाई वीर एवं घोडासहित धन प्रदान गर ।

त्वथ्ं सोम पितृभिः संविदानोनु द्यावापृथिवी आ ततन्थ । तस्मै तऽ इन्दो हविषा विधेम वयथ्ं स्याम पतयो रयीणाम् ॥५४॥

हे सोम ! हामीलाई पालनपोषण गर्ने हाम्रा पुर्खाहरूसित एकाकार भएर तिमी द्युलोक र पृथ्वीमा सुखको विस्तार गर । हे सर्वत्र प्रकाश फैलाउने सोम ! हामी तिम्रा लागि हवि प्रदान गरेर हामी यज्ञ गर्दछौँ । हामीलाई तिमी महान् ऐश्वर्य उपलब्ध गराऊ ।

बर्हिषदः पितरऽ ऊत्यर्वागिमा वो हव्या चकृमा जुषध्वम् । तऽ आ गतावसा शन्तमेनाथा नः शं योररपो दधात ॥५५॥

हे पितृ हो ! हाम्रो आह्वानमा उपस्थित भएर कुशका आसनमा बस । यज्ञीय पदार्थहरू तिमीहरूका लागि प्रस्तुत छन् । स्वीकार गरेर हामीलाई सबै किसिमले उपकार गर । पापबाट जोगाएर कल्याण गर ।

आहं पितृन्त्सुविदत्राँरऽ अवित्सि नपातं च विक्रमणं च विष्णोः । बर्हिषदो ये स्वधया सुतस्य भजन्त पित्वस्तऽ इहागमिष्ठाः ॥५६॥

हामीले यज्ञको अनुष्ठान सम्पन्न गर्ने विधिविधान सबै पितृबाटै सिकेका हौँ । उनीहरू यो कुरो राम्ररी जान्दछन् । सबै पितृ यज्ञशालामा कुशका आसनमा प्रतिष्ठित भएर हविष्यान्न एवं सोमरस ग्रहण गरुन् ।

उपहूताः पितरः सोम्यासो बर्हिष्येषु निधिषु प्रियेषु । तऽ आ गमन्तु तऽ इह श्रुवन्त्वधि ब्रुवन्तु तेवन्त्वस्मान् ॥५७॥

हामी आफ्ना पितृ आह्वान गर्दछौँ । कुशका आसनमा विराजमान भएर प्रस्तुत सोमरस आदि हविष्यान्न उपभोग गर । हाम्रो प्रार्थना स्वीकार गरेर प्रसन्न हुँदै रक्षा गर ।

आ यन्तु नः पितरः सोम्यासोग्निष्वात्ताः पथिभिर्देवयानैः । अस्मिन् यज्ञे स्वधया मदन्तोधि ब्रुवन्तु तेवन्त्वस्मान् ॥५८॥

हाम्रा पितृहरू सोमजस्तै सौम्य प्रवृत्तिका, अग्निजस्तै तेजस्विता धारण गराउने किसिमका छन् । उनीहरू देवताको दिव्य मार्गबाट हाम्रा यस यज्ञमा आइदिऊन् । यहाँ उनीहरू स्वधाले सन्तुष्ट भएर हमीलाई दिव्य ज्ञानको उपदेश प्रदान गरुन् र हाम्रो रक्षा गरुन् ।

अग्निष्वात्ताः पितरऽ एह गच्छत सदःसदः सदत सुप्रणीतयः । अत्ता हवींॅषी प्रयतानि बर्हिष्यथा रयिॅं सर्ववीरं दधातन ॥५९॥

हे अग्निजस्तै तेजसम्पन्न पितृहरू हो ! तिमीहरू हाम्रा यस यज्ञमा आओ र उचित तरिकाले सफा गरिएका सबैभन्दा उच्च स्थानमा बसेर अति प्रयत्नपूर्वक तयार पारिएको हविष्यान्न ग्रहण गर । त्यसपछि कुशका आसनमा बसेर तिमीहरू हामी याजकहरूलाई वीर, पराक्रमी सन्तानका साथै धनधान्य आदि महान् ऐश्वर्य प्रदान गर ।

येऽ अग्निष्वात्ता येऽ अनग्निष्वात्ता मध्ये दिवः स्वधया मादयन्ते । तेभ्यः स्वराडसुनीतिमेतां यथावशं तन्वं कल्पयाति ॥६०॥

अग्निका संस्कारले ऊर्ध्वगति प्राप्त गरेका पितृहरूमध्ये यदि कसैले ऊर्ध्वगति प्राप्त गरेका छैनन् भने तिनले द्युलोकमा विद्यमान सबै पितृहरू स्वधा संज्ञक अन्न पाएर आनन्दित हुन्छन् । ती सबैलाई स्वयं विराट् परमात्माले मानिसका लागि प्राप्त हुने शरीरको मर्यादाअनुसार कर्मफल प्रदान गर्दछन् ।

अग्निष्वात्तानृतुमतो हवामहे नाराशंॅसे सोमपीथं यऽ आशुः । ते नो विप्रासः सुहवा भवन्तु वयंॅ स्याम पतयो रयीणाम् ॥६१॥

अग्निका माध्यबाट ऊर्ध्वगति प्राप्त गरेका पितृहरू अग्निविद्याका ज्ञाता हुन् । उनीहरू यज्ञ आदि कर्मले सोम पान गर्दछन् । उत्तम पुरुषलाई योग्य प्रशंसा गर्दै हामी उनीहरूलाई आह्वान गर्दछौँ । त्यस्ता ज्ञानसम्पन्न पितृहरूले हाम्रा लागि धनधान्य आदिका रूपमा अपार वैभव प्रदान गरुन् ।

आच्या जानु दक्षिणतो निषद्येमं यज्ञमभि गृणीत विश्वे । मा हिंॅसिष्ट पितरः केनचिन्नो यद्वऽ आगः पुरुषता कराम ॥६२॥

हे पितृ हो ! हामी अबोध बालकको त्रुटि क्षमा गर्दै यज्ञशालामा दक्षिणतिर घुँडामा अडिएर पृथ्वीमा विराजमान भएर यज्ञको शोभा बढाइदेओ ।

आसीनासोऽ अरुणीनामुपस्थे रयिं धत्त दाशुषे मर्त्याय । पुत्रेभ्यः पितरस्तस्य वस्वः प्र यच्छत तऽ इहोर्जं दधात ॥६३॥

अरूण वर्णका ज्वालाका नजिकै बस्नेले यजमानलाई धनधान्य प्रदान गरुन् । हे पितृहरू हो ! जयमानका पुत्रपौत्रलाई पनि धनऐश्वर्य प्रदान गर । त्यसबाट उनीहरू यज्ञ आदि कर्मका लागि धन नियोजित गर्न सकून् ।

यमग्ने कव्यवाहन त्वं चिन्मन्यसे रयिम् । तन्नो गीर्भिः श्रवाय्यं देवत्रा पनया युजम् ॥६४॥

विद्वान्हरूबाट स्तुति पाउने, गुण तथा सामर्थ्य धारण गर्ने हे अग्निदेवता ! तिमी वाणीले वर्णनीय, विद्वान्हरूबाट स्तुति पाउने, जुन गुण र सामर्थ्यले श्रेष्ठ मानिएका छौ ती सबै कुरा हामीलाई उपलब्ध गराऊ । हामीले देवताको सन्तुष्टिका लागि समर्पित गरेको हवि उनीहरूसम्म पुऱ्याइदेऊ ।

यो अग्निः कव्यवाहनः पितॄन्यक्षदृतावृधः । प्रेदु हव्यानि वोचति देवेभ्यश्च पितृभ्यऽ आ ॥६५॥

श्राद्धकर्मका समयमा समर्पित हव्य वहन गर्ने अग्निदेव यज्ञलाई समृद्धिसम्पन्न बनाउँछन् । उनी देवता र पितृसम्म हव्य पुऱ्याएर उनको सेवा गर्दछन् ।

त्वमग्नऽ ईडितः कव्यवाहनावाड्ढव्यानि सुरभीणि कृत्वी । प्रादाः पितृभ्यः स्वधया ते अक्षन्नद्धि त्वं देव प्रयता हवीᳪंषि ॥६६॥

हे कव्यहरूलाई वहन गर्ने भनेर विद्वान्हरूले गुणको प्रशंसा गरेका सामर्थ्यले सम्पन्न अग्निदेवता ! तिमी स्तुति प्राप्त गरेर उत्तम सुगन्धयुक्त अन्न आदि पदार्थहरूलाई वहन गर । त्यो स्वधाका रूपमा पितृहरूलाई प्रदान गर । हे देवता ! तिमी पनि प्रीतिपूर्वक हविष्यान्न ग्रहण गर ।

ये चेह पितरो ये च नेह याँश्च विद्म याँ२ऽ उ च न प्रविद्म । त्वं वेत्थ यति ते जातवेदः स्वधाभिर्यज्ञᳪं सुकृतं जुषस्व ॥६७॥

हे सर्वज्ञाता अग्निदेवता ! यहाँ जुन पितृ उपस्थित छन्, हामीसित जो परिचित छन्, हाम्रा आह्वानमा जो आएका छैनन् वा जो हामीसित अपरिचित छन्, ती सबै पितृका तिमी पूर्ण ज्ञाता छौ । हे पितृ हो ! स्वधायुक्त यो श्रेष्ठ यज्ञ स्वीकार गर ।

इदं पितृभ्यो नमो अस्त्वद्य ये पूर्वासो यऽ उपरासऽ ईयुः । ये पार्थिवे रजस्या निषत्ता ये वा नूनᳪं सुवृजनासु विक्षु ॥६८॥

पितामह आदि पूर्वज र तिनीभन्दा पछि मृत्यु भएका पितृ वा आज जो पृथ्वीको राजसी भोग उपभोग गर्ने सौभाग्यवान् वैभवसम्पन्न बन्धुबान्धवका रूपमा उत्पन्न भएका छन्, ती सबैलाई नमस्कार छ ।

अधा यथा नः पितरः परासः प्रत्नासो अग्नऽ ऋतमाशुषाणाः । शुचीदयन्दीधितिमुक्थशासः क्षामा भिन्दन्तो अरुणीरपव्रन् ॥६९॥

हाम्रा पुर्खाले गतिला, पुराना र सत्यरूपी यज्ञका कर्ममा निरन्तर लागेर असल स्थान र साहस प्राप्त गरे । उनीहरूले स्तोत्र उच्चारण गरेर अन्धकार नाश गरे र अरूण रङ्ग हुने उषालाई प्रकट गराए ।

उशन्तस्त्वा नि धीमह्युशन्तः समिधीमहि । उशन्नुशतऽ आ वह पितॄन्हविषे अत्तवे ॥७०॥

हे पवित्र यज्ञका अग्निदेवता ! हामी श्रद्धापूर्वक प्रयत्न गर्दै तिमीलाई प्रतिष्ठित गर्दछौँ र अधिक प्रज्वलित गराउने प्रयास गर्दछौँ । देवता र पितृले यज्ञको कामना गर्दछन्, समर्पित गरिएको हव्य तिमी उनीहरूसम्म पुऱ्याइदिन्छौ ।

अपां फेनेन नमुचेः शिरऽ इन्द्रोदवर्तयः । विश्वा यदजयः स्पृधः ॥७१॥

युद्धमा शत्रुको विशाल सेनालाई परास्त गराउने हे इन्द्रदेवता ! तिमीले नमुची नामका असुरलाई सजिलैसित पानीका फिँजले नै काटिदिएका थियौ ।

सोमो राजामृतꣳ सुतऽ ऋजीषेणाजहान्मृत्युम् । ऋतेन सत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७२॥

पेलेर तयार गरिएको राजा सोम अमृतसरहको हुने हुनाले त्यसले मृत्युलाई सजिलैसित पर हट्याइदिन्छ । त्यसले यज्ञका माध्यमबाट सत्य, बल, अन्न, वीर्य, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ हाम्रा निम्ति उपलब्ध गराउँछ ।

अद्भ्यः क्षीरं व्यपिबत् क्रुङ्ङाङ्गिरसो धिया । ऋतेन सत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७३॥

शरीरका अङ्गको रस पिउने प्राण, हंसजस्तै हो र त्यो जलका बीचमा दुधरूपी सार अंशबाट पृथक् गरेर पिउँछ । यसै ऋतले सत्यको प्राप्ति गराउँछ । यसै प्राणले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

सोममद्भ्यो व्यपिबच्छन्दसा हꣳ सः शुचिषत् । ऋतेन सत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७४॥

हंसजस्तै भएर परम व्यापक आकाशमा गमनशील आदित्यदेवताले जलयुक्त सोमलाई रश्मिबाट पृथक् गरेर सोमपान गर्दछन् । यसै परम सत्यले लौकिक सत्य प्राप्त हुन्छ । यसै प्राणले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

अन्नातपरिस्रुतो रसं ब्रह्मणा व्यपिबत् क्षत्रं पयः सोमं प्रजापतिः । ऋतेन सत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७५॥

वेदका ज्ञाता ब्राह्मणहरूसित प्रजापति, केलाइएका अन्नको रसबाट सोमरस रूपी दुधलाई छुट्याएर पान गर्दछन् र क्षात्रबल धारण गर्दछन् । त्यस किसिमको ऋत सत्यबाट अलग रूपमा सत्य प्रकट हुन्छ । यो अन्न रसरूपी सोमले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

रेतो मूत्रं विजहाति योनिं प्रविशदिन्द्रियम् । गर्भो जरायुणावृतऽ उल्वं जहाति जन्मना । ऋतेन सत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७६॥

गर्भले आफूलाई सुरक्षित राख्नका लागि सालनालले ढाकिएको हुन्छ तर जन्मपछि उसैलाई च्यातेर परित्याग गर्दछ । एउटै मार्गबाट परिस्थितिवश भिन्नभिन्न पदार्थ निस्कन्छन् । लौकिक सत्यको रूप यस्तै हुन्छ । अन्नरसका रूपमा रहका सोमले पान गर्नका लागि विशिष्ट साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध, मह आदि पेय पदार्थ हाम्रा निमित्त प्रदान गर्दछ ।

दृष्ट्वा रूपे व्याकरोत्सत्यानृते प्रजापतिः । अश्रद्धामनृतेदधाच्छ्रद्धाᳬं सत्ये प्रजापतिः । ऋतेन सत्यमिन्द्रियं विपानᳬं शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७७॥

प्रजापतिले उचित किसिमले विचार गरेर सत्य र असत्यका दुवै स्वरूप देखेर पृथक्पृथक् तरिकाले प्रतिष्ठित गराए । उनले असत्यलाई अश्रद्धाका रूपमा र सत्यलाई श्रद्धाका रूपमा प्रतिष्ठित गरे । प्रस्तुत सत्य उसै ऋत भन्न सकिने सत्यको रूप हो । यो अन्न रसरूपी सोमले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

वेदेन रूपे व्यपिबत् सुतासुतौ प्रजापतिः । ऋतेन सत्यमिन्द्रियं विपानᳬं शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७८॥

प्रजापतिले सत्य ज्ञानरूपी तीन वेदबाट प्रेरित भएर इन्द्रियद्वारा ग्राह्य र अग्राह्य पदार्थहरूको विचार गरेर तिनलाई स्वीकार गरे । यस परम सत्यमा नै लौकिक सत्य आधारित छ । यो अन्न रसरूपी सोमले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

दृष्ट्वा परिस्रुतो रसᳬं शुक्रेण शुक्रं व्यपिबत् पयः सोमं प्रजापतिः । ऋतेन सत्यमिन्द्रियं विपानᳬं शुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदं पयोमृतं मधु ॥७९॥

प्रजापतिले शुद्ध गरिएका दीप्तिमान् सोमरसलाई दुधसित पान गरे र यसै शाश्वत सत्यले सांसारिक सत्य बुझे । यो अन्न रसरूपी सोमले हामीलाई उपयोगका निम्ति साधन, बल, अन्न, तेज, इन्द्रियसामर्थ्य, दुध आदि पेय, अमृतमय आनन्द र मधुर पदार्थ प्राप्त गराउँछ ।

सीसेन तन्त्रं मनसा मनीषिणऽ ऊर्णासूत्रेण कवयो वयन्ति । अश्विना यज्ञᳬं सविता सरस्वतीन्द्रस्य रूपं वरुणो भिषज्यन् ॥८०॥

सिसा नामको धातुविशेषले ऊ आनि कोमल धागो भएका पदार्थका सहायताले कपडा बुन्ने गर्दछन्, उसै गरी दुवै अश्विनीकुमार, सर्वप्रेरक सवितादेवता, सरस्वती, वरुण र मेधावी, क्रान्तदर्शी इन्द्रदेवताका रूपलाई औषधिले पुष्ट गर्दछन् र यसै गरी मन लगाएर सौत्रामणि नामको यज्ञ सम्पन्न गर्दछन् ।

तदस्य रूपममृतᳬं शचीभिस्तिस्रो दधुर्देवताः सᳬं रराणाः । लोमानि शष्पैर्बहुधा न तोक्मभिस्त्वगस्य माᳬं समभवन्न लाजाः ॥८१॥

यस्ता यज्ञमा दुवै अश्विनीकुमारहरू र सरस्वती देवीले मिलेर आआफ्ना शक्तिले इन्द्रदेवताको विराट् तथा अविनाशी स्वरूपको अन्वेषण गरे । यज्ञमा प्रमुख वनस्पतिका रूपमा प्रयोग हुने घाँस आदि वनस्पतिहरू इन्द्रदेवताका शरीरका रौं हुन् भन्ने कुरो पनि उनीहरूले प्रकट गरे । यज्ञका त्वक्बाट त्वचा प्रकट गरे र लाजारूपी यज्ञीय हविले उनका शरीरको मांस परिपुष्ट गराए ।

तदश्विना भिषजा रुद्रवर्तनी सरस्वती वयति पेशो अन्तरम् । अस्थि मज्जानं मासरैः कारोतरेण दधतो गवां त्वचि ॥८२॥

रुद्रदेवताजस्तै स्वभाव भएका अश्विनीकुमार नामका वैद्यहरू र सरस्वतीदेवतीले पृथ्वीभन्दा माथि सोमलाई स्थापना गरेपछि इन्द्रदेवताका विराट् शरीरको रचना गरे ।

त्यस रचनाले हाड, मासु र परिपक्व औषधिरसले निर्मित उत्तम शिल्पकारिताको परिचय दिन्छ ।

सरस्वती मनसा पेशलं वसु नासत्याभ्यां वयति दर्शतं वपुः । रसं परिस्रुता न रोहितं नग्नहुर्धीरस्तसरं न वेम ॥८३॥

अश्विनीकुमारहरूसित मिलेर सरस्वती देवीले मनोयोगपूर्वक अति सुन्दर, स्वर्णिम आभायुक्त, पुष्ट र दर्शनीय शरीरको रचना गर्दछिन् । साह्रै जतनसाथ उनैले त्यसपछि इन्द्रदेवताका शरीरको सौन्दर्य र तेजस्विता बढाउनका लागि रातो वर्णको विकृतिनाशक पदार्थलाई रगतका रूपमा उत्पन्न गरिन् ।

पयसा शुक्रममृतं जनित्रꣳ सुरया मूत्राज्जनयन्त रेतः । अपामतिं दुर्मतिं बाधमानाऽ ऊवध्यं वातꣳ सब्वं तदारात् ॥८४॥

अश्विनीकुमारहरू र देवी सरस्वतीले दुधबाट जीवनशक्ति बढाउने, अमृततुल्य प्रजननशील वीर्य उत्पन्न गरे । निकटमा रहेका अज्ञान र दुर्मतिजन्य अन्धकार नाश गराए । उनीहरूले पेटभित्र रहेको बेकामे वस्तुलाई वातनाडीका माध्यमबाट अपान वायुका रूपमा, पक्वाशयमा रहेका अन्नलाई विभिन्न रसका माध्यमबाट संयुक्त गराउँदै मूत्रका मार्गबाट बाहिर निकाल्ने व्यवस्था बनाए ।

इन्द्रः सुत्रामा हृदयेन सत्यं पुरोडाशेन सविता जजान । यकृत् क्लोमानं वरुणो भिषज्यन् मतस्ने वायव्यैर्न मिनाति पित्तम् ॥८५॥

शरीरलाई सर्वोत्तम किसिमले सुरक्षा गर्ने इन्द्रदेवताले हृदयबाट र सवितादेवताले पुरोडाश नामका यज्ञीय रोटीपुरी नामका अन्नबाट सत्यरूपी यज्ञका शरीरलाई पुष्ट गराए । वरुणदेवताले औषधिचिकित्साद्वारा यकृत र गलाका नाडीनसाहरू व्यवस्थित गराए । वायुरूपी प्राणले हृदयलाई दुवै भागमा अरन्थी र पित्तलाई व्यवस्थित गराए ।

आन्त्राणि स्थालीर्मधु पिन्वमाना गुदाः पात्राणि सुदुघा न धेनुः । श्येनस्य पत्रं न प्लीहा शचीभिरासन्दी नाभिरुदरं न माता ॥८६॥

मन्त्रले संस्कार गरिएका स्थाली नामका यज्ञीय पात्रविशेष, अन्य पात्रहरू, आन्द्रा र मलद्वारले व्यवस्थित गरेर अन्न आदिको रसलाई मधुका रूपमा शरीरका सबै भागमा सञ्चालन हुने बनाए । हाम्रा लागि यी नै दुधालु गाईजस्तै छन् । श्येन पक्षीको पँखेटाका रूपमा रहेका हृदयका बायाँ भागमा प्लीहा रहेको छ । नाभीरूपी राजआसन त्यस सञ्चालन व्यवस्थाको केन्द्रविन्दुमा रहेको छ र पेटले आमाजस्तो भएर सबै अवयवहरूलाई पोषण प्रदान गर्दछ ।

कुम्भो वनिष्ठुर्जनिता शचीभिर्यस्मिन्नग्रे योन्यां गर्भो अन्तः । प्लाशिर्व्यक्तः शतधारऽ उत्सो दुहे न कुम्भी स्वधां पितृभ्यः ॥८७॥

पेलेर तयार पारिएका औषधिहरूको रस थाप्नका लागि राखिएको घैलाले आफ्नो कर्म निर्वाह गर्दै थैलोजस्तो ठूलो आँत विकास गरायो । थैलाभित्र गर्भका रूपमा स्थापित सोमबाट जननेन्द्रिय प्रकट भयो । सयौं धाराले युक्त स्रोतहरूलाई दोहन गरेर सुरालाई धारण गर्ने घैंटाले पितृहरूलाई सन्तुष्ट गरायो ।

मुखथं सदस्य शिरऽ इत् सतेन जिह्वा पवित्रमश्विनासन्त्सरस्वती । चप्यं न पायुर्भिषगस्य वालो वस्तिर्न शेपो हरसा तरस्वी ॥८८॥

इन्द्रदेवताका यस्ता विराट् शरीरमा मुख र मस्तक सत्यले पवित्र भएका छन् । मुखमा रहेको जिब्रो सत्य वाणी र सत्य स्वादले पवित्र भएको छ । दुवै अश्विनीकुमार र देवी सरस्वतीले यी अङ्गहरूका सञ्चालनबाट पवित्रता व्याप्त गराउँछन् । शरीरको गुदद्वार मल फ्याँकिदिएर शरीरलाई पवित्र र शान्त बनाउनका लागि हो र रौँहरू शारीरिक दोष बाहिर निकालिदिने वैद्यका रूपमा रहेका छन् । शरीरमा रहेका वस्ती मूत्रस्थान र वेगवान् वीर्यले युक्त प्रजनन इन्द्रियका रूपमा रहन्छन् ।

अश्विभ्यां चक्षुरमृतं ग्रहाभ्यां छागेन तेजो हविषा शृतेन । पक्ष्माणि गोधूमैः कुवलैरुतानि पेशो न शुक्रमसितं वसाते । ८९॥

ती दुई अश्विनीकुमारहरूले ग्रहका रूपमा दुई वटा शाश्वत आँखाको निर्माण गरे । हविद्वारा ती आँखाको तेज व्याप्त भयो, त्यो तेज अजाका दुधले परिपक्व भएको थियो । आँखाका तल्ला भागमा भएका परेली रौँहरू गहुँको टुँडो र माथिल्ला परेली रौँ बयरको काँडाका रूपमा स्थापित भएर आँखाको कालो र सेतो भागलाई सुरक्षा उनीहरूले नै गर्दछन् ।

अविर्न मेषो नसि वीर्याय प्राणस्य पन्थाऽ अमृतो ग्रहाभ्याम् । सरस्वत्युपवाकैर्व्यानं नस्यानि बर्हिर्बदरैर्जजान ॥९०॥

त्यस विराट् पुरुषको नाकमा बलवृद्धिका लागि भेडाहरू कारण बने । ग्रहका सहायताले अनश्वर प्राणले आवागमन गर्ने मार्ग प्रवाहित भयो । सरस्वतीले जौका आँकुराहरूबाट व्यान वायु प्रकट गराइन् र बयर र कुशले नाकका रौँ उत्पन्न भए ।

इन्द्रस्य रूपमृषभो बलाय कर्णाभ्याथं श्रोत्रममृतं ग्रहाभ्याम् । यवा न बर्हिर्भ्रुवि केसराणि कर्कन्धु जज्ञे मधु सारघं मुखात् ॥९१॥

ऋषभले बलका लागि इन्द्र नामक इन्द्रियधारीलाई निर्माण गरे । इन्द्रसम्बन्धी ग्रहहरूद्वारा अविनाशी शब्द ग्रहण गर्ने श्रवणशक्तिले युक्त दुई कान बनाए । जौ र कुशबाट आँखी भौँ र कपालको उत्पत्ति भयो । बयरले मुखमा महसरिको रालजस्तो पदार्थ उत्पन्न गरायो ।

आत्मन्नुपस्थे न वृकस्य लोम मुखे श्मश्रूणि न व्याघ्रलोम॰ । केशा न शीर्षन्यशसे श्रियै शिखा सिथं हस्य लोम त्विषिरिन्द्रियाणि ॥९२॥

इन्द्रदेवताका त्यस विराट् शरीरका माथिल्लो र तल्लो भागका रौँहरू ब्वाँसाको रौँका रूपमा रहे । मुखमा रहेका दाह्रीजुँघाका रौँहरू बाघको रौँका रूपमा रहे । शिरमा रहेका रौँ यशका निम्ति भए, शिखा शोभाका निम्ति भयो र अन्य स्थानका रौँहरू सिंहका रौँ भए ।

अङ्गान्यात्मन् भिषजा तदश्विनात्मानमङ्गैः समधात् सरस्वती । इन्द्रस्य रूपथं शतमानमायुश्चन्द्रेण ज्योतिरमृतं दधानाः ॥९३॥

अनेकौँ प्राणीहरूले पूजा गर्ने इन्द्रदेवताका रूपमा अश्विनीकुमारहरूले उनका पूर्ण आयुलाई चन्द्रमाका आनन्ददायक ज्योतिसँग एकाकार गराएर अनश्वरता प्रदान गरे ।

अश्विनीकुमारहरूले शरीरका अङ्गहरूलाई आत्मासित एकाकार गराए र देवी सरस्वतीले त्यस आत्मालाई अङ्गहरूसित मिलाएर राखिन् ।

सरस्वती योन्यां गर्भमन्तरश्विभ्यां पत्नी सुकृतं बिभर्ति । अपाᳬ रसेन वरुणो न साम्नेन्द्रᳬ श्रियै जनयन्नप्सु राजा ॥९४॥

सरस्वती देवी अश्विनीकुमारहरूकी पत्नी भएर उत्तम किसिमले विराट् इन्द्रदेवतालाई धारण गर्दछिन् । जलका अधिपति वरुणदेवताले जलको साररूपी रसबाट र सामबलबाट ऐश्वर्यका निम्ति इन्द्रदेवतालाई परिपुष्ट गराउँछन् । यसै किसिमले देवी सरस्वतीले इन्द्रदेवतालाई जन्माउँछिन् ।

तेजः पशूनाᳬ हविरिन्द्रियावत् परिस्रुता पयसा सारघं मधु । अश्विभ्यां दुग्धं भिषजा सरस्वत्या सुतासुताभ्याममृतः सोमऽ इन्दुः ॥९५॥

औषधिउपचार गर्ने दुवै अश्विनीकुमार र देवी सरस्वतीले शक्तियुक्त, वीर्ययुक्त, पशुको दुधघिउलाई माहुरीको महसित मिसाएर इन्द्रदेवताका लागि तेजस्वी पेय बनाए । यसरी तयार गरिएका दुधले अमृतजस्तै शक्तिवर्द्धक सोम तयार गरे ।

इति एकोनविंशोऽध्यायः

उन्नाईसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल
यजुर्वेद – संहिता

॥अथ विंशोऽध्यायः॥

॥बीसौं अध्याय॥

ऋषि— अश्विनीकुमार, सरस्वती, इन्द्र, शुनःशेप, प्रस्कण्व, आश्वतराश्वि, विश्वामित्र, नृमेध, पुरुषमेध, नारायण कौण्डिन्य, काक्षीवत सुकीर्ति, आङ्गिरस, वामदेव, गर्ग, वसिष्ठ, विदर्भी, गृत्समद, मधुच्छन्दा ।

देवता— आसन्दी, कृष्णाजिन, वरुण, रुक्म, सविता, लिङ्गोक्त, प्रजापति, इन्द्र, शरीर, अवयव, विश्वेदेवा, देवगण, अग्नि, वायु, सूर्य, आपः, समित्, वैश्वानर, सूर्य, आत्मा, सोम, प्रजापति, ग्रह, इध्म, तनूनपात्, नराशंस, इड, बर्हि, द्वार, उषानसक्ता, दिव्य होता, त्रिदेवी, त्वष्टा, वनस्पति, स्वाहाकृति, अश्विनीकुमार, सरस्वती, सविता, वरुण ।

छन्द— द्विपदा, विराट् गायत्री, निचृत् अतिधृति, निचृत आर्षी गायत्री, अनुष्टुप्, निचृत् गायत्री, निचृत् अनुष्टुप्, निचृत् जगती, स्वराट् शक्वरी, पङ्क्ति, निचृत् प्रकृति, भुरिक् त्रिष्टुप्, भुरिक् अत्यष्टि, निचृत् अतिजगती, भुरिक् अनुष्टुप्, विराट् अनुष्टुप्, स्वराट् अतिशक्वरी, गायत्री, बृहती, विराट् त्रिष्टुप्, निचृत् उपरिष्यात् बृहती, त्रिष्टुप्, निचृत् त्रिष्टुप्, भुरिक् पङ्क्ति, निचृत् बृहती, जगती, आर्षी उष्णिक, विराट् गायत्री ।

क्षत्रस्य योनिरसि क्षत्रस्य नाभिरसि । मा त्वा हिꣳसीन्मा मा हिꣳसीः ॥१॥

हे आसन ! क्षत्रिय बलको आधार तिमी नै हौ । तिमी क्षत्रिय बलको नाभीरूपी केन्द्रविन्दु हौ । हे कृष्णमृगचर्म ! यस आसनलाई दुःख नदेऊ । हामीलाई पनि तिमी कहिल्यै नसताऊ ।

नि षसाद धृतव्रतो वरुणः पस्त्यास्वा । साम्राज्याय सुक्रतुः । मृत्योः पाहि विद्योत्पाहि ॥२॥

आसनमा बसेका हे यजमान ! यज्ञको सङ्कल्प गरेका, अनिष्ट निवारण गर्नमा लागेका र शुभसङ्कल्पले युक्त भएर तिमी प्रकृतिको नियम विधिवत् पालन गर्दै सधैं श्रेष्ठ कर्ममा लागेका छौ । हे सौवर्ण ! अकाल मृत्युबाट तिमी प्रजाहरूलाई जोगाऊ र विद्युत् आदि जस्ता आपद्मा उनीहरूको रक्षा गर ।

देवस्य त्वा सवितुः प्रसवेश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम् । अश्विनोर्भैषज्येन तेजसे ब्रह्मवर्चसायाभिषिञ्चामि सरस्वत्यै भैषज्येन वीर्यायान्नाद्यायाभिषिञ्चामीन्द्रस्ये-न्द्रियेणे बलाय श्रियै यशसेभिषिञ्चामि ॥३॥

हे यजमान ! सूर्योदयका समयमा अश्विनीकुमारहरूका बाहुले, पूषादेवताका हात र अश्विनीकुमारहरूका औषधिउपचारले दिव्य तेज तथा ब्रह्मचर्य प्राप्त गर्नका लागि

तिमीहरूलाई हामी यस स्थानमा अभिषेक गर्दछौँ । हामी बल र अन्न प्राप्तिका निम्ति देवी सरस्वतीद्वारा औषधिउपचारका बलले तिमीहरूलाई अभिषेक गर्दछौँ । इन्द्रदेवताको सामर्थ्यका लागि, बलऐश्वर्य प्राप्तिका लागि र यश प्राप्तिका लागि हामी तिमीहरूको अभिषेक गर्दछौँ ।

कोसि कतमोसि कस्मै त्वा काय त्वा । सुश्लोक सुमङ्गल सत्यराजन् ॥४॥

हे उत्तम कीर्तिले सम्पन्न ! हे उत्तम मङ्गल कार्य गर्ने यजमान ! तिमी कुन प्रजापति हौ ? तिमी कुन अधिष्ठित पुरुष हौ ? कुन पदका लागि प्रजापतिले तिमीलाई अभिषेक गरेका हुन् ? हे श्रेष्ठ सत्यको व्रत धारण गर्ने ! तिमी यहाँ कुन उद्देश्य प्राप्तिका लागि आयौ ?

शिरो मे श्रीर्यशो मुखं त्विषिः केशाश्च श्मश्रूणि । राजा मे प्राणो अमृतꣳ सम्राट् चक्षुर्विराट् श्रोत्रम् ॥५॥

हाम्रो शिर ऐश्वर्यले सम्पन्न होस् । हाम्रो मुख यशस्वी होस् । हाम्रो कपाल र जुँघा कान्तियुक्त होऊन् । हाम्रो श्रेष्ठ प्राण अमृतसमान होस् । हाम्रा नेत्र प्रजालाई चिन्न सक्ने होऊन् । हाम्रा कान प्रजाका सबै खालका व्यवहारहरू सुन्न सक्ने होऊन् ।

जिह्वा मे भद्रं वाङ्महो मनो मन्युः स्वराड् भामः । मोदाः प्रमोदाऽ अङ्गुलीरङ्गानि मित्रं मे सहः ॥६॥

हाम्रो जिब्रो कल्याणकारी वचन बोल्ने होस् । हाम्रो वाणी महिमायुक्त होस् । हाम्रो मन अनाचारीहरूमाथि क्रोध गर्ने खालको होस् । हाम्रा औँलाहरू स्पर्शले सुख पाउने खालका होऊन् । हाम्रो सबै अङ्ग सुखदायक होस् । हाम्रा मित्रहरूले शत्रुलाई परास्त गर्न सकून् ।

बाहू मे बलमिन्द्रियꣳ हस्तौ मे कर्म वीर्यम् । आत्मा क्षत्रमुरो मम ॥७॥

हाम्रा दुवै पाखुरा र इन्द्रियहरू बलले सम्पन्न होऊन् । हाम्रा दुवै हात कर्मशील होऊन् । हाम्रो आत्मा र हृदय क्षत्रिय धर्मको अनुरूप सामर्थ्यवान् होऊन् ।

पृष्टीर्मे राष्ट्रमुदरमꣳ सौ ग्रीवाश्च श्रोणी । ऊरू अरत्नी जानुनी विशो मेङ्गानि सर्वतः ॥८॥

हाम्रो पिठ्युँ राष्ट्रजस्तै सबैलाई धारण गर्न सक्ने होस् । पेट, काँध, गर्दन, तिघ्रा, दुई पाखुरा, कम्मर, घुँडा आदि हाम्रा सबै अङ्गहरू प्रजाजस्तै पोषण गर्नमा योग्य होऊन् ।

नाभिर्मे चित्तं विज्ञानं पायुर्मेपचितिर्भसत् । आनन्दनन्दावाण्डौ मे भगः सौभाग्यं पसः । जङ्घाभ्यां पद्भ्यां धर्मोस्मि विशि राजा प्रतिष्ठितः ॥९॥

हाम्रो नाभी ज्ञानरूप होस् । हाम्रो गुदेन्द्रिय विज्ञानझैँ शरीर सन्तुलनको आधार होस् । हाम्रा स्त्रीहरू प्रजननमा समर्थ होऊन् । हाम्रो कोश आनन्दले युक्त होस् । महान् ऐश्वर्यशाली इन्द्रियहरूले सम्पन्न हाम्रो शरीर सौभाग्यले युक्त होस् । तिघ्रा र गोडासहित सबै अङ्ग धर्मका रूप भएर समाजमा हामीले प्रतिष्ठा प्राप्त गरौँ ।

प्रति क्षत्रे प्रति तिष्ठामि राष्ट्रे प्रत्येश्वेषु प्रति तिष्ठामि गोषु । प्रत्यङ्गेषु प्रति तिष्ठाम्यात्मन् प्रति प्राणेषु प्रति तिष्ठामि पुष्टे प्रति द्यावापृथिव्योः प्रति तिष्ठामि यज्ञे ॥१०॥

हामी शौर्यवान् क्षत्रियहरूले राष्ट्रलाई प्रतिष्ठित तरिकाले आफ्ना वशमा राख्न सकौँ । अश्व र गाई आदि पशुहरू प्राप्त गरेर प्रतिष्ठित होऔँ । निरोगी रहेर प्राण र अङ्गले प्रतिष्ठा प्राप्त गरोस् । आत्माले मानसिक कष्टरहित भएर प्रतिष्ठा प्राप्त गरोस् । धनसम्पत्तिले समृद्धिशाली बनेर सम्पन्नताले प्रतिष्ठा प्राप्त गरोस् । द्यावापृथिवीले अलौकिक यश प्राप्त गरेर प्रतिष्ठित होऊन् र हामी यज्ञ गरेर प्रतिष्ठित हुन पाऔँ ।

त्रया देवाऽ एकादश त्रयस्त्रिꣳ शाः सुराधसः । बृहस्पतिपुरोहिता देवस्य सवितुः सवे । देवा देवैरवन्तु मा ॥११॥

विशिष्ट शक्तिले सम्पन्न, एघारएघार देवताका तीन समूहमा यी तेत्तीस देवता उत्तम ऐश्वर्यले युक्त भएर बृहस्पतिदेवतालाई पुरोहित बनउँदै सवितादेवताको शासनमा रहून् र ती सबै देवताले आआफ्ना दिव्य सामर्थ्यले हामीलाई रक्षा गरुन् ।

प्रथमा द्वितीयैर्द्वितीयास्तृतीयैस्तृतीयाः सत्येन सत्यं यज्ञेन यज्ञो यजुर्भिर्यजूꣳषि सामभिः सामान्यृग्भिर्ऋचः पुरोनुवाक्याभिः पुरोनुवाक्या याज्याभिर्याज्या वषट्कारैर्वषट्काराऽ आहुतिभिराहुतयो मे कामान्त्समर्धयन्तु भूः स्वाहा ॥१२॥

पहिलो वसुदेवता रुद्रसँग, दोस्रो रुद्रदेवता आदित्यसँग र आदित्यदेवता सत्यसँग हाम्रा सहायक होऊन् । यज्ञसँग सत्य युक्त होस्, यजुषसँग यज्ञ युक्त होस्, सामवेदसँग यजुर्वेद युक्त होस्, सामवेद ऋचाहरूसँग युक्त होस्, ऋचाहरू पुरोनुवाक्यसँग युक्त होऊन्, पुरोनुवाक्य यज्ञमन्त्रसँग युक्त होऊन्, यज्ञमन्त्र वषट्कारसँग युक्त होऊन्, वषट्कार आहुतिले युक्त होस्, आहुति समर्पणसँग युक्त होस् र यस पृथ्वीमा हामी उचित कामना सिद्ध गर्न सफल होऔँ ।

लोमानि प्रयतिर्मम त्वङ्मऽ आनतिरागतिः । माꣳस संमऽ उपनतिर्वस्वस्थि मज्जा मऽ आनतिः ॥१३॥

हाम्रा शरीरका सबै रौँहरू सक्रिय होऊन् । हाम्रो त्वचा नरम र मनमोहक होस् । हाम्रो मांस शरीरलाई नरम बनाउने सुन्दर होस् र हड्डीहरू संसारका लागि आधारभूत धनका रूपमा स्थापित होऊन् । हाम्रो बोसो हामीलाई नम्रता प्रदान गर्ने खालको होस् ।

यद्देवा देवहेडनं देवासश्चकृमा वयम् । अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳ हसः ॥१४॥

हे दिव्य गुणले देदीप्यमान देवताहरू हो ! तिमीहरूप्रति हामीले जेजस्ता अपराध गरेका छौँ, अग्निदेवताले हामीलाई त्यस अपराधबाट र अन्य सबै खालका अधर्मबाट जोगाऊन् । हामीलाई पापबाट रक्षा गरुन् ।

यदि दिवा यदि नक्तमेनाꣳ सि चकृमा वयम् । वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳ हसः ॥१५॥

यदि हामीले दिउँसो वा रातमा कुनै पाप गरेको भए, वायुदेवताले त्यस्ता पापबाट र अन्य सबै खालका अनाचारबाट हामीलाई मुक्त गराऊन् ।

यदि जाग्रद्यदि स्वप्नऽ एनाॅथ्ंसि चकृमा वयम् । सूर्यो मा तस्मादेनसो विश्वान्मुञ्चत्वथ्ंसः ॥१६॥

जागा अवस्थामा वा सुतेका बेला अथवा जानेर वा नजानीकन हामीबाट भएका सबै खालका पाप कर्मबाट सूर्यदेवताले हामीलाई रक्षा गरुन् ।

यद्ग्रामे यदरण्ये यत्सभायां यदिन्द्रिये । यच्छूद्रे यदर्ये यदेनश्चकृमा वयं यदेकस्याधि धर्मणि तस्यावयजनमसि ॥१७॥

गाउँमा, जङ्गलमा, समाजमा, इन्द्रियले गर्नुपर्ने काममा, शूद्र अथवा वैश्यहरूसँग हामीले गरेका पाप कर्महरू र अधिकार प्राप्त गर्नका लागि गरिएका अपराधहरू हाम्रा जेजति छन्, ती सबैबाट हे वरुणदेवता ! तिनबाट हामीलाई तिमीले जोगाऊ ।

यदापो अघ्न्याऽ इति वरुणेति शपामहे ततो वरुण नो मुञ्च । अवभृथ निचुम्पुण निचेरुरसि निचुम्पुणः । अव देवैर्देवकृतमेनोयक्ष्यव मर्त्यैर्मर्त्यकृतं पुरुराव्णो देव रिषस्पाहि ॥१८॥

हे वरुणदेवता ! हामीले अनुचित कुरो गरेर पाप गरेको भए त्यसबाट तिमी मुक्त गर । हे अवभृथ स्नान गर्ने योग्य जलप्रवाह ! तिमी निरन्तर प्रवाहमान छौ तापनि यस यज्ञस्थलका लागि मन्द गतिका होऊ । हे मन्द गतिले प्रवाहित वरुणदेवता ! देवताहरूका निम्ति गरेका देवताकार्यमा भएका हाम्रा पापको हामीले प्रायश्चित्त गरेका छौँ । हामीले मानवीय व्यवहारमा गरेका पापहरूलाई हटाइदेऊ । हे वरुणदेवता ! तिमी हिंस्रक पशुहरूबाट हामीलाई रक्षा गर ।

समुद्रे ते हृदयमप्स्वन्तः सं त्वा विशन्त्वोषधीरुतापः । सुमित्रिया नऽ आपऽ ओषधयः सन्तु दुर्मित्रियास्तस्मै सन्तु योस्मान्द्वेष्टि यं च वयं द्विष्मः ॥१९॥

हे सोम ! सागरका जलमा तिम्रो हृदय स्थित छ, तिमी त्यहीँ विराजमान भएका छौ । जलका संयोगले तिमीभित्र दिव्य औषधिहरू समाविष्ट होऊन् । जल र औषधिहरू हाम्रा लागि मित्रझैँ कल्याणकारी होऊन् । दुराचारी रोगहरू हामीसित द्वेष गर्दछन् र हामी जससित द्वेष गर्दछौँ, तिनका लागि जल र औषधिहरू विनाशकारी शत्रुजस्तै सिद्ध होऊन् ।

द्रुपदादिव मुमुचानः स्विन्नः स्नातो मलादिव । पूतं पवित्रेणेवाज्यमापः शुन्धन्तु मैनसः ॥२०॥

दिव्य गुणले सम्पन्न जलका सम्पर्कले हामी गोडाबाट खुस्काउना साथ जुत्ता स्वतन्त्र भएझैँ वा नुहाएपछि मानिस पसिना र मयलबाट मुक्त भएझैँ अथवा चाल्नीले छानेपछि विकारहरूबाट दुध मुक्त भएझैँ पापबाट मुक्त हुन्छौँ । हे अपदेवता ! हामीलाई तिमी पवित्र गराऊ ।

उद्वयं तमसस्परि स्व पश्यन्तऽ उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥२१॥

अन्धकार हटाउने श्रेष्ठतम ज्योतिलाई हामीले देखेका छौँ । उनै ज्योतिस्वरूप र देवताहरूमा उत्कृष्टतम ज्योतिर्पुञ्ज सूर्यमा हामी पुग्न सकौँ ।

अपो अद्यान्वचारिषᳪ रसेन समसृक्ष्महि । पयस्वानग्नऽ आगमं तं मा सᳪ सृज वर्चसा प्रजया च धनेन च ॥२२॥

हे अग्निदेवता ! आज हामीले अवभृथ जलको संसर्ग गरेका छौं । जलका रसले पवित्र बनेका हामीहरू निर्मल मनले युक्त भएर तिम्रा नजिक आएका छौं । हामीलाई तिमी तेजले, प्रजाले र धनले सम्पन्न गराऊ ।

एधोस्येधिषीमहि समिदसि तेजोसि तेजो मयि धेहि । समाववर्ति पृथिवी समुषाः समु सूर्यः । समु विश्वमिदं जगत् । वैश्वानरज्योतिर्भूयासं विभून् कामान् व्यश्नवै भूः स्वाहा ॥२३॥

अग्निदेवतालाई समर्पित गरिने हे समिधाहरू हो ! तिमीहरू निरन्तर वृद्धि गराउने खालका छौ, तिमीहरूका कृपाले हाम्रो सधैं वृद्धि होस् । तिमीहरू उत्तम प्रकारले देदीप्यमान हुनाले तेजरूप हौ, हामीलाई पनि दिव्यता प्रदान गर । भूमिले हामीलाई उत्तम किसिमको सुख प्रदान गरोस् । उषा, सूर्यदेवता र यो सम्पूर्ण जगत्‌ले पनि हामीलाई सुखी बनाऊन् । हामी सबै प्राणीलाई प्रकाशित गर्ने वैश्वानर ज्योतिलाई प्राप्त गर्न सकौं र उनका कृपाले सबै खालका असल कामनाहरू पूरा होऊन् । प्राणीको कल्याणका लागि यो आहुति तिमीलाई समर्पित गरेका छौं ।

अभ्या दधामि समिधमग्ने व्रतपते त्वयि । व्रतं च श्रद्धां चोपैमीन्धे त्वा दीक्षितो अहम् ॥२४॥

हे कर्महरूका अधिपति अग्निदेवता ! हामी यी समिधाहरू तिमीमा स्थापित गर्दछौं । हामी यज्ञ अनुष्ठानका आदि श्रेष्ठ कर्म गर्दै श्रद्धापूर्वक तिमीलाई प्रज्वलित गराउँछौं ।

यत्र ब्रह्म च क्षत्रं च सम्यञ्चौ चरतः सह । तँल्लोकं पुण्यं प्रज्ञेषं यत्र देवाः सहाग्निना ॥२५॥

ब्राह्मण र क्षत्रिय वर्णका मानिसहरू जहाँ उचित रूपमा मिलेर विचरण गर्दछन्, जहाँ विद्वान् ब्राह्मणहरू अग्निदेवताजस्तै भएर र क्षत्रियहरू उचित तेजले सम्पन्न भएर निवास गर्दछन्, त्यस्तो पुण्य र दिव्य ज्ञानमय लोक हामीलाई प्राप्त होस् ।

यत्रेन्द्रश्च वायुश्च सम्यञ्चौ चरतः सह । तँल्लोकं पुण्यं प्रज्ञेषं यत्र सेदिर्न विद्यते ॥२६॥

इन्द्रदेवता र वायुदेवता जुन ठाउँमा एकत्र भई मिलेर सहयोगपूर्वक विचरण गर्दछन् र जुन ठाउँमा धनधान्य आदिको कमी भएका कारण कुनै खालको दुःख हुँदैन, त्यस्तो उत्तम पवित्रतम दिव्य ज्ञानले सम्पन्न लोक हामीलाई प्राप्त होस् ।

अᳪ शुना ते अᳪ शुः पृच्यतां परुषा परुः । गन्धस्ते सोममवतु मदाय रसो अच्युतः ॥२७॥

हे औषधिका रस ! तिम्रो भाग सोमका भागसँगै संयुक्त होस् । तिम्रा सूक्ष्म अङ्गहरू सोमका अङ्गसँग मिलून् । तिम्रो सुगन्ध सोमरससित मिसिएर हामी सबैलाई दिव्य आनन्दको अनुभूति गराउनमा समर्थ होस् ।

सिञ्चन्ति परि षिञ्चन्त्युत्सिञ्चन्ति पुनन्ति च । सुरायै बभ्रै मदे किन्त्वो वदति किन्त्वः ॥२८॥

बल धारण गर्ने, यज्ञका कारण वायुको रूप धारण गर्ने औषधिहरूको रस पिउनाले इन्द्रदेवताले हर्ष प्राप्त गरेपछि प्राणपर्जन्यरूपी वर्षाले अन्न आदि पदार्थलाई सेचन गर्दछन् र बलऐश्वर्य आदिबाट पवित्र गराउँछन् । त्यसपछि अरू पनि केही चाहियो कि ? भनेर सोधिरहन्छन् ।

धानावन्तं करम्भिणमपूपवन्तमुक्थिनम् । इन्द्र प्रातर्जुषस्व नः ॥२९॥

हे इन्द्रदेवता ! दही र पिठो मिसाएर पकाएको पुरोडाशको हवि हामी मन्त्रोच्चारण गर्दै समर्पित गर्दछौँ । तिमी बिहानै यो स्वीकार गर ।

बृहदिन्द्राय गायत मरुतो वृत्रहन्तमम् । येन ज्योतिरजनयन्नृतावृधो देवं देवाय जागृवि ॥३०॥

यज्ञका संवर्द्धक हे मरुत् हो ! सामगानद्वारा देवताहरूले इन्द्रदेवतालाई जागृत र ज्योतिसम्पन्न गराएका थिए । शत्रु संहार गर्ने उही बृहत् साम इन्द्रका लागि गाओ ।

अध्वर्यो अद्रिभिः सुतꣳ सोमं पवित्रऽ आनय । पुनीहीन्द्राय पातवे ॥३१॥

हे अध्वर्यु हो ! इन्द्रले पिउने गरी ढुङ्गाले पेलेको सोम पवित्र गर्ने भाँडानजिकै ल्याओ र यसलाई शोधन गर ।

यो भूतानामधिपतिर्यस्मिँल्लोकाऽ अधिश्रिताः । यऽ ईशे महतो महाँस्तेन गृह्णामि त्वामहं मयि गृह्णामि त्वामहम् ॥३२॥

परमपिता परमात्मा सबै प्राणीहरूका स्वामी हुन् । उनका अधीनमा रहेर समस्त लोकले पोषण प्राप्त गर्दछन् र महान् भएका सबै वैभव आदि पदार्थलाई उनैले आफ्नो वशमा पारेका छन् । हे ग्रहपात्र ! उनै परमात्माबाट प्राप्त तिमीहरूको सामर्थ्यले हामी स्वीकार गर्दछौँ र तिमीहरूलाई ग्रहण वा स्थापना गर्दछौँ ।

उपयामगृहीतोस्यश्विभ्यां त्वा सरस्वत्यै त्वेन्द्राय त्वा सुत्राम्णऽ एष ते योनिरश्विभ्यां त्वा सरस्वत्यै त्वेन्द्राय त्वा सुत्राम्णे ॥३३॥

हे औषधिरूपी रस ! तिमीहरू अश्विनीकुमारहरूका निम्ति पेलेर तयार भएपछि उपयाम पात्रमा ग्रहण गरिएका छौ । सरस्वतीदेवी र इन्द्रदेवताका लागि हामी तिमीहरूलाई उत्तम संरक्षण गर्ने जिम्मावारी लिन्छौँ । तिमीहरूको उत्पत्तिस्थान यही हो । दुवै अश्विनीकुमार, सरस्वती र इन्द्रदेवताका कृपाले हामी सुरक्षित होऔँ ।

प्राणपा मे अपानपाश्चक्षुष्पाः श्रोत्रपाश्च मे । वाचो मे विश्वभेषजो मनसोसि विलायकः ॥३४॥

हे औषधिहरू हो ! तिमीहरू हाम्रा प्राणका रक्षक, अपानका रक्षक, नेत्रका रक्षक र श्रोत्रका रक्षक हौ । हाम्रो वाणीसहित समस्त इन्द्रियहरूलाई आआफ्ना दिव्य गुणका शक्तिले रक्षा गर । तिमीहरू यी इन्द्रियका चालक मनलाई विषयबाट विरक्त गराएर त्यसलाई परमात्मामा विलीन गराओ ।

अश्विनकृतस्य ते सरस्वतिकृतस्येन्द्रेण सुत्राम्णा कृतस्य । उपहूतऽ उपहूतस्य भक्षयामि ॥३५॥

हे औषधिहरू हो ! अश्विनीकुमारहरूद्वारा संस्कारित, देवी सरस्वतीद्वारा बलपूर्वक पुष्ट गरिएका र उत्तम रक्षक इन्द्रदेवताले उत्पन्न गरेका तिमीलाई हामी सादर आमन्त्रित गर्दछौं, अनि आफ्ना जीवनको स्वस्थताका लागि तिमीहरूलाई नित्य सेवन गर्दछौं ।

समिद्धऽ इन्द्रऽ उषसामनीके पुरोरुचा पूर्वकृद्वावृधानः । त्रिभिर्देवैस्त्रिꣳशता वज्रबाहुर्जघान वृत्रं वि दुरो ववार ॥३६॥

उत्तम किसिमले जाज्वल्यमान, उषाकालमा सर्वप्रथम पूर्व दिशालाई प्रकाशित गराउने दीप्ति फैलाउँदै तेत्तीस करोड देवताहरूका साथमा अगाडि बढ्ने, सूर्यजस्तै वज्र धारण गरेका इन्द्रदेवताले मार्गका अवरोधक वृत्रासुरलाई विनाश गर्दै सहरका सबै ढोकाहरू खुलाउँदै प्रकाश प्रकट गरेका छन् ।

नराशꣳस सः प्रति शूरो मिमानस्तनूनपात्प्रति यज्ञस्य धाम । गोभिर्वपावान् मधुना समञ्जन् हिरण्यैश्चन्द्री यजति प्रचेताः ॥३७॥

सारा जनताबाट प्रशंसा प्राप्त, यज्ञस्थान र अन्यान्य उत्तम पदार्थका निर्माता, बलिष्ठ, वीर शरीररक्षक, गाईको दुध पान गर्ने, मधुर स्वादयुक्त घिउले पोसिएका, स्वर्णादिका उत्तम गहनाले सजिएका, कान्तिमान् र उत्तम बुद्धि भएका इन्द्रदेवतालाई यजमानहरू दिनहुँ यजन गर्दछन् ।

ईडितो देवैर्हरिवाँ२ऽ अभिष्टिराजुह्वानो हविषा शर्धमानः । पुरन्दरो गोत्रभिद्वज्रबाहुरा यातु यज्ञमुप नो जुषाणः ॥३८॥

देवताहरूबाट स्तुति पाउने, तेजस्वी किरणले युक्त, सम्पूर्ण यज्ञमा पूज्य, ऋत्विक्हरूले हविका निम्ति बोलाइने, अत्यन्त शक्तिशाली, शत्रुको सहर ध्वस्त गर्ने, असुरवंशका नाशक, वज्रधारी इन्द्रदेवता हाम्रा यस यज्ञमा सेवा प्राप्त गर्नका लागि आऊन् ।

जुषाणो बर्हिर्हरिवान् नऽ इन्द्रः प्राचीनꣳ सीदत् प्रदिशा पृथिव्याः । उरुप्रथाः प्रथमानꣳ स्योनमादित्यैरक्तं वसुभिः सजोषाः ॥३९॥

तेजस्वी, ऐश्वर्यवान्, सबैको स्नेह प्राप्त गर्ने हे इन्द्रदेवता ! तिमी पृथ्वीको दिशा विशेष रूपमा सुशोभित आसन हेर्दै बाह्र आदित्य र आठ वसुहरूका साथ हाम्रा प्राचीन यज्ञस्थानमा आऊन् र विशाल सुखकारी त्यस सुखकारी आसनलाई उपयोग गरुन् ।

इन्द्रं दुरः कवष्यो धावमाना वृषाणं यन्तु जनयः सुपत्नीः । द्वारो देवीरभितो वि श्रयन्ताꣳ सुवीरा वीरं प्रथमाना महोभिः ॥४०॥

मेधासम्पन्न पतिव्रता स्त्रीको शोभा आफ्ना पतिका साथमा भएझैं वीर र महान् शास्त्रास्त्रले सुसज्जित सेनाले सुशोभित इन्द्रदेवता सजिसजाउ विशाल द्वारहरूले युक्त सबै तिरबाट सुव्यवस्थित यज्ञशालालाई सुशोभित गराऊन् ।

उषासानक्ता बृहती बृहन्तं पयस्वती सुदुघे शूरमिन्द्रम् । तन्तुं ततं पेशसा संवयन्ती देवानां देवं यजतः सुरुक्मे ॥४१॥

दुध आदि उत्तम रसले युक्त, महान् विस्तार प्राप्त गर्ने, अनुपम सङ्गठनले युक्त उषा र रात्रिले महान् पराक्रमी तथा देवताका अधिपति इन्द्रदेवतालाई देदीप्यमान गराउँछन् ।

दैव्या मिमाना मनुषः पुरुत्रा होताराविन्द्रं प्रथमा सुवाचा । मूर्धन् यज्ञस्य मधुना दधाना प्राचीनं ज्योतिर्हविषा वृधातः ॥४२॥

यज्ञअनुष्ठान आदि श्रेष्ठ कार्य सम्पन्न गर्ने याजकहरू श्रेष्ठ स्तोत्रले सर्वप्रथम यज्ञशिरोमणि इन्द्रदेवतालाई स्थापित गर्दछन् र दिव्य होता वायुअग्नि पूर्व दिशामा रहने आह्वान गर्न योग्य अग्निलाई मधुर हवि प्रदान गर्दै बढाउँछन् ।

तिस्रो देवीर्हविषा वर्धमानाऽ इन्द्रं जुषाणा जनयो न पत्नीः । अच्छिन्नं तन्तुं पयसा सरस्वतीडा देवी भारती विश्वतूर्त्तिः ॥४३॥

दिव्य गुणले युक्त, सर्वत्र गमनशील, सरस्वती, भारती र इडा यी तीन देवीहरू धारणपोषण गर्ने साध्वी स्त्रीजस्तै भएर इन्द्रदेवतालाई पुष्ट गराउँछन् । यी देवीहरूले हाम्रा यज्ञलाई दुध र हविले सम्पादन गरुन् र हामीलाई विघ्नबाट बचाऊन् ।

त्वष्ट्य दधच्छुष्ममिन्द्राय वृष्णेपाकोचिष्टुर्यशसे पुरूणि । वृषा यजन्वृषणं भूरिरेता मूर्धन् यज्ञस्य समनक्तु देवान् ॥४४॥

तेजस्वी, वीर, शत्रुको शक्तिलाई भेदन गर्ने त्वष्टादेवताले इन्द्रदेवताका लागि बल धारण गरुन्, त्यसपछि अत्यन्त प्रशंसनीय, यशका कारण पूजित, प्रचुर सम्पदा धारण गरुन् । उनैले अभीष्ट वर्षा गराउने अत्यन्त पराक्रमी, बलसम्पन्न इन्द्रदेवताको सहयोग प्राप्त गर्दै यज्ञका मूर्धन्य देवताहरूलाई तृप्त गराऊन् ।

वनस्पतिरवसृष्टो न पाशैस्त्मन्या समञ्जञ्छमिता न देवः । इन्द्रस्य हव्यैर्जठरं पृणानः स्वदाति यज्ञं मधुना घृतेन ॥४५॥

समस्त बन्धनबाट मुक्त, आत्मसामर्थ्यले प्रकाशित, वनस्पतिहरूका देवताले घिउ आदि मधुर रसले यज्ञलाई सम्पन्न गर्दछन् र इन्द्रदेवताका पेटको जठराग्निलाई हविरूपी अन्न देवताले सन्तुष्ट गराउँछन् ।

स्तोकानामिन्दुं प्रति शूरऽ इन्द्रो वृषायमाणो वृषभस्तुराषाट् । घृतप्रुषा मनसा मोदमानाः स्वाहा देवाऽ अमृता मादयन्ताम् ॥४६॥

पराक्रमी शत्रुका प्रति गर्जनशील, सुखवर्षक, हिंसक शत्रुलाई निमिट्यान्न पार्ने इन्द्रदेवताले स्वाहाको रूपमा प्राप्त घिउले तृप्त हुन्छन् र अमृतमय दिव्य गुणले सम्पन्न अल्प विन्दुरूपमा सोमलाई प्राप्त गरेर अत्यन्त आनन्दित हुन्छन् ।

आ यात्विन्द्रोवसऽ उप नऽ इह स्तुतः सधमादस्तु शूरः । वावृधानस्तविषीर्यस्य पूर्वीर्द्यौर्नक्षत्रमभिभूति पुष्यात् ॥४७॥

इन्द्रदेव द्युलोकजस्तै तेजसम्पन्न छन् । उनको बल मनग्गे छ । उनी हाम्रो सुरक्षाका लागि आऊन् । स्तुतिले सन्तुष्ट भएर यस यज्ञमा हामीलाई हर्ष प्रदान गरून् र शत्रुलाई पराजित गराउने बलले पुष्ट पारुन् ।

आ नऽ इन्द्रो दूरादा नऽ आसादभिष्टिकृदवसे यासदुग्रः ।
ओजिष्ठेभिर्नृपतिर्वज्रबाहुः सङ्गे समत्सु तुर्वणिः पृतन्यून ॥४८॥

अभीष्ट पूरा गराउने, अत्यन्त तेजस्वी, बलयुक्त, मानिसका पालक, वज्रधारी, अनेकौं सानाठूला युद्धमा शत्रु सखाप पार्ने इन्द्रदेव हाम्रो रक्षा गर्नका लागि टाढाका देशबाट आऊन् र यदि नजिकै छन् भनेदेखि त्यहाँबाट पनि आऊन् ।

आ नऽ इन्द्रो हरिभिर्यात्वच्छार्वाचीनोऽ वसे राधसे च । तिष्ठाति वज्री मघवा विरप्शीमं यज्ञमनु नो वाजसातौ ॥४९॥

महान् ऐश्वर्यवान् वज्रधारी इन्द्रदेव हाम्रो रक्षा गर्दै धन दिनका लागि अनुकूल भएर हरि नामका अश्वमा सुविस्तासाथ आऊन् । हाम्रो यस यज्ञमा आफ्नो उपयुक्त हविष्यान्नको भाग ग्रहण गर्नका लागि यहाँ विराजमान होऊ ।

त्रातारमिन्द्रमवितारमिन्द्रथं॑ हवेहवे सुहवथं॑ शूरमिन्द्रम् । ह्वयामि शक्रं पुरुहूतमिन्द्रथं॑ स्वस्ति नो मघवा धात्विन्द्रः ॥५०॥

हामी कल्याणकारी कामनाका संरक्षक, युद्धमा सहायक, आह्वान योग्य, पराक्रमी, सक्षम र अनेकौं स्तोताद्वारा स्तुत्य इन्द्रदेवतालाई आह्वान गर्दछौं । ऐश्वर्यवान् इन्द्रले हाम्रो कल्याण गरुन् ।

इन्द्रः सुत्रामा स्ववाँ२ऽ अवोभिः सुमृडीको भवतु विश्ववेदाः । बाधतां द्वेषो अभयं कृणोतु सुवीर्यस्य पतयः स्याम ॥५१॥

ऐश्वर्यशाली इन्द्रदेवताका रक्षणशक्तिले हाम्रो रक्षा गरुन् र सुखी बनाऊन् । इन्द्रदेव हाम्रा शत्रु संहार गरेर हामीलाई अभय प्रदान गर्छन् । अग्निदेवता प्रसन्न भएर हामीलाई बलवान् बनाऊन् ।

तस्य वयथं॑ सुमतौ यज्ञियस्यापि भद्रे सौमनसे स्याम । स सुत्रामा स्ववाँ२ऽ इन्द्रो अस्मे आराच्चिद् द्वेषः सनुतर्युयोतु ॥५२॥

इन्द्रदेवताका लागि गरिने यज्ञकार्यमा हामी उनैका बुद्धिको अनुसरण गरौं र उनका कल्याणकारी मनमा पनि रहन पाऔं । उत्तम सुरक्षा गर्ने र धनवान् हामीभन्दा टाढा रहँदा पनि उनै इन्द्रदेवताले भविष्यमा आउने हाम्रो दुर्भाग्य हटाइदिनेछन् ।

आ मन्द्रैरिन्द्र हरिभिर्याहि मयूररोमभिः । मा त्वा के चिन्नि यमन्विं न पाशिनोऽति धन्वेव ताँ२ऽ इहि ॥५३॥

यात्रीले मरुस्थल पार गरेझैं हे इन्द्रदेवता ! मयुरले आनन्ददायी पँखेटा फिँजाएको जस्तो जगर भएका घोडामा मार्गको बाधा हटाउँदै तिमी आऊ । बाटामा जाल फिँजाउनेहरूले तिमीलाई बाधा हाल्न नसकून् ।

एवेदिन्द्रं वृषणं वज्रबाहुं वसिष्ठासो अभ्यर्चन्त्यर्कैः । स न स्तुतो वीरवद्धातु गोमद्यूयं पात स्वस्तिभिः सदा नः ॥५४॥

अभीष्ट वर्षा गराउने र वज्रजस्तै भुजा भएका इन्द्रदेवतालाई महर्षि वसिष्ठका वंशजहरू मन्त्रद्वारा पूजा गर्दछन् । यशस्वी कर्मले स्तुति प्राप्त गर्ने उनै इन्द्रदेवताले हाम्रा वीर र गाई आदि पशुलाई आफ्ना संरक्षणमा लिइदिऊन् । हे देवताहरू हो ! तिमीहरू पनि हामीलाई सधैं कल्याण र रक्षा गर्दछौ ।

समिद्धो अग्निरश्विना तप्तो घर्मो विराट् सुतः । दुहे धेनुः सरस्वती सोमथं॑ शुक्रमिहेन्द्रियम् ॥५५॥

हे अश्विनीकुमारहरू हो ! अग्निदेवता आफ्ना तेजले अत्यधिक देदीप्यमान भएर, यज्ञमा प्रदीप्त भएका छन् । यी अग्निदेवताको सन्तुष्टिका लागि विराट् अन्तरिक्षमा

सोमरस पेलिएको छ । सरस्वतीले अनकौं किसिमका शुभ्र, कान्तिमान् र बलशाली सारयुक्त सोमलाई गाई दुहेभैंं दोहन गर्दछिन् ।

तनूपा भिषजा सुतेश्विनोभा सरस्वती । मध्वा रजा॑ꣳसि सीन्द्रियमिन्द्राय पथिभिर्वहान् ॥५६॥

आफ्ना दिव्य औषधीय गुणले हाम्रा शरीरको रक्षा गर्ने दुई अश्विनीकुमार नामका वैद्य र सरस्वती देवीले अत्यन्त मधुर औषधिका रस अनेकौं लोकका अनेकौं मार्गबाट इन्द्रदेवताको पुष्टिका लागि लिएर आउँछन् ।

इन्द्रायेन्दुꣳसरस्वती नराशꣳसेन नग्नहुम् । अधातामश्विना मधु भेषजं भिषजा सुते ॥५७॥

यज्ञ सँगसँगै सरस्वती देवीले इन्द्रदेवताका लागि सोम र महौषधिका तत्त्वको स्थापना गरिन् । वैद्य अश्विनीकुमारहरूले त्यसरी निकालिएका मधुर औषधिरूपी सोमलाई धारण गरे ।

आजुह्वाना सरस्वतीन्द्रायेन्द्रियाणि वीर्यम् । इडाभिरश्विनाविषꣳसमूर्जꣳसꣳरयिं दधुः ॥५८॥

इन्द्रदेवतालाई आह्वान गर्ने सरस्वती देवी र दुवै अश्विनीकुमारहरूले इन्द्रदेवताका लागि इन्द्रियमा बल र वीर्य स्थापित गरे । गाई आदि पशुका साथ सम्पूर्ण अन्न, दुध, दही र उत्तम धन पनि धारण गरेका छन् ।

अश्विना नमुचेः सुतꣳसोमꣳशुक्रं परिस्रुता । सरस्वती तमा भरद्बर्हिषेन्द्राय पातवे ॥५९॥

दुवै अश्विनीकुमारले महौषधिको रसमा पेलेर तयार पारिएको दीप्तिमान् सोमरस मिसाए । देवी सरस्वतीले नमुची नामका राक्षसबाट सोम अपहरण गरेर इन्द्रदेवताले पिउनका लागि त्यो रस कुशमाथि राखिन् ।

कवष्यो न व्यचस्वतीरश्विभ्यां न दुरो दिशः । इन्द्रो न रोदसी उभे दुहे कामान्त्सरस्वती ॥६०॥

दुवै अश्विनीकुमारका साथ देवी सरस्वतीले र इन्द्रदेवताले छिँड भएका अत्यन्त विराट् यज्ञद्वारा द्युलोक र पृथ्वी दुवै तथा सम्पूर्ण दिशाहरूद्वारा आआफ्ना कामनाहरूको दोहन गरे ।

उषासानक्तमश्विना दिवेन्द्रꣳसायमिन्द्रियैः । सञ्जानाने सुपेशसा समञ्जाते सरस्वत्या ॥६१॥

देवी सरस्वतीका साथै दुवै अश्विनीकुमारको जस्तै गुणधर्मले युक्त भएर उषा रात्रि, दिन र साँझका समयमा इन्द्रदेवतालाई सम्पूर्ण बलका साथ उचित किसिमले संयुक्त गराउने गर्दछन् ।

पातं नो अश्विना दिवा पाहि नक्तꣳसरस्वति । दैव्या होतार भिषजा पातमिन्द्रꣳसचा सुते ॥६२॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू दिउँसो हाम्रो रक्षा गर । हे सरस्वती देवी ! तिमी रातमा हामीलाई रक्षा गर । विराट् प्रकृतिरूपी यज्ञका दिव्य होता अश्विनीकुमारहरू हो ! तिमीहरू औषधिरूपी दिव्य सोमले इन्द्रदेवताको रक्षा गर ।

तिस्रस्त्रेधा सरस्वत्यश्विना भारतीडा । तीव्रं परिस्रुता सोममिन्द्राय सुषुवुर्मदम् ॥६३॥

तीन किसिमले रहेका अन्तरिक्षलोकमा सरस्वती, द्युलोकमा भारती र पृथ्वीमा इडा यी तीन देवीहरूले अश्विनीकुमारहरूद्वारा महौषधिको दिव्य आरोग्यवर्द्धक गुणले युक्त सोमलाई इन्द्रदेवताका लागि पेलेर तयार गरे ।

अश्विना भेषजं मधु भेषजं नः सरस्वती । इन्द्रे त्वष्टा यशः श्रियꣳ रूपꣳ रूपमधुः सुते ॥६४॥

सोमरस पेलेर तयार भएपछि दुवै अश्विनीकुमारहरूले औषधि, सरस्वतीले मधुरूपी औषधि, त्वष्टादेवताले कीर्तिरूप र धनसम्पदाका अनेकौं रूप इन्द्रदेवताको पुष्टिका लागि धारण गरे ।

ऋतुथेन्द्रो वनस्पतिः शशमानः परिस्रुता । कीलालमश्विभ्यां मधु दुहे धेनुः सरस्वती ॥६५॥

वनका अधिपति इन्द्रदेवताले ऋतुहरूको अनुसार समयसमयमा पेलिएका महौषधिको मधुर रस र अन्नको रस प्राप्त गरेर वृद्धि प्राप्त गरेको छ । अश्विनीकुमारहरू र देवी सरस्वतीले गाई दुहेझैं यो मधुर रस दोहन गरे ।

गोभिर्न सोममश्विना मासरेण परिस्रुता । समधातꣳ सरस्वत्या स्वाहेन्द्रे सुतं मधु ॥६६॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू दुवै सरस्वतीदेवीसँग गाईको दुध, घिउ आदिका साथै महौषधिको मधुर रसबाट निस्केको सोमलाई मिलाएर इन्द्रदेवताका लागि अर्पित गरुन् । यो आहुति उचित किसिमले ग्रहण गर ।

अश्विना हविरिन्द्रियं नमुचेर्धिया सरस्वती । आ शुक्रमासुराद्वसु मघमिन्द्राय जभ्रिरे ॥६७॥

अश्विनीकुमार र सरस्वतीदेवीले विचारपूर्वक उचित किसिमले संस्कारित र हवि एवं श्रेष्ठ धन नमुची नामको दैत्यबाट प्राप्त गरेर इन्द्रदेवतालाई अर्पित गरे ।

यमश्विना सरस्वती हविषेन्द्रमवर्धयन् । स बिभेद बलं मघं नमुचावासुरे सचा ॥६८॥

दुवै अश्विनीकुमार र देवी सरस्वतीले एकै साथ मिलेर इन्द्रदेवताका लागि हवि समर्पित गरेर उनलाई पुष्ट गरे र इन्द्रदेवताले नमुची नामका असुरको महान् बललाई पूर्ण रूपमा समाप्त पारिदिए ।

तमिन्द्रं पशवः सचाश्विनोभा सरस्वती । दधानाऽ अभ्यनूषत हविषा यज्ञऽ इन्द्रियैः ॥६९॥

अश्विनीकुमार र देवी सरस्वतीले एकसाथ मिलेर यज्ञमा उनै इन्द्रदेवतालाई पशुको दुध र घिउयुक्त हविष्यान्न समर्पित गरेर उनको बलसामर्थ्य बढाइदिए र उनलाई सबै तिरबाट प्रशंसा गरे ।

यऽ इन्द्र इन्द्रियं दधुः सविता वरुणो भगः । स सुत्रामा हविष्पतिर्यजमानाय सश्चत ॥७०॥

यी सविता, वरुण र भगदेवताले इन्द्रदेवतालाई बल धारण गराए । उनले उत्तम प्रकारले रक्षा गर्ने हविका अधिपति इन्द्रदेवताले याजकहरूका इच्छालाई पूरा गरेर सबैलाई सुखी बनाऊन् ।

सविता वरुणो दधद्यजमानाय दाशुषे । आदत्त नमुचेर्वसु सुत्रामा बलमिन्द्रियम् ॥७१॥

उत्तम किसिमका रक्षक इन्द्रदेवताले नमुची नामका राक्षसबाट उसको धन र इन्द्रियको सामर्थ्य खोसेर लिए । सविता र वरुणदेवताले याजकहरूको प्रसन्नताका लागि धन र बल धारण गरे ।

वरुणः क्षत्रमिन्द्रियं भगेन सविता श्रियम् । सुत्रामा यशसा बलं दधाना यज्ञमाशत ॥७२॥

याजकहरूलाई क्षात्रबल र इन्द्रियको सामर्थ्य प्रदान गर्ने वरुणदेवता, ऐश्वर्यप्रदाता सवितादेवता र यश तथा पराक्रम वृद्धि गराउने इन्द्रदेवता हाम्रा यस सौत्रामणी नामका यज्ञमा आऊन् ।

अश्विना गोभिरिन्द्रियमश्वेभिर्वीर्यम्बलम् । हविषेन्द्रथं॑ सरस्वती यजमानमवर्धयन् ॥७३॥

अश्विनीकुमार र देवी सरस्वतीले गाई, अश्व र हविले इन्द्र तथा यजमानको बल, पराक्रम र ऐश्वर्यको वृद्धि गरे ।

ता नासत्या सुपेशसा हिरण्यवर्तनी नरा । सरस्वती हविष्मतीन्द्र कर्मसु नोवत ॥७४॥

स्वर्णिम पथमा विहार गर्ने, अनुपम, श्रेष्ठतम, मनुष्यको आकृति भएका दुवै अश्विनीकुमार, देवी सरस्वती र इन्द्रदेवताले हाम्रा यज्ञमा आएर सबै किसिमले हामीलाई रक्षा गरुन् ।

ता भिषजा सुकर्मणा सा सुदुघा सरस्वती । स वृत्रहा शतक्रतुरिन्द्राय दधुरिन्द्रियम् ॥७५॥

श्रेष्ठ कर्महरू सम्पादन गर्ने अश्विनीकुमार नामका दुवै वैद्य, उत्तम कामनालाई दोहन गर्ने सरस्वती देवी र वृत्रहन्ता, शतकर्मा इन्द्रदेवताले याजकहरूका लागि इन्द्रियको सामर्थ्य धारण गरे र त्यसलाई परिपुष्ट गराए ।

युवथं॑ सुराममश्विना नमुचावासुरे सचा । विपिपाना सरस्वतीन्द्रं कर्मस्वावत ॥७६॥

हे अश्विनीकुमार हो ! नमुची नामका असुरका अधिकारमा रहेको श्रेष्ठ मधुर सोमरस प्राप्त गरेर पान गर्दै तिमीहरू दुवै शुभ कर्मका पालक इन्द्रदेवताको रक्षा गर ।

पुत्रमिव पितरावश्विनोभेन्द्रावथुः काव्यैर्दश्र्ठ सनाभिः । यत्सुरामं व्यपिबः शचीभिः सरस्वती त्वा मघवन्नभिष्णक् ॥७७॥

हे इन्द्रदेवता ! राक्षसको संसर्गले अशुद्ध भएको सोम पान गरेर सङ्कटग्रस्त हुँदा पनि पिताले पुत्रको रक्षा गरेझैं अश्विनीकुमारले तिम्रो रक्षा । तिमीले नमुची वध गरेर प्रसन्नता प्रदान गर्ने सोम पान गरेपछि देवी सरस्वती पनि तिम्रै अनुकूल भइन् ।

यस्मिन्नश्वासऽ ऋषभासऽ उक्षणो वशा मेषाऽ अवसृष्टासऽ आहुताः । कीलालपे सोमपृष्ठाय वेधसे हृदा मतिं जनये चारुमग्नये ॥७८॥

अन्नको रसपान गर्ने, सोमको आहुति ग्रहण गर्ने, श्रेष्ठ बुद्धिले सम्पन्न अग्निदेवताका लागि मन र बुद्धि शुद्ध गरौं । यसो भएपछि नै अश्व, सेचन गर्न सक्षम साँढे, गाई र भेडा आदि सजिसजाउ भएर कोसेलीका रूपमा प्राप्त हुनेछन् ।

अहाव्यग्ने हविरास्ये ते स्रुचीव घृतं चम्वीव सोमः । वाजसनिश्र्ठ रयिमस्मे सुवीरं प्रशस्तं धेहि यशसं बृहन्तम् ॥७९॥

हे अग्निदेवता ! तिम्रा ज्वालामा हामी हवि प्रदान गर्दछौं । सुरोमा घिउ र जम्मा पार्ने पात्रमा सोमरस रहेझैं हामीलाई अन्न, वीर पुत्र आदि गतिला धन र सबै लोकमा यशस्वी हुन सक्ने खालको अपार वैभव प्रदान गरेर सुखी बनाऊ ।

अश्विना तेजसा चक्षुः प्राणेन सरस्वती वीर्यम् । वाचेन्द्रो बलेनेन्द्राय दधुरिन्द्रियम् ॥८०॥

याजकहरूको कल्याणका लागि दुवै अश्विनीकुमारहरूले आआफ्नो तेजले नेत्रको ज्योति, देवी सरस्वतीले प्राणका साथै पराक्रम र इन्द्रदेवताले वाणीको सामर्थ्यसहित इन्द्रियमा बल प्रदान गरे ।

गोमदू षु णासत्याश्वावद्यातमश्विना । वर्त्ती रुद्रा नृपाय्यम् ॥८१॥

सधैं सत्कर्ममा लागिरहने, आफ्ना रौद्र रूपले दुष्टदुराचारीहरूलाई दुःख दिने हे अश्विनीकुमारहरू हो ! तिमीहरू गाई र अश्वले युक्त श्रेष्ठ मार्गबाट सोमरस पान गराउने हाम्रा यस सोमयागमा अवश्य आओ ।

न यत्परो नान्तरऽ आदधर्षद्वृषण्वसू । दुःशश्र्ठसो मर्त्यो रिपुः ॥८२॥

हे धनको वर्षा गराउने अश्विनीकुमारहरू हो ! नजिकटाढा जहाँसुकैका कटुभाषी शत्रुले चोर्न नसक्ने धन हामीलाई प्रदान गर ।

ता नऽ आ वोढमश्विना रयिं पिशङ्गसन्दृशम् । धिष्ण्या वरिवोविदम् ॥८३॥

हे उत्तम स्तुति गर्न योग्य अश्विनीकुमारहरू हो ! तिमीहरूसित भएको सुनको ऐश्वर्य हामीलाई ल्याइदेऊ ।

पावका नः सरस्वती वाजेभिर्वाजिनीवती । यज्ञं वष्टु धियावसुः ॥८४॥

सरस्वतीले पवित्र बनाउँछिन्, पोषण दिन्छिन् र उनी बुद्धिमत्तापूर्वक ऐश्वर्य दान गर्छिन् । उनै देवी सरस्वतीले ज्ञान र कर्मद्वारा हाम्रो यज्ञ सफल गराइदिऊन् ।

चोदयित्री सूनृतानां चेतन्ती सुमतीनाम् । यज्ञं दधे सरस्वती ॥८५॥

उत्तम र सत्य वाणीले सन्मार्गको प्रेरणा प्रदान गर्ने, कुबुद्धि हटाइदिने र सद्बुद्धि जगाइदिने सरस्वती देवीले हाम्रो यज्ञ धारण गर्दछिन् ।

महो अर्णः सरस्वती प्र चेतयति केतुना । धियो विश्वा वि राजति ॥८६॥

नदीको रूप लिएर निरन्तर प्रशस्त जल बगाउने सरस्वती देवी धनले सम्पन्न पृथ्वीलाई जगाउँछिन् । उनै देवीले सबै याजकहरूलाई ज्ञानको तिखो ज्योति प्रदान गरुन् ।

इन्द्रा याहि चित्रभानो सुताऽ इमे त्वायवः । अण्वीभिस्तना पूतासः ॥८७॥

हे विलक्षण कान्तिले युक्त इन्द्रदेवता ! तिमी हाम्रा यस यज्ञस्थलमा आऊ । तिम्रो कामना गर्दै हामीले आफ्नै औंलाले निचोरेर पवित्र सोमरस तिम्रै लागि तयार पारेका छौं ।

इन्द्रा याहि धियेषितो विप्रजूतः सुतावतः । उप ब्रह्माणि वाघतः ॥८८॥

हे इन्द्रदेवता ! तिमी आफ्ना अन्तःकरणका प्रेरणाले प्रेरित भएर हाम्रा यस यज्ञस्थलमा आऊ । तिम्रो स्तुति गर्ने ऋत्विक्हरूले सोम केलाएर तयार गर्दछन् । त्यसो हुँदा तिमी चाँडै नजिकै आएर यस्तो हवि ग्रहण गर ।

इन्द्रा याहि तूतुजान उप ब्रह्माणि हरिवः । सुते दधिष्व नश्चनः ॥८९॥

हरि नामका अश्वमा यात्रा गर्ने हे इन्द्रदेवता ! तिमी यस यज्ञमा प्रतीक्षा गरिरहेका ऋत्विक्हरूका नजिक चाँडै आऊ । सोमरस तयार भएपछि हामीले अर्पण गरेको हवि ग्रहण गरेर सन्तुष्ट होऊ ।

अश्विना पिबतां मधु सरस्वत्या सजोषसा । इन्द्रः सुत्रामा वृत्रहा जुषन्ताꣳ सोम्यं मधु ॥९०॥

सरस्वती देवीका साथै समान मन भएका दुवै अश्विनीकुमारले सोमरस पान गरुन् र उत्तम रक्षा गर्ने, वृत्रासुर वध गर्ने इन्द्रदेवताले पनि यो मधुर सोमरस सेवन गरुन् ।

इति विंशोऽध्यायः

बीसौं अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ एकविंशोऽध्यायः॥

॥एक्काईसौँ अध्याय॥

ऋषि– शुनःशेप, वामदेव, गयप्लात, विश्वामित्र, वसिष्ठ, स्वस्त्य आत्रेय ।

देवता– वरुण, अग्नि, अदिति, स्वर्ग्या नौ, मित्रावरुण, अश्व, इध्म, इन्द्र, वयोधा, तनूनपात्, नराशंस, इड, बर्ही, द्वार, उषासानक्ता, दिव्य होता, त्रिदेवी, त्वष्टा, वनस्पति, स्वाहाकृति, लिङ्गोक्त, अश्विनीकुमार, सरस्वती, इन्द्र, यूप, स्विष्टकृत् अग्नि ।

छन्द– निचृत् गायत्री, निचृत् त्रिष्टुप्, स्वराट् पङ्क्ति, त्रिष्टुप, भुरिक् त्रिष्टुप्, विराट् यवमध्या गायत्री, भुरिक् पङ्क्ति, विराट् अनुष्टुप्, अनुष्टुप्, निचृत् अनुष्टुप्, भुरिक् अनुष्टुप्, विराट् बृहती, निचृत् अष्टि, भुरिक् अत्यष्टि, अतिधृति, निचृत् अतिधृति, भुरिक् अष्टि, धृति, भुरिक् कृति, निचृत् अत्यष्टि, त्रिपाद् गायत्री, विराट् आकृति, याजुषी पङ्क्ति, उत्कृति, याजुषी त्रिष्टुप्, स्वराट् उत्कृति, भुरिक् प्राजापत्या उष्णिक्, भुरिक् अभिकृति, भुरिक् आकृति, आकृति, ब्राह्मी उष्णिक्, अतिजगती, भुरिक् अतिजगती, स्वराट् शक्वरी, अतिशक्वरी, अत्यष्टि, निचृत् त्रिष्टुप्, अष्टि, भुरिक् विकृति ।

इमं मे वरुण श्रुधी हवमद्या च मृडय । त्वामवस्युरा चके ॥१॥

हे वरुणदेवता ! तिमी हाम्रो स्तुति सुनेर प्रसन्न होऊ, हामीलाई सबै किसिमका सुख प्रदान गर । हामी आफ्नो सुरक्षाका निम्ति तिमीलाई आह्वान गर्दछौँ ।

तत्त्वा यामि ब्रह्मणा वन्दमानस्तदा शास्ते यजमानो हविर्भिः । अहेडमानो वरुणेह बोध्युरुशꣳस मा नऽ आयुः प्र मोषीः ॥२॥

हे वरुणदेवता ! वेदका मन्त्रले तिमीलाई स्तुति गर्दै आहुति प्रदान गर्ने यजमानमाथि तिमी प्रसन्न होऊ । हे धेरै तिरबाट प्रशंसा प्राप्त गरेर पूजित वरुणदेवता ! तिमी प्रसन्नचित्त होऊ, हामीहरूको आयु नघटोस् ।

त्वं नो अग्ने वरुणस्य विद्वान्देवस्य हेडो अव यासिसीष्ठाः । यजिष्ठो वह्नितमः शोशुचानो विश्वा द्वेषाꣳसि प्र मुमुग्ध्यस्मत् ॥३॥

सर्वज्ञ, कान्तिमान्, पूजनीय र देवताको आहुति पुऱ्याउने हे अग्निदेवता ! हाम्रा लागि वरुण देवतालाई प्रसन्न गर र सबै तिरबाट हाम्रो रक्षा गर ।

स त्वं नो अग्नेवमो भवोती नेदिष्ठो अस्याऽ उषसो व्युष्टौ । अव यक्ष्व नो वरुणꣳ रराणो वीहि मृडीकꣳ सुहावो नऽ एधि ॥४॥

देवतालाई निम्त्याउने हे अग्निदेवता ! बिहानका समयमा हाम्रा यज्ञमा सचेत भएर हामीलाई तिमी रक्षा गर । हाम्रो आहुति वरुणदेवतासम्म पुऱ्याएर उनलाई सन्तुष्ट

गराऊ । तिमी सधैँ नै आह्वान गर्न योग्य छौ, तिमी स्वयं पनि आएर हाम्रो हवि ग्रहण गर ।

महीमू षु मातरꣳ सुव्रतानामृतस्य पत्नीमवसे हुवेम ।
तुविक्षत्रामजरन्तीमुरूचीꣳ सुशर्माणमदितिꣳ सुप्रणीतिम् ॥५॥

महान् महिमाशाली, श्रेष्ठ कर्महरूकी माता, सत्यलाई पालन गर्ने, विभिन्न किसिमले हुने आक्रमणबाट रक्षा गर्ने, सधैँ युवा रहने, निरन्तर सन्मार्गमा चल्ने र नीतियुक्त अदितिलाई हामी आफ्नो रक्षाका लागि आह्वान गर्दछौँ ।

सुत्रामाणं पृथिवीं द्यामनेहसꣳ सुशर्माणमदितिꣳ सुप्रणीतिम् । दैवीं नावꣳ स्वरित्रामनागसमस्रवन्तीमा रुहेमा स्वस्तये ॥६॥

भर पर्दो गरी रक्षा गर्ने, पर्याप्त रूपमा विस्तृत, अत्यधिक विशाल, सुखदायक श्रेष्ठ आश्रय प्रदान गर्ने, निर्दोष, उत्तम पतवारसहितको, प्वाल नपरेको, मृत्युका भयबाट जोगाउने, दिव्य र अखण्डित द्युलोकका यज्ञीय नौकामा हामी आरुढ होऔँ र त्यसबाट हाम्रो भलो होस् ।

सुनावमा रुहेयमस्रवन्तीमनागसम् । शतारित्राꣳ स्वस्तये ॥७॥

छिद्ररहित, निर्दोष, ऋक, यजुष, वेदरूपी अनेकौँ बहना भएको, दोषरहित बनावट भएको यज्ञरूपी सुन्दर डुँगालाई संसाररूपी सागर पार गर्ने उद्देश्यले प्राप्त गरेर हामी आफ्नो कल्याणका लागि त्यसमाथि चढौँ ।

आ नो मित्रावरुणा घृतैर्गव्यूतिमुक्षतम् । मध्वा रजाꣳसि सुक्रतू ॥८॥

हे मित्रावरुण हो ! तिमीहरू गाईलाई घिउले सम्पन्न गराओ र हाम्रा घरबासमा पनि असल रसले सेचन गर ।

प्र ब्राहवा सिसृतं जीवसे नऽ आ नो गव्यूतिमुक्षतं घृतेन । आ मा जने श्रवयतं युवाना श्रुतं मे मित्रावरुणा हवेमा ॥९॥

हे चिरयुवा मित्रावरुणदेवताहरू हो ! तिमी हाम्रो प्रार्थनाले प्रसन्न भएर, बाहाँ खोलेर, उदारतापूर्वक हामीलाई दीर्घजीवन प्रदान गर । हामीले जान योग्य क्षेत्रमा घिउले सेचन गर ॥ हामीलाई ख्याति प्रदान गर र हाम्रो आह्वान सुन ।

शन्नो भवन्तु वाजिनो हवेषु देवताता मितद्रवः स्वर्काः । जम्भयन्तोऽ हिं वृकꣳ रक्षाꣳसि सनेम्यस्मद्युयवन्नमीवाः ॥१०॥

श्रेष्ठ खालाका अन्न र बलले युक्त, प्रामाणिक, उत्तम विज्ञाले सम्पन्न, हे मित्रावरुणदेवताहरू हो ! सर्प, ब्वाँसा र राक्षसी जीवहरूलाई तिमीहरू विनाश गर्दै हाम्रा रोगहरू नष्ट गरेर हामीलाई सनातन सुखशान्ति प्रदान गर ।

वाजे वाजेवत वाजिनो नो धनेषु विप्राऽ अमृताऽ ऋतज्ञाः । अस्य मध्वः पिबत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः ॥११॥

हे बलशाली वाजी देवताहरू हो ! तिमीहरू अमर, सत्ययज्ञका ज्ञाता र विद्वान् छौ । तिमीहरू धनका लागि हुने युद्धमा हाम्रो रक्षा गर । तिमीहरू यस यज्ञमा आएर सोमरस पान गरेर आनन्दित होओ र सन्तुष्ट भएपछि देवयानका मार्गबाट प्रस्थान गर ।

समिद्धो अग्निः समिधा सुसमिद्धो वरेण्यः । गायत्री छन्दऽ इन्द्रियं त्र्यविर्गौर्वयो दधुः ॥१२॥

उत्तम तरिकाले समिधाद्वारा प्रज्वलित, दिव्य प्रकाशयुक्त र वरण गर्नयोग्य अग्नि, गायत्री छन्द र तीनै लोक, तीनै किसिमका उमेरलाई प्रेरित गर्ने गाईले हाम्रा शरीरलाई बल र आयु प्रदान गरुन् ।

तनूनपाच्छुचिव्रतस्तनूप. ॰ सरस्वती । उष्णिहा छन्दऽ इन्द्रियं दित्यवाड्गौर्वयो दधुः ॥१३॥

पवित्र आचरण भएका, शरीरलाई पतनबाट जोगाउने, अग्निदेवता, रक्षा गर्ने वाणीदेवी सरस्वती, उष्णिक् छन्द र दिव्य हविलाई धारण गर्ने प्रकृतिरूपा गाई प्रसन्न भएर हाम्रा शरीरलाई बल र आयु प्रदान गरुन् ।

इडाभिरग्निरीड्यः सोमो देवो अमर्त्यः । अनुष्टुप्छन्दऽ इन्द्रियं पञ्चाविर्गौर्वयो दधुः ॥१४॥

स्तुतिले प्रशंसा गर्नयोग्य अग्निदेवता, अमरताका दिव्य गुणले युक्त सोम, अनुष्टुप् छन्द र पाँचै वटा महाभूतमा व्याप्त पोषणशक्तिरूपा गाई प्रसन्न भएर हाम्रा शरीरलाई बल र आयु प्रदान गरुन् ।

सुबर्हिरग्निः पूषण्वान्त्स्तीर्णबर्हिरमर्त्यः । बृहती छन्दऽ इन्द्रियं त्रिवत्सो गौर्वयो दधुः ॥१५॥

आकाशमा व्याप्त रहेका, पुष्टिकारक, आकाशलाई शुद्ध गराउने र अमर अग्निदेवताले बृहती छन्दका साथ जल, जमिन र आकाशमा चर्ने प्राणीरूपी तीन बाछाले युक्त प्रकृतिरूपा गाईले प्रसन्न भएर हामीलाई बल, ऐश्वर्य र लामो आयु प्रदान गरुन् ।

दुरो देवीर्दिशो महीर्ब्रह्मा देवो बृहस्पतिः । पङ्क्तिश्छन्दऽ इहेन्द्रियं तुर्यवाड्गौर्वयो दधुः ॥१६॥

देदीप्यमान विशाल ढोकाहरू, दिशाहरू, बृहस्पति, ब्रह्मादेवता, पङ्क्ति छन्दका साथै स्वेदज, अण्डज, उद्भिज र जरायुज यी चारै किसिमका प्राणीलाई पोषण प्रदान गर्ने प्रकृतिरूपा गाई प्रसन्न भएर यजमानलाई बल, ऐश्वर्य र आयु प्रदान गरुन् ।

उषे यह्वी सुपेशसा विश्वे देवाऽ अमर्त्याः । त्रिष्टुप्छन्दऽ इहेन्द्रियं पष्ठवाड्गौर्वयो दधुः ॥१७॥

महान्, श्रेष्ठ स्वरूप हुने उषा, प्रभातका साथै सायंको सम्य, अमर, सर्वदेव, त्रिष्टुप् छन्द र सम्पूर्ण प्राणीको भारी वहन गर्नमा समर्थ गाईरूपा प्रकृतिले हामी यजमानलाई बल, ऐश्वर्य र आयु प्रदान गरुन् ।

दैव्या होतारा भिषेजेन्द्रेण सयुजा युजा । जगती छन्दऽ इन्द्रियमनड्वाड्गौर्वयो दधुः ॥१८॥

दिव्य आहुति ग्रहण गर्ने, इन्द्रदेवताका संसर्गमा रहने, रोग निवारण गर्ने क्षमताले युक्त अग्निदेवता र वायुदेवता जगती छन्द तथा समयका चक्रले युक्त गाडा तान्ने प्रकृतिरूपी गाईले हामीलाई बल, ऐश्वर्य एवं दीर्घ आयु प्रदान गरुन् ।

तिस्रऽ इडा सरस्वती भारती मरुतो विशः । विराट् छन्दऽ इहेन्द्रियं धेनुर्गौर्न वयो दधुः ॥१९॥

भूमि, सरस्वती र यिनीहरूलाई धारण गर्ने बुद्धि यी तीन देवीहरू, मरुद्गण, विराट् छन्द र दुधरूपी पोषण प्रदान गर्ने प्रकृतिरूपी गाईले हामीलाई बल र दीर्घायु पनि प्रदान गरुन् ।

त्वष्टा तुरीपो अद्‌भुतऽ इन्द्राग्नी पुष्टिवर्धना । द्विपदा छन्दऽ इन्द्रियमुक्षा गौर्न वयो दधुः ॥२०॥

तीव्रगामी, दिव्य गुणले युक्त कर्मको स्वभाव भएका त्वष्टादेवता, पुष्टिदाता इन्द्रदेवता र अग्निदेवताले द्विपदा छन्दका साथ सम्पूर्ण प्राणीलाई सेचन गर्नमा समर्थ प्रकृतिरूपा गाईले हामीहरू सबैलाई बल, ऐश्वर्यका साथमा दीर्घजीवन प्रदान गरुन् ।

शमिता नो वनस्पतिः सविता प्रसुवन् भगम् । ककुप्छन्दऽ इहेन्द्रियं वशा वेहद्वयो दधुः ॥२१॥

हामी सबैलाई शान्ति प्रदान गर्ने वनस्पति र ऐश्वर्यका प्रेरक सवितादेवताले ककुप् छन्दका साथमा स्वसन्तुलनमा रहने प्रकृतिका किरणरूपा गाईले हामीलाई बल तथा लामो आयु प्रदान गरुन् ।

स्वाहा यज्ञं वरुणः सुक्षत्रो भेषजं करत् । अतिच्छन्दाऽ इन्द्रियं बृहदृषभो गौर्वयो दधुः ॥२२॥

दुःखबाट उचित तरिकाले रक्षा गर्ने वरुणदेवता, श्रेष्ठ पदार्थ तथा औषधिले सम्पन्न गरिएको यज्ञबाट प्रसन्न भएका इन्द्रदेवताले अति छन्दका साथमा प्राणपर्जन्यरूपा महान् ऋषभ अथवा प्रकृतिले हामी सबैलाई बल र लामो आयु प्रदान गरुन् ।

वसन्तेन ऋतुना देवा वसवस्त्रिवृता स्तुताः । रथन्तरेण तेजसा हविरिन्द्रे वयो दधुः ॥२३॥

रथन्तर र त्रिवृत् स्तोत्रले स्तुति गरिएका वसुदेवताले सबैलाई रक्षा गरेका छन् र सबै देवताहरू वसन्त ऋतुका माध्यमबाट तेजयुक्त हवि तथा आयु इन्द्रदेवतामा स्थापित गर्दछन् ।

ग्रीष्मेण ऋतुना देवा रुद्राः पञ्चदशे स्तुताः । बृहता यशसा बलꣳहविरिन्द्रे वयो दधुः ॥२४॥

रुद्रदेवता, उनका पन्ध्र स्तोत्र र बृहत् ले स्तुति गरिने ग्रीष्म ऋतुका माध्यमबाट यशले युक्त बल, बलले युक्त हवि र आयु इन्द्रदेवतामा स्थापित गराउँछन् ।

वर्षाभिर्ऋतुनादित्याः स्तोमे सप्तदशे स्तुताः । वैरूपेण विशौजसा हविरिन्द्रे वयो दधुः ॥२५॥

आदित्यदेवता, उनका सत्र वटा स्तोत्र र वैरूप छन्दले स्तुति गरिएका वर्षा ऋतुका माध्यमबाट इन्द्रदेवतामा ओजयुक्त हवि र आयु स्थापित गराउँछन् ।

शारदेन ऋतुना देवाऽ एकविꣳश ऋभव स्तुताः । वैराजेन श्रिया श्रियꣳ हविरिन्द्रे वयो दधुः ॥२६॥

ऐश्वर्यशालिनी लक्ष्मीसहित ऋभुदेवताका एक्काईस स्तोम र वैराज छन्दले स्तुति

गरिएका ऋभु नामका इन्द्रदेवतामा शरद ऋतुका माध्यमबाट कान्तियुक्त हवि र आयुको स्थापना गर्छन् ।

हेमन्तेन ऋतुना देवास्त्रिणवे मरुत स्तुताः । बलेन शकवरीः सहो हविरिन्द्रे वयो दधुः ॥२७॥

तीन र नौ सङ्ख्याले बनेको उनन्चालीस स्तोम र शक्वरी छन्दका माध्यमबाट स्तुति गरिने मरुद्देवताले हेमन्त ऋतुद्वारा इन्द्रदेवतामा बलयुक्त हवि र आयु स्थापित गराउँछन् ।

शैशिरेण ऋतुना देवास्त्रयस्त्रिंश्ऽ शेमृताः स्तुताः । सत्येन रेवतीः क्षत्रंऽ हविरिन्द्रे वयो दधुः ॥२८॥

तीन र तीन सङ्ख्याले बनेको तेत्तीस स्तोम र रेवती छन्दका माध्यमबाट स्तुति गरिने अमृत नामका देवताले शिशिर ऋतुद्वारा सत्यको पक्षमा रहने गरेका इन्द्रदेवतामा बलयुक्त हवि र आयु स्थापित गराउँछन् ।

होता यक्षत्समिधाग्निमिडस्पदेश्विनेन्द्रंऽ सरस्वतीमजो धूम्रो न गोधूमैः कुवलैर्भेषजं मधुशष्पैर्न तेजऽ इन्द्रियं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥२९॥

दिव्य याजकहरूले समिधाले प्रदीप्त गराएका आह्वान गर्नयोग्य अग्निमा अश्विनीकुमार, इन्द्रदेवता र देवी सरस्वती आदि देवशक्तिका निम्ति गरिने यज्ञमा पोषक अन्न, मधुर औषधि, तेज र बलप्रदायक दुध, सोम, घिउ आदि सबै कुराहरू प्राप्त होऊन् । हे होताहरू हो ! यस्तो पवित्र उद्देश्यका लागि तिमीहरू पनि यज्ञ सम्पन्न गर र सबैको कल्याण गर ।

होता यक्षत्तनूनपात्सरस्वतीमविर्मेषो न भेषजं पथा मधुमता भरन्नश्विनेन्द्राय वीर्यं बदरैरुपवाकाभिर्भेषजं तोक्मभिः पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३०॥

दिव्य याजकले शरीरका रक्षक दुवै अश्विनीकुमार देवताहरू, सरस्वती देवी र इन्द्रदेवताका लागि बयर, कुटज नामको विशेष खालको जौ, टुसाएका धान, जुवानो र मेष नामको औषधि आदि हवन गर्दै पूरा गरे । त्यस यज्ञद्वारा शरीरलाई आरोग्ययुक्त पुष्ट गराउने खालको, पेलेर तयार पारिएको सोम, दुध, मह र घिउ सबैले ग्रहण गरुन् । हे होताहरू हो ! तिमीहरू पनि श्रेष्ठ आहुतिले यस्तै खालको यज्ञ गर ।

होता यक्षन्नराशंऽ सन्न नग्नहुं पतिंऽ सुरया भेषजं मेषः सरस्वती भिषग्रथो न चन्द्रयश्विनोर्वपाऽ इन्द्रस्य वीर्यं बदरैरुपवाकाभिर्भेषजं तोक्मभिः पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३१॥

याजकहरूले मानिसका निम्ति पुष्टिकारक औषधि आदिले यज्ञ सम्पन्न गरे । यज्ञबाट पोषित औषधिहरूको रस, बयर, कुटज नामको विशेष किसिमको जौ, टुसाएको धान र मेष नामको औषधिहरू ज्यादै गुणकारक भए । सुवर्णमय रथका धनी अश्विनीकुमारहरू र सरस्वतीदेवीले इन्द्रदेवतालाई त्यस्तै किसिमले पुष्ट गराउने

औषधिहरूको योजना गरेका थिए । त्यस्ता देवताहरू छानेको दुध, मह, औषधि र घिउ पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै यज्ञ सम्पन्न गर ।

होता यक्षदिडेडितऽ आजुह्वानः सरस्वतीमिन्द्रं बलेन वर्धयन्नृषभेण गवेन्द्रियमश्विनेन्द्राय भेषजं यवैः कर्कन्धुभिर्मधु लाजैर्न मासरं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३२॥

याजकहरूले प्रसन्न चित्त भएर स्तुति गर्दै इडा आदिलाई आह्वान गरे । बलिष्ठ दुधालु गाईको बलरूपी दुधले बल बढाउँदै सरस्वती देवी, इन्द्रदेवता र दुवै अश्विनीकुमारका लागि जौ, बयर, धनको लाजा र इन्द्रदेवतालाई बलिष्ठ गराउने औषधिहरूको हविष्यान्नले यज्ञ गरे । ती सबै देवताहरू छानेको दुध, सोम, मह र घिउ पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै यज्ञ गर ।

होता यक्षद्बर्हिरूर्णम्रदा भिषङ्नासत्या भिषजाश्विनाश्वा शिशुमती भिषग्धेनुः सरस्वती भिषग्दुहऽ इन्द्राय भेषजं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३३॥

याजकहरूले ऊनीजस्तै कोमल कुशको आसन बनाएर देवताका वैद्य अश्विनीकुमारहरूलाई र सरस्वती देवीका निम्ति अर्पित गरे । लैना बछडाबाछासहितको घोडी र गाईको सेवा गर्नेहरूले इन्द्रदेवताका लागि औषधि दोहन गरे । त्यस यज्ञमा देवताहरूले चोखो दुध, सोम, मह, घिउ पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यस्तै यज्ञ गर ।

होता यक्षद्दुरो दिशः कवष्यो न व्यचस्वतीरश्विभ्यां न दुरो दिशऽ इन्द्रो न रोदसी दुघे दुहे धेनुः सरस्वत्यश्विनेन्द्राय भेषजꣳ शुक्रं न ज्योतिरिन्द्रियं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३४॥

याजकहरूले विभिन्न दिशामा रहेका द्वारजस्तै इन्द्रदेवता, देवी सरस्वती र अश्विनीकुमारहरूका निम्ति यज्ञ गरे । यज्ञका द्वाररूपी दुई अश्विनीकुमारहरूबाट विस्तृत हुने गरेका द्युलोक र पृथ्वीले औषधि र सरस्वतीले दुधालु गाई बनेर इन्द्रदेवताका लागि दिव्य तेज र बल प्रदान गरे । यस यज्ञमा देवताहरूले चोखो दुध, सोम, मह र घिउ पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै यज्ञ गर ।

होता यक्षत्सुपेशसोषे नक्तं दिवाश्विना समञ्जाते सरस्वत्या त्विषिमिन्द्रे न भेषजꣳ श्येनो न रजसा हृदा श्रिया न मासरं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३५॥

देवताको यज्ञ गर्नेहरूले दिव्य अहोरात्र, अश्विनीकुमार र देवी सरस्वतीलाई प्रसन्न गराउनका लागि यज्ञ गरे । त्यस यज्ञबाट अहोरात्रमा रहने ज्योतिले मनलाई र श्रीका साथमा मासर नामको औषधि र श्येनपत्रले इन्द्रदेवतामा कान्ति स्थापित गराए । चोखो दुध, सोम, मह र घिउ सबै देवताले पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै यज्ञ गर ।

होता यक्षद्दैव्या होतारा भिषजाश्विनेन्द्रं न जागृवि नक्तं न भेषजैः शूषथ्ं सरस्वती भिषक् सीसेन दुहऽ इन्द्रियं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३६॥

देवताको यज्ञ गर्ने दिव्य होताहरूले दुवै देववैद्य अश्विनीकुमारहरू र इन्द्रदेवतालाई प्रसन्न गर्नका लागि यज्ञ गरे । त्यस यज्ञमा रातदिन आफ्ना कर्ममा लागेकी सुयोग्य चिकित्सक देवी सरस्वतीले औषधि र सिसा नामका धातुबाट विशेष बलवीर्य दोहन गरिन् । त्यस यज्ञमा सबै खालका रसले युक्त चोखो दुध, सोम, मह र घिउ सबै देवताहरूले पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै यज्ञ गर ।

होता यक्षत्तिस्रो देवीर्न भेषजं त्रयस्त्रिधातवोपसो रूपमिन्द्रे हिरण्यमश्विनेडा न भारती वाचा सरस्वती महऽ इन्द्राय दुहऽ इन्द्रियं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३७॥

देवताका याजकहरूले इडा, भारती र सरस्वतीय यी तीन देवीहरू, इन्द्रदेवता र देववैद्य दुई अश्विनीकुमारहरूका लागि सत्व, रज, तम यी तीन गुण धारण गर्ने वाणीरूपी मन्त्रले यज्ञ सम्पन्न गरे । ज्योतिर्मय रूप भएका महत्त्वपूर्ण औषधिले देवी सरस्वतीले इन्द्रदेवताका लागि बल दोहन गरिन् । त्यस्ता यज्ञमा चोखो दुध, सोम र घिउ देवताहरूले पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यज्ञ गर ।

होता यक्षत् सुरेतसमृषभं नर्यापसं त्वष्टारमिन्द्रमश्विना भेषजं न सरस्वतीमोजो न जूतिरिन्द्रियं वृको न रभसो भिषग्यशः सुरया भेषजथ्ं श्रिया न मासरं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३८॥

देवताका उपासक याजकहरूले उत्तम, वीर्यवान्, पराक्रमी, लोकोपकारी त्वष्टारूपी यज्ञीय देवता, इन्द्रदेवता, अश्विनीकुमार र सरस्वती देवीका तीन शरीरलाई चिकित्साका लागि प्रसन्न गराउन यज्ञ गरे । परिश्रमी चिकित्सकले वृक, सुरा र मासर नामका औषधिका रसले ऐश्वर्यपूर्ण यज्ञ गरे । त्यसबाट इन्द्रदेवतालाई ओज, वेग, बल र यश प्राप्त भए । यस यज्ञमा सबै देवताहरूले चोखो दुध, सोम, मह र घिउ पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यसै किसिमले यज्ञ गर ।

होता यक्षद्वनस्पतिथ्ं शमितारथ्ं शतक्रतुं भीमं न मन्युथ्ं राजानं व्याघ्रं नमसाश्विना भामथ्ं सरस्वती भिषगिन्द्राय दुहऽ इन्द्रियं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥३९॥

देवताहरूका निम्ति याजकहरूले वनस्पतिलाई शुद्ध गर्ने, बहुत किसिमका कर्म गर्ने, भय उत्पन्न गराउने, स्वस्थ क्रोधले युक्त, सिंहजस्तै राजा इन्द्र, अश्विनीकुमार र देवी सरस्वतीलाई प्रसन्न गर्नका लागि केलाएर सफा पारेका अन्नले यज्ञ गरे । वैद्यका रूपमा रहने सरस्वतीले इन्द्रदेवताका लागि क्रोध र बललाई दोहन गरिन् । त्यस यज्ञमा सबै देवताहरूले चोखो दुध, सोम, मह र घिउ पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमको कल्याणकारी यज्ञ गर ।

होता यक्षदग्निथ्ं स्वाहाज्यस्य स्तोकानाथ्ं स्वाहा मेदसां पृथक् स्वाहा छागमश्विभ्याथ्ं स्वाहा मेषथ्ं सरस्वत्यै स्वाहा ऋषभमिन्द्राय सिथ्ं हाय

सहसऽ इन्द्रियथं स्वाहाग्निं न भेषजथं स्वाहा सोममिन्द्रियथं स्वाहेन्द्रथं सुत्रामाणथं सवितारं वरुणं भिषजां पतिथं स्वाहा वनस्पतिं प्रियं पाथो न भेषजथं स्वाहा देवाऽ आज्यपा जुषाणो अग्निर्भेषजं पयः सोमः परिस्रुता घृतं मधु व्यन्त्वाज्यस्य होतर्यज ॥४०॥

देवताका उपासकहरूले अग्निदेवताको पूजा गरे । अग्निका लागि घिउको धारा चढाउनु राम्रो मानिन्छ । दुवै अश्विनीकुमारहरूका लागि छाग र सरस्वती देवीका लागि मेष उत्तम मानिन्छ । सिंहजस्तै पराक्रमी इन्द्रदेवताका लागि ऋषभ उत्तम हुन्छ भनिएको छ । उत्तम किसिमले रक्षा गर्नमा समर्थ सवितादेवताका लागि र वरुणदेवताका लागि बलप्रदायक पुरोडाशरूपी सोमको आहुति प्रदान गर्नु राम्रो मानिन्छ । वनस्पतिका लागि अन्नजस्तै औषधिले आहुति प्रदान गरिएको छ । घिउ पान गर्ने अग्निदेवता औषधि सेवन गर्दै सबै देवताका साथमा चोखो दुध, सोम, मह र घिउ पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ गर ।

होता यक्षदश्विनौ छागस्य वपाया मेदसो जुषेताथं हविर्होतर्यज । होता यक्षत्सरस्वती मेषस्य वपाया मेदसो जुषताथं हविर्होतर्यज । होता यक्षदिन्द्रमृषभस्य वपाया मेदसो जुषताथं हविर्होतर्यज ॥४१॥

देवताका आराधना गर्ने याजकहरूले दुवै अश्विनीकुमारहरूका लागि बीज वृद्धि गर्ने क्रियाबाट प्राप्त छागको वसाले पवित्र यज्ञ गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ गर । देवताहरूका याजकहरूले देवी सरस्वतीलाई प्रसन्न गर्नका लागि बीज बढाउने प्रक्रियाले प्राप्त गरेको मेषको वसायुक्त भागले यज्ञ गरेका छन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै खालको पवित्र यज्ञ गर । देवताहरूका याजकले इन्द्रदेवतालाई प्रसन्न गर्नका लागि बीज बढाउने क्रियाबाट प्राप्त ऋषभका वसाले पवित्र यज्ञ सम्पन्न गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै खालको पवित्र यज्ञ सम्पन्न गर ।

होता यक्षदश्विनौ सरस्वतीमिन्द्रथं सुत्रामाणमिमे सोमाः सुरामाणश्छागैर्न मेषैर्ऋषभैः सुताः शष्पैर्न तोक्मभिर्लाजैर्महस्वन्तो मदा मासरेण परिष्कृताः शुक्राः पयस्वन्तोमृताः पस्थिता वो मधुश्चुतस्तानश्विना सरस्वतीन्द्रः सुत्रामा वृत्रहा जुषन्ताथं सोम्यं मधु पिबन्तु मदन्तु व्यन्तु होतर्यज ॥४२॥

देवताका उपासकहरूले दुवै अश्विनीकुमार, देवी सरस्वती र श्रेष्ठ रक्षक ऐश्वर्यवान् इन्द्रदेवताका निम्ति मनोहर छाग, मेष र ऋषभले यजन गरे । हे अध्वर्युहरू हो ! तृण, अन्न, उम्रिएको जौ, लाजा, तेजयुक्त तथा प्रसन्न गराउने खालका चामल पकाएर तिनलाई सजाउँदै दुध, कान्तियुक्त अमृतमय मधुका रूपमा प्राप्त भएको सोम तिमीहरूका निम्ति प्रस्तुत छ । दुवै अश्विनीकुमार, देवी सरस्वती र उत्तम रक्षक वृत्रासुरका घाती इन्द्रदेवता आदि देवताहरूले यो सोमरस तृप्त होउन्जेल पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै खालको यज्ञ गर ।

होता यक्षदश्विनौ छागस्य हविषऽ आत्तामद्य मध्यतो मेदऽ उद्भृतं पुरा द्वेषोभ्यः पुरा पौरुषेय्या गृभो घस्तां नूनं घासे अज्राणां यवसप्रथमानाथं सुमत्क्षराणाथं

शतरुद्रियाणामग्निष्वात्तानां पीवोपवसनानां पार्श्वतः श्रोणितः शितामतऽ उत्सादतोङ्गादङ्गादवत्तानां करतऽ एवाश्विना जुषेताथं हविर्होतर्यज ॥४३॥

याजकहरूले दुवै अश्विनीकुमारहरूका लागि आज छागभित्रबाट निकालिएको चिल्लो भागको आहुति हालेर यजन गरे । द्वेष गर्ने दुष्टभन्दा पहिले अन्नको भाग ग्रहण गर्ने अधिकार जसको छ, त्यस्ता देवताहरू पुरुषार्थका साथ निश्चय पनि आआफ्नो भाग ग्रहण गरुन् । अग्निदेवताले उत्तम रीतिले पकाइएका हुनाले सयौँ गुणा प्राणका रूपमा त्यो अन्न प्रकट होस् । त्यसले काखी, कम्मर, गुप्ताङ्गलाई हुन सक्ने हानीका साथै मार्मिक अङ्ग र प्राणलाई पुष्ट तथा सुरक्षित गरोस् । यी सबै कुराको सञ्चालन दुवै अश्विनीकुमारले गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमका हवि प्रदान गर्दै यज्ञ सम्पन्न गराओ ।

होता यक्षत् सरस्वतीं मेषस्य हविषऽ आवयदद्य मध्यतो मेदऽ उद्भृतं पुरा द्वेषोभ्यः पुरा पौरुषेय्या गृभो घसन्नूनं घासे अज्राणां यवसप्रथमानाथं सुमत्क्षराणाथं शतरुद्रियाणामग्निष्वात्तानां पीवोपवसनानां पार्श्वतः श्रोणितः शितामतऽ उत्सादतोङ्गादङ्गादवत्तानां करदेवथं सरस्वती जुषताथं हविर्होतर्यज ॥४४॥

याजकहरूले सरस्वती देवीका लागि आज मेषभित्रबाट निकालिएको चिल्लो भागको आहुति हालेर यजन गरे । द्वेष गर्ने दुष्टभन्दा पहिले अन्नको भाग ग्रहण गर्ने अधिकार जसको छ, त्यस्ता देवताहरू पुरुषार्थका साथ निश्चय पनि आआफ्नो भाग ग्रहण गरुन् । अग्निदेवताले उत्तम रीतिले पकाइएका हुनाले सयौँ गुणा प्राणका रूपमा त्यो अन्न प्रकट होस् । त्यसले काखी, कम्मर, गुप्ताङ्गलाई हुन सक्ने हानीका साथै मार्मिक अङ्ग र प्राणलाई पुष्ट तथा सुरक्षित गरोस् । यी सबै कुराको सञ्चालन सरस्वती देवीले गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमका हवि प्रदान गर्दै यज्ञ सम्पन्न गराओ ।

होता यक्षदिन्द्रमृषभस्य हविषऽ आवयदद्य मध्यतो मेदऽ उद्भृतं पुरा द्वेषोभ्यः पुरा पौरुषेय्या गृभो घसन्नूनं घासे अज्राणां यवसप्रथमानाथं सुमत्क्षराणाथं शतरुद्रियाणामग्निष्वात्तानां पीवोपवसनानां पार्श्वतः श्रोणितः शितामतऽ उत्सादतोङ्गादङ्गादवत्तानां करदेवमिन्द्रो जुषताथं हविर्होतर्यज ॥४५॥

याजकहरूले इन्द्रदेवताका लागि आज ऋषभभित्रबाट निकालिएको चिल्लो भागको आहुति हालेर यजन गरे । द्वेष गर्ने दुष्टभन्दा पहिले अन्नको भाग ग्रहण गर्ने अधिकार जसको छ, त्यस्ता देवताहरू पुरुषार्थका साथ निश्चय पनि आआफ्नो भाग ग्रहण गरुन् । अग्निदेवताले उत्तम रीतिले पकाइएका हुनाले सयौँ गुणा प्राणका रूपमा त्यो अन्न प्रकट होस् । त्यसले काखी, कम्मर, गुप्ताङ्गलाई हुन सक्ने हानीका साथै मार्मिक अङ्ग र प्राणलाई पुष्ट तथा सुरक्षित गरोस् । यी सबै कुराको सञ्चालन इन्द्रदेवताले गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमका हवि प्रदान गर्दै यज्ञ सम्पन्न गराओ ।

होता यक्षद्वनस्पतिमभि हि पिष्टतमया रभिष्ठया रशनयाधित । यत्राश्विनोश्छागस्य हविषः प्रिया धामानि यत्र सरस्वत्या मेषस्य हविषः प्रिया

धामानि यत्रेन्द्रस्य ऋषभस्य हविषः प्रिया धामानि यत्राग्नेः प्रिया धामानि यत्र सोमस्य प्रिया धामानि यत्रेन्द्रस्य सुत्राम्णः प्रिया धामानि यत्र सवितुः प्रिया धामानि यत्र वरुणस्य प्रिया धामानि यत्र वनस्पतेः प्रिया पाथाᳬसि यत्र देवानामाज्यपानां प्रिया धामानि यत्राग्नेर्होतुः प्रिया धामानि तत्रैतान्प्रस्तुत्येवोपस्तुत्येवोपावस्रक्षद्रभीयसऽ इव कृत्वी करदेवं देवो वनस्पतिर्जुषताᳬ हविर्होतर्यज ॥४६॥

याजकहरूले वनस्पतिदेवताका लागि यज्ञ गरेका छन् । त्यसबाट वनस्पतिहरू पनि आआफ्ना स्थानमा डोरीले बाँधेको पशुझैँ स्थिर रहून् । उसै ठाउँमा दुवै अश्विनीकुमारहरूको प्रिय हवि मेषको, इन्द्रको प्रिय हवि ऋषभको अडिने स्थान बनाइएको छ । उसै ठाउँमा अग्निदेवताको, सोमको, उत्तम रक्षक इन्द्रदेवताको, वरुणदेवताको र अन्य घिउ पान गर्ने देवताको प्रिय धाम छ । यसै ठाउँमा वनस्पतिदेवताले वृक्ष आदिको रक्षा गर्दछन् र यसै ठाउँमा देवताहरूले उत्तम किसिमका हवि सेवन गर्दछन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यज्ञ पूरा गर ।

होता यक्षदग्निᳬ स्विष्टकृतमयाडग्निरश्विनोश्छागस्य हविषः प्रिया धामान्ययाट् सरस्वत्या मेषस्य हविषः प्रिया धामान्ययाडिन्द्रस्य ऋषभस्य हविषः प्रिया धामान्ययाडग्नेः प्रिया धामान्ययाट् सोमस्य प्रिया धामान्ययाडिन्द्रस्य सुत्राम्णः प्रिया धामान्ययाट् सवितुः प्रिया धामान्ययाड् वरुणस्य प्रिया धामान्ययाड् वनस्पतेः प्रिया पाथाᳬस्ययाड् देवानामाज्यपानां प्रिया धामानि यक्षदग्नेर्होतुः प्रिया धामानि यक्षत् स्वं महिमानमायजतामेज्याऽ इषः कृणोतु सो अध्वरा जातवेदा जुषताᳬ हविर्होतर्यज ॥४७॥

याजकहरूले आफ्ना इष्टदेवताका रूपमा अग्निदेवताका निम्ति यज्ञ गरेका छन् । अग्निदेवताले कृपा गरेर दुवै अश्विनीकुमारको प्रिय हवि छागका धामलाई, सरस्वती देवीको प्रिय हवि मेषका धामलाई, इन्द्रको प्रिय हवि ऋषभको धामलाई, सवितादेवतालाई, वरुणदेवतालाई, वनस्पतिदेवतालाई, घिउ पान गर्ने अन्य देवताका धामलाई पनि विभिन्न किसिमका उपहार अर्पित गर्ने खालका विभिन्न यज्ञ सम्पन्न गरे । ती समस्त ज्ञानका निधिजस्ता अग्निदेवताले आफ्नो प्रिय हवि ग्रहण गरेर उत्तम कामना गर्ने प्रजालाई सबै किसिमले कल्याण गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यज्ञ सम्पन्न गर ।

देवं बर्हिः सरस्वती सुदेवमिन्द्रे अश्विना । तेजो न चक्षुरक्ष्योर्बर्हिषा दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥४८॥

सरस्वती देवीले इन्द्रदेवताका लागि कुशको आसन प्रदान गरिन् । अश्विनीकुमारहरूले इन्द्रदेवतामा तेज र उनका नेत्ररूपी इन्द्रियमा दृष्टि स्थापना गरे । ऐश्वर्यका अधिपति यी इन्द्र आदि देवताहरूले हव्य सेवन गरुन् । ऐश्वर्यको आकाङ्क्षा गर्ने याजकहरूले यस्तै किसिमको यज्ञ गरुन् ।

देवीर्द्वारो अश्विना भिषजेन्द्रे सरस्वती । प्राणं न वीर्यं नसि द्वारो दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥४९॥

दिव्यद्वाररूपा सरस्वती देवी र देववैद्य अश्विनीकुमारहरूले इन्द्रदेवतामा पराक्रम र उनका नासिका इन्द्रियमा प्राणको स्थापना गराए । ऐश्वर्यका अधिपति यी इन्द्र आदि देवताहरूले हव्य पान गरुन् । ऐश्वर्यको आकाङ्क्षा गर्ने याजकहरूले यस्तै किसिमका यज्ञ गरुन् ।

देवी उषासावश्विना सुत्रामेन्द्रे सरस्वती । बलं न वाचमास्यऽ उषाभ्यां दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५०॥

दिव्य गुणले सम्पन्न रात्रि र उषाकालकी अधिष्ठात्री देवी सरस्वती र दुवै अश्विनीकुमारले इन्द्रदेवतामा बलर उनका मुखरूपी इन्द्रियमा वाणीको स्थापना गराए । ऐश्वर्यका अधिपति यी इन्द्र आदि देवताहरू सबैले हव्य पान गरुन् । ऐश्वर्यको कामना गर्ने याजकहरूले यस्तै यज्ञ गरुन् ।

देवी जोष्ट्री सरस्वत्यश्विनेन्द्रमवर्धयन् । श्रोत्रन्न कर्णयोर्यशो जोष्ट्रीभ्यां दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५१॥

सेवन गर्न योग्य, दिव्य गुणले सम्पन्न सरस्वती देवी र अश्विनीकुमारहरूले इन्द्रदेवतामा यश वृद्धि गराए र उनका कर्मेन्द्रियमा श्रवण शक्ति स्थापना गराए । ऐश्वर्यका अधिपति यी इन्द्र आदि देवताहरूले हव्य पान गरुन् र ऐश्वर्यको कामना गर्ने याजकहरूले यस्तै खालका यज्ञ सम्पन्न गरुन् ।

देवी ऊर्जाहुती दुघे सुदुघेन्द्रे सरस्वत्यश्विना भिषजावतः । शुक्रं न ज्योति स्तनयोराहुती धत्तऽ इन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५२॥

उत्तम किसिमले दोहन गर्ने, मनको कामना पूरा गराउने, रसले सम्पन्न सरस्वती देवीका साथमा अश्विनीकुमार नामका दुई वैद्यले इन्द्रदेवतामा शुक्ररूपी बल र उनका हृदयमा ज्योतिको स्थापना गराए । ऐश्वर्यका अधिपति सबै देवताहरूका साथमा यी इन्द्रदेवताले हव्य पान गरुन् । ऐश्वर्यको आकाङ्क्षा भएका याजकहरूले यस्तै यज्ञ गरुन् ।

देवा देवानां भिषजा होताराविन्द्रमश्विना । वषट्कारैः सरस्वती त्विषिं न हृदये मतिथ्ं॰ होतृभ्यां दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५३॥

देवताका निम्ति हवन गर्ने होताजस्ता श्रेष्ठ देवता अश्विनीकुमारहरू र सरस्वती देवीले इन्द्रदेवतामा वषट्कारपूर्वक निजी तेज र हृदयमा मति स्थापना गराए । ऐश्वर्यका अधिपति इन्द्रदेवताले सबै देवगणका साथमा रहेर यो हवि पान गरुन् । ऐश्वर्यको कामना गर्ने याजकहरूले यस्तै किसिमले यज्ञ पूरा गरुन् ।

देवीस्तिस्रस्तिस्रो देवीरश्विनेडा सरस्वती । शूषं न मध्ये नाभ्यामिन्द्राय दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५४॥

इडा, भारती, सरस्वती यी तीन देवीहरूका साथमा अश्विनीकुमारहरूले इन्द्रदेवताका नाभीका मध्य भागमा बल स्थापित गराए । ऐश्वर्यका अधिपति इन्द्रदेवताले देवगणका साथमा हव्य पान गरुन् । ऐश्वर्यको आकाङ्क्षा गर्ने याजकहरूले यस्तै किसिमको यज्ञ सम्पन्न गरुन् ।

देवऽ इन्द्रो नराशꣳस स्त्रिवरूथः सरस्वत्याश्विभ्यामीयते रथः । रेतो न रूपममृतं जनित्रमिन्द्राय त्वष्टा दधदिन्द्रियाणि वसुवने वसुधेयस्य व्यन्तु यज ॥५५॥

ऐश्वर्यवान् त्वष्टादेवता, सरस्वती देवी र अश्विनीकुमारहरूले इन्द्रदेवताका लागि समस्त जनताले प्रशंसा गरेका, तीन घर भएको रथरूपी यज्ञ प्रस्तुत गरे । त्यसका माध्यमले उनीहरूले इन्द्रदेवतामा जन्माउने सामर्थ्य भएका इन्द्रियमा अमृतरूपी रेतस् स्थापित गराए । ऐश्वर्यका अधिपति यी देवताहरूले हव्य पान गरुन् । ऐश्वर्यको आकाङ्क्षा भएका यजमानहरूले यज्ञ सम्पन्न गरुन् ।

देवो देवैर्वनस्पतिर्हिरण्यपर्णो अश्विभ्याꣳस सरस्वत्या सुपिप्पलऽ इन्द्राय पच्यते मधु । ओजो न जूतिर्ऋषभो न भामं वनस्पतिर्नो दधदिन्द्रियाणि वसुवने वसुधेयस्य व्यन्तु यज ॥५६॥

हरिया र सुनौला पत्ताले युक्त र उत्तम फलका अधिष्ठाता वनस्पतिदेवता, अश्विनीकुमारहरू र देवी सरस्वतीले इन्द्रदेवताको मधुर फलरूपी दिव्य यज्ञीय लाभ, ओज, उचित किसिमको विकरालता प्रदान गरेर उनका इन्द्रियमा गति र सामर्थ्यको स्थापना गराए । ऐश्वर्यका अधिपति सबै देवताहरूले हव्य पान गरुन् । ऐश्वर्यको आकाङ्क्षा भएका हे याजकहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यज्ञ सम्पन्न गर ।

देवं बर्हिर्वारितीनामध्वरे स्तीर्णमश्विभ्यामूर्णम्रदाः सरस्वत्या स्योनमिन्द्र ते सदः । ईशायै मन्युꣳस राजानं बर्हिषा दधुरिन्द्रियं वसुवने वसुधेयस्य व्यन्तु यज ॥५७॥

सुन्दर यज्ञशालारूपी सभामा सरस्वती देवी र अश्विनीकुमारहरले जलमा उत्पन्न हुने कुशले बनाएको आसन देवताका राजा इन्द्रलाई प्रदान गरे र उनलाई ऐश्वर्य तथा मन्युले सुशोभित गराए । ऐश्वर्यको आकाङ्क्षा भएका याजकहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ गर ।

देवो अग्निः स्विष्टकृद्देवान्यक्षद्यथायथꣳस होताराविन्द्रमश्विना वाचा वाचꣳस सरस्वतीमग्निꣳस सोमꣳस स्विष्टकृत् विष्टऽ इन्द्रः सुत्रामा सविता वरुणो भिषगिष्टो देवो वनस्पतिः स्विष्टा देवाऽ आज्यपाः स्विष्टो अग्निरग्निना होता होत्रे स्विष्टकृद्यशो न दधदिन्द्रियमूर्जमपचितिꣳस स्वधां वसुवने वसुधेयस्य व्यन्तु यज ॥५८॥

अग्निदेवता, मित्रावरुणदेवता, अश्विनीकुमारहरू, सरस्वतीदेवी, इन्द्रदेवता, सवितादेवता, वरुणदेवता, वनस्पतिदेवता र घिउ पान गर्ने सबै अरू देवताहरूले उत्तम तरिकाले गतिलो लक्ष्य प्राप्त गर्नका लागि अग्निदेवताबाट हवि ग्रहण गरेका छन् । यज्ञको यजनबाट प्रसन्न भएका देवताहरूले याजकहरूलाई यश, इन्द्रियको सामर्थ्य, बलपराक्रम र ऐश्वर्य प्रदान गरे । ऐश्वर्यका अधिपति इन्द्रदेवताका साथमा सबै देवताहरूले हव्य पान गरुन् । ऐश्वर्य प्राप्त गर्ने लक्ष्य भएका यजमानहरूले यस्तै किसिमले यज्ञ पूरा गरिरहून् ।

अग्निमद्य होतारमवृणीतायं यजमानः पचन्पक्तीः पचन्पुरोडाशान् बध्नन्नश्विभ्यां छागꣳ सरस्वत्यै मेषमिन्द्राय ऋषभꣳ सुन्वन्नश्विभ्याꣳ सरस्वत्याऽ इन्द्राय सुत्राम्णे सुरासोमान् ॥५९॥

आज पुरोडाशका निम्ति रोटीपुरी पकाउनका लागि यजमानहरूले अग्निदेवतालाई वरण गरेका छन् र अश्विनीकुमारहरूलाई छाग, सरस्वतीलाई मेष तथा इन्द्रलाई ऋषभले युक्त भएको पुरोडाश तयार गरेका छन् । अश्विनीकुमारहरू र सरस्वती देवीले इन्द्रदेवताका लागि महौषधिहरूको तीक्ष्ण रस र सोमरस प्रदान गरेका छन् ।

सूपस्थाऽ अद्य देवो वनस्पतिरभवदश्विभ्यां छागेन सरस्वत्यै मेषेणेन्द्राय ऋषभेणाक्षँस्तान् मेदस्तः प्रति पचतागृभीषतावीवृधन्त पुरोडाशैरपुरश्विना सरस्वतीन्द्रः सुत्रामा सुरासोमान् ॥६०॥

यज्ञस्थलमा उपस्थित भएर वनस्पतिदेवताले छागले अश्विनीकुमारहरूलाई, मेषले सरस्वती देवीलाई र ऋषभले इन्द्रदेवतालाई प्रसन्न गराए । सन्तुष्ट भएका इन्द्रदेवताले अश्विनीकुमार र सरस्वती देवीका साथमा महौषधिको तीक्ष्ण रसका रूपमा रहेको सोमरस पान गरे ।

त्वामद्य ऋषऽ आर्षेय ऋषीणां नपादवृणीतायं यजमानो बहुभ्यऽ आ सङ्गतेभ्यऽ एष मे देवेषु वसु वार्यायक्ष्यतऽ इति ता या देवा देव दानान्यदुस्तान्यस्माऽ आ च शास्स्वा च गुरस्वेषितश्च होतरसि भद्रवाच्याय प्रेषितो मानुषः सूक्तवाकाय सूक्ता ब्रूहि ॥६१॥

ऋषिहरूले निर्माण तथा निर्देश गरेका मार्गमा अविचल गतिमान याजकहरूले यज्ञशालामा उपस्थित भएर विभिन्न देवताहरूमध्येबाट ऐश्वर्य प्रदाता देवताहरूलाई वरण गरे र ऐश्वर्य प्राप्तिका निम्ति उनीहरूलाई यजन गरे । यी देवताहरूले याजकहरूलाई दिव्य दान दिएका छन् । हे होताहरू हो ! तिमीहरू पनि सबैको कल्याणका लागि यस्ता खालका कल्याणकारी सूत्रहरूको गायन गर ।

इति एकविंशोऽध्यायः

एक्काईसौं अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ द्वाविंशोऽध्यायः॥

॥बाईसौं अध्याय॥

ऋषि– प्रजापति, संवत्सर, यज्ञपुरुष, विश्वामित्र, मेधातिथि, सुतम्भर, विरूप, त्र्यरुण, त्रसदस्यु, स्वस्त्य आत्रेय ।

देवता– स्वर्ण निष्क, रशना, लिङ्गोक्त, अश्व, अग्नि, सविता, पवमान, देवगण ।

छन्द– निचृत् पङ्क्ति, निचृत् त्रिष्टुप्, भुरिक् अनुष्टुप्, जगती, अतिधृति, भुरिक् अतिजगती, अत्यष्टि, निचृत् अतिधृति, निचृत् गायत्री, गायत्री, पिपीलिकामध्या निचृत् गायत्री, पिपीलिकामध्या विराट् अनुष्टुप्, विकृति, विराट् अतिधृति, निचृत् अतिधृति, आर्षी अनुष्टुप्, स्वराट् उत्कृति, स्वराट् अनुष्टुप्, अष्टि, विराट् अभिकृति, भुरिक् अष्टि, निचृत् अत्यष्टि, कृति, भुरिक् अत्यष्टि, अत्यष्टि, निचृत् कृति, भुरिक् उष्णिक् ।

तेजोसि शुक्रममृतमायुष्पाऽ आयुर्मे पाहि । देवस्य त्वा सवितुः प्रसवेश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामाददे ॥१॥

हे तेजस्वरूप सुवर्ण ! तिमी आयु, पराक्रम, बल र अमरताको रक्षा गर्दछौ । तिमी हाम्रो आयु रक्षा गर । सवितादेवताका अनुशासनमा अश्विनीकुमारहरूका पाखुराले र पूषादेवताका हातले हामी तिमीलाई ग्रहण गर्दछौं ।

इमामगृभ्णन् रशनामृतस्य पूर्वऽ आयुषि विदथेषु कव्या । सा नो अस्मिन्त्सुतऽ आ बभूव ऋतस्य सामन्त्सरमारपन्ती ॥२॥

यज्ञबाट प्राप्त ज्ञानशक्तिले ऋषिहरूले संसारको आदि कारण ऋतको स्वरूपलाई राम्ररी बुझेका छन् । हामी पनि यज्ञ आदि कर्म गरेर ज्ञानको शृङ्खलाद्वारा ब्रह्मरूपी प्रकृतिको रहस्य स्पष्ट रूपले जान्न सकौं ।

अभिधा असि भुवनमसि यन्तासि धर्त्ता । स त्वमग्निं वैश्वानरꣳ सप्रथसं गच्छ स्वाहाकृतः ॥३॥

हे अश्वरूपी यज्ञका अग्नि ! तिमी समस्त लोकलाई धारण गर्ने, नियन्त्रण गर्ने र पदार्थका विषयमा ज्ञान गराउने हौ । वैश्वानर अग्निमा हविको आहुतिले अत्यधिक शक्तिशाली भएर तिमी आफ्ना लक्ष्यसम्म पुग्न सफल होऊ ।

स्वगा त्वा देवेभ्यः प्रजापतये ब्रह्मन्नश्वं भन्त्स्यामि देवेभ्यः प्रजापतये तेन राध्यासम् । तं बधान देवेभ्यः प्रजापतये तेन राध्नुहि ॥४॥

हे यज्ञको अग्निरूपी अश्व ! सर्वत्र व्याप्त भएर रहने तिमी प्रजापति आदि देवताहरूकहाँ जानका लागि समर्थ छौ । हे ब्रह्मरूपी अश्व ! हामी तिमीलाई प्रजापति

आदि देवताहरूका निम्ति पुगिदेऊ भनेर प्रार्थना गर्दछौं । त्यसो भएपछि यो यज्ञ सर्वथा किसिमले सफल हुनेछ ।

प्रजापतये त्वा जुष्टं प्रोक्षामीन्द्राग्निभ्यां त्वा जुष्टं प्रोक्षामि वायवे त्वा जुष्टं प्रोक्षामि विश्वेभ्यस्त्वा देवेभ्यो जुष्टं प्रोक्षामि सर्वेभ्यस्त्वा देवेभ्यो जुष्टं प्रोक्षामि । यो अर्वन्तं जिघाꣳसति तमभ्यमीति वरुणः । परो मर्त्तः परः श्वा ॥५॥

हे सबैका प्रिय ! प्रजापतिको सन्तुष्टिका लागि तिमीलाई हामी अभिषेक गर्दछौं । इन्द्रदेवता र अग्निदेवताका लागि तिमीलाई हामी अभिषेक गर्दछौं । वायुदेवता र विश्वेदेवताका लागि हामी तिमीलाई अभिषेक गर्दछौं । सबै देवताहरूको हितका निम्ति तिमीलाई हामी अभिषेक गर्दछौं । तिम्रा यी चञ्चल ज्वालारूपी अर्वन्लाई हानी गर्नेहरूलाई वरुणदेवताले नष्ट गराइदिऊन् । निष्प्राण भइसके उद्देश्यहीन मानिसजस्ता निभेका यज्ञकुण्डहरूलाई तिमीले पर हटाइदेऊ । श्वान वृत्तिजस्ता नीच कर्म भएका मानिसहरूलाई तिमी पर हटाइदेऊ ।

अग्नये स्वाहा सोमाय स्वाहापां मोदाय स्वाहा सवित्रे स्वाहा वायवे स्वाहा विष्णवे स्वाहेन्द्राय स्वाहा बृहस्पतये स्वाहा मित्राय स्वाहा वरुणाय स्वाहा ॥६॥

अग्निदेवताका लागि यो आहुति समर्पित गरिएको छ । सोम एवं जलका आनन्ददायक देवताहरूका लागि यो आहुति समर्पित गरिएको छ । सवितादेवताका लागि यो आहुति समर्पित गरिएको छ । वायुदेवताका लागि यो आहुति समर्पित गरिएको छ । विष्णुदेवताका लागि यो आहुति समर्पित गरिएको छ । बृहस्पति, मित्र र वरुणदेवताका लागि यो आहुति समर्पित गरिएको छ, उनीहरू सबैले आहुति ग्रहण गरुन् ।

हिङ्काराय स्वाहा हिङ्कृताय स्वाहा क्रन्दते स्वाहावक्रन्दाय स्वाहा प्रोथते स्वाहा प्रप्रोथाय स्वाहा गन्धाय स्वाहा घ्राताय स्वाहा निविष्टाय स्वाहोपविष्टाय स्वाहा सन्दिताय स्वाहा वल्गते स्वाहासीनाय स्वाहा शयानाय स्वाहा स्वपते स्वाहा जाग्रते स्वाहा कूजते स्वाहा प्रबुद्धाय स्वाहा विजृम्भमाणाय स्वाहा विचृत्ताय स्वाहा सꣳहानाय स्वाहोपस्थिताय स्वाहायनाय स्वाहा प्रायणाय स्वाहा ॥७॥

उत्साह प्रकट गर्ने स्वरका रूपमा रहेको हिङ्कारका निम्ति यो आहुति प्रदान गरिएको छ । उत्साह प्रकट भएको स्वरका रूपमा हिङ्कृतिका निम्ति यो आहुति प्रदान गरिएको छ । ठूलो स्वरले डाको छोडेर रुवाइका लागि क्रन्दनका नाममा यो आहुति प्रदान गरिएको छ । सानो स्वरले सुँक्कसुँक्क रुवाइका लागि अवक्रन्दनका नामले यो आहुति प्रदान गरिएको छ । कर्मको पूर्तिका लागि यो आहुति प्रदान गरिएको छ । गन्ध ग्रहण गर्ने प्रवृत्ति र सुगन्ध सुङ्घ्ने काम सम्पन्न क्रियाका निम्ति यो आहुति प्रदान गरिएको छ । पुग्ने र बस्ने व्यवस्थाका लागि यो आहुति प्रदान गरिएको छ । दिनेलिने प्रवृत्ति र गतिशीलताका निम्ति यो आहुति प्रदान गरिएको छ । आसन ग्रहण गर्ने र पल्टनेसुस्ताउने प्रवृत्तिका लागि यो आहुति प्रदान गरिएको छ । सुत्ने र जाग्ने प्रवृत्तिका लागि यो आहुति प्रदान गरिएको छ । मनमनै गुन्गुनाउने, होसमा बोल्ने क्रियाका लागि

यो आहुति प्रदान गरिएको छ । हाई काड्ने, हाच्छिउँ गर्ने र प्रदीप्त हुने क्रियाका लागि यो आहुति प्रदान गरिएको छ । शरीरको स्वस्थताका लागि, उपस्थितिका लागि, गमन गर्नका लागि र यात्रा पूरा गर्नका लागि यो आहुति प्रदान गरिएको छ, सबैले स्वीकार गर ।

यते स्वाहा धावते स्वाहोद्द्रावाय स्वाहोद्द्रुताय स्वाहा शूकाराय स्वाहा शूकृताय स्वाहा निषण्णाय स्वाहोत्थिताय स्वाहा जवाय स्वाहा बलाय स्वाहा विवर्त्तमानाय स्वाहा विवृत्ताय स्वाहा विधून्वानाय स्वाहा विधूताय स्वाहा शुश्रूषमाणाय स्वाहा शृण्वते स्वाहेक्षमाणाय स्वाहेक्षिताय स्वाहा वीक्षिताय स्वाहा निमेषाय स्वाहा यदत्ति तस्मै स्वाहा यत्पिबति तस्मै स्वाहा यन्मूत्रं करोति तस्मै स्वाहा कुर्वते स्वाहा कृताय स्वाहा ॥८॥

गइरहेका, कुदिरहेका, तीव्र गतिमा रहेकाहरूलाई यो आहुति समर्पित छ । उत्कर्ष प्राप्तिका लागि प्रयास गर्दै कुद्ने र हतार गरी काम गरिसकाहरूका लागि यो आहुति समर्पित छ । बसेका, उठेका र वेगवान् रूपमा रहेकाहरूलाई यो आहुति प्रदान गरिएको छ । विशेष क्रमले उपस्थित र खुल्ला रूपमा गतिमान्हरूका लागि बारम्बार यो आहुति दिइएको छ । सुनिरहेका, हेरिरहेका, निरीक्षण गरिरहेकाहरूलाई यो आहुति प्रदान गरिएको छ । आँखा झिम्क्याउने प्रयासलाई यो आहुति अर्पण गरिएको छ । जल सेवन गर्ने र विसर्जन गर्ने क्रियाहरूलाई यो आहुति प्रदान गरिएको छ । यी जेजति क्रियाहरू गरिसकिएका छन् र जेजति पछि गरिनेछन्, ती सबैलाई यो आहुति प्रदान गरिएको छ, सबैले ग्रहण गरुन् ।

तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥९॥

आफ्ना तेजले सबै सत्कर्म सम्पदान गराउनका लागि हाम्रा बुद्धिलाई सन्मार्गमा प्रेरित गर्ने सवितादेवताको वरण गर्न योग्य विकृतिनाशक, दिव्यता प्रदायक तेजको हामी ध्यान गर्दछौं ।

हिरण्यपाणिमूतये सवितारमुप ह्वये । स चेत्ता देवता पदम् ॥१०॥

यजमानलाई हिरण्यगर्भ प्रदान गर्ने सवितादेवतालाई हामी रक्षा प्राप्त गर्नका निम्ति आह्वान गर्दछौं । उनैले यजमानहरू भएका स्थानमा पुग्ने बाटो देखाउनेछन् ।

देवस्य चेततो महीं प्र सवितुर्हवामहे । सुमतिᳬ सत्यराधसम् ॥११॥

हे सवितादेवता ! तिमी सर्वज्ञ र चैतन्यरूपले हामीलाई सत्यसम्म पुऱ्याउँछौ । त्यसैले हामी सद्बुद्धि प्राप्त गर्नका निम्ति तिमीलाई स्तुति गर्दछौं ।

सुष्टुतिᳬ सुमतीवृधो रातिᳬ सवितुरीमहे । प्र देवाय मतीविदे ॥१२॥

हे सवितादेवता ! तिमी उत्तम मति वृद्धि गराउने हुनाले हामी सबैलाई सद्बुद्धि प्रदान गर । त्यसो भएपछि हामी उत्तम रीतिले तिम्रो स्तुति गर्न सक्नेछौं ।

रातिᳬ सत्पतिं महे सवितारमुप ह्वये । आसवं देववीतये ॥१३॥

सज्जनका स्वामी, दानशील, परम ऐश्वर्यसम्पन्न सवितादेवतालाई हामी देवताहरूलाई तृप्त गराउनका लागि स्तुति र पूजा गर्दछौं ।

देवस्य सवितुर्मतिमासवं विश्वदेव्यम् । धिया भगं मनामहे ॥१४॥

समस्त देवताका हितकारी, परम ऐश्वर्यले सम्पन्न सवितादेवतालाई ऐश्वर्य वृद्धिका लागि बुद्धि बढाइदिऊन् भनेर हामी स्तुति गर्दछौं ।

अग्निथ्ं स्तोमेन बोधय समिधानो अमर्त्यम् । हव्या देवेषु नो दधत् ॥१५॥

हे अध्वर्युहरू हो ! तिमीहरू अग्निदेवतालाई समिधा अर्पित गरेर अमर र अखण्ड बनाओ । उनलाई स्तुति गरेर जगाओ । त्यसो भएपछि उनले हाम्रो आहुति देवताहरूकहाँ पुऱ्याइदिनेछन् ।

स हव्यवाडमर्त्यऽ उशिग्दूतश्चनोहितः । अग्निर्धिया समृण्वति ॥१६॥

हवि वहन गर्ने, ननासिने, हव्य आदिको रहर गर्ने, देवताहरूका दूतजस्ता, अन्नले सबैको हित गर्ने यी अग्निदेव विचार शक्तिले सम्पन्न छन् ।

अग्निं दूतं पुरो दधे हव्यवाहमुप ब्रुवे । देवाँ२ऽ आ सादयादिह ॥१७॥

हविवाहक, देवदूत अग्निदेवतालाई हामी आफ्ना अगाडि स्थापित गर्दछौं । त्यसपछि उनलाई हे अग्निदेवता ! तिमी यहाँ रहँदा रहँदै अन्य सबै देवताहरूकहाँ पुगिदेऊ भनेर प्रार्थना गर्दछौं ।

अजीजनो हि पवमान सूर्यं विधारे शक्मना पयः । गोजीरया रथ्ंहमाणः पुरन्ध्या ॥१८॥

हे दिव्य सोमदेवता ! तिमी किरणका माध्यमबाट अन्तरिक्ष र पृथ्वीमा जीवन गतिशील बनाउँछौ । आफ्ना क्षमताले जल धारण गर्ने आकाशभन्दा माथि सूर्यदेव उत्पन्न गर्छौ ।

विभूर्मात्रा प्रभूः पित्राश्वोसि हयोस्यत्योसि मयोस्स्यर्वासि सप्तिरसि वाज्यसि वृषासि नृमणाऽ असि । ययुर्नामासि शिशुर्नामास्यादित्यानां पत्वान्विहि देवाऽ आशापालाऽ एतं देवेभ्योश्वं मेधाय प्रोक्षितथ्ं रक्षतेह रन्तिरिह रमतामिह धृतिरिह स्वधृतिः स्वाहा ॥१९॥

हे यज्ञाग्निरूपी अश्व ! तिमी माताका जस्ता गुणले विभूषित र पिताको जस्ता गुणले प्रभुतासम्पन्न छौ । तिमी ययु नामले गमनशीलतामा र शिशु नामले प्रशंसा पाउनमा ख्याति कमाएका छौ । निरन्तर वेगले गमन गर्ने हुनाले तिमी शत्रुलाई पिछा गर्नमा समर्थ छौ । तिमी शत्रुनाशक, प्रजाका लागि सुखदाता र पराक्रमी छौ । यसो भएकै कारणले मानिसका बीचमा तिम्रो ज्यादै सम्मान छ । आदित्यगणले आफ्नो मार्गमा गमन गरेझैं तिमी पनि तेजस्वितापूर्वक गमन गर । दिव्य गुण भएका, सबै दिशाका रक्षक देवताकार्यमा लागेका विद्वान् र शूरवीरले देवताहरूका निम्ति सफासुग्घर गराएका अश्वरूपी यज्ञका अग्निलाई रक्षा गरुन् । यहाँ यिनले प्रसन्नतापूर्वक रमाउन पाऊन् । यज्ञको धारणशक्ति बढाउनेका लागि यो आहुति प्रदान गरिएको छ । साधकहरूका अन्तःकरणमा धारणशक्ति बढाउने भावले यो आहुति प्रदान गरिएको छ ।

काय स्वाहा कस्मै स्वाहा कतमस्मै स्वाहा स्वाहाधिमाधीताय स्वाहा मनः प्रजापतये स्वाहा चित्तं विज्ञातायादित्यै स्वाहादित्यै मह्यै स्वाहादित्यै सुमृडीकायै स्वाहा सरस्वत्यै स्वाहा सरस्वत्यै पावकायै स्वाहा सरस्वत्यै बृहत्यै स्वाहा पूष्णे

स्वाहा पूष्णे प्रपथ्याय स्वाहा पूष्णे नरन्धिषाय स्वाहा त्वष्ट्रे स्वाहा त्वष्ट्रे तुरीपाय स्वाहा त्वष्ट्रे पुरुरूपाय स्वाहा विष्णवे स्वाहा विष्णवे निभूयपाय स्वाहा विष्णवे शिपिविष्टाय स्वाहा ॥२०॥

कायरूपी प्रजापतिका लागि आहुति समर्पित छ । कस्मै नामका सुखरूपी प्रजापतिका लागि आहुति समर्पित छ । कतमस्ते भन्ने मन्त्रका रूपमा सर्वश्रेष्ठ प्रजापतिलाई आहुति समर्पित छ । विद्याबुद्धि धारण गर्ने प्रजापतिका निम्ति आहुति समर्पित छ । मनरूपी प्रजापतिका लागि आहुति समर्पित छ । चित्तका साक्षी आदित्यका लागि आहुति समर्पित छ । सुखप्रदाता आदित्यका लागि आहुति समर्पित छ । देवी सरस्वतीका लागि आहुति समर्पित छ । महिमावती सरस्वतीका लागि आहुति समर्पित छ । पदार्थ प्रदायक पूषादेवताका लागि आहुति समर्पित छ । मानवको धारणपोषण गर्ने पूषादेवताका लागि आहुति समर्पित छ । त्वष्टादेवताका लागि आहुति समर्पित छ । तीव्र गतिले गमन गर्ने त्वष्टादेवताका लागि आहुति समर्पित छ । अनेकौँ रूप भएका त्वष्टादेवताका लागि आहुति समर्पित छ । विष्णुदेवताका लागि आहुति समर्पित छ । पालनकर्ता विष्णुदेवताका लागि आहुति समर्पित छ । सबै प्राणीका अन्तरमा रहने गरेका विष्णुदेवताका लागि आहुति समर्पित छ ।

विश्वो देवस्य नेतुर्मर्तो वुरीत सख्यम् । विश्वो रायऽ इषुध्यति द्युम्नं वृणीत पुष्यसे स्वाहा ॥२१॥

सबै मानिसले प्रेरणादायी सवितादेवताको मित्रता स्वीकार गर्दछन् । मानिसहरू आफ्नो पोषणका लागि दीप्तिमान् धन प्राप्त गर्दछन् र ऐश्वर्यका अधिपति हुन्छन् ।

आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामा राष्ट्रे राजन्यः शूरऽ इषव्योतिव्याधी महारथो जायतां दोग्ध्री धेनुर्वोढानड्वानाशुः सप्तिः पुरन्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवास्य यजमानस्य वीरो जायतां निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो नऽ ओषधयः पच्यन्तां योगक्षेमो नः कल्पताम् ॥२२॥

हे ब्रह्म ! यस राष्ट्रमा ब्रह्मवर्चसले सम्पन्न र पराक्रमी, धनुर्विद्यामा निपुण, शत्रुलाई जित्न सक्ने, महारथी, महान् योद्धा खालका क्षत्रियहरू उत्पन्न होऊन् । शीघ्रगामी घोडा, भारी बोक्नका लागि बलिया खालका गोरु, दुध दुहुनका लागि मनग्गे दुध दिने गाई सबै बासिन्दालाई प्राप्त होऊन् । यहाँका स्त्रीहरू सबै सुन्दर, सबै खालका गुणले सम्पन्न र शील स्वभावमा अत्यन्त असल होऊन् । रथीमहारथी वीर पुरुषहरू विजयशील होऊन् । सभामा बोल्ने युवाहरू सज्जन र श्रेष्ठ किसिमका कुशल वक्ता होऊन् । हामीलाई खाँचो परेका समयमा पानीको वर्षा होस् । हाम्रा राष्ट्रमा फलफूल, औषधि र अन्नले समृद्धि बढिरहोस्, अनि हामी सधैँ सकुशल सुरक्षित रहन सकौँ ।

प्राणाय स्वाहापानाय स्वाहा व्यानाय स्वाहा चक्षुषे स्वाहा श्रोत्राय स्वाहा वाचे स्वाहा मनसे स्वाहा ॥२३॥

प्राण, अपान, व्यान आदि प्राणहरूको पुष्टिका लागि हामी यो आहुति समर्पित गर्दछौँ । देख्ने, सुन्ने र बोल्ने शक्तिलाई परिष्कृत गर्नका लागि हामी यो आहुति प्रदान गर्दछौँ । मनलाई सुसंस्कृत गराउनका लागि हामी यो आहुति समर्पित गर्दछौँ ।

प्राच्यै दिशे स्वाहार्वाच्यै दिशे स्वाहा दक्षिणायै दिशे स्वाहार्वाच्यै दिशे स्वाहा प्रतीच्यै दिशे स्वाहार्वाच्यै दिशे स्वाहोदीच्यै दिशे स्वाहार्वाच्यै दिशे स्वाहोर्ध्वायै दिशे स्वाहार्वाच्यै दिशे स्वाहावाच्यै दिशे स्वाहार्वाच्यै दिशे स्वाहा ॥२४॥

पूर्व, आग्नेय, दक्षिण, नैऋत्य, पश्चिम, वायव्य, उत्तर, ईशान, ऊर्ध्व र बीचका दिशाका साथै तल अनि बीचका दिशाहरूलाई परिपुष्ट गराउनका लागि हामी आहुति प्रदान गर्दछौँ ।

अद्भ्यः स्वाहा वार्भ्यः स्वाहोदकाय स्वाहा तिष्ठन्तीभ्यः स्वाहा स्रवन्तीभ्यः स्वाहा स्यन्दमानाभ्यः स्वाहा कूप्याभ्यः स्वाहा सूद्याभ्यः स्वाहा धार्याभ्यः स्वाहार्णवाय स्वाहा समुद्राय स्वाहा सरिराय स्वाहा ॥२५॥

पेय जल, रोगनिवारक जल, ऊर्ध्वगामी जल, स्थिर जल, झर्नाको जल, प्रवाहित जल, इनारको जल, वर्षाको जल, धारण गर्न योग्य जल, समुद्रको जल र वायुमा रहेको जलका निम्ति हामी यो आहुति समर्पित गर्दछौँ ।

वाताय स्वाहा धूमाय स्वाहाभ्राय स्वाहा मेघाय स्वाहा विद्योतमानाय स्वाहा स्तनयते स्वाहावस्फूर्जते स्वाहा वर्षते स्वाहाववर्षते स्वाहोग्रं वर्षते स्वाहा शीघ्रं वर्षते स्वाहोद्गृह्णते स्वाहोद्गृहीताय स्वाहा प्रुष्णते स्वाहा शीकायते स्वाहा प्रुष्वाभ्यः स्वाहा ह्रादुनीभ्यः स्वाहा नीहाराय स्वाहा ॥२६॥

वायुका लागि, धुवाँका लागि, बाक्लिएको बाफका लागि, मेघका लागि, विद्युत् उत्पन्न गराउनेका लागि, विद्युत्लाई तल खसाल्नेका लागि, वर्षा गर्नेका लागि, अतिवृष्टिका लागि, शीघ्र वर्षाका लागि, माथि उठ्ने बादलका लागि, माथि उठेर पानी ग्रहण गर्नेका लागि, ठूलो थोपा खसाउने वर्षाका लागि, मुसलधारे वर्षाका लागि सिमसिमे पानीका लागि, गड्गडाउनका लागि, कुहिरो लाग्नका लागि यी सबै अवस्थामा हामी बादललाई यो आहुति प्रदान गर्दछौँ ।

अग्नये स्वाहा सोमाय स्वाहेन्द्राय स्वाहा पृथिव्यै स्वाहान्तरिक्षाय स्वाहा दिवेस्वाहा दिग्भ्यः स्वाहाशाभ्यः स्वाहोर्व्यै दिशे स्वाहार्वाच्यै दिशे स्वाहा ॥२७॥

अग्नि, सोम, इन्द्र आदि देवताहरूका लागि, पृथ्वी, अन्तरिक्ष, द्युलोक, दिशाहरू, उपदिशाहरू, ऊर्ध्व दिशा र अधोदिशाका लागि हामी यो आहुति प्रदान गर्दछौँ ।

नक्षत्रेभ्यः स्वाहा नक्षत्रियेभ्यः स्वाहोरात्रेभ्यः स्वाहा धर्मासेभ्यः स्वाहा मासेभ्य स्वाहा ऋतुभ्यः स्वाहार्तवेभ्यः स्वाहा संवत्सराय स्वाहा द्यावापृथिवीभ्याथ्ं स्वाहा चन्द्राय स्वाहा सूर्याय स्वाहा रश्मिभ्यः स्वाहा वसुभ्यः स्वाहा रुद्रेभ्यः स्वाहा-दित्येभ्यः स्वाहा मरुद्भ्यः स्वाहा विश्वेभ्यो देवेभ्यः स्वाहा मूलेभ्यः स्वाहा शाखाभ्यः स्वाहा वनस्पतिभ्यः स्वाहा पुष्पेभ्यः स्वाहा फलेभ्यः स्वाहौषधीभ्यः स्वाहा ॥२८॥

नक्षत्रका लागि, नक्षत्रका देवताहरूका लागि, दिनका लागि, रातका लागि, आधा महिने पक्षका लागि, महिनाका लागि, ऋतुका लागि, ऋतुबाट उत्पन्न पदार्थका लागि, संवत्सरका लागि, द्युलोकका लागि, पृथ्वीका लागि, चन्द्रमाका लागि, सूर्यका लागि,

सूर्यको किरणका लागि, वसुहरूका लागि, रुद्रहरूका लागि, आदित्यहरूका लागि, मरुत्हरूका लागि, मूल जराका लागि, फेदका लागि, हाँगाका लागि, वनस्पतिका लागि, फूलका लागि, फलका लागि र औषधिहरूका लागि यो आहुति प्रदान गरिएको छ ।

पृथिव्यै स्वाहान्तरिक्षाय स्वाहा दिवे स्वाहा सूर्याय स्वाहा चन्द्राय स्वाहा नक्षत्रेभ्यः स्वाहाद्भ्यः स्वाहौषधीभ्यः स्वाहा वनस्पतिभ्यः स्वाहा परिप्लवेभ्यः स्वाहा चराचरेभ्यः स्वाहा सरीसृपेभ्यः स्वाहा ॥२९॥

पृथिवी, अन्तरिक्ष, द्युलोक, सूर्य, चन्द्रमा, नक्षत्र, जल, औषधिहरू, वनस्पतिहरू, भ्रमणशील ग्रहहरू, घस्रिने प्राणीहरू र चरअचर सबैका लागि हामी यो आहुति प्रदान गर्दछौँ ।

असवे स्वाहा वसवे स्वाहा विभुवे स्वाहा विवस्वते स्वाहा गणश्रिये स्वाहा गणपतये स्वाहाभिभुवे स्वाहाधिपतये स्वाहा शूषाय स्वाहा सर्थं सर्पाय स्वाहा चन्द्राय स्वाहा ज्योतिषे स्वाहा मलिम्लुचाय स्वाहा दिवा पतयते स्वाहा ॥३०॥

प्राण, वसुदेवता, विभुदेवता, विवस्वान् सूर्यदेवता, गणपतिदेवता, अभिभुव, अधिपति, सामर्थ्यवान, गमनशील, गणश्री, ज्योतिर्मान्, चन्द्रदेव, मलिम्लुच नामका अधिक मासका देवता आदि सबैलाई यज्ञीय ऊर्जा प्राप्त गराउनका लागि यो आहुति समर्पित गर्दछौँ ।

मधवे स्वाहा माधवाय स्वाहा शुक्राय स्वाहा शुचये स्वाहा नभसे स्वाहा नभस्याय स्वाहेषाय स्वाहोर्जाय स्वाहा सहसे स्वाहा सहस्याय स्वाहा तपसे स्वाहा तपस्याय स्वाहाथं हसस्पतये स्वाहा ॥३१॥

चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्रपद, आश्विन, कार्तिक, मार्गशीर्ष, पौष, माघ, फाल्गुन र अधिक मासलाई पनि सन्तुलित अवस्थामा राख्नका लागि हामी आहुति चढाउँछौँ ।

वाजाय स्वाहा प्रसवाय स्वाहा स्वाहापिजाय स्वाहा क्रतवे स्वाहा स्वः स्वाहा मूर्ध्ने स्वाहा व्यश्नुविने स्वाहान्त्याय स्वाहान्त्याय भौवनाय स्वाहा भुवनस्य पतये स्वाहा धिपतये स्वाहा प्रजापतये स्वाहा ॥३२॥

अन्नदेवतालाई, उत्पादक देवतालाई, जलमा उत्पन्न अन्नलाई, यज्ञका लागि उपयुक्त अन्नलाई, आफ्नै अन्तःकरणलाई, मूर्धालाई, शरीर-मन-विचार आदि पोषण प्रदान गर्ने व्यापक अन्नको उचित व्यवस्थालाई, संसारमा हुने गरेका कर्महरूलाई, भुवनपतिलाई र प्रजापति आदि सबै देवताहरूलाई हामी यो आहुति प्रदान गर्दछौँ ।

आयुर्यज्ञेन कल्पताथं स्वाहा प्राणो यज्ञेन कल्पताथं स्वाहापानो यज्ञेन कल्पनाथं स्वाहा व्यानो यज्ञेन कल्पताथं स्वाहोदानो यज्ञेन कल्पताथं स्वाहा समानो यज्ञेन कल्पताथं स्वाहा चक्षुर्यज्ञेन कल्पताथं स्वाहा श्रोत्रं यज्ञेन कल्पताथं स्वाहा वाग्यज्ञेन कल्पताथं स्वाहा मनो यज्ञेन कल्पताथं स्वाहात्मा यज्ञेन कल्पताथं स्वाहा ब्रह्मा यज्ञेन कल्पताथं स्वाहा ज्योतिर्यज्ञेन कल्पताथं स्वाहा स्वर्यज्ञेन कल्पताथं स्वाहा पृष्ठं यज्ञेन कल्पताथं स्वाहा यज्ञो यज्ञेन कल्पताथं स्वाहा ॥

यज्ञबाट आयु, प्राण, अपान, व्यान, उदान र समान आदि पञ्चप्राणको वृद्धि होस् भनेर यो आहुति प्रदान गर्दछौं । यज्ञले चक्षु, श्रोत्र, वाणी, इन्द्रियहरू बलवान् होऊन् भन्नका लागि यो आहुति प्रदान गर्दछौं । यज्ञले मन, आत्मा, आत्मज्योति, स्वर्लोक, ब्रह्मलोक र यज्ञीय भावनालाई समर्थ बनाउनका लागि हामी यो आहुति प्रदान गर्दछौं ।

एकस्मै स्वाहा द्वाभ्याथ्ं स्वाहा शताय स्वाहैकशताय स्वाहा व्युष्ट्यै स्वाहा स्वर्गाय स्वाहा ॥३४॥

अद्वितीय परमेश्वरका लागि, प्रकृतिपुरुषका लागि, सयौं वर्षसम्म बाँचेकाहरूका लागि, सय वर्षसम्म बाँच्नेहरूका लागि, पाप निवारण गरिदिनेका लागि र स्वर्गको प्राप्तिका लागि हामी यो आहुति प्रदान गर्दछौं ।

इति द्वाविंशोऽध्यायः

बाईसौं अध्याय सकियो ।

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ त्रयोविंशोऽध्यायः॥

॥तेईसौं अध्याय॥

ऋषि– हिरण्यगर्भ, मधुच्छन्दा, दधिक्रावा वामदेव्य ।

देवता– कः, प्रजापति, देवगण, आदित्यगण, अश्व, लिङ्गोक्त, प्रश्न, प्रतिप्रश्न, कुमारी, अध्वर्यु, महिषी, ब्रह्मतिका, वावाता, उद्‌गाता, परिवृक्ता, होता, पालागली, क्षत्ता, प्रजापति ।

छन्द– त्रिष्टुप्, निचृत् आकृति, विकृति, गायत्री, विराट् गायत्री, निचृत् बृहती, निचृत् अत्यष्टि, निचृत् अनुष्टुप्, अनुष्टुप्, भुरिक् अतिजगती, विराट् अनुष्टुप्, विराट् जगती, अतिशक्वरी, शक्वरी, स्वराट् अनुष्टुप्, भुरिक् गायत्री, बृहती, उष्णिक्, भुरिक् उष्णिक्, निचृत् त्रिष्टुप्, पङ्क्ति, विराट् त्रिष्टुप्, स्वराट् उष्णिक्, विराट् उष्णिक् ।

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेकऽ आसीत् । स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥१॥

उहिले नै हिरण्यगर्भका नाममा, सबै खालका उत्पादनशील पदार्थका स्वामी उनै एक मात्र परमात्मा उचित रूपमा स्थापित भएर पृथ्वी र द्युलोक धारण गरे । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौं ।

उपयामगृहीतोसि प्रजापतये त्वा जुष्टं गृह्णाम्येष ते योनिः सूर्यस्ते महिमा । यस्तेऽ हन्त्संवत्सरे महिमा सम्बभूव यस्ते वायावन्तरिक्षे महिमा सम्बभूव यस्ते दिवि सूर्ये महिमा सम्बभूव तस्मै ते महिम्ने प्रजापतये स्वाहा देवेभ्यः ॥२॥

हे हवि ! तिमी प्रजापतिका लागि प्रिय हुनाले हामी तिमीलाई ग्रहण गर्दछौं । उपयाम नामका पात्रमा तिमी स्थिर होऊ, त्यही तिमीलाई धारण गर्ने भाँडो हो । हे प्रजापति ! सूर्य, वायु, अन्तरिक्ष, द्युलोक, दिन र संवत्सरमा तिम्रो महिमा प्रकट भएको छ । तिमी र देवताहरूका लागि हामी यो आहुति प्रदान गर्दछौं ।

यः प्राणतो निमिषतो महत्वैकऽ इद्राजा जगतो बभूव । यऽ ईशे अस्य द्विपदश्चतुष्पदः कस्मै देवाय हविषा विधेम ॥३॥

आफ्ना महान् सामर्थ्यले प्राणयुक्त र गतिशील हुँदै देखिने प्राणीसमुदायका एक मात्र अधिपति परमात्मा दुईखुट्टे वा चारखुट्टेका स्वामी हुन् । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौं ।

उपयामगृहीतोसि प्रजापतये त्वा जुष्टं गृह्णाम्येष ते योनिश्चन्द्रमास्ते महिमा । यस्ते रात्रौ संवत्सरे महिमा सम्बभूव यस्ते पृथिव्यामग्नौ महिमा सम्बभूव यस्ते नक्षत्रेषु चन्द्रमसि महिमा सम्बभूव तस्मै ते महिम्ने प्रजापतये देवेभ्यः स्वाहा ॥४॥

हे हवि ! तिमी प्रजापतिका लागि प्रिय हुनाले हामी तिमीलाई ग्रहण गर्दछौं । उपयाम नामका पात्रमा तिमी स्थिर होऊ, त्यही तिमीलाई धारण गर्ने भाँडो हो । हे प्रजापति ! चन्द्र, अग्नि, नक्षत्र, भूलोक, रात्रि र प्रतिसंवत्सरका रूपमा तिम्रो महिमा प्रकट भएको छ । तिमी र देवताहरूका लागि हामी यो आहुति प्रदान गर्दछौं ।

युञ्जन्ति ब्रध्नमरुषं चरन्तं परि तस्थुषः । रोचन्ते रोचना दिवि ॥५॥

द्युलोकमा आदित्य, भूमिमा अहिंसक अग्नि, अन्तरिक्षमा सर्वत्र भ्रमणशील वायुका रूपमा इन्द्र उपस्थित छन् । उनलाई तीनै लोकका प्राणीहरूले आआफ्ना कार्यमा देवत्व रूपले सम्बद्ध रहेको मान्दछन् । द्युलोकमा देखा पर्ने ग्रहनक्षत्र आदि उनै इन्द्रदेवताकै स्वरूपका अंश हुन् ।

युञ्जन्त्यस्य काम्या हरी विपक्षसा रथे । शोणा धृष्णू नृवाहसा ॥६॥

इन्द्रदेवताका रथमा दुवैतिर राता वर्णका सङ्घर्षशील दुई वटा घोडा नारिएका छन् । तिनले मानिसलाई गति प्रदान गर्दछन् ।

यद्वातो अपो अगनीगन्प्रियामिन्द्रस्य तन्वम् । एतꣳ स्तोतरनेन पथा पुनरश्वमावर्त्तयासि नः ॥७॥

वायुसमान वेगवान् भएर यो अश्वरूपी हवियुक्त प्राणवान् यज्ञीय ऊर्जा इन्द्रदेवताको प्रिय जलका रूपमा बर्सिएर हामीलाई प्राप्त हुँदाखेरि हे स्तोताहरू हो ! आफ्ना मन्त्रशक्तिले यस प्राणपर्जन्यरूपी अश्वलाई यसै मार्गबाट फिर्ता लिएर आओ ।

वसवस्त्वाञ्जन्तु गायत्रेण छन्दसा रुद्रास्त्वाञ्जन्तु त्रैष्टुभेन छन्दसा दित्यास्त्वाञ्जन्तु जागतेन छन्दसा । भूर्भुवःस्वर्लाजीꣳच्छाचीꣳन्यव्ये गव्यऽ एतदन्नमत्त देवाऽ एतदन्नमद्धि प्रजापते ॥८॥

हे सधैं विचरणशील रहने प्राणपर्जन्यरूपी अश्व ! गायत्री छन्दद्वारा वसुगणले तिमीलाई अभिषेक गरुन् । आदित्यले जगती छन्दद्वारा तिमीलाई अभिषेक गरुन् । रुद्रगणले त्रिष्टुप् छन्दले तिमीलाई अभिषेक गरुन् । भूलोक, अन्तरिक्ष र स्वर्गलोकमा रहेका प्रकाशमान र सामर्थ्यवान् हे देवताहरू हो ! तिमीहरू यो हव्य ग्रहण गर । हे सत्पुरुषहरू हो ! यस यज्ञीय प्रक्रियाले पुष्ट भएका जौ आदि अन्न र गाई आदिबाट उत्पन्न दुध आदि सेवन गर ।

कः स्विदेकाकी चरति कऽ उ स्विज्जायते पुनः । किꣳ स्विद्धिमस्य भेषजं किम्वावपनं महत् ॥९॥

एक्लै विचरण गर्ने को हो ? बारम्बार उत्पन्न हुने गरेको को हो ? हिउँको औषधि के हो ? बिउ छर्नका लागि सबैभन्दा उपयुक्त क्षेत्र कुन हो ? भनेर ब्रह्माले होतासँग सोधे ।

सूर्यऽ एकाकी चरति चन्द्रमा जायते पुनः । अग्निर्हिमस्य भेषजं भूमिरावपनं महत् ॥१०॥

सूर्य एक्लै विचरण गर्दछन् । चन्द्रमा बारम्बार उत्पन्न हुन्छन् । अग्नि नै हिउँको सबैभन्दा गतिलो औषधि हो र बिउ छर्नका लागि सबैभन्दा उपयुक्त क्षेत्र यही पृथ्वी नै हो भनेर होताले ब्रह्मालाई जवाफ दिए ।

का स्विदासीत्पूर्वचित्तिः किंश्स्विदासीद् बृहद्वयः । का स्विदासीत्पिलिप्पिला का स्विदासीत्पिशङ्गिला ॥११॥

सबैभन्दा पहिले चित्तमा धारण गर्न योग्य स्थिति कुन हो ? सबैभन्दा बलियो पक्षी कुन हो ? सबैभन्दा शोभावान् को छ ? सबै खालका रूपलाई निलिदिने को होला भनेर ब्रह्माले होतासँग सोधे ।

द्यौरासीत्पूर्वचित्तिरश्वऽ आसीद् बृहद्वयः । अविरासीत्पिलिप्पिला रात्रिरासीत्पिशङ्गिला ॥१२॥

सबैभन्दा पहिले चिन्तन गर्न योग्य द्युलोक हो । अश्वरूपी अग्नि नै सबैभन्दा शक्तिसम्पन्न छन् । सबैलाई सुरक्षा दिने धर्ती नै सबैभन्दा बढी शोभायमान छ । रात्रिले सबै खालका पदार्थहरूलाई निलिदिन्छ र अन्धकारमा डुबाउँछ भनेर होताले ब्रह्मालाई जवाफ दिए ।

वायुष्ट्वा पचतैरवत्वसितग्रीवश्छागैर्न्यग्रोधश्चमसैः शल्मलिर्वृद्ध्या । एष स्य राथ्यो वृषा पड्भिश्चतुर्भिरेदगन्ब्रह्माऽ कृष्णश्च नोवतु नमोग्नये ॥१३॥

हे अश्वरूपी यज्ञका अग्नि ! वायुले तिमीलाई परिपक्वता प्रदान गरेर, धुवाँले कालो वर्णको अग्नि छाग प्रदान गरेर, वटवृक्षको चमस प्रदान गरेर र सिमलका वृक्षले वृद्धि प्रदान गरेर तिमीलाई रक्षा गरुन् । यस्ता बलवान् अश्व सर्वत्र व्याप्त रहँदै, आनन्द प्रदान गर्दै, यज्ञीय ऊर्जाका रूपमा स्वेदज, अण्डज, उद्भिज र जरायुज गरी चार किसिमका जीवहरूलाई पोषण गर्न चार चरणमा आगमन गरुन् । सफा रङ्गका अश्वरूपी यज्ञका ज्योतिले हामीलाई रक्षा गरोस् भनेर हामी अग्निदेवतालाई नमस्कार गर्दछौं ।

सशंशितो रश्मिना रथः सशंशितो रश्मिना हयः । सशंशितो अप्स्वप्सुजा ब्रह्मा सोमपुरोगवः ॥१४॥

रश्मिरूपी ऊर्जाप्रवाहले यज्ञरूपी रथ प्रशंसित भएको छ । प्रकट भएका किरणका कारण घोडारूपी अग्निदेवता प्रशंसित छन् । जलबाट उत्पन्न भएका हुनाले उनी जलले शोभित छन् । पोषण प्रदायक सोमलाई अगाडि राख्नाका कारण ब्रह्मा प्रशंसित भएका छन् ।

स्वयं वाजिंस्तन्वं कल्पयस्व स्वयं यजस्व स्वयं जुषस्व । महिमा तेन्येन न सन्नशे ॥१५॥

हे घोडारूपी बलशाली यज्ञीय ऊर्जा ! तिमी स्वयं समर्थ होऊ, यज्ञका कार्यले स्वयं विस्तृत होऊ, पदार्थहरूलाई स्वयं नै जोडेर बलशाली बनाऊ र अन्य पदार्थसित मिसिनाले तिम्रो महिमा र प्रभाव कहिल्यै नष्ट नहोस् ।

न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ२ऽ इदेषि पथिभिः सुगेभिः । यत्रासते सकृतो यत्र ते ययुस्तत्र त्वा देवः सविता दधातु ॥१६॥

यज्ञबाट उत्पन्न ऊर्जा अथवा यो आत्मा निश्चित रूपमा न त नाश हुन्छ, न क्षीण नै हुन्छ । यसले देवयानका मार्गबाट श्रेष्ठ कर्म गर्ने व्यक्तिहरू जहाँ पुगेका छन्, त्यस ठाउँसम्म पुग्दछ । पुण्यात्माहरू जुन लोकमा पुगेका छन्, सवितादेवताले तिमीलाई उसै ठाउँमा स्थापित गराऊन् ।

अग्निः पशुरासीत्तेनायजन्त स एतँल्लोकमजयद्यस्मिन्नग्निः स ते लोको भविष्यति तं जेष्यसि पिबैताऽ अपः । वायुः पशुरासीत्तेनायजन्त स एतँल्लोकमजयद्यस्मिन्वायुः स ते लोको भविष्यति तं जेष्यसि पिबैताऽ अपः । सूर्यः पशुरासीत्तेनायजन्त स एतँल्लोकमजयद्यस्मिन्त्सूर्यः स ते लोको भविष्यति तं जेष्यसि पिबैताऽ अपः ॥१७॥

सर्वद्रष्टा अग्निदेवताले हविरूपी पशुद्वारा देवताहरूको यज्ञ सम्पन्न गराए । अग्नितत्त्वको बल प्रमुख हुनेहरूले यस संसारलाई जित्छन् । याजकहरू पनि यस संसारलाई जितेर यसमा आश्रय पाउनका लागि यस किसिमको शाश्वत ज्ञानलाई आत्मसात् गरुन् । सर्वद्रष्टा वायुदेवताले हविरूपी पशुद्वारा देवताहरूको यज्ञ सम्पन्न गराए । वायुको बल प्रमुख रहनेहरूले यस संसारमा विजय प्राप्त गर्दछन् । यस लोकलाई जितेर यसमा आश्रय पाउनका लागि याजकहरूले यस किसिमको शाश्वत ज्ञानलाई आत्मसात् गरुन् । सर्वद्रष्टा सूर्यदेवताले हविरूपी पशुद्वारा देवताहरूको यज्ञ सम्पन्न गराए । सूर्यको बल प्रमुख रहनेहरूले यस संसारमा विजय प्राप्त गर्दछन् । यस लोकलाई जितेर यसमा आश्रय पाउनका लागि याजकहरूले यस किसिमको शाश्वत ज्ञानलाई आत्मसात् गरुन् ।

प्राणाय स्वाहा पानाय स्वाहा व्यानाय स्वाहा । अम्बे अम्बिकेम्बालिके न मा नयति कश्चन । ससस्त्यश्वकः सुभद्रिकाङ्काम्पीलवासिनीम् ॥१८॥

शिथिल अग्नि काम्पील नामका वृक्षमा रहेको सुभद्रिका नामले पुकारिने असल हविरूपी काठमा सुषुप्त अवस्थामा विद्यमान हविरूपी यज्ञपत्नीहरू अम्बा, अम्बिका र अम्बालिका हुन् । उनीहरूलाई आफूलाई कसैले कमजोर खालको अग्नितर्फ नलैजाऊन्, हाम्रो प्राण, अपान र व्यानको पुष्टिका लागि प्रखर अग्निसित संयोग हुन पाऔँ भनी प्रार्थना गर्दछन् ।

गणानां त्वा गणपतिँ हवामहे प्रियाणां त्वा प्रियपतिँ हवामहे निधीनां त्वा निधिपतिँ हवामहे वसो मम । आहमजानि गर्भधमा त्वमजासि गर्भधम् ॥१९॥

हे गणपतिदेवता ! तिमी गणका सर्वश्रेष्ठ अधिपति हौ र हामी तिमीलाई आह्वान गर्दछौँ । हे प्रियहरूका बीचमा रहने प्रियपति देवता ! हामी तिमीलाई आह्वान गर्दछौँ । हे निधिहरूका बीचमा रहेका सर्वश्रेष्ठ निधिपति देवता ! हामी तिमीलाई आह्वान गर्दछौँ । हे संसारको रचना गर्ने देवता ! तिमी हाम्रा लागि आफ्नै हौ । तिमी सम्पूर्ण जगत्लाई नै आफ्ना गर्भमा धारण गर्दछौ र प्रकट गर्दछौ । तिम्रो त्यस्तो क्षमतालाई हामी राम्ररी जान्न सकौँ ।

ताऽ उभौ चतुरः पदः संप्रसारयाव स्वर्गे लोके प्रोर्णुवाथां वृषा वाजी रेतोधा रेतो दधातु ॥२०॥

यज्ञीय ऊर्जा र देवशक्ति तिमीहरू दुवै स्वर्गलोकमा एकले अर्कालाई संरक्षण गर । दुवैले मिलेर धर्म, अर्थ, काम र मोक्षरूपी चार चरणहरूलाई संसारमा विस्तार गर । हे बलवान् ! पराक्रमरूपी वीर्य धारण गर्ने तिमीहरू हामीलाई वीर्यरूपी पराक्रम प्रदान गर ।

उत्सक्थ्या अव गुदं धेहि समञ्जिं चारया वृषन् । य स्त्रीणां जीवभोजनः ॥२१॥

दुष्टलाई दमन गर्ने शक्तिले सम्पन्न हे बलशालीहरू हो ! आफ्नो बुद्धिरूपी स्त्रीलाई क्रीडा र व्यसनमा लगाएर जीवन निर्वाह गर्नेहरूलाई तिमी दुःख देऊ र विद्या एवं न्यायमा बुद्धिरूपी स्त्री लगाउनेलाई उत्तम सुखमा राख्ने व्यवस्था गर ।

यकासकौ शकुन्तिकाहलगिति वञ्चति । आहन्ति गभे पसो निगल्गलीति धारका ॥२२॥

शक्ति धारण गरेका यस प्रवाहमान जलले शकुन्तिका नामको पक्षीको जस्तै आनन्ददायी शब्द निकाल्दछ । यस्तो उत्पादनशील जलमा यज्ञको तेज आउँछ । तेज धारण गरेको हुनाले यस जलले कलकल शब्द निरन्तर निकाल्दछ भनेर अध्वर्युहरू कुमारीलाई भन्दछन् ।

यकोसकौ शकुन्तकऽ आहलगिति वञ्चति । विवक्षतऽ इव ते मुखमध्वर्यो मा नस्त्वमभि भाषथाः ॥२३॥

हे अध्वर्युहरू हो ! त्यस किसिमका तेजका प्रभावले तिमीहरूको बोल्न हतारिएको मुख शकुन्त पक्षीको जस्तै निरन्तर शब्द निकालिरहेको हुन्छ । तिमीहरू यज्ञीय महत्त्व रहेको भन्दा बाहेक अन्य अर्थहीन कुरो नगर भनेर कुमारीहरूले अध्वर्युहरूलाई भने ।

माता च ते पिता च तेग्रं वृक्षस्य रोहतः । प्रतिलामीति ते पिता गभे मुष्टिमतंश्सयत् ॥२४॥

हे महिषी ! तिम्रा मातापिता भनेका अग्नि र हवि हुन् । तिनीहरू वृक्षका अग्रभागमा रहने समिधाका रूपमा यज्ञीय प्रक्रियाका सहाराले ऊर्ध्वलोकको गति प्राप्त गर्दछन् । त्यहाँबाट तिम्रा पिता सुसङ्गठित भएर यज्ञको धुवाँका सहायताले पर्जन्यलाई सङ्गठित गराउँदै पर्जन्यमा रहेको जल वर्षा गराउँदै सुशोभित हुन्छन् । त्यस्ता अवस्थामा मानौं हरियालीले भरिएको खेत र वन देखेर उनी आफूलाई प्रसन्न भएँ भन्दै छन् जस्तो लाग्छ भनेर ब्रह्माले महिषीलाई भने ।

माता च ते पिता च तेग्रे वृक्षस्य क्रीडतः । विवक्षतऽ इव ते मुखं ब्रह्मन्मा त्वं वदो बहु ॥२५॥

हे ब्रह्मा ! देवगण र हविरूपी तिम्रा मातापिता विश्वरूपी वृक्षका उच्च भागमा क्रीडारत अवस्थामा छन् । तिम्रो मुख बोल्नका लागि हतारिइरहेको छ । यस अवस्थामा केवल यज्ञीय आवश्यक कुरोभन्दा धेरै नबोल भनेर महिषीले ब्रह्मालाई भनिन् ।

ऊर्ध्वामेनामुच्छ्रापय गिरौ भारंश्‌ हरन्निव । अथास्यै मध्यमेधतांश्‌ शीते वाते पुनन्निव ॥२६॥

कुनै पनि भारी वस्तुलाई पर्वतका टाकुरासम्म पुऱ्याएर चुल्याइएझैं अथवा किसानले धानको पात्र उचालेर धानलाई हावाको प्रवाहमा केलाएझैं हे प्रजापति ! हामी सबैलाई तिमी पनि पवित्र र समुन्नत गराऊ भनेर उद्गाताहरूले भने ।

ऊर्ध्वमेनमुच्छ्रयतादगिरौ भारथं॑ हरन्निव । अथास्य मध्यमेजतु शीते वाते पुनन्निव ॥२७॥

भारी वस्तुलाई पर्वतका टाकुरासम्म चुल्याएभैँ र किसानले धानको पात्र उचालेर हावाको प्रवाहमा खसालेर सफा गरेभैँ हे प्रजापति ! तिमी पनि आफ्नो राष्ट्रमा अश्वमेध यज्ञ गर्नेहरूलाई उन्नतिशील र पवित्र गराऊ भनेर वावाताहरूले भने ।

यदस्याऽ अंहुभेद्याः कृधु स्थूलमुपातसत् । मुष्कादिवस्याऽ एजतो गोशफे शकुलाविव ॥२८॥

पापनाशक, दुष्टसंहकर यज्ञीय प्रकति पृथ्वीमा प्रत्यक्ष स्थापित हुँदा क्षत्रिय र ब्राह्मणहरू धर्मरूपी गाईका दुई खुरजस्तै सुशोभित हुन्छन् ।

यद्देवासो ललामगुं प्रविष्टीमिनमाविषुः । सक्थ्ना देदिश्यते नारी सत्यस्याक्षिभुवो यथा ॥२९॥

यज्ञ आदि दिव्य कर्ममा श्रेष्ठपुरुषले यज्ञको आनन्द वृद्धिको कार्य सम्पन्न गरेका बेला नारीको अङ्ग देखेर नारीलाई चिन्न सकिएभैँ आँखाले देख्दैमा उनीहरूलाई सत्यको अनुभूति हुन्छ भनेर परिवृत्ताले भनेका छन् ।

यद्धरिणो यवमत्ति न पुष्टं पशु मन्यते । शूद्रा यदर्यजारा न पोषाय धनायति ॥३०॥

खेतमा हरिण पसेर जौको बाली खाँदा हरिणको पेट भरिएको देखेर खुसी हुनुको सट्टा बाली नोक्सान भएकोमा किसानलाई बाली नाश भएकोमा ज्यादा दुःख लागेभैँ कुनै ज्ञानी व्यक्तिसँग क्षुद्र व्यक्तिकी पत्नीले कुरो गरेको देख्दा ज्ञान आर्जन गरेकोमा भन्दा अर्का मानिससँग कुरो गरेकोमा त्यस आइमाईका पतिलाई ज्यादा दुःख लाग्छ ।

यद्धरिणो यवमत्ति न पुष्टं बहु मन्यते । शूद्रो यदर्यायै जारो न पोषमनु मन्यते ॥३१॥

खेतमा हरिण पसेर जौको बाली खाँदा हरिणको पेट भरिएको देखेर किसान खुसी नभएभैँ अज्ञानी व्यक्तिसँग महान् व्यक्तिकी पत्नीले कुरो गरेको देख्दा ज्ञानी पतिलाई कुनै खुसी लाग्दैन भन्ने पालागलीको भनाइ थियो ।

दधिक्राव्णो अकारिषं जिष्णोरश्वस्य वाजिनः । सुरभि नो मुखा करत्प्र णऽ आयूंषि तारिषत् ॥३२॥

मनुषयलाई धारण गर्ने, व्यापक र वेगवान् यज्ञको अग्निरूपी दधिक्रादेव नामका अश्वलाई हामी प्रार्थना गर्दछौँ । उनले हाम्रो मुख आदि इन्द्रिय सुन्दर तथा सबल गराऊन् र हाम्रो आयु वृद्धि गरून् ।

गायत्री त्रिष्टुब्जगत्यनुष्टुप्पङ्क्त्या सह । बृहत्युष्णिहा ककुप्सूचीभिः शम्यन्तु त्वा ॥३३॥

हे यज्ञका अग्निरूपी अश्व ! गायत्री, त्रिष्टुप, जगती, अनुष्टुप, पङ्क्ति, बृहती, उष्णिक् र ककुप् छन्दका सूची अथवा सूक्तिहरूले हामी तिमीलाई शान्त गराउँछौँ ।

द्विपदा याश्चतुष्पदास्त्रिपदा याश्च षट्पदाः । विच्छन्दा याश्च सच्छन्दाः सूचीभिः शम्यन्तु वा ॥३४॥

हे यज्ञका अग्निरूपी अश्व ! दुई पद, तीन पद, चार पद र छ पद भएका छन्दका सूचीहरूका साथै छन्दको लक्षण विहीन र छन्दको लक्षणले युक्त सूची अथवा सूक्तिहरूले हामी तिमीलाई शान्त गराउँछौं ।

महानाम्न्यो रेवत्यो विश्वा आशाः प्रभूवरीः । मैघीर्विद्युतो वाचः सूचीभिः शम्यन्तु वा ॥३५॥

हे यज्ञको अग्निरूपी अश्व ! सबै प्राणीहरूलाई धारण गर्ने ऋचाहरू, सम्पूर्ण दिशाहरू, महानाम्नी नाम भएका देववाणीहरू, रेवती नामका ऋचाहरू, मेघबाट उत्पन्न विद्युत् र सबै किसिमका श्रेष्ठ वाणीका सूचीहरूले हामी तिमीलाई शान्त गराउँछौं ।

नार्यस्ते पत्न्यो लोम विचिन्वन्तु मनीषया । देवानां पत्न्यो दिशः सूचीभिः शम्यन्तु वा ॥३६॥

हे यज्ञका अग्नि ! नेतृत्वमा समर्थ यजमानका पत्नीहरूले तिमीभित्रका अनुपयुक्त तत्त्वहरूलाई आफ्ना बुद्धिले रौं पन्छाएझैं छुट्याऊन् । देवताका पत्नीहरू र दिशाहरूले सूचीद्वारा तिमीलाई कल्याण गरुन् ।

रजता हरिणीः सीसा युजो युज्यन्ते कर्मभिः । अश्वस्य वाजिनस्त्वचि सिमाः शम्यन्तु शम्यन्तीः ॥३७॥

रजत, सिसा र सुवर्णका सूचीहरू मिलाएर बलवान् अश्वरूपी यज्ञीय पिण्डको त्वचारूपी माथिल्लो सतहमा नियोजित गरिन्छन् । तिनीहरूले राम्रोसँग यज्ञाग्निरूपी अश्वको रक्षा गरुन् । शान्तिपूर्वक रहेका अवस्थामा उनलाई कसैले नजिस्क्याऊन् र शान्ति प्रदान गरुन् ।

कुविदङ्गयवमन्तो यवञ्चिद्यथा दान्त्यनुपूर्वं वियूय । इहेहैषां कृणुहि भोजनानि ये बर्हिषो नमऽ उक्तिं यजन्ति ॥३८॥

हे सोम ! मनग्गे जौ भएको बाली विचार पुऱ्याएर बिस्तारैसित काटिएझैं कुशका आसनमा बसेर नमः आदि उच्चारण गर्दै यज्ञ गर्ने याजकहरूका निम्ति विभिन्न किसिमको भोजन यथायोग्य अलगअलग स्थापित गर ।

कस्त्वा छ्यति कस्त्वा विशास्ति कस्ते गात्राणि शम्यति । कऽ उ ते शमिता कविः ॥३९॥

तिमीलाई कसले मुक्त गर्दछ ? कसले तिमीलाई शास्त्रको उपदेश सुनाउँछ ? तिम्रा अङ्गहरूमा कसले आनन्द प्रदान गर्दछ ? कुन विद्वान् पुरुषले तिमीलाई शान्ति प्रदान गर्दछ ? मोक्षदाता, उपदेशक, सुखदाता र शान्ति प्रदाता को हुन् भन्ने प्रश्नको मेधावी प्रजापति नै यी सबै हुन् भन्ने उत्तर आउँछ ।

ऋतवस्तऽ ऋतुथा पर्व शमितारो वि शासतु । संवत्सरस्य तेजसा शमीभिः शम्यन्तु त्वा ॥४०॥

हे यज्ञका अग्नि ! ऋतुहरू, ऋतुअनुसारका शान्तिप्रदायक होऊन् । यस पर्वका समयमा उचित किसिमले अनुशासित होऊन् । संवत्सरको तेज प्रभाव र शान्तिदायी कर्मले तिमीलाई शान्ति प्रदान गरुन् ।

अर्धमासाः परूꣳषि ते मासाऽ आ च्छ्यन्तु शम्यन्तः । अहोरात्राणि मरुतो विलिष्टꣳसूदयन्तु ते ॥४१॥

हे अश्वरूपी यज्ञका अग्निदेवता ! दिन, रात, दुवै पक्ष र महिना आदिले आयु सहज रूपमा क्षीण हुँदै जान्छ । त्यसै गरी मरुत्‌हरू तिमीहरूका कमीकमजोर भावहरूलाई हटाएर कल्याण गरुन् ।

दैव्या अध्वर्यवस्त्वा च्छ्यन्तु वि च शासतु । गात्राणि पर्वशस्ते सिमाः कृण्वन्तु शम्यन्तीः ॥४२॥

दिव्य गुणले युक्त अध्वर्युहरू तिम्रा दोष विनाश गर्दै उत्तम मार्गमा आरुढ हुनका लागि उपदेश गरुन् । शरीरका अङ्ग, जोर्नी आदिलाई शक्तिसम्पन्न बनाऊन् ।

द्यौस्ते पृथिव्यन्तरिक्षं वायुश्छिद्रं पृणातु ते । सूर्यस्ते नक्षत्रैः सह लोकं कृणोतु साधुया ॥४३॥

हे यज्ञको अग्निरूपी अश्व ! पृथ्वी, स्वर्ग र अन्तरिक्षले तिम्रा दोषहरू हटाइदिऊन् । सूर्य आदि नक्षत्र तिम्रा निम्ति संसारलाई सच्चरित्र बनाऊन् ।

शं ते परेभ्यो गात्रेभ्यः शमस्त्ववरेभ्यः । शमस्थभ्यो मज्जभ्यः शम्वस्तु तन्वै तव ॥४४॥

हे यज्ञको अग्निरूपी अश्व ! तिम्रा शरीरका अङ्गप्रत्यङ्ग, हड्डी र मज्जा आदि सबै निर्विकार होऊन् । तिमीलाई सबै किसिमले कल्याण होस् । तिमी अर्कालाई शान्ति प्रदान गर ।

कः स्विदेकाकी चरति कऽ उ स्विज्जायते पुनः । किꣳ स्विद्धिमस्य भेषजं किम्वावपनं महत् ॥४५॥

एक्लै विचरण गर्ने को हो ? बारम्बार उत्पन्न हुने गरेको को हो ? हिउँको औषधि के हो ? बिउ छर्नका लागि सबैभन्दा उपयुक्त क्षेत्र कुन हो ? भनेर ब्रह्माले होतासँग सोधे ।

सूर्यऽ एकाकी चरति चन्द्रमा जायते पुनः । अग्निर्हिमस्य भेषजं भूमिरावपनं महत् ॥१०॥

सूर्य एक्लै विचरण गर्दछन् । चन्द्रमा बारम्बार उत्पन्न हुन्छन् । अग्नि नै हिउँको सबैभन्दा गतिलो औषधि हो र बिउ छर्नका लागि सबैभन्दा उपयुक्त क्षेत्र यही पृथ्वी नै हो भनेर होताले ब्रह्मालाई जवाफ दिए ।

किꣳ स्वित्सूर्यसमं ज्योतिः किꣳ समुद्रसमꣳसरः । किꣳ स्वित्पृथिव्यै वर्षीयः कस्य मात्रा न विद्यते ॥४७॥

सूर्यको प्रकाशजस्तै ज्योति कुन हो ? समुद्रजस्तै सरोवर कुन छ ? पृथ्वीभन्दा पनि पुरानो कुरो के हो ? कसको परिमाण मापन गर्न सकिँदैन ?

ब्रह्म सूर्यसमं ज्योतिर्द्यौः समुद्रसमꣳसरः । इन्द्रः पृथिव्यै वर्षीयान् गोस्तु मात्रा न विद्यते ॥४८॥

सूर्यको जस्तै प्रकाशको स्वरूप ब्रह्मज्योतिको छ । समुद्रजस्तै सरोवर द्युलोक हो । पृथ्वीभन्दा पनि बढी पुरानो इन्द्र हुन् । गाईको तुलना अरू कसैसँग पनि गर्न सकिँदैन ।

पृच्छामि त्वा चितये देवसख यदि त्वमत्र मनसा जगन्थ । येषु विष्णुस्त्रिषु पदेष्वेष्टस्तेषु विश्वं भुवनमा विवेशाँ३ ॥४९॥

हे देवताका मित्रहरू हो ! यदि तिमीहरूका मनले जान्यो भनेदेखि समाधान गर कि विष्णु जुन ती स्थानमा पूज्य बनेका छन् भने के त्यसैमा सम्पूर्ण भुवनहरू अटाएका छन् त ? हामी यो कुरो जिज्ञासु भावले तिमीहरूसँग सोधिरहेका छौँ ।

अपि तेषु त्रिषु पदेष्वस्मि येषु विश्वं भुवनमा विवेश । सद्यः पर्येमि पृथिवीमुत द्यामेकेनाङ्गेन दिवो अस्य पृष्ठम् ॥५०॥

ती तीन स्थानहरूमा पनि म नै छु, त्यसैमा सम्पूर्ण भुवनहरू अटाएका छन् । स्वर्ग, पृथ्वी र माथिका लोकहरूलाई पनि एकै क्षणमा आफ्नो एउटै अङ्गका रूपमा रहेका मनले जान्दछु ।

केष्वन्तः पुरुषऽ आ विवेश कान्यन्तः पुरुषे अर्पितानि । एतद्ब्रह्मन्नुप वल्हामसि त्वा किᳬस्विन्नः प्रति वोचास्यत्र ॥५१॥

हे ब्रह्मन् ! सबैका अन्तःकरणमा निवास गर्ने परम पुरुष कुन पदार्थमा रमण गर्दछन् ? ती पुरुषमा कुनकुन वस्तुहरू अर्पित गरिएको छ ? भनेर हामी जिज्ञासावश सोध्दछौँ, यसको उत्तर पाऊँ ।

पञ्चस्वन्तः पुरुषऽ आ विवेश तान्यन्तः पुरुषे अर्पिनानि । एतत्त्वात्र प्रतिमन्वानो अस्मि न मायया भवस्युत्तरो मत् ॥५२॥

प्रश्नकर्ता तिमी मभन्दा कम ज्ञानका छौ, त्यसैले म प्रत्यक्ष रूपले जान्ने उत्तर दिनेछु । सुन, पञ्च महाभूत र पाँचै तन्मात्राहरूमा परम पुरुषले रमण गर्दछन् र यी पाँचै महाभूत, तन्मात्राहरूका साथ परम पुरुषमा अर्पित छन् ।

का स्विदासीत्पूर्वचित्तिः किᳬस्विदासीद् बृहद्वयः । का स्विदासीत्पिलिप्पिला का स्विदासीत्पिशङ्गिला ॥५३॥

हे अध्वर्यु ! सर्वप्रथम जान्नुपर्ने कुरो के हो ? सबैभन्दा तीव्र गतिमा उड्ने ठूलो पक्षी कुन हो ? सबैभन्दा शोभामयी के हो ? अनि सबै खालका रूपहरूलाई निलिदिने को हो ?

द्यौरासीत्पूर्वचित्तिरश्वऽ आसीद् बृहद्वयः । अविरासीत्पिलिप्पिला रात्रिरासीत्पिशङ्गिला ॥५४॥

सबैभन्दा पहिले जान्नुपर्ने कुरो नै द्यौ हो । सबैभन्दा तीव्र गतिमा उड्ने ठूलो पक्षी अश्वरूपी अग्नि हुन् । सर्वाधिक शोभाले सम्पन्न सबैलाई रक्षा गर्ने हुनाले अवनि नाम प्राप्त गर्ने पृथ्वी हुन् र सबैको रूपलाई निलिदिने रात्रि हो ।

का ईमरे पिशङ्गिला का ईं कुरुपिशङ्गिला । कऽ ईमास्कन्दमर्षति कऽ ईं पन्थां वि सर्पति ॥५५॥

रूपहरूलाई कसले निलिदिन्छ ? शब्द निकाल्दै सबै रूपहरूलाई कसले निल्दछ ? उफ्रँदै हिंड्ने को हो ? घस्रिएर आफ्नो बाटो हिंड्ने को हो ?

अजारे पिशङ्गिला श्वावित्कुरुपिशङ्गिला । शशऽ आस्कन्दमर्षत्यहिः पन्थां वि सर्पति ॥५६॥

हे अध्वर्युहरू हो ! सबै खालका रूपहरूलाई निल्ने अजा नामको माया नै हो । उसैले सबै रूपलाई शब्द निकाल्दै निलिदिन्छ । खरायो उफ्रँदै हिँड्दछ । घस्रँदै आफ्नो बाटामा हिँड्ने सर्प हो ।

कत्यस्य विष्ठाः कत्यक्षराणि कति होमासः कतिधा समिद्धः । यज्ञस्य त्वा विदथा पृच्छमत्र कति होतारऽ ऋतुशो यजन्ति ॥५७॥

यस यज्ञका अन्न कति किसिमका छन् ? अक्षर कति हुन्छन् ? होम कति प्रकारका हुन्छन् ? समिधाहरू कति किसिमका हुन्छन् । प्रत्येक ऋतुमा कति किसिमका यज्ञहरू हुन्छन् ? यिनै खालका सबै कुरा जान्नका लागि हामी यज्ञका विशिष्ट ज्ञाता हुनाले तिमीलाई प्रार्थना गर्दछौँ ।

षडस्य विष्ठाः शतमक्षराण्यशीतिर्होमाः समिधो ह तिस्रः । यज्ञस्य ते विदथा प्र ब्रवीमि सप्त होतारऽ ऋतुशो यजन्ति ॥५८॥

यज्ञमा छ किसिमका अन्न हुन्छन् । अक्षर सय हुन्छन् । समिधा तीन किसिमका हुन्छन् । प्रत्येक ऋतुमा यज्ञकर्ताहरूले सात किसिमका यज्ञ गर्दछन् । म यस्तो यज्ञीय ज्ञान तिमीलाई बताउँछु ।

को अस्य वेद भुवनस्य नाभिं को द्यावापृथिवी अन्तरिक्षम् । कः सूर्यस्य वेद बृहतो जनित्रं को वेद चन्द्रमसं यतोजाः ॥५९॥

यस संसारको नाभीकेन्द्रलाई कसले जानेको छ ? द्यावापृथिवीलाई कसले जानेको छ ? महान् सूर्यको उत्पत्तिका विषयमा कसलाई थाहा छ ? चन्द्रमा उत्पन्न गर्नेलाई कसले चिनेको छ ? भनेर उद्गाताहरूले सोधे ।

वेदाहमस्य भुवनस्य नाभिं वेद द्यावापृथिवी अन्तरिक्षम् । वेद सूर्यस्य बृहतो जनित्रमथो वेद चन्द्रमसं यतोजाः ॥६०॥

यस संसारको नाभीकेन्द्र मैले जानेको छु । म नै द्युलोक, भूलोक र अन्तरिक्षलोक मैले जानेको छु । महान् सूर्यको उत्पत्तिस्थल मैले जानेको छु । चन्द्रमा र त्यसको उत्पत्ति स्थानका विषयमा मैले जानेको छु भनेर ब्रह्माले भने ।

पृच्छामि त्वा परमन्तं पृथिव्याः पृच्छामि यत्र भुवनस्य नाभिः । पृच्छामि त्वा वृष्णो अश्वस्य रेतः पृच्छामि वाचः परमं व्योम ॥६१॥

यस धर्तीको अन्तिम किनार कहाँ छ ? सबै भुवनको केन्द्र कहाँ छ ? अश्वको शक्ति कहाँ छ र वाणीको उद्गम कहाँ छ ? यो सबै हामी तिमीसँग सोध्छौँ ।

इयं वेदिः परो अन्तः पृथिव्याऽ अयं यज्ञो भुवनस्य नाभिः । अयथं सोमो वृष्णो अश्वस्य रेतो ब्रह्मायं वाचः परमं व्योम ॥६२॥

यज्ञवेदी नै पृथ्वीको अन्तिम किनारा हो । यज्ञ नै संसारचक्रको केन्द्र हो । सोम अश्वको शक्ति हो र ब्रह्मा नै वाणीको उत्पत्तिस्थान हो ।

सुभूः स्वयम्भूः प्रथमोन्तर्महत्यर्णवे । दधे ह गर्भमृत्वियं यतो जातः प्रजापतिः ॥६३॥

समस्त संसारका उत्पादक स्वयंभू परमात्माले महान् सरोवरका बीचमा समयअनुसार प्राप्त गर्भलाई धारण गरे, त्यसैबाट ब्रह्मा उत्पन्न भए ।

होता यक्षत्प्रजापतिथ्ंसोमस्य महिम्नः । जुषतां पिबतु सोमथ्ं होतर्यज ॥६४॥

होताले महिमायुक्त सोमद्वारा प्रजापतिको यजन गरे । प्रजापतिले सोमरसलाई प्रेमपूर्वक स्वीकार गरुन् र पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यजन गर ।

प्रजापते न त्वदेतान्यन्यो विश्वा रूपाणि परि ता बभूव । यत्कामास्ते जुहुमस्त
अस्तु वयथ्ं स्याम पतयो रयीणाम् ॥६५॥

हे प्रजापति ! तिम्रा अतिरिक्त अन्य कसैले वर्तमान, भूत र भविष्यका सबै उ त्र पदार्थ व्याप्त गराउन सक्दैन । जुन विभूतिको आकाङ्क्षा गर्दै हामी हविष्यान्न अ त गर्दछौं, त्यो प्राप्त होस् । हामी सम्पूर्ण ऐश्वर्यका अधिपति होऔं ।

इति त्रयोविंशोऽध्यायः

तेईसौं अध्याय सकियो ।

सोमका लागि हुन् । होचा खालका पशुहरू अग्निविष्णुका लागि हुन् । बाँझा पशुजति मित्रावरुणका लागि हुन् । एकातिर छिर्केमिर्के भएका पशुहरू मित्र देवताका लागि हुन् ।

कृष्णग्रीवाऽ आग्नेया बभ्रवः सौम्याः श्वेता वायव्याऽ अविज्ञाताऽ अदित्यै सरूपा धात्रे वत्सतर्यो देवानां पत्नीभ्यः ॥९॥

घाँटीमा कालो चिह्न भएका अग्निका निम्ति, खैरो रङ्गका सोमदेवताका लागि, सेता वर्णका वायुदेवताका लागि र थाहा नभएका अथवा कुनै खास चिह्न नभएका जति सबै अदितिका निम्ति हुन् । देख्नमा राम्रा पशुजति धातादेवताका लागि हुने र बाछीहरूजति सबै देवपत्नीहरूका लागि हुन् ।

कृष्णा भौमा धूम्राऽ आन्तरिक्षा बृहन्तो दिव्याः शबला वैद्युताः सिध्मास्तारकाः ॥१०॥

कालाजति पृथ्वीका लागि, ध्वाँसे रङ्गका अन्तरिक्षका लागि, ठूला पशुहरू द्युलोकका लागि, छिर्केमिर्के विद्युत्देवताका लागि र कुष्ठरोग लागेका पशुजति नक्षत्रहरूका लागि हुन् ।

धूम्रान्वसन्तायालभते श्वेतान्ग्रीष्माय कृष्णान्वर्षाभ्योरुणाञ्छरदे पृषतो हेमन्ताय पिशङ्गाञ्छिशिराय ॥११॥

ध्वाँसे वर्णका वसन्त ऋतुलाई, सेतो वर्णका ग्रीष्म ऋतुलाई, काला वर्णका वर्षा ऋतुलाई, राता वर्णका शरद् ऋतुलाई, छिर्केमिर्के हेमन्त ऋतुलाई र रातोकैलो रङ्गका पशुहरू सबै शिशिर ऋतुलाई निर्धारित गरिएका छन् ।

त्र्यवयो गायत्र्यै पञ्चावयस्त्रिष्टुभे दित्यवाहो जगत्यै त्रिवत्साऽ अनुष्टुभे तुर्यवाहऽ उष्णिहे ॥१२॥

डेढ वर्षका गायत्री छन्दलाई, अढाई वर्षका त्रिष्टुप् छन्दलाई, तीन वर्षे अनुष्टुप् छन्दलाई र साढे तीन वर्षका पशुजति सबै उष्णिक् छन्दलाई निश्चित गरिएका छन् ।

पष्ठवाहो विराजऽ उक्षाणो बृहत्याऽ ऋषभाः ककुभेनड्वाहः पङ्क्त्यै धेनवोतिच्छन्दसे ॥१३॥

पिठ्युँमा भारी बोक्ने विराट् छन्दका लागि, वीर्य सेचन गर्न सक्ने पशुहरू बृहती छन्दलाई, बलिष्ठ पशुहरू ककुप् छन्दलाई, गाडा तान्ने खालका गोरुहरू पङ्क्ति छन्दलाई र दुध दिने गाईजति सबै अति छन्दका लागि निर्धारित गरिएका छन् ।

कृष्णग्रीवाऽ आग्नेया बभ्रवः सौम्याऽ उपध्वस्ताः सावित्रा वत्सतर्यः सारस्वत्यः श्यामाः पौष्णाः पृश्नयो मारुता बहुरूपा वैश्वदेवा वशा द्यावापृथिवीयाः ॥१४॥

कालो गर्दन भएका अग्निदेवतालाई, खैरो रङ्गका जति सबै सोमदेवतालाई, धेरै किसिमका रङ्ग मिसिएका सवितादेवतालाई, बाख्राका ससाना पाठीहरू सबै सरस्वतीलाई, कालो रङ्गका जति सबै पूषादेवतालाई, छिर्केमिर्के पशुहरू मरुत्गणलाई हुन् भने विभिन्न रङ्गका पशुहरू वैश्वदेवताका लागि हुन् र बाँझा गाईहरू सबै अन्तरिक्ष र पृथ्वीका लागि हुन् ।

उक्ताः सञ्चराऽ एताऽ ऐन्द्राग्नाः कृष्णा वारुणाः पृश्नयो मारुताः कायास्तूपराः ॥१५॥

यी बताइएका असल किसिमका पशुहरू सबै इन्द्र र अग्नि देवताका गणका लागि पनि निश्चित गरिएका हुन् भने काला वर्णका जति वरुण देवतालाई हुन् र छिर्केमिर्के पशुहरू मरुत्गणलाई हुन् । सिङ नभएका पशुहरू सबै पशुपतिका निमित्त हुन् भनिएको छ ।

अग्नयेनीकवते प्रथमजानालभते मरुद्भ्यः सान्तपनेभ्यः सवात्यान्मरुद्भ्यो गृहमेधिभ्यो बष्किहान्मरुद्भ्यः क्रीडिभ्यः सꣳसृष्यान्मरुद्भ्यः स्वतवद्भ्योनुसृष्यन् ॥१६॥

सेनानायकजस्ता अग्निदेवताका लागि अघिल्लो पङ्क्तिमा रहने पशुहरू नै निर्धारित गरिएका छन् । उत्तम तपस्या गर्ने मरुत्हरूका लागि वायुजस्तै तीव्र वेगले कुद्ने खालका पशुहरू, गृहमेध नामका देवताका लागि ढिलो बच्चा जन्माउने पशुहरू क्रीडा गर्ने मरुत्हरूका लागि उत्तम किसिमको गुण भएका पशुहरू र स्वयं प्रेरित मरुत्हरूका लागि घरपालुवा पशुहरू निर्धारित गरिएका छन् ।

उक्ताः सञ्चराऽ एताऽ ऐन्द्राग्नाः प्राशृंगा माहेन्द्रा बहुरूपा वैश्वकर्मणाः ॥१७॥

यसरी माथि बताइएका र निर्धारण गरिएका पशुहरूमध्ये तीव्र गतिमा गमन गर्ने पशुहरू इन्द्रअग्नि आदि देवताका निमित्त हुन् । राम्रा सिङ भएका पशुहरू महेन्द्रदेवताका लागि हुन् र धेरै खालको रङ भएका पशुहरू विश्वकर्मा आदि देवताका लागि हुन् ।

धूम्रा बभ्रुनीकाशाः पितृणाꣳ सोमवतां बभ्रवो धूम्रनीकाशाः पितृणां बर्हिषदां कृष्णा बभ्रुनीकाशाः पितृणामग्निष्वात्तानां कृष्णाः पृषन्तस्त्रैयम्बकाः ॥१८॥

न्याउरीको जस्तो खैरो रङ्गका पशुहरू सोमगुणले सम्पन्न पितृहरूका लागि हुन् भने कुशको आसनमा बसेका पितृहरूका लागि ध्वाँसे वर्णका पशुहरू तयार गरिएका छन् । कालो वर्णका पशुहरू अग्निविद्यामा कुशल रहेका हामीलाई पालनपोषण गर्ने पितृहरूका लागि हुन् । त्र्यम्बक पितृहरूका लागि काला रङ्गका बुट्टा भएका पशुहरू हुन् ।

उक्ताः सञ्चराऽ एताः शुनासीरीयाः श्वेता वायव्याः श्वेताः सौर्याः ॥१९॥

पहिले उल्लेख गरिएका अतिरिक्त शुनासीरका निम्ति गमनशील पशु, सेतो वर्णका पशुहरू वायुदेवताका लागि र गोरो आभाले सम्पन्न पशु सवितादेवताका लागि तयार गरिएका हुन् ।

वसन्ताय कपिञ्जलानालभते ग्रीष्माय कलविङ्कान्वर्षाभ्यस्तित्तिरीञ्छरदे वर्त्तिका हेमन्ताय ककराञ्छिशिराय विककरान् ॥२०॥

वसन्त ऋतुलाई कपिञ्जल नामको काकाकुल, ग्रीष्म ऋतुलाई चटका नामको भँगेरो, वर्षा ऋतुका लागि तित्रो, शरद् ऋतुका लागि बट्टाई, नामको चरो, हेमन्त ऋतुलाई ककर नामको चरो र शिशिर ऋतुलाई विककर नामको चराको प्रबन्ध गरिएको छ ।

समुद्राय शिशुमारानालभते पर्जन्याय मण्डूकानद्भ्यो मत्स्यान्मित्राय कुलीपयान्वरुणाय नाक्रान् ॥२१॥

आफ्नै बच्चा विनाश गर्ने शिशुमार नामका जलचर समुद्रका लागि, भ्यागुताहरू बादलका लागि, माछा पानीका लागि, गङ्टा मित्रदेवताका लागि र नाक्र नामको पानीको प्राणी वरुणका लागि नियोजित गरौँ ।

सोमाय हꣳसानालभते वायवे बलाकाऽ इन्द्राग्निभ्यां क्रुञ्चान्मित्राय मद्गुन्वरुणाय चक्रवाकान् ॥२२॥

सोमका लागि हाँस, वायुका लागि बकुल्ला, इन्द्राग्निका लागि सारस, मित्रका लागि जलकाग र वरुणका लागि चखेवा नियुक्त गरौँ ।

अग्नये कुटरूनालभते वनस्पतिभ्यऽ उलूकानग्नीषोमाभ्यां चाषानश्विभ्यां मयूरान्मित्रावरुणाभ्यां कपोतान् ॥२३॥

अग्निका लागि कुखुरा, वनस्पतिका लागि लाटोकोसेरो, अग्निसोमका लागि नीलकण्ठे चरो, दुवै अश्विनीकुमारका लागि मयूर र मित्रावरुणका लागि परेवा नियुक्त गरौँ ।

सोमाय लबानालभते त्वष्ट्रे कौलीकान्गोषादीर्देवानां पत्नीभ्यः कुलीका देवजामिभ्योग्नये गृहपतये पारुष्णान् ॥२४॥

सोमदेवताका लागि लवा, त्वष्टादेवताका लागि बया, देवपत्नीहरूका लागि गोषा आदि पक्षीहरू देवताका दिदीबहिनीहरूलाई कुलीक र गृहपति अग्निदेवताका लागि पारुष्ण नामका पक्षीहरू नियुक्त गरौँ ।

अह्ने पारावतानालभते रात्र्यै सीचापूरहोरात्रयोः सन्धिभ्यो जतूर्मासेभ्यो दात्यौहान्त्संवत्सराय महतः सुपर्णान् ॥२५॥

दिनको समयका लागि परेवा, रात्रिको समयका लागि सीचापु, दिन र रात्रिका सन्धिकालका लागि जतू, महिनाहरूका लागि काला काग र संवत्सरका लागि सुन्दर पँखेटा भएकाले सुपर्ण नाम राखिएका गरुण पक्षीहरूलाई नियुक्त गरौँ ।

भूम्याऽ आखूनालभतेन्तरिक्षाय पाङ्क्त्रान्दिवे कशान्दिग्भ्यो नकुलान्बभ्रुकानवान्तरदिशाभ्यः ॥२६॥

पृथ्वीका लागि मुसा, अन्तरिक्षका लागि पङ्क्तिबद्ध भएर उड्ने पक्षीहरू, द्युलोकका लागि कश नामका पक्षी, दिशाहरूका लागि न्याउरी र उपदिशाहरूका लागि बभ्रुक वर्णका जीवजन्तु नियुक्त गरौँ ।

वसुभ्यऽ ऋश्यानालभते रुद्रेभ्यो रुरूनादित्येभ्यो न्यङ्कून्विश्वेभ्यो देवेभ्यः पृषतान्त्साध्येभ्यः कुलुङ्गान् ॥२७॥

वसुगणका लागि ऋष्य नामका मृग, रुद्रदेवताका लागि रुरु नामका मृग, आदित्यहरूका लागि न्यङ्कु जातिका मृग, विश्वेदेवताका लागि पृषत नामका मृग र साध्यदेवताका लागि कुलुङ्ग जातिका मृगलाई नियुक्त गरौँ ।

ईशानाय परस्वतऽ आलभते मित्राय गौरान्वरुणाय महिषान्बृहस्पतये गवयाँस्त्वष्ट्रऽ उष्ट्रान् ॥२८॥

ईशानदेवताका लागि परस्वत जातिका मृग, मित्रदेवताका लागि गौर मृग, वरुणलाई राँगा, बृहस्पतिका लागि नील गाई र त्वष्टादेताका लागि ऊँट व्यवस्था गरौँ ।

प्रजापतये पुरुषान्हस्तिनऽ आलभते वाचे प्लुषींश्चक्षुषे मशकाञ्छ्रोत्राय भृङ्गाः ॥२९॥

प्रजापतिका लागि मत्ता हात्ती, वाक्‌देवताका लागि सुँड बङ्ग्याएका हात्ती, चक्षुदेवताका लागि मच्छर र श्रोत्रदेवताका लागि भ्रमरा नियोजित गरौँ ।

प्रजापतये च वायवे च गोमृगो वरुणायारण्यो मेषो यमाय कृष्णो मनुष्यराजाय मर्कटः शार्दूलाय रोहिद्वृषभाय गवयी क्षिप्रश्येनाय वर्तिका नीलङ्गोः कृमिः समुद्राय शिशुमारो हिमवते हस्ती ॥३०॥

प्रजापति र वायुदेवताका लागि भाले नील गाई, वरुणदेवताका लागि जङ्गली भेडा, यमका निमित्त काला भेडा, नरेशका लागि बाँदर, शार्दूल नामको भाले सिंहका लागि राता मृग, ऋषभदेवताका लागि पोथी नील गाई, क्षिप्रश्येनदेवताका लागि बट्टाइ, नीलाङ्ग नामका देवताका लागि कृमि, समुद्रका लागि शिशुमार वा सुस नामको जलजन्तु र हिउँका देवताका लागि हात्तीको व्यवस्था गरौँ ।

मयुः प्राजापत्य उलो हलिक्ष्णो वृषद शश्रस्ते धात्रे दिशां कङ्को धुङ्क्षाग्नेयी कलविङ्को लोहिताहिः पुष्करसादस्ते त्वाष्ट्रा वाचे क्रुञ्चः ॥३१॥

प्रजापतिका लागि गाउने बजाउने काममा निपुण किन्नर नियुक्त गरौँ । उल्लु, हलिक्ष्ण नामको सिंह र बिरालो धातादेवताका लागि, दिशाहरूका लागि कङ्क, आग्नेय दिशाका लागि धुङ्क्षा, चिडा, राता सर्प र कमल खाने पक्षी विशेष यी तीन वटा त्वष्टादेवताका लागि र वाक्‌का लागि क्रौञ्च पक्षीलाई नियुक्त गरौँ ।

सोमाय कुलुङ्गऽ आरण्योजो नकुलः शका ते पौष्णाः क्रोष्ट्य मायोरिन्द्रस्य गौरमृगः पिद्वो न्यङ्कुः कक्कटस्तेऽ नुमत्यै प्रतिश्रुत्कायै चक्रवाकः ॥३२॥

कुरङ्ग नामको पशु सोमका लागि, जङ्गली भेडो, न्याउरी र माहुरी पूषादेवताका लागि, स्याल मायुदेवताका लागि, गौर मृग इन्द्रका लागि, न्यङ्कु मृग पिद्व नामको मृग र कक्कट नामको मृग यी तीन वटा अनुमति देवताका लागि र चखेवा पक्षी प्रतिश्रुत्कदेवताका लागि नियोजित गरौँ ।

सौरी बलाका शार्गः सृजयः शयाण्डकस्ते मैत्राः सरस्वत्यै शारिः पुरुषवाक् श्वाविद्भौमी शार्दूलो वृकः पृदाकुस्ते मन्यवे सरस्वते शुकः पुरुषवाक् ॥३३॥

बकुल्ला सूर्यदेवताका लागि, चातक नामका काकाकुल, सृजय र शयाण्डक यी तीन किसिमका पक्षी मित्रदेवताका लागि, मैना पक्षी सरस्वतीदेवी का लागि, सेही नामको

प्राणी पृथ्वीका लागि, सिंह, ब्वाँसा र सर्प मन्युदेवताका लागि र समुद्रदेवताका लागि सुगा पक्षीलाई नियोजित गरौँ ।

सुपर्णः पार्जन्यऽ आतिर्वाहसो दर्विदा ते वायवे बृहस्पतये वाचस्पतये पैङ्गराजोलजऽ आन्तरिक्षः प्लवो मद्गुर्मत्स्यस्ते नदीपतये द्यावापृथिवीयः कूर्मः ॥३४॥

पर्जन्य देवताका लागि सुन्दर पँखेटा भएको सुपर्ण नामको गरुड पक्षी, वायुदेवताका लागि वाहस, आडी नामको पक्षी र लाहाचे नामको काठ खोप्ने पक्षीहरू पैङ्गराज नामको पक्षी वाणीका स्वामी बृहस्पतिका लागि, अन्तरिक्षका लागि अलज नामका पक्षीहरू अनि जलकुखुरो, कारण्डव र माछा यी तीन नदीका पतिका लागि र कछुवा द्यावापृथिवीका लागि नियोजित गरौँ ।

पुरुषमृगश्चन्द्रमसो गोधा कालका दार्वाघाटस्ते वनस्पतीनां कृकवाकुः सावित्रो हꣳसो वातस्य नाक्रो मकरः कुलीपयस्तेकूपारस्य ह्रियै शल्यकः ॥३५॥

चन्द्रमाका लागि भाले मृग, वनस्पतिदेवताका लागि गोहोरो, कालका पक्षी र लाहाचे चरो, सवितादेवताका लागि ताम्राचूड नामको कुखुरो, वायुदेवताका लागि हाँस, समुद्रका लागि नाक्र नामका जन्तु, गोही र कुलीपय नामको जलजन्तु तथा ह्री देवताका लागि सेही नामको प्राणी अर्पित गरौँ ।

एण्यह्नो मण्डूको मूषिका तित्तिरिस्ते सर्पाणां लोपाशऽ आश्विनः कृष्णो रात्र्याऽ ऋक्षो जतूः सुषिलीका तऽ इतरजनानां जहका वैष्णवी ॥३६॥

हरिणी अह्नदेवताका लागि, भ्यागुतो, मुसो र तित्रो यी तीन सबै खालका सर्पहरूलाई, लोपाश नामको जन्तु दुवै अश्विनीकुमारहरूलाई, कृष्णसार मृग रात्रिलाई, भालु, जतू र सुषिलीका नामको पक्षी यी तीन अन्य देवताहरूलाई प्रदान गर्नुका साथै जहका नाम भएका विष्णुदेवताका लागि पनि हुन् ।

अन्यवापोर्धमासानामृश्यो मयूरः सुपर्णस्ते गन्धर्वाणामपामुद्रो मासां कश्यप रोहित्कुण्डृणाची गोलत्तिका तेप्सरसां मृत्यवेसितः ॥३७॥

कोइली आधा महिनाका लागि, ऋष्य जातिका मृग, मयूर र सुपर्ण नामको गरुड पक्षी गन्धर्वहरूका लागि, गङटो आदि जलका लागि, कछुवा महिनाहरूका लागि, रोहित नामको मृग, कुण्डृणाची नामको बनेलु चरो र गोलित्तिका नामको पक्षी यी तीनै वटा अप्सराहरूका लागि हुन् भने मृत्युदेवताका लागि कालो मृग नियोजित गरौँ ।

वर्षाहूर्ऋतूनामाखुः कशो मान्थालस्ते पितृणां बलायाजगरो वसूनां कपिञ्जलः कपोतऽ उलूकः शशस्ते निर्ऋत्यै वरुणायारण्यो मेषः ॥३८॥

वर्षालाई बोलाउने हुनाले वर्षाहू नाम पाएको भ्यागुतो ऋतुहरूका लागि, मुसो, छुचुन्द्रो र माउसुली यी तीनै वटा पितृहरूका लागि, कपिञ्जल नामको पक्षी वसुहरूका लागि, अजिङ्गर बलदेवताका लागि, परेवा, उल्लु र खरायो निर्ऋतिदेवताका लागि र जङ्गली भेडाहरू वरुणदेवताका लागि नियोजित गरौँ ।

श्वित्र आदित्यानामुष्ट्रो घृणीवान्वार्ध्रीनसस्ते मत्याऽ अरण्याय सृमरो रुरू रौद्रः क्वयिः कुटरुर्दात्यौहस्ते वाजिनां कामाय पिकः ॥३९॥

विचित्र खालका पशुहरू विशेष रूपमा आदित्यदेवताका लागि, उँट, चिल र घाँटीमा थुनजस्ता लुर्का भुन्डिएका बाख्रा मति नामकी देवीका लागि, नील गाई अरण्यदेवताका लागि, रुरु नामको मृग रुद्रदेवताका लागि, क्वयि नामको पक्षी, कौवा र कुखुरो यी वाजी देवताका लागि र कोइली चरी कामदेवताका लागि नियोजित गरौँ ।

खड्गो वैश्वदेवः श्वा कृष्णः कर्णो गर्दभस्तरक्षुस्ते रक्षसामिन्द्राय सूकरः सिꣳहो मारुतः कृकलासः पिप्पका शकुनिस्ते शरव्यायै विश्वेषां देवानां पृषतः ॥४०॥

खाग भएको गैँडा वैश्वेदेवताका लागि, काला रङ्गको कुकुर, गधा र बाघ यी तीन वटा राक्षसहरूका लागि, सुँगुर इन्द्रदेवताका लागि, सिंह मरुत्‌गणका लागि, छेपारो, काकाकुल र शकुनी नामको पक्षी यी सबै शरव्य नामकी देवीका लागि हुन् र पृषत नामको मृग सबै देवताहरूका लागि नियोजित गरौँ ।

इति चतुर्विंशोऽध्यायः

चौबीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ पञ्चविंशोऽध्यायः॥

॥पच्चीसौं अध्याय॥

ऋषि– प्रजापति, मुण्डिभ, औदन्य, हिरण्यगर्भ, प्राजापत्य हिरण्यगर्भ, गोतम, दीर्घतमा, भौवन आप्त्य, भौवनसाधन, बुन्धु, सुबन्धु, श्रुतबन्धु ।

देवता– शाद, वरुण, कः, विश्वेदेवा, अश्व, अग्नि ।

छन्द– भुरिक् शक्वरी, निचृत् शक्वरी, भुरिक् अतिशक्वरी, भुरिक् कृति, स्वराट् धृति, स्वराट् विकृति, निचृत् अतिधृति, निचृत् अष्टि, निचृत् अभिकृति, भुरिक् अत्यष्टि, त्रिष्टुप्, स्वराट् पङ्क्ति, निचृत त्रिष्टुप्, निचृत् जगती, जगती, भुरिक् त्रिष्टुप्, स्वराट् बृहती, विराट् त्रिष्टुप्, भुरिक् पङ्क्ति, विराट् पङ्क्ति, भुरिक् शक्वरी, शक्वरी ।

शादं दद्भिरवकां दन्तमूलैर्मृदं बर्स्वैस्तेगान्दᳩष्ट्राभ्याᳩसरस्वत्याऽ अग्रजिह्वं जिह्वायाऽ उत्सादमवक्रन्देन तालु वाजᳩ हनुभ्यामपऽ आस्येन वृषणमाण्डाभ्यामादित्याँ श्मश्रुभिः पन्थानं भ्रूभ्यां द्यावापृथिवी वर्तोभ्यां विद्युतं कनीनकाभ्याᳩ शुक्लाय स्वाहा कृष्णाय स्वाहा पार्याणि पक्ष्माण्यवार्याऽ इक्षवोवार्याणि पक्ष्माणि पार्याऽ इक्षवः ॥१॥

दाँतका शक्तिले, शाददेवतालाई, दाँतका जराले अव नाम भएका जलमा उत्पन्न हुने घाँसरूपी शैवालदेवतालाई, दाँतका पछिल्ला भागले माटालाई, दाह्राले तेगदेवतालाई प्रसन्न गराउँछौं । जिब्राका टुप्पाले सरस्वतीदेवीलाई र जिब्राले उत्साहदेवतालाई प्रसन्न गराउँछौं । तालुका शक्तिले अवक्रन्ददेवतालाई, चिउँडाले अन्नदेवतालाई, मुखले जलदेवतालाई प्रसन्न गराउँछौं । दुवै अण्डकोशका शक्तिले वृषणदेवतालाई सन्तुष्ट गराउँछौं । दाह्रीजुँगाका शक्तिले आदित्यलाई, दुवै आँखीभौंले पन्थदेवतालाई, दुवै आँखाका परेलाले पृथ्वी–द्युलोकलाई र आँखाका दुवै पुतलीले विद्युत्‌देवतालाई प्रसन्न गर्दछौं । शुक्ल एवं कृष्णदेवताका शक्तिको सन्तुष्टिका लागि हामी यो आहुति प्रदान गर्दछौं । आँखाका माथिल्ला र तल्ला रौंहरूले पार र अवार नामका देवशक्तिलाई प्रसन्न गर्दछौं ।

वातं प्राणेनापानेन नासिके उपयाममधरेणौष्ठेन सदुत्तरेण प्रकाशेनान्तरमनूकाशेन बाह्यं निवेष्यं मूर्ध्ना स्तनयित्नुं निर्बाधेनाशनिं मस्तिष्केण विद्युतं कनीनकाभ्यां कर्णाभ्याᳩ श्रोत्रᳩ श्रोत्राभ्यां कर्णौ तेदनीमधरकण्ठेनापः शुष्ककण्ठेन चित्तं मन्याभिरदितिᳩ शीर्ष्णा निर्ऋतिं निर्जर्जल्पेन शीर्ष्णा संक्रोशैः प्राणान् रेष्माणᳩ स्तुपेन ॥२॥

प्राणवायुका शक्तिले वातदेवतालाई र अपान वायुका शक्तिले नासिकामा रहेका देवशक्तिलाई प्रसन्न गराउँछौं । माथिल्ला ओठले सत् देवतालाई र तल्ला ओठले

उपयाम देवतालाई प्रसन्न गराउँछौं । शरीरका बाह्य कान्तिले अन्तरदेवतालाई आन्तरिक देहका कान्तिले बाह्य देवतालाई प्रसन्न गराउँछौं । टाउकाले प्रवेश शक्तिलाई, शिरका हड्डीले स्तनयित्नु नामका देवशक्तिलाई, मस्तिष्कका शक्तिले अशनिदेवतालाई, आँखाका पुतलीले विद्युतशक्तिलाई, दुवै कानले श्रोत्र नामका देवशक्तिलाई र सत्रे शक्तिले दुवै कानका देवशक्तिलाई प्रसन्न गराउँछौं । गलाको तल्लो भागले तेदनी नामका देवतालाई, सुख्खा गलाले जलदेवतालाई, गलाका नसाले चित्त नामका देवशक्तिलाई, शिरले अदितिलाई, जर्जरित शिरोभागले निर्ऋतिदेवतालाई शब्दायमान अङ्गले प्राणलाई र शिखाका शक्तिले रेष्म नामका देवशक्तिलाई हामी प्रसन्न गर्दछौं ।

मशकान् केशैरिन्द्रं स्वपसा वहेन बृहस्पतिं शकुनिसादेन कूर्माञ्छफैराक्रम- णं स्थूराभ्यामृक्षलाभिः कपिञ्जलाञ्जवं जङ्घाभ्यामध्वानं बाहुभ्यां जाम्बीले-नारण्यमग्निमतिरुग्भ्यां पूषणं दोर्भ्यामश्विनावं साभ्यां रुद्रं रोराभ्याम् ॥३॥

केशले मशक नामका देवशक्तिलाई र परिपुष्ट काँधले इन्द्रदेवतालाई हामी प्रसन्न गर्दछौं । पक्षीको जस्तै गतिले बृहस्पतिदेवतालाई, खुरका शक्तिले कूर्मदेवतालाई, कुर्कुच्चाभन्दा माथिल्ला भागमा रहेका गोलीगाँठाले आक्रमणलाई, गोलीगाँठाभन्दा तल्ला नसाहरूले कपिञ्जलदेवतालाई, जाँघले वेगकी देवीलाई, बाहुले मार्गदेवतालाई, घुँडाले अरण्यदेवतालाई, घुँडाको सबै भागले अग्निदेवतालाई, घुँडाभन्दा तल्ला भागका शक्तिले पूषादेवतालाई, दुवै काँधका शक्तिले दुवै अश्विनीकुमारहरूलाई र जोर्नीग्रन्थिहरूले रुद्रदेवतालाई प्रसन्न गराउँछौं ।

अग्नेः पक्षतिर्वायोर्निपक्षतिरिन्द्रस्य तृतीया सोमस्य चतुर्थ्यदित्यै पञ्चमीन्द्राण्यै षष्ठी मरुतां सप्तमी बृहस्पतेरष्टम्यर्यम्णो नवमी धातुर्दशमीन्द्रस्यैकादशी वरुणस्य द्वादशी यमस्य त्रयोदशी ॥४॥

दाहिनेतर्फको पहिलो हड्डी अग्निदेवताका लागि, दोस्रो वायुदेवताका लागि, तेस्रो इन्द्रदेवताका लागि, चौथो सोमदेवताका लागि, पाँचौं अदितिदेवीका लागि, छैटौं इन्द्रकी पत्नीका लागि, सातौं मरुत्‌हरूका लागि, आठौं बृहस्पतिका लागि, नवौं अर्यमादेवताका लागि, दसौं धातादेवताका लागि, एघारौं इन्द्रदेवताका लागि, बाह्रौं वरुणदेवताका लागि र तेह्रौं यमदेवताका लागि प्रसन्न गराउन समर्पित गर्दछौं ।

इन्द्राग्न्योः पक्षतिः सरस्वत्यै निपक्षतिर्मित्रस्य तृतीयापां चतुर्थी निर्ऋत्यै पञ्चमयग्नीषोमयोः षष्ठी सर्पाणां सप्तमी विष्णोरष्टमी पूष्णो नवमी त्वष्टुर्दशमीन्द्रस्यैकादशी वरुणस्य द्वादशी यम्यै त्रयोदशी द्यावापृथिव्योर्दक्षिणं पार्श्वं विश्वेषां देवानामुत्तरम् ॥५॥

बायाँतर्फको पहिलो हड्डी इन्द्र तथा अग्निदेवताका लागि, दोस्रो सरस्वतीदेवीका लागि, तेस्रो मित्रदेवताका लागि, चौथो जलदेवताका लागि, पाँचौं निर्ऋतिदेवताका लागि, छैटौं अग्नि र सोमदेवताका लागि, सातौं नागदेवता तथा सर्पहरूका लागि, आठौं विष्णुदेवताका लागि, नवौं पूषादेवताका लागि, दसौं त्वष्टादेवताका लागि, एघारौं इन्द्रदेवताका लागि, बाह्रौं वरुणदेवताका लागि र तेह्रौं यमदेवताका लागि प्रसन्न गराउन

समर्पित गर्दछौँ । दाहिने भाग पृथ्वीका साथ द्युलोकका सबै र बायाँ भाग सबै देवताहरूको प्रसन्नता एवं सन्तुष्टिका लागि समर्पित गर्दछौँ ।

मरुताᳫं स्कन्धा विश्वेषां देवानां प्रथमा कीकसा रुद्राणां द्वितीयादित्यानां तृतीया वायोः पुच्छमग्नीषोमयोर्भासदौ क्रुञ्चौ श्रोणिभ्यामिन्द्राबृहस्पती ऊरुभ्यां मित्रावरुणावल्गाभ्यामाक्रमणᳫं स्थूराभ्यां बलं कुष्ठाभ्याम् ॥६॥

काँधका हाडहरू मरुत्‌गणका लागि नियोजित गर्दछौँ । पहिलो हाडको पङ्क्ति विश्वेदेवताका लागि, दोस्रो पङ्क्ति रुद्रदेवताका लागि, तेस्रो अस्थिपङ्क्ति आदित्यहरूका लागि समर्पित गरिएको छ । पुच्छरको भाग वायुदेवताका लागि, नितम्बको भाग अग्नि एवं सोमदेवताका लागि, फिलाको भाग क्रौञ्चदेवताका लागि, तिघ्राको भाग इन्द्र र बृहस्पतिदेवताका लागि, जङ्घाको भाग वरुणदेवताका लागि, तल्लो भाग आक्रमणका देवताका लागि र माथिल्लो भाग बलदेवताका लागि प्रसन्न गराउन समर्पित गरिएको छ ।

पूषणं वनिष्ठुनान्धाहीन्त्स्थूलगुदया सर्पान्गुदाभिर्विह्रुतऽ आन्त्रैरपो वस्तिना वृषणमाण्डाभ्यां वाजिनᳫं शेपेन प्रजाᳫं रेतसा चाषान् पित्तेन प्रदरान् पायुना कूश्माञ्छकपिण्डैः ॥७॥

स्थूल आँतको भाग पूषादेवताका लागि, स्थूल गुदा आँखा नदेख्ने सर्पका लागि र गुदाको भाग अन्य सर्पहरूका लागि, आँतको बाँकी भाग विह्रुतदेवताका लागि, वस्तीभाग जलका लागि, अण्डकोश शक्तिका देवता वृषणका लागि, उपस्थको शक्ति वाजीदेवताका लागि, वीर्य प्रजाका लागि, पित्त चाषदेवताका लागि, गुदाको तेस्रो भाग प्रदरदेवताका लागि र शकपिण्डहरू सबै कूश्म नामका देवतालाई प्रसन्न गराउनका लागि समर्पित गरिएिका छन् ।

इन्द्रस्य क्रोडोदित्यै पाजस्यं दिशां जत्रवोदित्यै भसज्जीमूतान् हृदयौपशेनान्तरिक्षं पुरीतता नभऽ उदर्येण चक्रवाकौ मतस्नाभ्यां दिवं वृक्काभ्यां गिरीन् प्लाशिभिरुपलान् प्लीह्ना वल्मीकान् क्लोमभिर्ग्लौभिर्गुल्मान् हिराभिः स्रवन्तीर्ह्रदान् कुक्षिभ्याᳫं समुद्रमुदरेण वैश्वानरं भस्मना ॥८॥

छातीको मध्य भाग इन्द्रदेवतालाई प्रसन्न गराउनका लागि नियोजित गरिएको छ । गोडा अदितिदेवीलाई, हत्केलाका अस्थिहरूको भाग दिशाहरूलाई, मेढ्को अघिल्लो भाग अदितिलाई, हृदयको भाग मेघलाई हो र हृदयको नाडी अन्तरिक्षलाई प्रसन्न गराउनका लागि समर्पित गरिएको हो । पेटको भाग आकाशदेवताका लागि, फोक्सोको भाग चक्रवाक्‌देवताका लागि, दुवै मिर्गौला द्युलोकका लागि, प्लाशि नामको मिर्गौलाका तल्ला भागको नाडी पर्वतहरूको प्रसन्नताका लागि समर्पित गरिएको छ । क्लोम भत्र भाग गुफा–ओडारका लागि, ग्लो नामको नाडी गुल्मदेवताको प्रसन्नताका लागि, रक्तवाहिनी नाडी नदीहरूको प्रसन्नताका लागि, कोखाको भाग तालहरूका लागि, पेट समुद्रको प्रसन्नताका लागि र भस्म वैश्वानरदेवताको प्रसन्नताका लागि समर्पित गरिएको छ ।

विधृतिं नाभ्या घृतꣳ रसेनापो यूष्णा मरीचीर्विप्रुड्भिर्नीहारमूष्मणा शीनं वसया प्रुष्वा अश्रुभिर्ह्रादुनीर्दूषीकाभिरस्ना रक्षाꣳसि चित्राण्यङ्गैर्नक्षत्राणि रूपेण पृथिवीं त्वचा जुम्बकाय स्वाहा ॥९॥

नाभीले हामी विधृतिदेवतालाई प्रसन्न गराउँछौँ । वीर्यका रसले घिउका शक्तिलाई, पक्वान्न रसले जलका देवतालाई, वोसोका विन्दुहरूले मरीचिदेवतालाई शरीरका तातोपनाले ओस्याइला देवतालाई, वोसाले शीन नामका देवतालाई, आँसुले प्रुष्वा नामका बोटबिरुवा सेचन गर्ने देवतालाई, आँखाका चिप्राले ह्रदुनी नामका आकाशीय विद्युत्का देवतालाई, रक्तका कणहरूले रक्षाका देवतलाई, विभिन्न अङ्गहरूले विभिन्न देवतालाई प्रसन्न गराउँछौ । शारीरिक सौन्दर्यले नक्षत्रदेवतालाई, त्वचाले पृथ्वीदेवीलाई र जम्बुक नाम गरेका वरुणदेवतालाई प्रसन्न गर्नका लागि यिनको आहुति प्रदान गर्दछौँ ।

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेकऽ आसीत् । स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥१०॥

उहिले नै हिरण्यगर्भका नाममा, सबै खालका उत्पादनशील पदार्थका स्वामी उनै एक मात्र परमात्मा उचित रूपमा स्थापित भएर पृथ्वी र द्युलोक धारण गरे । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

यः प्राणतो निमिषतो महत्वैकऽ इद्राजा जगतो बभूव । यऽ ईशे अस्य द्विपदश्चतुष्पदः कस्मै देवाय हविषा विधेम ॥११॥

आफ्ना महान् सामर्थ्यले प्राणयुक्त र गतिशील हुँदै देखिने प्राणीसमुदायका एक मात्र अधिपति परमात्मा दुईखुट्टे वा चारखुट्टेका स्वामी हुन् । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

यस्येमे हिमवन्तो महित्वा यस्य समुद्रꣳ रसाय सहाहुः । यस्येमाः प्रतिशो यस्य बाहू कस्मै देवाय हविषा विधेम ॥१२॥

कसका महिमाले हिउँले ढाकिएका पहाड प्रकट भए, कसका महान् सामर्थ्यलाई जलले भरिएका नदी, गतिशील पृथ्वी, समुद्र र आकाश आदिले व्यक्त गर्दछन्, सबै मुख्य दिशा पाखुराजस्ता भएर कसको सामर्थ्यलाई सङ्केत गर्दछन् र उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

यऽ आत्मदा बलदा यस्य विश्वऽ उपासते प्रशिषं यस्य देवाः । यस्य छायामृतं यस्य मृत्यूः कस्मै देवाय हविषा विधेम ॥१३॥

आत्मज्ञानको प्रेरणा प्रदान गर्ने परमात्माको आज्ञा सम्पूर्ण मानिस र देवसमुदायले पालन गर्दछन्, उनको छत्रछाया अमृतमय छ र मृत्यु उनैका अधीनमा छ, उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

आ नो भद्राः क्रतवो यन्तु विश्वतोऽ दब्धासो अपरीतासऽ उद्भिदः । देवा नो यथा सदमिद्वृधे असन्नप्रायुवो रक्षितारो दिवे दिवे ॥१४॥

कल्याणकारी, कसैका दबावमा नआउने, अपराजित, समुन्नतिकारक, शुभ कर्महरूलाई हामी सबै तिरबाट प्राप्त गरौँ । हामीलाई सधैँ सुरक्षा गर्ने देवगण हाम्रो उन्नति गराउँदै रक्षा गर्नका लागि तयार रहून् ।

देवानां भद्रा सुमतिर्ऋजूयतां देवानाꣳ रातिरभि नो नि वर्तताम् । देवानाꣳ सख्यमुप सेदिमा वयं देवा नऽ आयुः प्र तिरन्तु जीवसे ॥१५॥

सन्मार्गमा प्रेरित गर्ने दिने देवताहरूको कल्याणकारी सद्बुद्धि तथा उदार सहयोग हामीलाई प्राप्त भइरहोस् । देवताहरूसित मित्रता प्राप्त गरेर हामी उनीहरूकै निकटमा रहौँ । उनीहरूले हाम्रो जीवनलाई दीर्घायु गराइदिऊन् ।

तान्पूर्वया निविदा हूमहे वयं भगं मित्रमदितिं दक्षमस्रिधम् । अर्यमणं वरुणꣳ सोममश्विना सरस्वती नः सुभगा मयस्करत् ॥१६॥

हामी भग, मित्र, अदिति, दक्ष, मरुत्गण, अर्यमा, वरुण, सोम, अश्विनीकुमार र सौभाग्यशालिनी सरस्वती आदि देवगणलाई स्तुति गर्दछौँ । यिनीहरू हाम्रा लागि सुखदाता होऊन् ।

तन्नो वातो मयोभु वातु भेषजं तन्माता पृथिवी तत्पिता द्यौः । तद्ग्रावाणः सोमसुतो मयोभुवस्तदश्विना शृणुतं धिष्ण्या युवम् ॥१७॥

वायुदेवताले हामीलाई सुखप्रद औषधि प्रदान गरुन् । माताजस्ती पृथिवी, पिताजस्ता आकाश र सोम पेल्ने पाषाणले हामीलाई औषधी दिऊन् । तीक्ष्ण बुद्धिले सम्पन्न हे अश्विनीकुमारहरू हो ! तिमीहरू हाम्रो प्रार्थना सुन ।

तमीशानं जगतस्तस्थुषस्पतिं धियञ्जिन्वमवसे हूमहे वयम् । पूषा नो यथा वेदसामसद् वृधे रक्षिता पायुरदब्धः स्वस्तये ॥१८॥

स्थावरजङ्गम जगत्का पालक, बुद्धिलाई प्रेरित गर्ने विश्वदेवहरूलाई हामी आफ्नो सुरक्षाका लागि बोलाउँछौँ । अविचलित पूषादेव हाम्रो ऐश्वर्य वृद्धि र सुरक्षा गर्नमा सहायक होऊन । उनीहरूले हाम्रो कल्याण गरुन् ।

स्वस्ति नऽ इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः । स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥१९॥

अति यशस्वी इन्द्रले हाम्रो कल्याण गरुन् । सर्वज्ञाता पूषादेवताले हाम्रो मङ्गल गरुन् । गतिलो बुद्धि भएका गरुड हाम्रा हितकारक होऊन् । ज्ञानका स्वामी बृहस्पतिले हाम्रो कल्याण गरुन् ।

पृषदश्वा मरुतः पृश्निमातरः शुभंयावानो विदथेषु जग्मयः । अग्निजिह्वा मनवः सूरचक्षसो विश्वे नो देवाऽ अवसागमन्निह ॥२०॥

टाटेपाटे रङ्गका अश्व भएका, भूमिपुत्र, शुभकर्मा, युद्धमा जाने, अग्निका ज्वालाजस्तो तेजसम्पन्न, मननयोग्य ज्ञानसम्पन्न, मरुत्गण रक्षण सामर्थ्यले युक्त भएर आऊन् ।

भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः । स्थिरैरङ्गैस्तुष्टुवाꣳसस्तनूभिर्व्यशेमहि देवहितं यदायुः ॥२१॥

हे यजनयोग्य देवताहरू ! हाम्रा कानले मङ्गल सुनूँ, आँखाले कल्याण देखूँ । स्थिर र पुष्ट अङ्गले तिमीहरूको स्तुति गर्दै देवताबाट निश्चित गरिएको आयु प्राप्त गरौँ र देवताकै हितका काममा तिनलाई उपयोग गरौँ ।

शतमिन्नु शरदो अन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम् । पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुर्गन्तोः ॥२२॥

हे देवताहरू ! सय वर्षसम्म हाम्रो आयुको सीमा होस् । हाम्रा शरीरमा बुढ्यौली पनि तिमीले नै दिएका हौ । त्यस बेला हाम्रा छोराहरू पनि बाबु बनिसक्दछन् । त्यसो हुँदा हाम्रो आयु बीचमा नै क्षीण नहोओस् भन्ने प्रयत्न गरौँ ।

अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः । विश्वे देवाऽ अदितिः पञ्च जनाऽ अदितिर्जातमदितिर्जनित्वम् ॥२३॥

अदिति नै द्युलोक हुन् । अन्तरिक्ष, माता, पिता, पुत्र, सम्पूर्ण देवगण, पञ्चजन, नयाँ उत्पन्न र पछि उत्पन्न हुने यी जेजति छन्, ती सबै नै अदितिकै रूप हुन् ।

मा नो मित्रो वरुणो अर्यमायुरिन्द्रऽ ऋभुक्षा मरुतः परि ख्यन् । यद्वाजिनो देवजातस्य सप्तेः प्रवक्ष्यामो विदथे वीर्याणि ॥२४॥

दिव्य गुणले सम्पन्न, गतिमान्, पराक्रमी वाजी नामका बलशाली देवताहरूका लागि नै हामी याजकहरू यज्ञशालामा ऐश्वर्यको गान गाउँछौँ । त्यसो हुनाले मित्र, वरुण, अर्यमा, आयु, ऋभुक्ष, मरुत्‌गण, इन्द्र आदि देवताले हाम्रो उपेक्षा गरेर हामीबाट विमुख नहोऊन् र उनीहरू हाम्रै अनुकूल रहिदिऊन् ।

यन्निर्णिजा रेक्णसा प्रावृतस्य रातिं गृभीतां मुखतो नयन्ति । सुप्राङजो मेम्यद्विश्वरूपऽ इन्द्रापूष्णोः प्रियमप्येति पाथः ॥२५॥

सुसंस्कारित, ऐश्वर्ययुक्त, सबैलाई आवृत्त गर्ने खालको, देवताको मुख मानिएका अग्निका नजिकै पुरोडाश आदि हविष्यान्न ल्याइएको छ । यसरी उचित किसिमले अगाडि ल्याइएको अनेकौँ रूपमा अनेक पटक जन्मने विश्वरूप चेतनशील जीवको प्रतीक अज म म को ध्वनिले मलाई नै भन्ने अर्थमा अगाडि आउँछ । त्यसो हुनाले उसले पनि इन्द्र र पूषा आदिका निमित्त प्रिय आहारका रूपमा हव्य प्राप्त गर्दछ ।

एष छागः पुरो अश्वेन वाजिना पूष्णो भागो नीयते विश्वदेव्यः । अभिप्रियं यत्पुरोडाशमर्वता त्वष्टेदेनथ्ँ सौश्रवसाय जिन्वति ॥२६॥

यो छाग बलशाली अश्वका अगाडि ल्याइँदा श्रेष्ठ याजकहरू र प्रजापतिले यसलाई चञ्चल अश्वसँगै सबैलाई प्रिय लाग्ने पुरोडाश आदि हव्यको भाग दिएर यश प्राप्त गराउँछन् ।

यद्धविष्यमृतुशो देवयानं त्रिर्मानुषाः पर्यश्वं नयन्ति । अत्रा पूष्णः प्रथमो भागऽ एति यज्ञं देवेभ्यः प्रतिवेदयन्नजः ॥२७॥

मानिसहरू तीनै देवयानका मार्गमा अश्वभैँ हविष्य उडाउँछन् । त्यस अजले पोषणको पहिलो भाग पाउँछ । देवताको हितका लागि यज्ञको विज्ञापन गर्दछ ।

होताध्वर्युरावया अग्निमिन्धो ग्रावग्राभऽ उत शथ्ँस्ता सुविप्रः । तेन यज्ञेन स्वरङ्कृतेन स्विष्टेन वक्षणाऽआ पृणध्वम् ॥२८॥

होता, अध्वर्यु, प्रतिस्थाता, आग्नीध्र, ग्रावस्तोता, प्रशास्ता, ब्रह्मा आदि प्रज्ञावान् ऋत्विक हो ! सबै किसिमले सजिएका यस यज्ञमा खोजेको कुरो पाउनका लागि तिमीहरू प्रवाहलाई समृद्ध बनाओ ।

यूपव्रस्का उत ये यूपवाहाश्चषालं ये अश्वयूपाय तक्षति । येचार्वते पचनथ्ं सम्भरन्त्युतो तेषामभिगूर्तिर्नऽ इन्वतु ॥२९॥

हे ऋत्विक्हरू हो ! यज्ञको व्यवस्थामा सहयोग गर्ने, काठ काटेर मौलो बनाउने, मौलो यज्ञशालासम्म पुऱ्याउने, चषाल नामको यज्ञीय पात्र बनाउने, अश्व बाँध्नका लागि किलो गाड्ने यी सबैले गरेको प्रयास हाम्रा लागि हितकारी होस् ।

उप प्रागात्सुमन्मेधायि मन्म देवानामाशाऽ उप वीतपृष्ठः । अन्वेनं विप्राऽ ऋषयो मदन्ति देवानां पुष्टे चकृमा सुबन्धुम् ॥३०॥

अश्वमेध यज्ञको फलश्रुतिका रूपमा श्रेष्ठ मानवीय फल हामीलाई स्वतः प्राप्त होस् । देवताहरूको मनोरथ पूर्ण गर्नमा समर्थ यो अश्व सबैले रोज्दछन् । यो अश्व देवत्व पुष्टि गर्ने मित्रका रूपमा मानिएको छ । सबै बुद्धिमान् ऋषिले यसलाई अनुमोदन गरुन् ।

यद्वाजिनो दाम सन्दानमर्वतो या शीर्षण्या रशना रज्जुरस्य । यद्वा घास्य प्रभृतमास्ये तृणथ्ं सर्वा ता ते अपि देवेष्वस्तु ॥३१॥

यस बलशाली वाजीलाई नियन्त्रणमा राख्नका लागि गर्दनको बन्धन, यस चञ्चल अर्वन्का खुट्टाको बन्धन, कम्मर र शिरको बन्धन तथा मुखको घाँसका त्यान्द्रा आदि सबै देवताहरूका लागि अर्पित छन् । यस किसिमले यज्ञीय ऊर्जाका साथै राष्ट्को शक्तिलाई सुनियन्त्रित एवं समृद्ध राख्ने खालका सबै साधनहरू देवताकै लागि नियन्त्रित रहून् ।

यदश्वस्य क्रविषो मक्षिकाश यद्वा स्वरौ स्वधितौ रिप्तमस्ति । यद्धस्तयोः शमितुर्यन्नखेषु सर्वा ता ते अपि देवेष्वस्तु ॥३२॥

अश्वको भिँगा आदि लाग्ने विकृत भाग, उपकरणमा लागेको भाग, याजकका हातमा रहेको र नङ वा टापमा रहेको भाग ती सबै पनि देवताहरूमा समर्पित होऊन् ।

यदूवध्यमुदरस्यापवाति यऽ आमस्य क्रविषो गन्धो अस्ति । सुकृता तच्छमितारः कृण्वन्तूत मेधथ्ं शृतपाकं पचन्तु ॥३३॥

हटाउनुपर्ने गरी गन्ध आउने पेटको भाग राम्रोसित मेटाइएको छ । यसको मेधबाट उपचार होस् र त्यसको पाचन पनि देवताहरूको अनुकूल होस् ।

यत्ते गात्रादग्निना पच्यमानादभि शूलं निहतस्यावधावति । मा तद्भूम्यामा श्रिषन्मा तृणेषु देवेभ्यस्तदुशद्भ्यो रातमस्तु ॥३४॥

अग्निले पचाउँदै गरेका तिम्रा अङ्ग, घोचाको चोटले यताउता छरिए । भूमिमा वा झारपातमा परेर नहराईकन यज्ञको भाग पाउनुपर्ने देवताहरूका आहार बनून् ।

ये वाजिनं परिपश्यन्ति पक्वं यऽ ईमाहुः सुरभिर्निर्हरेति । ये चार्वतो माथ्ंसभिक्षामुपासतऽ उतो तेषामभिगूर्तिर्नऽ इन्वतु ॥३५॥

जसले यस वाजिन्लाई पकाउँदै गरेको देख्छन् र जसले त्यसको आकर्षक सुगन्ध थाहा पाउँछन्, तिनीहरू यस भोग्य पदार्थसहितको आहार माग्दछन् । उनीहरूको पुरुषार्थ पनि हाम्रा लागि फलित होस् ।

यत्रीक्षणं मांस्पचन्याऽ उखाया या पात्राणि यूष्णऽ आसेचनानि । उष्मण्यापिधाना चरूणामङ्काः सूनाः परि भूषन्त्यश्वम् ॥३६॥

उखा नामका पात्रमा पकाइँदै गरेका पुरोडाशको हेरविचार गर्ने, भाँडाकुँडाहरू पानीले पखालेर पवित्र गर्ने, पकाउँदाखेरिको तातो जोगाउन ढाक्ने ढकनीहरू, चरु आदिलाई आफ्ना काखमा राख्ने र पुरोडाशलाई टुक्राटुक्री पार्दै काट्दे उपकरणहरू यी सबै नै यस अश्वमेध यज्ञलाई सजाउने साधनका रूपमा आआफ्नो गरिमा प्राप्त गर्न सक्षम होऊन् ।

मा त्वाग्निर्ध्वनयीद्धूमगन्धिर्मोखा भ्राजन्त्यभि विक्त जघ्रिः । इष्टं वीतमभिगूर्तं वषट्कृतं तं देवासः प्रति गृभ्णन्त्यश्वम् ॥३७॥

यज्ञरूपी अश्व निस्कनु, आन्दोलित हुनु, पल्टिनु, पिउनु, खानु आदि सबै क्रिया देवताकै लागि होऊन् ।

निक्रमणं निषदनं विवर्तनं यच्च पड्वीशमर्वतः । यच्च पपौ यच्च घासिं जघास सर्वा ता ते अपि देवेष्वस्तु ॥३८॥

धुवाँको गन्ध आएर अग्निले दुःख नदेओस् । आगाका रापले टल्किएको उखाले तिमीहरूलाई दिक्क नपारोस् । त्यस्तो अश्वमेध देवताहरू स्वीकार गर्दछन् ।

यदश्वाय वासऽ उपस्तृणन्त्यधीवासं या हिरण्यान्यस्मै । सन्दानमर्वन्तं पड्वीशं प्रिया देवेष्वा यामयन्ति ॥३९॥

यज्ञलाई समर्पित अश्व सजाउने माथिल्लो कपडा, गहना, टाउको र खुट्टा बाँध्ने मेखला आदि सबै देवताहरूकै प्रसन्नता प्रदान गर्ने खालका होऊन् ।

यत्ते सादे महसा शूकृतस्य पार्ष्ण्या वा कशया वा तुतोद । स्रुचेव ता हविषो अध्वरेषु सर्वा ता ते ब्रह्मणा सूदयामि ॥४०॥

अति हतारमा तिमीलाई सताउनेहरू, तल्लो भाग पकाउनका लागि दुःख दिनेहरूबाट गरिएका सबै गल्ती स्रुवाका आहुतिले सच्याइदिन्छ ।

चतुस्त्रिꣳशद्वाजिनो देवबन्धोर्वङ्क्रीरश्वस्य स्वधितिः समेति । अच्छिद्रा गात्रा वयुना कृणोत परुष्परुरनुघुष्या विशस्त ॥४१॥

हे ऋत्विक्‌हरू हो ! धारण गर्ने सामर्थ्यले युक्त, गतिमान्, देवताहरूको बन्धु यस अश्वरूपी यज्ञका चौंतीस अङ्गलाई राम्रोसँग बुझ । प्रत्येक अङ्गलाई आफ्ना प्रयासले बलियो बनाओ र तिनमा रहेका कमीकमजोरीहरू पूरा गराओ ।

एकस्त्वष्टुरश्वस्या विशस्ता द्वा यन्तारा भवतस्तथ ऋतुः । या ते गात्राणामृतुथा कृणोमि ता ता पिण्डानां प्र जुहोम्यग्नौ ॥४२॥

कालविभाजनका क्रममा सूर्य अथवा त्वष्टारूपी अश्वको विभाजन संवत्सररूपी वर्षले गर्दछ । उत्तरायण र दक्षिणायन नामले दुई विभागले त्यसलाई नियन्त्रण गरेका हुन्छन् । त्यसैले त्यो संवत्सर वसन्त आदि छ वटा ऋतुहरूमा विभक्त भएको हुन्छ । यज्ञमा शरीरका अलगअलग अङ्गहरूलाई पुष्ट गराउनका निमित्त ऋतुसम्बन्धी अनुकूल पदार्थहरूको आहुति प्रदान गर्दछौं ।

मा त्वा तपत्प्रियऽ आत्मापियन्तं मा स्वधितिस्तन्वऽ आ तिष्ठिपत्ते । मा ते गृध्नुरविशस्तातिहाय छिद्रागात्राण्यसिना मिथू कः ॥४३॥

हे अश्व ! तिम्रो परम मित्र आत्मतत्त्व अर्थात् आत्मगौरवले कहिल्यै पनि दुःख लाग्दो अवस्थामा छोडेर नहिँडोस् । शस्त्रले तिम्रा अवयवमा अधिकार जमाउन नसकोस् । अकुशल व्यक्तिले पनि तिम्रो रोगमा बाहेक उपयोगी अङ्गमा तरबार नचलाओस् ।

न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ२ऽ इदेषि पथिभिः सुगेभिः । हरी ते युञ्जा पृषती अभूतामुपास्थाद्वाजी धुरि रासभस्य ॥४४॥

हे अश्व ! तिम्रो न त नाश हुन्छ, न त तिमीले कसैको नाश गर्दछौ । तिमी सहज र सरल मार्गबाट देवतासम्म पुग्दछौ । शब्दोच्चारण गर्दा उपस्थित हुने वाजी र हरि तिमीसितै एकाकार हुँदै पुष्ट हुन्छन् ।

सुगव्यं नो वाजी स्वश्व्यं पुंसः पुत्राँ२ऽ उत विश्वापुषꣳ रयिम् । अनागास्त्वं नो अदितिः कृणोतु क्षत्रं नो अश्वो वनताꣳ हविष्मान् ॥४५॥

देवत्व प्राप्त गर्ने यस बलशालीले हामीलाई छोरानाति, धनधान्य र उत्तम अश्वका रूपमा अपार वैभव प्रदान गरोस् । हामी दीनता, पाप र अपराधबाट सधैँ टाढा रहौँ । हाम्रा नागरिक अश्वजस्तै शक्तिशाली र पराक्रमी होऊन् ।

इमा नु कं भुवना सीषधामेन्द्रश्च विश्वे च देवाः । आदित्यैरिन्द्रः सगणो मरुद्भिरस्मभ्यं भेषजा करत् । यज्ञं च नस्तन्वं च प्रजां चादित्यैरिन्द्रः सह सीषधाति ॥४६॥

इन्द्र र विश्वब्रह्माण्डमा रहेका सबै देवताहरूले यी समस्त लोकहरूलाई आफ्ना अनुशासनमा राखून् । आआफ्ना गणसहित आदित्य, मरुत्, इन्द्र, आदि सबै हामीलाई उपचार गरी आरोग्य प्रदान गर्नका लागि सहायक होऊन् । यस यज्ञले हाम्रो शरीर र सन्तानलाई इन्द्र एवं आदित्य आदि देवताहरूसँग संयुक्त गराउँदै नियन्त्रणमा राखोस् ।

अग्ने त्वं नो अन्तमऽ उत त्राता शिवो भवा वरूथ्यः । वसुरग्निर्वसुश्रवाऽ अच्छा नक्षि द्युमत्तमꣳ रयिं दाः । तं त्वा शोचिष्ठ दीदिवः सुम्नाय नूनमीमहे सखिभ्यः ॥४७॥

हितैषी बनेर हाम्रा सबैभन्दा नजिकमा रहेका हे अग्निदेवता ! हामी याजकहरूलाई तिमी देदीप्यमान ऐश्वर्य प्रदान गरेर हाम्रो कल्याण गर । सत्कर्ममा लागेका हामी याजकहरूको दुराचारी र हिंसालु स्वभाव हुनेबाट रक्षा गर । हे द्युतिमान् अग्निदेवता ! हाम्रा सहयोगीहरूका लागि धन, ऐश्वर्य र सुख प्रदान गर भनेर हामी तिमीसित प्रार्थना गर्दछौँ ।

इति पञ्चविंशोऽध्यायः

पच्चीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ षड्विंशोऽध्यायः॥

॥छब्बीसौं अध्याय॥

ऋषि– विवस्वान्, लोगाक्षि, गृत्समद, रम्याक्षि, प्रादुराक्षि, कुत्स, वसिष्ठ भरद्वाज, नोधागोतम, वसूयव, वत्स, आमर्हीयव, मुद्गल यज्ञपुरुष, मेधातिथि, विश्वामित्र, मधुच्छन्दा ।

देवता– लिङ्गोक, ब्रह्मा, इन्द्र, वैश्वार, अग्नि, महेन्द्र, सोम, देवगण, ऋतु, त्वष्टा ।

छन्द– अभिकृति, विराट् अत्यष्टि, भुरिक् अतयष्टि, स्वराट् जगती, भुरिक् जगती, जगती, स्वराट् अष्टि, निचृत् जगती, बृहती, विराट् अनुष्टुप्, विराट् गायत्री, भुरिक् बृहती, निचृत् गायत्री, विराट् गायत्री, त्रिष्टुप्, गायत्री, भुरिक् पङ्क्ति ।

अग्निश्च पृथिवी च सन्नते ते मे सं नमतामदो वायुश्चान्तरिक्षं च सन्नते ते मे सं नमतामदऽ आदित्यश्च द्यौश्च सन्नते ते मे सं नमतामदऽ आपश्च वरुणश्च सन्नते ते मे सं नमतामदः । सप्त सᳫंसदो अष्टमी भूतसाधनी । सकामाँ२ऽ अध्वनस्कुरु संज्ञानमस्तु मेमुना ॥१॥

अग्नि र पृथ्वी आपसमा सहयोगपूर्वक रहन्छन् । यी दुवैले मेरो स्नेहको कामना गर्ने पात्रहरूलाई अनुकूल बनाऊन् । हावा र आकाश पनि आपसमा एकसमान गुण भएका छन् । यी दुवैले आआफ्नो उदाहरण प्रस्तुत गरेर मेरो स्नेह पाउन चाहनेहरूलाई अनुकूल बनाऊन् । आदित्य र नभ पनि परस्परमा अनुकूलतापूर्वक रहन्छन् । तिनले पनि यस कामलाई अनुकूल बनाऊन् । जल र वरुण पनि आपसमा अनुकूल भएर रहन्छन् । उनले पनि त्यस व्यवहारलाई अनुकूल बनाऊन् । हे देवताहरू हो ! अग्नि, वायु, अन्तरिक्ष, सूर्य, आकाश, जल र वरुण यी सप्त संसद् हुन् । आठौं पृथ्वी यिनीहरूको आश्रयस्वरूप भएर सबैलाई मार्ग, विविध शक्ति र वस्तुले सम्पन्न बनाउँदै आआफ्नो कामनाको अनुकूल उपाय बताऊन् । त्यसो भएपछि हामीलाई सबैका विषयमा वास्तविक ज्ञान प्राप्त हुनेछ ।

यथेमां वाचं कल्याणी मावदानि जनेभ्यः । ब्रह्मराजन्याभ्याᳫं शूद्राय चार्याय च स्वाय चारणाय च । प्रियो देवानां दक्षिणायै दातुरिह भूयासमयं मे कामः समृध्यतामुप मादो नमतु ॥२॥

जसरी कल्याण गर्ने यस दिव्य वाणीलाई हामीले मन्त्रदृष्टा ऋषिले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, प्रिय, अप्रिय मानिसहरूलाई र सम्पूर्ण समाजलाई उपदेश दिएका छन्, उसै गरी हे मानिसहरू हो ! तिमीहरू पनि उपदेश प्रदान गर । त्यसो भएपछि यस संसारमा यज्ञ गर्नका लागि देवताले दक्षिणा दिने हामीहरूलाई माया गरुन् । हाम्रो यो अभीष्ट मनोरथ पूर्ण होस र हामीलाई यश प्राप्त होस् ।

बृहस्पते अति यदर्यो अर्हाद्द्युमद्विभाति क्रतुमज्जनेषु । यद्दीदयच्छ्वस ऋतप्रजात तदस्मासु द्रविणं धेहि चित्रम् । उपयाम गृहीतोषि बृहस्पतये त्वैष ते योनिर्बृहस्पतये त्वा ॥३॥

हे धर्ममा नाम कमाएका बृहस्पतिदेवता ! ज्ञानी मानिसबाट सम्मानित, मानिसहरूमध्ये तेजस्वी कर्मको फलका रूपमा देखा पर्ने, देदीप्यमान सर्वोत्तम तथा अलौकिक ऐश्वर्य हामीलाई प्रदान गर । तिमी राष्ट्रका निर्धारित नियमहरूद्वारा ग्रहण गरिएका छौ, यो पद तिमीलाई नै योग्य रहेको छ । त्यसो हुनाले हामी सबैले बृहस्पति पदका लागि तिमीलाई नै रोजेका छौँ ।

इन्द्र गोमन्निहा याहि पिबा सोमᳪ शतक्रतो । विद्यद्भिर्ग्रावभिः सुतम् । उपयामगृहीतोसीन्द्राय त्वा गोमतऽ एष ते योनिरिन्द्राय त्वा गोमते ॥४॥

हे सयौँ यज्ञ गरेर शतक्रतु र गाईरूपी इन्द्रियहरूको रक्षा गरेर गोमत् नाम प्राप्त गर्ने इन्द्रदेवता ! तिमी यस यज्ञमा आऊ र उचित किसिमले ढुङ्गाले पेलेर तयार पारेको सोमरस पान गर । हे सोम ! तिमीलाई पवित्र कलशमा गाईका रक्षक इन्द्रदेवताको प्रसन्नताका लागि एकत्रित गर्दछौँ । तिमीलाई यस स्थानमा तेजस्वी इन्द्रदेवताको खुसीयालीका लागि प्रतिष्ठित गराउँछौ ।

इन्द्रा याहि वृत्रहन्पिबा सोमᳪ शतक्रतो । गोमद्भिर्ग्रावभिः सुतम् । उपयामगृहीतोसीन्द्राय त्वा गोमतऽ एष ते योनिरिन्द्राय त्वा गोमते ॥५॥

हे वृत्रवध गर्ने र सयौँ यज्ञ आदि असल कर्म सम्पन्न गरेर शतक्रतु नाम प्राप्त गर्ने इन्द्रदेवता ! तिमी यस यज्ञमा आएर ढुङ्गाले पेलेर निकालिएको, गाईको दुध मिसाइएको सोमरस पान गर । हे सोम ! हामी तिमीलाई उपयाम नामका पात्रमा एकत्र गरेर तेजस्वी देवताहरूका लागि प्रदान गर्दै तिमीलाई प्रतिष्ठित गराउँछौँ ।

ऋतावानं वैश्वानरमृतस्य ज्योतिषस्पतिम् । अजस्रं घर्ममीमहे । उपयामगृहीतोसि वैश्वानराय त्वैष ते योनिर्वैश्वानराय त्वा ॥६॥

ईश्वरका रूप, कहिल्यै नष्ट नहुने, तेजराशिका रूप, प्रकाशवान्, सबै प्राणीका हितैषि, विश्वका मार्गदर्शक अग्निदेवतालाई हामी स्तोताहरू स्तुति गर्दछौँ । उनी उपयाम नामका पात्रमा प्रतिष्ठित होऊन् । वैश्वानर नामले लोकको कल्याण गर्ने अग्निदेवतालाई प्रसन्न गराउनका लागि हामी यो स्थान ग्रहण गर्दछौँ र यही उनलाई प्रतिष्ठित गराउँछौँ ।

वैश्वानरस्य सुमतौ स्याम राजा हि कं भुवनानामभिश्रीः । इतो जातो विश्वमिदं वि चष्टे वैश्वानरो यतते सूर्येण । उपयामगृहीतासि वैश्वानराय त्वैष ते योनिर्वैश्वानराय त्वा ॥७॥

हामी वैश्वानर अग्निदेवतालाई बढी प्रसन्न गर्न सकौँ । उनी उपयाम नामका पात्रमा प्रतिष्ठित होऊन् । यो पृथ्वी नै उनको जन्मस्थल हो । लोकको कल्याण गर्ने अग्निदेवतालाई प्रसन्न गराउनका लागि हामी यसै स्थानमा प्रतिष्ठित गराउँछौँ । सम्पूर्ण संसारका पोषक र सबैका द्रष्टा हुनाले उनी राजाभैँ सामर्थ्यवान् र सूर्यभैँ उपयाम पात्रमा स्थापित गराउँछौँ ।

वैश्वानरो नऽ ऊतयऽ आ प्र यातु परावतः । अग्निरुक्थेन वाहसा । उपयामगृहीतोसि वैश्वानराय त्वैष ते योनिर्वैश्वानराय त्वा ॥८॥

सम्पूर्ण संसारका हितैषि वैश्वानर अग्निदेवता स्तोत्ररूपी वाहनमा दिव्यलोकबाट यहाँ आएर हाम्रो सुरक्षा गरुन् । उनी उपयाम नामका पात्रमा प्रतिष्ठित होऊन् । यो पृथ्वी नै उनको जन्मस्थल हो । वैश्वानर नामले लोकको कल्याण गर्ने अग्निदेवतालाई प्रसन्न गराउनका लागि हामी यसै स्थानमा प्रतिष्ठित गराउँछौँ ।

अग्निर्ऋषिः पवमानः पाञ्चजन्यः पुरोहितः । तमीमहे महागयम् । उपयामगृहीतोस्यग्नये त्वा वर्चसऽ एष ते योनिरग्नये त्वा वर्चसे ॥९॥

समाजका पाँचै वर्णका सबै किसिमका मानिसहरूलाई अग्निदेवताले निर्मल गराउँछन् । उनले निर्मल गराएका मानिसहरू मन्त्रद्रष्टा ऋषि अथवा लोकहितमा अगुवा रहेका पुरोहितजस्तै हुन्छन् । उनै महान् स्तुत्य अग्निदेवतालाई हामी स्तुति गर्दछौँ । उनी आएर उपयाम नामका पात्रमा प्रतिष्ठित होऊन् । उनको आवास केन्द्र यही हो । तेजस्वी अग्निदेवतारूपी परमात्मालाई प्रसन्न गर्नका लागि हामी यस ठाउँमा प्रतिष्ठित गराउँछौँ ।

महाँ२ऽ इन्द्रो वज्रहस्तः षोडशी शर्म यच्छतु । हन्तु पाप्मानं योस्मान्द्वेष्टि । उपयामगृहीतोसि महेन्द्राय त्वैष ते योनिर्महेन्द्राय त्वा ॥१०॥

हातमा वज्र लिएका महान् इन्द्रदेवता सोह्र किसिमका कलाले पूर्ण छन्, उनैले हामीलाई सुखी बनाऊन् । उनले हामीसित द्वेष गर्ने दुष्टात्माहरूको नाश गरुन् । उनै इन्द्रदेवतालाई प्रसन्न गर्नका लागि हे अग्निदेवता ! तिमी उपयाम नामका पात्रमा स्थापित होऊ । तिमीलाई हामी यसै स्थानमा स्थापित गर्दछौँ ।

तं वो दस्ममृतीषहं वसोर्मन्दानमन्धसः । अभि वत्सं न स्वसरेषु धेनवऽ इन्द्रं गीर्भिर्नवामहे ॥११॥

हे यजमानहरू हो ! गाईहरू कराउँदै स्नेहपूर्वक आफ्ना बाछाका छेउमा गएर बोलाएझैँ सबै खालका सम्पदाहरूले युक्त, सबैका दर्शनीय, सबैलाई आवास प्रदान गर्ने, अन्न आदि पदार्थले सन्तुष्ट गराउने उनै इन्द्रदेवतालाई दिव्य वाणीले भावविह्वल भएर हामी प्रार्थना गरौँ ।

यद्वाहिष्ठं तदग्नये बृहदर्च विभावसो । महिषीव त्वद्रयिस्त्वद्वाजाऽ उदीरते ॥१२॥

हे उद्गाताहरू हो ! तिमीहरू बृहत् सामका स्तुतिहरू गाओ र अभीष्ट प्रदान गर्ने खालका, तेजरूपी उनै अग्निदेवतालाई स्तुति गर । ती अग्निदेवता महारानीजस्तो भएर सम्पत्ति र पोषक अन्न आदि प्रदान गर्न समर्थ छन् ।

एह्यू षु ब्रवाणि तेग्नऽ इत्थेतरा गिरः । एभिर्वर्धासऽ इन्दुभिः ॥१३॥

सोम आदि पोषक रसहरूले विस्तृत हुने गरेका हे अग्निदेवता ! तिमी स्वाभाविक रूपले यस यज्ञस्थलमा आऊ । हामी भावप्रवण स्तोत्रले तिमीलाई प्रार्थना गर्दछौँ ।

ऋतवस्ते यज्ञं वि तन्वन्तु मासा रक्षन्तु ते हविः । संवत्सरस्ते यज्ञं दधातु नः प्रजां च परिपातुः नः ॥१४॥

हे देवताहरू हो ! सबै ऋतुहरू यज्ञको विस्तारका लागि अनुकूल होऊन् । सबै महिनाहरूले हविको रक्षा गरुन् । संवत्सरले यज्ञलाई धारण गरुन्, त्यसो भएपछि हामीले हाम्रा आफन्तहरूलाई राम्रारी पालनपोषण गर्न सकौँ ।

उपह्वरे गिरीणाथं सङ्गमे च नदीनाम् । धिया विप्रो अजायत् ॥१५॥

पर्वतका उपत्यका, पहाडी गुफाकन्दरा र नदीका किनारमा, सङ्गमस्थलहरूमा ध्यान गर्नाले विप्रहरूको ज्ञानशक्ति जागृत भइरहेको छ ।

उच्चा ते जातमन्धसो दिवि षद्भूम्या ददे । उग्रथं शर्म महि श्रवः ॥१६॥

हे सोमदेवता ! तिम्रा पोषक रसको जन्म द्युलोकमा भयो । त्यहाँ प्राप्त हुने हितकारी सुख र महान् अन्न हामी पृथ्वीमा प्राप्त गर्दछौँ ।

स नऽ इन्द्राय यज्यवे वरुणाय मरुद्भ्यः । वरिवोवित्परि स्रव ॥१७॥

हामीलाई ऐश्वर्यशाली बनाउने हे सोमदेवता ! हामी इन्द्र, मरुत्गण र वरुणदेवताका लागि यज्ञ गर्दछौँ, उनैका निम्ति तिमी राम्ररी झरिदेऊ ।

एना विश्वान्यर्यऽ आ द्युम्नानि मानुषाणाम् । सिषासन्तो वनामहे ॥१८॥

हे विश्वका स्वामी ! मानिसलाई सर्वश्रेष्ठ सम्पदा प्रदान गर, त्यसो गरेपछि उनीहरूले सेवाको भावनाका साथ सुख प्राप्त गर्न सकून् ।

अनु वीरैरनु पुष्यास्म गोभिरन्वश्वैरनु सर्वेण पुष्टैः । अनु द्विपदानु चतुष्पदा वयं देवा नो यज्ञमृतुथा नयन्तु ॥१९॥

हाम्रा पुत्रहरू वीर होऊन् । गाई, अश्व, सेवक र सबै किसिमका अन्य पशुहरूले हामी समृद्ध बन्नका लागि दिव्य शक्तिले हाम्रा यस यज्ञलाई ऋतुअनुसार सम्पन्न गराऊन् ।

अग्ने पत्नीरिहा वह देवानामुशतीरुप । त्वष्टारथं सोमपीतये ॥२०॥

हे अग्निदेवता ! आउन रहर गर्ने देवपत्नीहरूलाई यहाँ लिएर आऊ र त्वष्टादेवतालाई पनि सोमपानका लागि बोलाऊ ।

अभि यज्ञं गृणीहि नो ग्नावो नेष्टः पिब ऋतुना । त्वथं हि रत्नधाऽ असि ॥२१॥

हे त्वष्टादेवता ! पत्नीका साथ रहेर यस यज्ञको प्रशंसा गर । यज्ञमा बसेर ऋतुसुहाउँदो सोमरस पान गर । तिमी निश्चय नै रत्नहरू प्रदान गर्दछौ ।

द्रविणोदाः पिपीषति जुहोत प्र च तिष्ठत । नेष्ट्रादृतुभिरिष्यत ॥२२॥

धन प्रदान गर्ने अग्निदेवताले नेष्टा नामका पात्रबाट ऋतुअनुसारको सोमरस पिउने इच्छा गरेका छन् । त्यसैले हे याजकहरू ! तिमीहरू त्यहाँ गएर यज्ञ गर र फेरि आफ्ना निवास स्थानतर्फ प्रस्थान गर ।

तवायथं सोमस्त्वमेह्यर्वाङ् शश्वत्तमथं सुमनाऽ अस्य पाहि । अस्मिन्यज्ञे बर्हिष्या निषद्या दधिष्वेमं जठरऽ इन्दुमिन्द्र ॥२३॥

हे इन्द्रदेवता ! यो सोमरस तिम्रै लागि हो । हामीतिर तिमी फर्क र खुसी मनले सोमरस पान गर । हाम्रा यज्ञमा कुशका आसनमा बसेर सोम आफ्ना पेटमा पुऱ्याऊ ।

अमेव नः सुहवाऽ आ हि गन्तन नि बर्हिषि सदतना रणिष्टन । अथा मदस्व जुजुषाणो अन्धसस्त्वष्टर्देवेभिर्जनिभिः सुमद्गणः ॥२४॥

हे आह्वानमा ध्यान दिने देवपत्नीहरू हो ! तिमीहरू सबैको आफ्नै घरजस्तो हाम्रा यस यज्ञमण्डपमा आओ र कुशका आसनमा प्रसन्नतापूर्वक बस । हे त्वष्टादेवता ! तिमी देवपत्नीहरूका साथमा हविष्यान्न ग्रहण गर्दै आनन्दित होऊ ।

स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ॥२५॥

हे सोमदेवता ! इन्द्रदेवताले पान गर्नका लागि तिमीलाई निकालिएका हुनाले अत्यन्त स्वादिष्ट, हर्षप्रदायक धाराका रूपमा प्रवाहित होऊ ।

रक्षोहा विश्वचर्षणिरभि योनिमयोहते । द्रुणा सधस्थमासदत् ॥२६॥

दुष्ट नाश गर्ने, मानिसका लागि हितकारी सोमदेव शुद्ध भएर सुनको पात्रमा भरिएपछि यज्ञस्थलमा प्रतिष्ठित भएका छन् ।

इति षड्विंशोऽध्यायः

छब्बीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ सप्तविंशोऽध्यायः॥

॥सत्ताईसौं अध्याय॥

ऋषि— अग्नि, प्रस्कण्व, वसिष्ठ, हिरण्यगर्भ प्राजापत्य, गृतसमद, पुरुमीढ अजमीढ, प्रजापति, व्यश्व आङ्गिरस, शंयु बार्हस्पत्य, वामदेव, शंयु ।

देवता— अग्नि, सूर्य, इध्म, तनूनपात्, नराशंस, इड, बर्ही, द्वार, उषासानक्ता, दिव्य होतागण, त्रिदेवी, त्वष्टा, वनस्पति, स्वाहाकृति, वायु, प्रजापति, इन्द्र ।

छन्द— त्रिष्टुप्, विराट् त्रिष्टुप्, स्वराट् त्रिष्टुप्, स्वराट् पङ्क्ति, भुरिक् बृहती, निचृत् जगती, विराट् अनुष्टुप्, उष्णिक्, निचृत् उष्णिक्, भुरिक् उष्णिक, स्वराट् उष्णिक्, भुरिक् गायत्री, गायत्री, विराट् उष्णिक्, निचृत् त्रिष्टुप्, निचृत् गायत्री, अनुष्टुप्, स्वराट् अनुष्टुप्, निचृत् पङ्क्ति, निचृत् अनुष्टुप्, स्वराट् बृहती, पादनिचृत् गायत्री, बृहती, निचृत् अभिकृति ।

समास्त्वाग्नऽ ऋतवो वर्धयन्तु संवत्सराऽ ऋषयो यानि सत्या । सं दिव्येन दीदिहि रोचनेन विश्वाऽ आ भाहि प्रदिशश्चतस्रः ॥१॥

हे अग्निदेवता ! तिमीलाई ऋषिगणले प्रत्येक महिना, ऋतु र संवत्सरमा दिव्य मन्त्रले बढाउँछन् । यसै किसिमले तिमी आफ्नो अलौकिक तेजले देदीप्यमान भएर सम्पूण दिशा र चारै उपदिशालाई आलोकित गराऊ ।

सं चेध्यस्वाग्ने प्र च बोधयैनमुच्च तिष्ठ महते सौभगाय । मा च रिषदुपसत्ता ते अग्ने ब्रह्माणस्ते यशसः सन्तु मान्ये ॥२॥

हे अग्निदेवता ! तिमी उचित किसिमले देदीप्यमान भएर यस यजमानलाई आत्मज्ञान प्रदान गर र महान् ऐश्वर्य प्राप्त गराउन प्रयत्नशील होऊ । हे अग्निदेवता ! तिम्रो उपासना गर्ने उपासकले अमृतत्त्व प्राप्त गरोस् । तिम्रा ऋत्विक्हरू र याजकहरू कीर्तिमान होऊन् र त्यसको विपरीत आचरण गर्नेहरूले त्यस्तो केही नपाऊन् ।

त्वामग्ने वृणते ब्राह्मणाऽ इमे शिवो अग्ने संवरणे भवा नः । सपत्नहा नो अभिमातिजिच्च स्वे गये जागृह्यप्रयुच्छन् ॥३॥

हे अग्निदेवता ! यी विप्रहरू तिम्रो अर्चना गर्दै छन् । यिनीहरूले सम्मानित गरका बेला तिमी हाम्रा लागि मङ्गलकारी होऊ । हे अग्निदेवता ! तिमी विजेता हौ, हाम्रा शत्रुहरू विनाश गरिदेऊ र आफ्ना घरमा प्रमादरहित अवस्थामा रहिदेऊ ।

इहैवाग्ने अधि धारया रयिं मा त्वा नि क्रन्पूर्वचितो निकारिणः । क्षत्रमग्ने सुयममस्तु तुभ्यमुपसत्ता वर्धतां ते अनिष्टृतः ॥४॥

हे अग्निदेवता ! यी यजमानहरूको धन वृद्धि गराऊ । यज्ञाग्निलाई प्रकट गर्ने याजकहरूले तिम्रो आज्ञा उल्लङ्घन नगरुन् । क्षत्रियहरू शौर्यताले सम्पन्न हुँदै

सरलतापूर्वक तिम्रा नियन्त्रणमा रहून् । तिम्रा भक्तहरू अविनाशी भएर सम्पूर्ण समृद्धि प्राप्त गर्न सकून् ।

क्षत्रेणाग्ने स्वायुः सꣳ रभस्व मित्रेणाग्ने मित्रधेये यतस्व । सजातानां मध्यमस्थाऽ एधि राज्ञामग्ने विहव्यो दीदिहीह ॥५॥

हे महान् अग्निदेवता ! तिमी क्षत्रियहरूलाई क्षात्रधर्मको प्रेरणा प्रदान गर्दै यज्ञ सम्पन्न गराऊ । सूर्यका साथमा रहेर यज्ञ आदि सिर्जनात्मक कार्य गर्ने प्रयत्न गर । आफ्नै जातिका बीचमा रहने गरेका हे अग्निदेवता ! राजाहरूले बोलाउँदा यस यज्ञमा आएर तिमी प्रदीप्त होऊ ।

अति निहो अति स्रिधोत्यचित्तिमत्यरातिमग्ने । विश्वा ह्यग्ने दुरिता सहस्वाथास्मभ्यꣳ सहवीराꣳ रयिं दाः ॥६॥

हे अग्निदेवता ! तिमी हत्या गर्ने, खराब आचरण गर्ने, दुराचारी, मनपरी गर्ने र लोभीपापीलाई साहसका साथ सम्पूर्ण दुष्टबाट दूर गराऊ । त्यसपछि हे अग्निदेवता ! हामीलाई वीर सन्तानका साथै उत्तम धनधान्य प्रदान गर ।

अनाधृष्यो जातवेदाऽ अनिष्टृतो विराडग्ने क्षत्रभृद्दीदिहीह । विश्वाऽ आशाः प्रमुञ्चन्मानुषीर्भियः शिवेभिरद्य परि पाहि नो वृधे ॥७॥

हे अग्निदेवता ! तिमी अपराजेय, सर्वज्ञाता, अनश्वर, तेजवान् र सर्वशक्तिसम्पन्न हुनाले क्षत्रिय धर्मलाई पोषण गर्ने हौ । यी गुणहरूले सम्पन्न भएर सबै दिशालाई प्रकाशित गर । मानिसका सबै भयानक रोग र शोकहरू नष्ट गराउँदै समृद्धि प्रदान गर र शान्त भावले हामीलाई परिपालन गर ।

बृहस्पते सवितर्बोधयैनꣳ सꣳशितं चित्सन्तराꣳ सꣳशिशाधि । वर्धयैनं महते सौभगाय विश्वऽ एनमनु मदन्तु देवाः ॥८॥

हे बृहस्पतिदेवता ! हे सवितादेवता ! यी याजकहरूलाई तीव्र बुद्धि भएका बनाएर अधिक चेतनाले सम्पन्न गराओ । महान् सम्पदाहरूका निम्ति यिनीहरूलाई अघि बढाओ । विश्वेदेवताले पनि अनुकूल भएर यिनलाई हर्षित गरुन् ।

अमुत्रभूयादध यद्यमस्य बृहस्पते अभिशस्तेरमुञ्चः । प्रत्यौहतामश्विना मृत्युमस्माद्देवानामग्ने भिषजा शचीभिः ॥९॥

हे बृहस्पतिदेवता ! परलोकमा जाने भय तथा यमराजका डरबाट हामीलाई मुक्त गराऊ । हे अग्निदेवता ! यी याजकहरूका यज्ञ आदि कर्मद्वारा अश्विनीकुमार नामका देवताका वैद्यहरूले यिनका मृत्युको डर हटाइदिऊन् । यिनीहरूका जन्मजन्मान्तरको पाप मेटाइदिऊन् ।

उद्वयं तमसस्परि स्वः पश्यन्तऽ उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥१०॥

अन्धकार हटाउने श्रेष्ठतम ज्योतिलाई हामीले देखेका छौँ । उनै ज्योतिस्वरूप र देवताहरूमा उत्कृष्टतम ज्योतिर्पुञ्ज सूर्यमा हामी पुग्न सकौँ ।

ऊर्ध्वाऽ अस्य समिधो भवन्त्यूर्ध्वा शुक्रा शोचीꣳष्यग्नेः । द्युमत्तमा सुप्रतीकस्य सूनोः ॥११॥

याज्ञिकहरूले उत्पन्न गर्दाखेरि श्रेष्ठ देखिने गरेका अग्निदेवताका किरणहरू समिधाहरूबाट ऊर्ध्वतर्फ गमन गर्दछन् र शुभ प्रकाश फैलाउँदै माथितिर उठ्ने प्रेरणा दिन थाल्दछन् ।

तनूनपादसुरो विश्ववेदा देवो देवेषु देवः । पथो अनक्तु मध्वा घृतेन ॥१२॥

शरीरलाई रक्षा गर्ने प्राणवान् विश्वेदेवता र देवताहरूमा महान् अग्निदेवताले मधुर घिउको आहुतिद्वारा यज्ञलाई बढाउन् सन्मार्गमा अघि बढ्ने प्रेरणा प्रदान गरुन् ।

मध्वा यज्ञं नक्षसे प्रीणानो नराशꣳसो अग्ने । सुकृद्देवः सविता विश्ववारः ॥१३॥

दिव्य गुणले सम्पन्न आस्तिक ऋत्विक्हरूले सधैँ पूजा गर्ने हे अग्निदेवता ! श्रेष्ठ कर्मलाई सम्पादन गर्ने तेजस्वी सवितादेवतको रूपमा तिमी सम्पूर्ण जगत्का प्रियपात्र हौ । तिमी मधुर पदार्थले यज्ञलाई सम्पन्न गराउँछौ ।

अच्छायमेति शवसा घृतेनेडानो वह्निर्नमसा । अग्निꣳ स्रुचो अध्वरेषु प्रयत्सु ॥१४॥

यज्ञकर्ता यी अध्वर्युहरू विभिन्न स्तोत्रले प्रार्थना गर्दै घिउ र हविष्यान्नसहितका जुहू नामको यज्ञपात्र लिएर अग्निका नजिक जान्छन् ।

स यक्षदस्य महिमानमग्नेः स ईं मन्द्रा सुप्रयसः । वसुश्चेतिष्ठो वसुधातमश्च ॥१५॥

यी याज्ञिकहरू यज्ञको कार्यमा मग्न भएर अत्यन्त जाज्वल्यमान, उत्तम सम्पदा प्रदान गर्ने र अन्नले सुशोभित अग्निदेवतालाई आराधना गर्दछन् । तिनै याज्ञिकहरूले नै हर्षप्रद हविको आहुति प्रदान गर्दछन् ।

द्वारो देवीरन्वस्य विश्वे व्रता ददन्ते अग्नेः । उरुव्यचसो धाम्ना पत्यमानाः ॥१६॥

विशाल आकाशले युक्त, सामर्थ्यवान् दिव्य द्वाररूपी अग्निदेवतालाई हामी सङ्कल्पमा धारण गर्दछौँ र समस्त देवगणले अग्निका कर्मलाई धारण गर्दछन् ।

ते अस्य योषणे दिव्ये न योना उषासानक्ता । इमं यज्ञमवतामध्वरं नः ॥१७॥

यस यज्ञमण्डपमा उषा र नक्ता नामका अग्निका दुई दिव्य देवीहरू विद्यमान छन् । ती दिन र रातका नामले चिनिने देवीहरू हाम्रा यस श्रेष्ठ यज्ञलाई सरल रीतिले सुरक्षा गरुन् र कुण्डका मध्य भागमा अग्निदेवसँगै विराजमान होऊन् ।

दैव्या होताराऽ ऊर्ध्वमध्वरं नोग्नेर्जिह्वामभि गृणीतम् । कृणुतं नः स्विष्टिम् ॥१८॥

दिव्य गुणले युक्त दुई होताका रूपमा रहेका अग्नि र वायुदेवताले यस यज्ञलाई कुशलतापूर्वक सम्पन्न गरुन् । हाम्रो यज्ञको अग्निका लप्काहरू माथितर्फ उक्लँदै हरेक किसिमले हामीलाई उन्नति गर्ने खालका प्रेरणा प्रदान गरुन् ।

तिस्रो देवीर्बर्हिरेदथ्ंऽ सदन्त्विडा सरस्वती भारती । मही गृणाना ॥१९॥

महान् स्तुतियोग्य इडा, सरस्वती र भारती देवीहरू यज्ञशालामा आएर कुशका यस आसनमा बसून् ।

तन्नस्तुरीपमद्भुतं पुरुक्षु त्वष्ट्य सुवीर्यम् । रायस्पोषं वि ष्यतु नाभिमस्मे ॥२०॥

उनै शीघ्रगामी त्वष्टादेवताले उनको अद्‌भुत, विभिन्न रूपमा सुशोभित, पोषक ऐश्वर्यले युक्त, श्रेष्ठ वैभव हामीलाई प्रदान गरुन् ।

वनस्पतेव सृजा रराणस्त्मना देवेषु । अग्निर्हव्यथ्ंऽ शमिता सूदयाति ॥२१॥

हे वनस्पतिदेवता ! तिमी देवताको स्वरूप भएर देवताहरूलाई हविद्वारा आहुति प्रदान गर । कल्याणकारी अग्निदेवताले यो आहुति सेवन गरुन् ।

अग्ने स्वाहा कृणुहि जातवेदऽ इन्द्राय हव्यम् । विश्वे देवा हविरिदं जुषन्ताम् ॥२२॥

हे अग्निदेवता ! तिमी सर्वज्ञानसम्पन्न छौ । हाम्रो यो आहुतिलाई इन्द्रदेवताका निम्ति प्रदान गराऊ । समस्त देवताहरूले यो आहुति सेवन गरुन् ।

पीवो अन्नाँ रयिवृधः सुमेधाः श्वेतः सिषक्ति नियुतामभिश्रीः । ते वायवे समनसो वि तस्थुर्विश्वेन्नरः स्वपत्यानि चक्रुः ॥२३॥

उत्तम मेधा भएका, आफ्ना घोडाका आश्रयदाता, श्वेतवर्णका वायुदेव प्रचुर अन्नका धनी समृद्धलाई सन्तुष्ट गराउँछन् । ती नेतृत्व क्षमता भएका मानिस पनि एकै किसिमको मनले वायुदेवतालाई यज्ञले उपासना गर्दछन् । वायुदेवताले नै सुन्दर प्रजाको निर्माण गरे ।

राये नु यं जज्ञतू रोदसीमे राये देवी धिषणा धाति देवम् । अथ वायुं नियुतः सश्चत स्वा उत श्वेतं वसुधितिं निरेके ॥२४॥

वायुदेवतालाई द्यावापृथिवीले ऐश्वर्यका लागि उत्पन्न गरे, उनलाई प्रकाशस्वरुपिणी स्तुतिले धनका निमित्त धारण गर्दछिन् । ती वायुदेव अश्वमा आफ्ना धनहीन भक्तकहाँ तेजस्वी धन प्रदान गर्नका लागि जान्छन् ।

आपो ह यद् बृहतीर्विश्वमायन्गर्भं दधाना जनयन्तीरग्निम् । ततो देवानाथ्ंऽ समवर्ततासुरेकः कस्मै देवाय हविषा विधेम ॥२५॥

सृष्टिका प्रारम्भमा अप् वा जलतत्त्वले सम्पूर्ण विश्व ढाकेको थियो । त्यसले गर्भधारण गरेर महान् अग्नि र आकाश आदि उत्पन्न भए । त्यसपछि देवतामध्ये अद्वितीय प्राण उत्पत्ति भयो । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

यश्चिदापो महिना पर्यपश्यद्दक्षं दधाना जनयन्तीर्यज्ञम् । यो देवेष्वधि देवऽ एकऽ आसीत्कस्मै देवाय हविषा विधेम ॥२६॥

परमेश्वरले जलरूपी मूल क्रियाशील तत्त्वबाटै सृष्टि संरचनामा दक्षता धारण गर्ने खालको विराट् यज्ञ उत्पन्न हुँदै गरेको देखे । त्यस बेला देवताका उनी एक मात्र देवता रहेका थिए । उनी को हुन् ? हामी हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौँ ।

प्र याभिर्यासि दाश्वाꣳसमच्छा नियुद्भिर्वायविष्टये दुरोणे । नि नो रयिꣳ सुभोजसं युवस्व नि वीरं गव्यमश्व्यं च राधः ॥२७॥

हे वायु ! यज्ञमण्डपमा आहुति प्रदान गर्ने याजकका नजिकै तिमी अश्वको जस्तै तीव्र गतिमा आउँछौ, उसै किसिमले हामीलाई वीर सन्तान, गाई, अश्व आदि अपार वैभव प्रदान गर ।

आ नो नियुद्भिः शतिनीभिरध्वरꣳ सहस्रिणीभिरुप याहि यज्ञम् । वायो अस्मिन्त्सवने मादयस्व यूयं पात स्वस्तिभिः सदा नः ॥२८॥

हे वायुदेवता ! हाम्रा यस अहिंस्रक यज्ञमा तिमी आफ्ना सयौँ हजार अश्वका रथमा आऊ र सोमरस पिएर खुसी होऊ । तिमी कल्याणकारी धनले सधैँ हाम्रो रक्षा गर ।

नियुत्वान्वायवा गह्ययꣳशुक्रो अयामि ते । गन्तासि सुन्वतो गृहम् ॥२९॥

सत्कर्ममा लागेका याजकहरूतर्फ गमनशील हे वायु ! तिमी आफ्ना तीव्रगामी वाहनमा यस यज्ञस्थलमा शीघ्र आऊ । शुक्र आदि ग्रह तिमीलाई धारण गर्नका लागि तत्पर रहन्छन् ।

वायो शुक्रो अयामि ते मध्वो अग्रं दिविष्टिषु । आ याहि सोमपीतये स्पार्हो देव नियुत्वता ॥३०॥

हे वायु ! हामी निर्दोष छौँ र तिम्रा लागि यज्ञमा सर्वप्रथम सोमरस अर्पित गर्दछौँ । हे देवता ! आदर गर्न योग्य तिमी नियुत नामका अश्वमा बसेर सोमपान गर्न आऊ ।

वायुरग्रेगा यज्ञप्रीः साकं गन्मनसा यज्ञम् । शिवो नियुद्भिः शिवाभिः ॥३१॥

नेतृत्व गर्ने, यज्ञले आनन्दित हुने, मङ्गलकारी वायुदेवता आफ्ना कल्याणकारी अश्वमा आरुढ भएर पूर्ण मनोयोगपूर्वक हाम्रा यज्ञमा आऊन् ।

वायो ये ते सहस्रिणो रथासस्तेभिरा गहि । नियुत्वान्त्सोमपीतये ॥३२॥

हे वायुदेवता ! आफ्ना सयौँ घोडायुक्त हजारौँ रथबाट सोमपान गर्नका लागि आऊ ।

एकया च दशभिश्च स्वभूते द्वाभ्यामिष्टये विꣳशती च । तिसृभिश्च वहसे त्रिꣳशताच नियुद्भिर्वायविह ता विमुञ्च ॥३३॥

आफ्नै ऐश्वर्यले सुशोभित देखिने गरेका हे वायुदेवता ! तिमी एक, दुई, तीन र तिनका दस गुणा दस, बीस, तीस शक्तिशाली अश्व एवं अश्व जुटाइएका वाहनलाई यस अभीष्ट प्रयोजनका लागि छोड ।

तव वायवृतस्पते त्वष्टुर्जामातरद्भुत । अवाꣳस्या वृणीमहे ॥३४॥

सत्कर्मका पालक हे वायु ! तिमी त्वष्टाका ज्वाइँ हौ । हामी तिम्रा रक्षणसाधनको कामना गर्दछौँ ।

अभि त्वा शूर नोनुमोऽ दुग्धाइव धेनवः । ईशानमस्य जगतः स्वर्दृशमीशानमिन्द्र तस्थुषः ॥३५॥

हे शूरवीर इन्द्रदेवता ! तिमी यस स्थावर र जङ्गम संसारका स्वामी हौ । नदुहिएको गाई बाछो भेट्नका लागि लालायित भएझैँ दिव्य दृष्टिसम्पन्न तिम्रो दर्शनका लागि हामी लालायित रहन्छौँ ।

न त्वावाँ२ऽ अन्यो दिव्यो न पार्थिवो न जातो न जनिष्यते । अश्वायन्तो मघवन्निन्द्र वाजिनो गव्यन्तस्त्वा हवामहे ॥३६॥

हे ऐश्वर्यवान् इन्द्रदेवता ! यस पृथ्वीमा वा दिव्य लोकमा तिमीजस्तो अर्को न कोही छ, न थियो र न त कहिल्यै हुने नै छ । हे देवता ! अश्व, गाई र धनधान्यको कामना गर्ने हामी स्तोताहरू तिम्रो प्रार्थना गर्दछौँ ।

त्वामिद्धि हवामहे सातौ वाजस्य कारवः । त्वां वृत्रेष्विन्द्र सत्पतिं नरस्त्वां काष्ठास्वर्वतः ॥३७॥

हे इन्द्रदेवता ! हामी स्तोताहरू तिमीलाई आह्वान गर्दछौँ र अन्न प्राप्तिको इच्छा गर्दछौँ । तिमी सज्जनका रक्षक हौ । शत्रु जित्नका लागि हामी तिमीलाई आह्वान गर्दछौँ ।

स त्वं नश्चित्र वज्रहस्त धृष्णुया मह स्तवानो अद्रिवः । गामश्वꣳ रथ्यमिन्द्र सं किर सत्रा वाजं न जिग्युषे ॥३८॥

हे अद्भुत कार्य गर्ने, वज्रधारी इन्द्रदेवता ! तिमी आफ्नो पराक्रम र आत्मतेजका कारण सबैबाट स्तुत्य भएका छौ । हामीलाई गाई तथा अश्वसहित रथ प्रदान गर । युद्ध जित्नका लागि घोडालाई अन्न आदि खुवाएर बलियो बनाएझैँ हामीलाई पनि तिमी बलिष्ठ बनाऊ ।

कया नश्चित्रऽ आ भुवदूती सदावृधः सखा । कया शचिष्ठया वृता ॥३९॥

निरन्तर गतिशील हे इन्द्रदेवता ! तिमी कुनकुन तृप्तिकारक पदार्थ अर्पण गर्दा र कस्ता पूजाविधिले प्रसन्न हुन्छौ ? तिमी कुन दिव्य शक्तिका सहायताले हाम्रो सहयोग गर्छौ ?

कस्त्वा सत्यो मदानां मꣳहिष्ठो मत्सदन्धसः । दृढहा चिदारुजे वसु ॥४०॥

सत्यनिष्ठलाई आनन्द प्रदान गर्नेहरूमा सोम सर्वोपरि छ, किनकि हे इन्द्रदेवता ! तिमी डराउँदा शत्रुको ऐश्वर्य नाश गर्न यसले प्रेरणा दिन्छ ।

अभी षु णः सखीनामविता जरितॄणाम् । शतं भवास्यूतये ॥४१॥

स्तुतिले प्रसन्न गर्ने आफ्ना मित्रका रक्षक हे इन्द्रदेवता ! हरेक किसिमले हाम्रो रक्षा गर्नका लागि तिमी उच्च कोटिको तयारीका साथ प्रस्तुत होऊ ।

यज्ञा यज्ञा वो अग्नये गिरागिरा च दक्षसे । प्रप्र वयममृतं जातवेदसं प्रियं मित्रं न शꣳसिषम् ॥४२॥

सर्वज्ञ, अमर, हितकारी, मित्रजस्ता अग्निदेवतालाई हामी प्रशंसा गर्दछौँ । हे उद्गाताहरू हो ! प्रत्येक स्तुति र यज्ञको आयोजनामा उनै बलशाली अग्निदेवतालाई स्तुति गर ।

पाहि नो अग्नऽ एकया पाह्युत द्वितीयया । पाहि गीर्भिस्तिसृभिरूर्जाम्पते पाहि चतसृभिर्वसो ॥४३॥

सबैलाई स्थापित गर्ने हे अग्निदेवता ! पहिलो स्तुतिले रक्षा गर, दोस्रो स्तुतिले अभय प्रदान गर र तेस्रो स्तुतिले संरक्षण प्रदान गर । हे ऊर्जाका स्वामी ! तिमी चौथो स्तुतिले हामी सबैको पालन गर ।

उर्जो नपातथ्ं स हिनायमस्म्युर्दाशेम हव्यदातये । भुवद्वाजेष्ववितां भुवद्वृधऽ उत त्राता तनूनाम् ॥४४॥

हे अध्वर्युहरू हो ! तिमीहरू शौर्यका रक्षक अग्निदेवतालाई सन्तुष्ट गराओ । यिनले हाम्रो शरीर, पत्नी र बालबच्चाको रक्षा गर्दछन् र हाम्रा कामना पूरा गराउँछन् । जीवनमा उन्नति गर्ने कामना गर्दै हामी उनलाई आहुति प्रदान गर्दछौं ।

संवत्सरोसि परिवत्सरोसीदावत्सरोसीद्वत्सरोऽसि वत्सरोसि । उषसस्ते कल्पन्तामहोरात्रास्ते कल्पन्तामर्धमासास्ते कल्पन्तां मासास्ते कल्पन्तामृतवस्ते कल्पन्ताथ्ं संवत्सरस्ते कल्पताम् । प्रेत्याऽ एत्यै सं चाञ्च प्र च सारय । सुपर्णचिदसि तया देवतयाङ्गिरस्वद् ध्रुवः सीद ॥४५॥

हे अग्निदेवता ! तिमी सवत्सर, परिसंवत्सर, इदावत्सर, इद्वत्सर र वत्सर हौ । तिम्रा लागि उषा दिन रात, कृष्णपक्ष, शुक्लपक्ष, महिना, ऋतु र वर्ष सुसम्पन्न होऊन् । तिमी हाम्रो प्रगतिका लागि आफ्ना शक्तिहरूलाई सङ्ग्रह र विस्तार गर्दछौ । तिमी ता दिव्य शक्तिका साथमा मिलेर प्राणवायुजस्तै दृढ तथा स्थिर भइराख ।

इति सप्तविंशोऽध्यायः

सत्ताईसौं अध्याय सकियो

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ अष्टाविंशोऽध्यायः॥

॥अट्ठाईसौं अध्याय॥

ऋषि– प्रजापति, अश्विनीकुमार, सरस्वती, स्वस्त्य आत्रेय ।

देवता– इध्म, तनूनपात्, इह, बर्ही, द्वार, उषासानक्ता, दिव्य होता, त्रिदेवी, त्वष्टा, वनस्पति, स्वाहाकृति, द्यावापृथिवी, अहोरात्र, इन्द्र, वैदिक यन्त्रालय, पार्थिवाग्नि, यज्ञ, यूप, स्विष्टकृत् अग्नि, लिङ्गोक्त, समित्, नराशंस, स्विष्टकृत् ।

छन्द– निचृत् त्रिष्टुप्, निचृत् अतिजगती, स्वराट् पङ्क्ति, त्रिष्टुप्, जगती, निचृत् जगती, स्वराट् अतिजगती, निचृत् शक्वरी, भुरिक् शक्वरी, भुरिक् अतिजगती, भुरिक् आकृति, भुरिक् जगती, अतिजगती, कृति, निचृत् अतिशक्वरी, स्वराट् जगती, स्वराट् शक्वरी, निचृत् अतयष्टि, अतिशक्वरी, भुरिक् त्रिष्टुप्, आकृति ।

होता यक्षत्समिधेन्द्रमिडस्पदे नाभा पृथिव्याऽ अधि । दिवो वर्ष्मन्त्समिध्यतऽ ओजिष्ठश्चर्षणीसहां वेत्वाज्यस्य होतर्यज ॥१॥

दिव्य याज्ञिकहरूले समिधाद्वारा इन्द्रदेवताका लागि यज्ञ गरेका छन् । यस्तो प्रकृति चक्ररूपी विराट् यज्ञमा अग्निदेवता धर्तीमा यज्ञाग्निका रूपमा, मध्य स्थान अन्तरिक्षमा विद्युत्का रूपमा र माथिल्लो स्वर्गलोकमा सूर्यका रूपमा आलोक विस्तार गरिरहेका छन् । श्रेष्ठ विजेता, ओजस्वी इन्द्रदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्तनूनपातमूतिभिर्जेतारमपराजितम् । इन्द्रं देवꣳ स्वर्विदं पथिभिर्मधुमत्तमैर्नराशꣳसेन तेजसा वेत्वाज्यस्य होतर्यज ॥२॥

महान् तेजस्वी, मानिसहरूद्वारा प्रशंसित, शरीरका रक्षक, शत्रुबाट पराजित नहुने, शत्रुका विजेता, सबैका विषयमा जान्ने इन्द्रदेवताका लागि दिव्य होताहरूले आफ्नो हर्षप्रदायक तथा सुमधुर आहुतिद्वारा यज्ञ गरे । इन्द्रदेवताले उसै किसिमले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षदिडाभिरिन्द्रमीडितमाजुह्वानममर्त्यम् । देवो देवैः सवीर्यो वज्रहस्तः पुरन्दरो वेत्वाज्यस्य होतर्यज ॥३॥

वेदमन्त्रका मधुर स्तोत्रले स्तुति गरिने, देवताहरूका उपासक, अविनाशी इन्द्रदेवताका लागि महान् याज्ञिकहरूले यज्ञ गरे । दिव्य गुणले सम्पन्न, शत्रुको सहर ध्वस्त पार्ने, वज्रधारी देवताका राजा इन्द्र हव्यपान गरेर सन्तुष्ट होऊन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षद्बर्हिषीन्द्रं निषद्वरं वृषभं नर्यापसम् । वसुभी रुद्रैरादित्यैः सयुग्भिर्बर्हिरासदद्वेत्वाज्यस्य होतर्यज ॥४॥

धनको वर्षा गराउने, याज्ञिकहरूका हितैषि इन्द्रदेवतालाई कुशका आसनमा आरुढ गराएर होताहरूले यज्ञ गरे । एक समानका कार्य गर्ने वसुहरू, रुद्रहरू र आदित्यहरूका साथमा कुशका आसनमा बसेर उनले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षदोजो न वीर्यथं॑ सहो द्वारऽ इन्द्रमवर्धयन् । सुप्रायणाऽ अस्मिन्यज्ञे वि श्रयन्तामृतावृधो द्वारऽ इन्द्राय मीढुषे व्यन्त्वाज्यस्य होतर्यज ॥५॥

महान् याज्ञिकहरूले इन्द्रदेवताका निम्ति यज्ञ गरे र द्वारका देवताहरूले उनीभित्र ओज, वीर्य र मनोबल बढाए । सरलताले जान्न योग्य र यज्ञलाई वृद्धि गराउने द्वारहरू अभीष्टको वर्षा गराउने इन्द्रदेवताका लागि खुलून् । उनी यस यज्ञमा आएर हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षदुषे इन्द्रस्य धेनू सुदुघे मातरा मही । सवातरौ न तेजसा वत्समिन्द्रमवर्धतां वीतामाज्यस्य होतर्यज ॥६॥

महान् होताहरूले इन्द्रदेवताका आमाजस्ता, उत्तम दुध दिने दुई गाईजस्ता पृथ्वी र उषाको यजन गरे । त्यसपछि उनीहरूले तेजद्वारा इन्द्रदेवतालाई संवर्धित गराए । दुई वटा गाईहरूले आआफ्ना बाछालाई माया गर्दै तिनलाई बलियो बनाएझैं ती दुवैबाट यज्ञका प्रभावले हव्यरूपी पोषण प्राप्त गर्दै उनी परिपुष्ट होऊन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षद्दैव्या होतारा भिषजा सखाया हविषेन्द्रं भिषज्यतः । कवी देवौ प्रचेतसाविन्द्राय धत्तऽ इन्द्रियं वीतामाज्यस्य होतर्यज ॥७॥

महान् दिव्य होताहरूले चिकित्सक, मित्ररूपका, महान् गुणले सम्पन्न, उत्कृष्ट ज्ञानवान्, देवगणका वैद्य दुवै अश्विनीकुमारका लागि यज्ञ गरे । ती दुवैले इन्द्रदेवताको चिकित्सा गरेर उनलाई आरोग्य लाभ गराउँदै हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्तिस्रो देवीर्न भेषजं त्रयस्त्रिधातवोऽ पसऽ इडा सरस्वती भारती महीः । इन्द्रपत्नीर्हविष्मतीर्व्यन्त्वाज्यस्य होतर्यज ॥८॥

महान् होताहरूले तीनै लोकमा अग्नि, वायु, सूर्य यी तीनैलाई धारण गरेका, जाडो, गर्मी, वर्षा र वायु आदिको व्यवस्था गर्ने इन्द्रदेवतालाई पालनपोषण गर्ने, औषधिले युक्त आहुतिद्वारा इडा, सरस्वती र भारती यी तीनै देवीका लागि यज्ञ गरे । उनीहरू हव्यपान गरेर सन्तुष्ट होऊन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्त्वष्टारमिन्द्रं देवं भिषजथं॑ सुयजं घृतश्रियम् । पुरुरूपथं॑ सुरेतसं मघोनमिन्द्राय त्वष्टा दधदिन्द्रियाणि वेत्वाज्यस्य होतर्यज ॥९॥

महान् ऐश्वर्यवान्, दानदाता, रोगनाशक, श्रेष्ठ याज्ञिक, स्नेही, धनसम्पन्न, विविधरूप धारक, श्रेष्ठ शक्तिले सम्पन्न, त्वष्टादेवतालाई होताहरूले यज्ञ गरे । त्यसपछि

त्वष्टादेवताले इन्द्रदेवताका लागि अनेकौं किसिमका शक्तिहरू प्रदान गरे । उनले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षद्वनस्पतिᳫं शमितारᳫं शतक्रतुं धियो जोष्टारमिन्द्रियम् । मध्वा समञ्जन्पथिभिः सुगेभिः स्वदाति यज्ञं मधुना घृतेन वेत्वाज्यस्य होतर्यज ॥१०॥

दिव्य होताहरूले शान्तिका स्थापक, धेरै किसिमका कार्य गर्ने, विचारपूर्वक कार्य गर्ने, इन्द्रदेवताका हितैषि वनस्पतिदेवतालाई यजन गरे र मधुर घिउ आदिले युक्त यज्ञ सम्पन्न गर्दै सुगम मार्गबाट देवतासम्म यज्ञको भाग पुऱ्याए । उनीहरूले मधुर घिउसहितको हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षदिन्द्रᳫं स्वाहाज्यस्य स्वाहा मेदसः स्वाहा स्तोकानाᳫं स्वाहा स्वाहाकृतीनाᳫं स्वाहा हव्यसूक्तीनाम् । स्वाहा देवाऽ आज्यपा जुषाणाऽ इन्द्रऽ आज्यस्य व्यन्तु होतर्यज ॥११॥

दिव्य होताहरूले घिउको आहुतिले, चिल्लो पदार्थले, सोमरसले, स्वाहा शब्दले युक्त हविले र तिनीहरूसित सम्बन्धित श्रेष्ठ मन्त्रले इन्द्रदेवताका निम्ति यज्ञ सम्पन्न गरे । स्वाहाको उच्चारण गर्दा हर्षित भएर हव्यपान गर्ने देवता र इन्द्रदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवं बर्हिरिन्द्रᳫं सुदेवं देवैर्वीरवत्स्तीर्णं वेद्यामवर्धयत् । वस्तोर्वृतं प्राक्तोर्भृतᳫं राया बर्हिष्मतोत्यगाद्वसुवने वसुधेयस्य वेतु यज ॥१२॥

दिउँसो काटिँदा पनि रातका समयमा वेदीरूपी आफ्ना कार्यक्षेत्रमा विस्तार पाउने, वीरको जस्तै गरी आफ्नै संस्कारले परिस्थितिलाई अतिक्रमण गर्ने, इन्द्र, मरुत् आदि देवताहरूको विकास गराउने कुश आदिका अधिष्ठाता बर्हिदेवताले हव्यपान गरुन् । हे कुश लिएका होताहरू हो ! ऐश्वर्य प्राप्ति गरेर धारण गर्नका लागि तिमीहरू पनि उनैको यज्ञ गर ।

देवीर्द्वारऽ इन्द्रᳫं सङ्घाते वीड्वीर्यामन्नवर्धयन् । आ वत्सेन तरुणेन कुमारेण च मीवतापार्वाणᳫं रेणुककाटं नुदन्तां वसुवने वसुधेयस्य व्यन्तु यज ॥१३॥

सामूहिक रूपमा ढोकाचौकोस आदिक रूपमा व्याप्त भएर रहका दिय शक्तिहरूले आआफ्ना कर्मले इन्द्रदेवतालाई वृद्धि प्रदान गरे । इन्द्रदेवताले बाल अवस्था वा तरुण अवस्थामा हुने हानीकारक तत्त्वलाई अगाडि बढ्नबाट रोकून् र धुलो भरिएको बादल हटाऊन् । उनैले ऐश्वर्य प्रदान गरेर ती दिव्य शक्ति यजमानका घरमा रहनका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवी उषासानक्तेन्द्रं यज्ञे प्रयत्यह्वेताम् । दैवीर्विशः प्रायासिष्टᳫं सुप्रीते सुधिते वसुवने वसुधेयस्य वीतां यज ॥१४॥

सधैँ प्रेमपूर्वक रहने, श्रेष्ठ हितैषि उषा र रात्रिदेवीले यज्ञद्वारा इन्द्रदेवतालाई समृद्ध गराऊन्, वसु, रुद्र आदि महान् दिव्य प्रजाहरूलाई हरसमय प्रेरित गरुन् । उनले याज्ञिकलाई ऐश्वर्य प्राप्त गराउन र स्थिरता प्रदान गर्नका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवी जोष्ट्री वसुधिती देवमिन्द्रमवर्धताम् । अयाव्यन्याघा द्वेषाᳬसि स्यान्या वक्षद्वसु वार्याणि यजमानाय शिक्षिते वसुवने वसुधेयस्य वीतां यज ॥१५॥

सधैँ प्रेमपूर्वक रहने, ज्ञानसम्पन्न, ऐश्वर्य धारण गर्ने, अहोरात्रकी देवीले इन्द्रदेवताको वृद्धि गराउँदै पहिले यजमानहरूको पापरूपी खराब भाग्यलाई पन्छाउँछिन् अनि त्यसपछि उनले ग्रहण गर्न योग्य ऐश्वर्य प्रदान गर्दछिन् । उनले यजमानलाई धन प्राप्ति होस् भन्नका लागि र स्थिरताका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवी ऊर्जाहुती दुघे सुदुघे पयसेन्द्र मवर्धताम् । इषमूर्जमन्या वक्षत्सग्धिᳬसपीतिमन्या नवेन पूर्वं दयमाने पुराणेन नवमधातामूर्जमूर्जाहुती ऊर्जयमाने वसु वार्याणि यजमानाय शिक्षिते वसुवने वसुधेयस्य वीतां यज ॥१६॥

अन्न, जल र कामनारूपी दुधसहितका दुवै देवीहरले इन्द्रदेवतालाई वृद्धि प्रदान गरे । दुवैले अन्न र जलरूपी शक्ति ग्रहण गरेका हुन्छन् । दयायुक्त, रसलाई वृद्धि गराउने, तत्त्वको ज्ञान भएका, नयाँ अन्नबाट पुरानो र पुरानोबाट नयाँ अन्न धारण गर्दै यजमानका लागि महान् ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर गराउनका लागि उनले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवा दैव्या होतारा देवमिन्द्रमवर्धताम् । हताघशᳬसावाभार्ष्टां वसु वार्याणि यजमानाय शिक्षितौ वसुवने वसुधेयस्य वीतां यज ॥१७॥

दुष्कर्मलाई दण्ड दिने, दुष्टता नाश गरेर देवत्वलाई वृद्धि गराउने, दिव्य होतारूपी दुवै देवीहरूले इन्द्रदेवतालाई वृद्धि प्रदान गरे र यजमानलाई वाञ्छित फल प्रदान गरे । उनीहरू दुवै यजमानका लागि धन प्राप्ति गराउन र त्यसलाई स्थिरता प्रदान गर्नका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवीस्तिस्रस्तिस्रो देवीः पतिमिन्द्रमवर्धयन् । अस्पृक्षद्भारती दिवᳬरुद्रैर्यज्ञᳬसरस्वतीडा वसुमती गृहान् वसुवने वसुधेयस्य व्यन्तु यज ॥१८॥

तीनै वटी देवीहरूले इन्द्रदेवतालाई संवर्द्धन गरे । यिनीहरूमध्ये भारतीले दिव्यलोकलाई, रुद्रकी सहचारिणी सरस्वतीले यज्ञलाई र धनले सम्पन्न इडाले भूलोकलाई स्पर्श गरेका छन् । तीनै देवीहरूले याजकलाई ऐश्वर्य प्राप्त गराउन र त्यस ऐश्वर्यलाई स्थिरता प्रदान गर्न का लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवऽ इन्द्रो नराशᳬसस्त्रिवरूथस्त्रिबन्धुरो देवमिन्द्रमवर्धयत् । शतेन शितिपृष्ठानामाहितः सहस्रेण प्रवर्त्तते मित्रावरुणेदस्य होत्रमर्हतो बृहस्पतिः स्तोत्रमश्विनाध्वर्यवं वसुवने वसुधेयस्य वेतु यज ॥१९॥

धेरै प्रशंसा पाउने, तीनै लोकका स्वामी, ऋक्, यजुष, सामवेदका ऋचाहरूले युक्त यज्ञदेवताले इन्द्रदेवतालाई वृद्धि प्रदान गरे । उनी कालो पिठ्युँ भएका हजारौँ मेघरूपी गाईहरूले सुशोभित हुन्छन् । यस यज्ञका होता कर्मशील वरुण हुन्, स्तोता बृहस्पति हुन् र अध्वर्यु दुवै अश्विनीकुमारहरू हुन् । इन्द्रदेवताले याजकलाई ऐश्वर्य प्राप्त गराउन

र त्यस ऐश्वर्यको स्थिरताका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवो देवैर्वनस्पतिर्हिरण्यपर्णो मधुशाखः सुपिप्पलो देवमिन्द्रमवर्धयत् । दिवमग्रेणास्पृक्षदान्तरिक्षं पृथिवीमदृꣳहीद्वसुवने वसुधेयस्य वेतु यज ॥२०॥

सुनौला पातले, मौरी भरिएका हाँगाहरूले, स्वादिला फलहरूले सम्पन्न वनस्पतिदेवताले देवगणका साथमा इन्द्रेदवताको तेजस्विता अभिवृद्धि गराए । त्यस्ता वनस्पतिदेवता आफ्ना अघिल्ला भागले आकाशलाई र जराले धर्तीलाई स्पर्श गर्दै ब्रह्माण्डका विश्वमा व्याप्त छन् । त्यस्ता देवताले याजकलाई धन प्राप्त गर्न र त्यस धनको सुरक्षा एवं स्थिरताका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवं बर्हिर्वारितीनां देवमिन्द्रमवर्धयत् । स्वासस्थमिन्द्रेणासन्नमन्या बर्हीꣳष्यभ्यभूद्वसुवने वसुधेयस्य वेतु यज ॥२१॥

पानीका बीचमा आलोकित, सुखपूर्वक बस्न योग्य, इन्द्रदेवताको आश्रयमा रहेका अनुयाज नामका देवताले इन्द्रदेवतालाई संवर्धित गराए । उनी आकाशमा रहेका वस्तुहरूलाई व्याप्त गराउँदै यजमानलाई ऐश्वर्य प्रदान गर्न र त्यस ऐश्वर्यलाई स्थिरता प्रदान गर्नका लागि हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

देवो अग्निः स्विष्टकृद्देवमिन्द्रमवर्धयत् । स्विष्टं कुर्वन्त्स्विष्टकृत्स्विष्टमद्य करोतु नो वसुवने वसुधेयस्य वेतु यज ॥२२॥

उचित खालका कामनाहरूलाई पूरा गराउने अग्निदेवताले इन्द्रदेवतालाई संवर्धित गराए । उनी आज श्रेष्ठ कर्म गर्दै हाम्रा लागि उत्तम फल प्रदान गरुन् र यजमानलाई ऐश्वर्य प्राप्ति गराउँदै त्यस ऐश्वर्यलाई स्थिरता प्रदान गर्न हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

अग्निमद्य होतारमवृणीतायं यजमानः पचन्पक्तीः पचन्पुरोडाशं बध्नन्निन्द्राय छागम् । सूपस्थाऽ अद्य देवो वनस्पतिरभवदिन्द्राय छागेन । अघत्तं मेदस्तः प्रति पचताग्रभीदवी वृधत्पुरोडाशेन । त्वामद्य ऋषे ॥२३॥

पाक्ने खालको चरु पकाएर, रोगनाशक दुध प्राप्त गर्नका लागि बाखा बाँधेर, यी यजमानहरूले इन्द्रदेवताका लागि आज अग्निलाई ग्रहण गरेका छन् । वनस्पतिदेवताले आज परिपक्व हवि र बाखाको दुध ग्रहण गरेर तिनै वस्तुले बनाएको पुरोडाशद्वारा इन्द्रदेवतालाई समृद्ध गराएका छन्, इन्द्रदेवताले त्यो हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्समिधानं महद्यशः सुसमिद्धं वरेण्यमग्निमिन्द्रं वयोधसम् । गायत्रीं छन्दऽ इन्द्रियं त्र्यविं गां वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥२४॥

दिव्य होताहरूले गायत्री छन्द, इन्द्रियशक्ति, त्र्यवि गाईरूपी प्रकाश, ऊर्जा र गतियुक्त किरण तथा आयु धारण गर्दै, प्रदीप्त, तेजस्वी, महान् यशस्वी, आयु बढाउने

अग्निदेवता र इन्द्रदेवताका लागि यज्ञ गरे । प्रयाजदेवता र इन्द्रदेवताले त्यो हवि पान गरुन् । उनको कृपा पाएर हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्तनूनपातमुद्भिदं यं गर्भमदितिर्दधे शुचिमिन्द्रं वयोधसम् । उष्णिहं छन्दऽ इन्द्रियं दित्यवाहं गां वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥२५॥

दिव्य होताहरूले उष्णिक् छन्द, इन्द्रियशक्ति, दित्यवाट् नामका गाईरूपी यज्ञीय प्रक्रिया सञ्चालन गर्ने किरणहरू र आयु धारण गरे । त्यसपछि अदितिले गर्भमा धारण गरेका, आयु बढाउने इन्द्रदेवताका लागि उनीहरूले यज्ञ सम्पन्न गरे । प्रयाज एवं इन्द्र आदि देवताहरूले त्यस यज्ञमा हव्यपान गरे । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षदीडेन्यमीडितं वृत्रहन्तममिडाभिरीड्यꣳ सहः सोमन्द्रिं वयोधसम् । अनुष्टुभं छन्दऽ इन्द्रियं पञ्चाविं गां वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥२६॥

दिव्य होताहरूले अनुष्टुप् छन्द, इन्द्रियशक्ति, पञ्चावि नामका गाईरूपी पञ्चमहाभूतले व्याप्त आयु धारण गरेर पोषण प्रदान गर्ने, मृत्युभन्दा पर रहेको, अमर, पवित्र आसनमा स्थापित हुने र आयु बढाउने इन्द्रदेवताका लागि उनीहरूले यज्ञ सम्पन्न गरे । प्रयाज एवं इन्द्र आदि देवताहरूले त्यस यज्ञमा हव्यपान गरे । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्सुबर्हिषं पूषण्वन्तममर्त्यꣳ सीदन्तं बर्हिषि प्रियेमृतेन्द्रं वयोधसम् । बृहतीं छन्दऽ इन्द्रियं त्रिवत्सं गां वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥२७॥

दिव्य होताहरूले बृहती छन्द, इन्द्रियशक्ति, जलचर, स्थलचर र नभचरलाई जीवन प्रदान गर्नेजस्ता तीन बाछा भएको गाईरूपी आयु धारण गरेर पोषण प्रदान गर्ने, मृत्युभन्दा पर रहेको, अमर, पवित्र आसनमा स्थापित हुने र आयु बढाउने इन्द्रदेवताका लागि उनीहरूले यज्ञ सम्पन्न गरे । प्रयाज एवं इन्द्र आदि देवताहरूले त्यस यज्ञमा हव्यपान गरे । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षद्व्यचस्वतीः सुप्रायणाऽ ऋतावृधो द्वारो देवीर्हिरण्ययीर्ब्रह्माणमिन्द्रं वयोधसम् । पङ्क्तिं छन्दऽ इहेन्द्रियं तुर्यवाहं गां वयो दधद्व्यन्त्वाज्यस्य होतर्यज ॥२८॥

दिव्य होताहरूले पङ्क्ति छन्द, इन्द्रियशक्ति, तुर्यवाट् नाम भएको गाईरूपी स्वेदज, अण्डज, उद्भिज र जरायुज यी चारै किसिमकालाई आयुरूपी पोषण प्रदान गर्ने किरण धारण गरेका सुविधायुक्त स्थानमा जानका लागि यज्ञ विस्तार गर्ने सुनौलो द्वारजस्ती देवी यज्ञाग्निका माध्यमबाट आयु बढाउने इन्द्रदेवताका लागि यज्ञ सम्पन्न गरे । प्रयाज एवं इन्द्र आदि देवताहरूले त्यस यज्ञमा हव्यपान गरे । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्सुपेशसा सुशिल्पे बृहती उभे नक्तोषासा न दर्शते विश्वमिन्द्रं वयोधसम् । त्रिष्टुभं छन्दऽ इहेन्द्रियं पष्ठवाहं गां वयो दधद्वीतामाज्यस्य होतर्यज ॥२९॥

दिव्य होताहरूले त्रिष्टुप् छन्द, इन्द्रियशक्ति, पष्ठवान् नाम भएको गाईरूपी प्रकृतिलाई पोषण दिन समर्थ आयुरूपी पोषण प्रदान गर्ने किरण धारण गरेर सुन्दर रूप-सिप

भएकी महिमाशालिनी र दर्शनीय रात्रि तथा उषाका माध्यमबाट आयु बढाउने इन्द्रदेवताका लागि यज्ञ सम्पन्न गरे । उषा र रात्रि आदि देवीहरूले त्यस यज्ञमा हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि उनैका लागि यज्ञ गर ।

होता यक्षत्प्रचेतसा देवानामुत्तमं यशो होतारा दैव्या कवी सयुजेन्द्रं वयोधसम् । जगतीं छन्दऽ इन्द्रियमनड्वाहं गां वयो दधद्वीतामाज्यस्य होतर्यज ॥३०॥

दिव्य होताहरूले जगती छन्द, इन्द्रियशक्ति, पोषणचक्रलाई गतिशील बनाउन सक्ने हुनाले गाडा तान्ने गोरुरूपी किरणहरूका साथै आयु धारण गर्दै प्रखर ज्ञानले सम्पन्न, देवताहरूमा श्रेष्ठ, यशसम्पन्न, क्रान्तदर्शी, आयुप्रदायक इन्द्रदेवतालाई दुई खालका सहयोगी होताहरूका साथमा रहेर यजन गरे । प्रयाज एवं इन्द्रदेवताले हव्यपान गरुन् । हे याजकहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ सम्पन्न गर ।

होता यक्षत्पेशस्वतीस्तिस्रो देवीर्हिरण्ययीर्भारतीर्बृहतीर्महीः पतिमिन्द्रं वयोधसम् । विराजं छन्दऽ इहेन्द्रियं धेनुं गां न वयो दधद्व्यन्त्वाज्यस्य होतर्यज ॥३१॥

दिव्य होताहरूले विराट् छन्द, इन्द्रियशक्ति, पोषणरूपी दुध दिने गाईरूपी किरणहरूका साथै आयु धारण गर्दै सौन्दर्ययुक्त, स्वर्णकान्तियुक्त, प्रखर महिमाशाली इडा, सरस्वती र भारती देवीहरूका साथ आयुप्रदायक तथा पालनकर्ता इन्द्रदेवताका निम्ति यजन गरे । एवं इन्द्र आदि देवताहरूले त्यस्ता यज्ञमा हव्यपान गरुन् । हे याजकहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ सम्पन्न गर ।

होता यक्षत्सुरेतसं त्वष्टारं पुष्टिवर्धनꣳ रूपाणि बिभ्रतं पृथक् पुष्टिमिन्द्रं वयोधसम् । द्विपदं छन्दऽ इन्द्रियमुक्षाणं गां न वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥३२॥

दिव्य होताहरूले द्विपदा छन्द, इन्द्रियशक्ति, सेचन गर्ने गाईरूपी प्राणवर्षक किरणका साथ आयु धारण गर्ने, उत्पादन शक्तिले सम्पन्न, विभिन्न प्राणीहरूलाई पोषण प्रदान गर्ने, पुष्टि धारण गर्ने त्वष्टादेवता र आयु बढाउने इन्द्रदेवतालाई यजन गरे । त्वष्टा र इन्द्रदेवताले हव्यपान गरुन् । याजकहरूले यस्ता यज्ञमा आहुति प्रदान गरुन् ।

होता यक्षद्वनस्पतिꣳ शमितारꣳ शतक्रतुꣳ हिरण्यपर्णमुक्थिनꣳ रशनां बिभ्रतं वशिं भगमिन्द्रं वयोधसम् । ककुभं छन्दऽ इहेन्द्रियं वशां वेहतं गां वयो दधद्वेत्वाज्यस्य होतर्यज ॥३३॥

दिव्य होताहरूले ककुप् छन्द, इन्द्रिय शक्ति, बाँझा र गर्भ तुहाउने गाईका रूपमा रहेका हानीकारक विकिरणले युक्त विकृतिलाई उत्पन्न हुन नदिने किरण तथा आयु धारण गर्दै हविलाई संस्कारित गराउने, अनेकौँ कर्ममा प्रयोग हुने, सुनौला पत्ता भएको, यज्ञीय सामर्थ्यले युक्त, डोरीझैँ रेसा भएको, देख्नमा अत्यन्त राम्रो, सेवन गर्न योग्य वनस्पतिहरू र आयु बढाउने इन्द्रदेवताका लागि यजन गरे । त्यस्ता यज्ञमा वनस्पति एवं इन्द्रदेवताले हवि पान गरुन् र याजकहरूले त्यस्तै यज्ञमा हवन गरुन् ।

होता यक्षत्स्वाहाकृतीरग्निं गृहपतिं पृथग्वरुणं भेषजं कविं क्षत्रमिन्द्रं वयोधसम् । अतिच्छन्दसं छन्दऽ इन्द्रियं बृहदृषभं गां वयो दधद्व्यन्त्वाज्यस्य होतर्यज ॥३४॥

दिव्य होताले अतिछन्दस् नामको छन्द, इन्द्रियशक्ति, महान् बलशाली गाईरूपी अद्भुत सामर्थ्ययुक्त किरण र आयु धारण गरेर प्रत्येक यज्ञमा वरण गर्न योग्य, औषधियुक्त, क्रान्तदर्शी स्वाहाकारयुक्त अग्नि एवं आयुवर्धक तथा रक्षक इन्द्रदेवताका लागि यजन गरे । प्रयाजदेवता र इन्द्र आदि देवताहरूले हवि पान गरुन् । यस्तै यज्ञमा याजकहरूले आहुति प्रदान गरुन् ।

देवं बर्हिर्वयोधसं देवमिन्द्रमवर्धयत् । गायत्र्या छन्दसेन्द्रियं चक्षुरिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वेतु यज ॥३५॥

बर्हिदेवताले गायत्री छन्दद्वारा नेत्रशक्ति, बल, आयु आदि इन्द्रदेवतामा स्थापित गराउँदै आयु बढाउने इन्द्रदेवताका लागि यज्ञको हवि प्रदान गरेर वृद्धि गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्न र त्यस ऐश्वर्यलाई स्थिरता प्रदान गर्नका लागि बर्हिदेवताले हवि पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यजन गर ।

देवीर्द्वारो वयोधसꣳ शुचिमिन्द्रमवर्धयन् । उष्णिहा छन्दसेन्द्रियं प्राणमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य व्यन्तु यज ॥३६॥

उष्णिक् छन्दका माध्यमबाट द्वारमा रहेका देवीहरूले प्राण, बल र आयुलाई इन्द्रदेवतामा स्थापित गराउँदै जीवनदाता इन्द्रदेवतालाई यज्ञका हविले समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यस्तो ऐश्वर्य ग्रहण गर्ने यजमानलाई स्थिरता प्रदान गर्नका लागि द्वार नामका देवीहरूले हवि पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमको यज्ञ सम्पन्न गर ।

देवी उषासानक्ता देवमिन्द्रं वयोधसं देवी देवमवर्धताम् । अनुष्टुभा छन्दसेन्द्रियं बलमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वीतां यज ॥३७॥

अनुष्टुप् छन्दले उषा र रात्रि दुवै देवीहरूले बल, इन्द्रिय र आयु इन्द्रदेवतामा स्थापित गराउँदै जीवनदाता इन्द्रदेवतालाई हविले समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिरता प्रदान गर्नका लागि उषा र रात्रिदेवीले हविलाई पान गरे । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यजन गर ।

देवी जोष्ट्री वसुधिती देवमिन्द्रं वयोधसं देवी देवमवर्धताम् । बृहत्या छन्दसेन्द्रियꣳ श्रोत्रमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वीतां यज ॥३८॥

बृहती छन्दले कान्तियुक्त, परस्परमा प्रेमभाव भएका, ऐश्वर्य धारण गरेका, दुवै अनुयाज देवीहरूले इन्द्रदेवतामा श्रवणशक्ति र आयु स्थापित गराउँदै दिव्य जीवन प्रदाता इन्द्रदेवतालाई हविले समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्न र त्यसलाई स्थिरता प्रदान गर्नका लागि ती दुवै अनुयाज देवीहरूले ऊर्जारूपी आहुतिलाई हव्यका रूपमा पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यजन गर ।

देवी ऊर्जाहुती दुघे सुदुघे पयसेन्द्रं वयोधसं देवी देवमवर्धताम् । पङ्क्त्या छन्दसेन्द्रियथं्ं शुक्रमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वीतां यज ॥३९॥

कामनालाई दोहन गर्ने र त्यस्तो कामना परिपूर्ण गर्ने दीप्तिमती, अन्नजल प्रदान गर्ने दुवै देवीहरूले पङ्क्ति छन्दका माध्यमबाट इन्द्रदेवतामा वीर्यको शक्ति, इन्द्रिय र आयु स्थापित गराउँदै दिव्य जीवन प्रदाता इन्द्रदेवतालाई हविले समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्न र त्यसलाई स्थिरता प्रदान गर्नका लागि ती दुवै देवीहरूले ऊर्जारूपी आहुतिलाई हव्यका रूपमा पान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि यस्तै किसिमले यजन गर ।

देवा दैव्या होतारा देवमिन्द्रं वयोधसं देवौ देवमवर्धताम् । त्रिष्टुभा छन्दसेन्द्रियं त्विषिमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वीतां यज ॥४०॥

दुई दिव्य होताहरूले त्रिष्टुप् छन्दका माध्यमबाट इन्द्रदेवतामा इन्द्रिय र आयु स्थापित गराउँदै जीवनदाता, दिव्य इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले ती दुवै दिव्य होताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यसरी नै यज्ञ सम्पन्न गर ।

देवीस्तिस्रस्तिस्रो देवीर्वयोधसं पतिमिन्द्रमवर्धयन् । जगत्या छन्दसेन्द्रियथं्ं शूषमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य व्यन्तु यज ॥४१॥

इडा, सरस्वती र भारती देवीहरूले जगती छन्दका माध्यमबाट इन्द्रदेवतामा बल, इन्द्रिय र आयु स्थापित गराउँदै जीवनदाता, पोषक इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले ती तीनै देवीहरूले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यसरी नै यज्ञ सम्पन्न गर ।

देवो नराशथं्ंसो देवमिन्द्रं वयोधसं देवो देवमवर्धयत् । विराजा छन्दसेन्द्रियथं्ं रूपमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वेतु यज ॥४२॥

बहुप्रशंसित देवत्वसम्पन्न यज्ञदेवताले विराट् छन्दका माध्यमबाट इन्द्रदेवतामा बल, इन्द्रिय र आयु स्थापित गराउँदै आयुप्रदाता इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले यज्ञदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यसरी नै यज्ञ सम्पन्न गर ।

देवो वनस्पतिर्देवमिन्द्रं वयोधसं देवो देवमवर्धयत् । द्विपदा छन्दसेन्द्रियं भगमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वेतु यज ॥४३॥

वनस्पतिदेवताले द्विपदा छन्दका माध्यमबाट इन्द्रदेवतामा बल, इन्द्रिय र आयु स्थापित गराउँदै दिव्य जीवनप्रदाता इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले वनस्पतिदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यसरी नै यज्ञ सम्पन्न गर ।

देवं बर्हिर्वारितीनां देवमिन्द्रं वयोधसं देवं देवमवर्धयत् । ककुभा छन्दसेन्द्रियं यशऽ इन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वेतु यज ॥४४॥

जलमा उत्पन्न औषधि तत्त्वका मध्यमा प्रकाशमान हुने बर्हि नामका देवताले ककुप् छन्दका माध्यमबाट इन्द्रदेवतामा बल, इन्द्रिय र आयु स्थापित गराउँदै दिव्य

जीवनप्रदाता इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले बर्हिदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यस्तै यज्ञ सम्पन्न गर ।

देवो अग्निः स्विष्टकृद्देवमिन्द्रं वयोधसं देवो देवमवर्धयत् । अतिच्छन्दसा छन्दसेन्द्रियं क्षत्रमिन्द्रे वयो दधद्वसुवने वसुधेयस्य वेतु यज ॥४५॥

दिव्य अग्निदेवताले अतिछन्दस् नामका छन्दका माध्यमबाट इन्द्रदेवतामा क्षत्रियको रक्षाशक्ति, बल, इन्द्रिय र आयु स्थापित गराउँदै दिव्य जीवनप्रदाता इन्द्रदेवतालाई यज्ञद्वारा समृद्ध गराए । यजमानलाई ऐश्वर्य प्रदान गर्ने र त्यसलाई स्थिर बनाउने उद्देश्यले ती अग्निदेवताले हव्यपान गरुन् । हे होताहरू हो ! तिमीहरू पनि त्यस्तै यज्ञ सम्पन्न गर ।

अग्निमद्य होतारमवृणीतायं यजमानः पचन्पक्तीः पचन्पुरोडाशं बध्नन्निन्द्राय वयोधसे छागम् । सुपस्थाऽ अद्य देवो वनस्पतिरभवदिन्द्राय वयोधसे छागेन । अघत्तं मेदस्तः प्रतिपचताग्र भीदवीवृधत्पुरोडाशेन । त्वामद्य ऋषे ॥४६॥

पाक्ने खालको चरु पकाएर, आयुवर्धक, रोगनाशक, दुधका निम्ति बाख्रालाई खाँबामा बाँधेर यी यजमानहरूले इन्द्रदेवताका निम्ति यज्ञीय प्रक्रियाका रूपमा वनस्पतिदेवताले अग्निलाई परिपक्व भएका हविरूपी पुरोडाश र बाख्राको दुध ग्रहण गरेर त्यसैले इन्द्रदेवतालाई समृद्ध गराए । हे ऋषिहरू हो ! तिमीहरू पनि आज यस्तै खालको यज्ञ सम्पन्न गर ।

इति अष्टाविंशोऽध्यायः

अट्ठाईसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ एकोनविंशोऽध्यायः॥

॥उनन्तीसौँ अध्याय॥

ऋषि– बृहदुक्थ वामदेव्य, अश्व साः्द्री भार्गव जमदग्नि, दीर्घतमा, जमदग्नि, मधुच्छन्दा, पायु भारद्वाज ।

देवता– समित्, तनूनपात्, नराशंस, बर्ही, द्वार, उषासानक्ता, दिव्य होता, त्रिदेवी, वनस्पति, त्वष्य, स्वाहाकृति, अश्व, इड, अग्नि, कार्मुक, गुण, आर्ली, तृण, सारथी, रश्मि, रथ, रथरक्षक, ब्राह्मण, इषु, कशा, हस्तघ्न, दुन्दुभि, इन्द्र, पशुसमूह, अग्नि ।

छन्द– त्रिष्टुप्, विराट् त्रिष्टुप्, पङ्क्ति, निचृत् त्रिष्टुप्, भुरिक्, भिरकि पङ्क्ति, स्वराट् बृहती, आर्षी त्रिष्टुप्, गायत्री,, जगती, विराट् जगती, विराट् अनुष्टुप्, भुरिक् अत्यष्टि, भुरिक् अतिशक्वरी, विराट् प्रकृति, प्रकृति ।

समिद्धोअञ्जन् कृदरं मतीनां घृतमग्ने मधुमत्पिन्वमानः । वाजी वहन् वाजिनं जातवेदो देवानां वक्षि प्रियमा सधस्थम् ॥१॥

हे सर्वज्ञानसम्पन्न अग्निदेवता ! तिमी विधिवत् प्रज्वलित भएर मेधावीजनका हृदयको भावना व्यक्त गर्दै पौष्टिक तथा मधुर घिउ सेवन गर । यज्ञको हवि देवताहरूका लागि लगिदिएर उनका प्रिय सहचरहरूलाई प्रदान गर ।

घृतेनाञ्जन्त्सं पथो देवयानान् प्रजानन् वाज्यप्येतु देवान् । अनु त्वा सप्ते प्रदिशः सचन्ताꣳ स्वधामस्मै यजमानाय धेहि ॥२॥

यो शक्तिशाली, शक्तिवर्द्धक वायुका रूपमा रहेको हव्यरूपी वाजी यज्ञीय प्रक्रिया बुझेर देवताहरूले जानुपर्ने मार्गलाई घिउले अभिषेक गराउँदै देवगणसमक्ष पुगोस् । हे ऊर्जारूपी सूक्ष्मीकृत हव्यका नामले चिनिएका अश्व ! सबै दिशामा रहने गरेका प्राणीले तिमीलाई गमनशील अवस्थामा रहेको अनुभव गरुन् । तिमी यी यजमानहरूलाई सन्तुष्टिप्रदायक स्वधा प्रदान गर ।

ईड्यश्चासि वन्द्यश्च वाजिन्नाशुश्चासि मेध्यश्च सप्ते । अग्निष्ट्वा देवैर्वसुभिः सजोषाः प्रीतं वह्निं वहतु जातवेदाः ॥३॥

हे सूक्ष्म अवस्थामा रहने हव्यरूपी वाजी ! तिमी प्रार्थनीय र वन्दनीय हुनाले शीघ्र नै शुद्ध हुन्छौ । वसुदेवतासँग प्रेम गर्ने, आत्मज्ञानले सम्पन्न अग्निदेवता प्रसन्न भएर तिमीलाई देवगणका निकट लिएर जाऊन् ।

स्तीर्णं बर्हिः सुष्टरीमा जुषाणोरु पृथु प्रथमानं पृथिव्याम् । देवेभिर्युक्तमदितिः सजोषाः स्योनं कृण्वाना सुविते दधातु ॥४॥

दैवी सम्पदाहरूले युक्त, सर्वसुलभ र सुखदायी अदितिदेवी पृथ्वीका विस्तृत क्षेत्रमा फैलिएको कुशका आसनमा बसेर सबै असल जनहरूलाई बल प्रदान गरुन् ।

एताऽ उ वः सुभगा विश्वरूपा वि पक्षोभिः श्रयमाणाऽ उदातैः । ऋष्वाः सतीः कवषः शुम्भमाना द्वारो देवीः सुप्रायणा भवन्तु ॥५॥

हे यजमानहरू हो ! सूक्ष्म जगत्सँग सम्पर्क बनाउने हुनाले दिव्य द्वारका रूपमा रहेको यो श्रेष्ठ धनले सम्पन्न, सुन्दर, लामो आकार भएको, पँखेटाफैँ फिँजिएको, आवागमनका लागि उपयोगी, खोल्दा र थुन्दा शब्द निकाल्ने, शोभाले सम्पन्न, सरलतापूर्वक डुलाउन सकिने खालको र अन्य विविध विशेषताहरूसमेत भएको ढोका सुशोभित होस् ।

अन्तरा मित्रावरुणा चरन्ती मुखं यज्ञानामभि संविदाने । उषासा वाथ्ं सुहिरण्ये सुशिल्पे ऋतस्य योनाविह सादयामि ॥६॥

द्युलोक र पृथ्वीका बीचमा विचरण गर्ने, सम्पूर्ण यज्ञीय व्यवहारका विषयवस्तुलाई प्रकट गर्ने, श्रेष्ठ ज्योतिले सम्पन्न, कुशल शिल्पकारले बनाएका हे उषा र नक्तादेवीहरू हो ! ईश्वरको स्थानका रूपमा हामीले मानेको यस यज्ञस्थलमा तिमीहरूलाई स्थापित गर्दछौं ।

प्रथमा वाथ्ं सरथिना सुवर्णा देवौ पश्यन्तौ भुवनानि विश्वा । अप्रिप्रयं चोदना वां मिमाना होतारा ज्योतिः प्रदिशा दिशन्ता ॥७॥

एकै किसिमका रथ भएका, सुन्दर सुनौलो वर्ण भएका, समस्त लोकहरूलाई हेर्ने गरेका, सबैको पालनपोषण गर्ने, अग्नि र वायु तिमीहरू दुई सबै मानिसलाई आआफ्ना कर्ममा संलग्न गराउँछौ । सबै दिशाहरूलाई प्रकाशित गर्ने तिमीहरू दुवै दिव्य होता हौ र हामीले तिमीहरूलाई प्रसन्न गराएका छौं ।

आदित्यैर्नो भारती वष्टु यज्ञथ्ं सरस्वती सह रुद्रैर्नऽ आवीत् । इडोपहूता वसुभिः सजोषा यज्ञं नो देवीरमृतेषु धत्त ॥८॥

आदित्यका साथमा भारतीदेवीले हाम्रा यस यज्ञलाई रक्षा गरुन् । वसु र रुद्रहरूका साथमा इडादेवीले र सरस्वतीदेवीले हाम्रा यस यज्ञलाई सुरक्षा गरुन् । हामी उनीहरूलाई आह्वान गर्दछौं । हे देवीहरू हो ! तिमीहरू हाम्रो यस यज्ञलाई देवताहरूका बीचमा स्थापित गराओ ।

त्वष्टा वीरं देवकामं जजान त्वष्टुरर्वा जायत आशुरश्वः । त्वष्टेदं विश्वं भुवनं जजान बहोः कर्तारमिह यक्षि होतः ॥९॥

त्वष्टादेवताले दिव्य गुणको कामना गर्ने वीर सन्तानहरू उत्पन्न गरे । उनैले नै शीघ्रगामी र सम्पूर्ण दिशामा व्याप्त रहने अश्वरूपी सूर्यलाई उत्पन्न गरे । हे याजक ! तिमीहरू धेरै किसिमका विराट् जगत्का निर्माता, उनै परमात्मालाई यस यज्ञस्थानमा यजन गर ।

अश्वो घृतेन त्मन्या समक्त उप देवाँ२ऽ ऋतुशः पाथऽ एतु । वनस्पतिर्देवलोकं प्रजानन्नग्निना हव्या स्वदितानि वक्षत् ॥१०॥

घिउले उचित किसिमले सेचन गरिएको हव्यरूपी अश्व नियमपूर्वक देवताहरूका निकट पुगोस् । देवलोकका विषयमा जान्ने वनस्पतिदेवताले अग्निका माध्यमबाट ग्रहण गर्न योग्य हवि अन्य देवताहरूकहाँ पुऱ्याऊन् ।

प्रजापतेस्तपसा वावृधानः सद्यो जातो दधिषे यज्ञमग्ने । स्वाहाकृतेन हविषा पुरोगा याहि साध्या हविरदन्तु देवाः ॥११॥

हे अग्निदेवता ! तिमी अरणीमन्थनबाट तत्काल उत्पन्न भएर प्रजापतिको तपस्याले वृद्धि हुँदै यज्ञलाई धारण गर्दछौ । स्वाहाको शब्दका साथमा अर्पित गरिएको हविले अग्रगामी भएर तिमी आऊ । त्यसो भएपछि हाम्रा साध्य देवताले हवि ग्रहण गर्नेछन् ।

यदक्रन्दः प्रथमं जायमानऽ उद्यन्त्समुद्रादुत वा पुरीषात् । श्येनस्य पक्षा हरिणस्य बाहू उपस्तुत्यं महि जातं ते अर्वन् ॥१२॥

हे चञ्चल गति हुने ! बाजका पङ्खा र हरिणका खुट्टाजस्तो गतिशील छौ । तिमी पहिले समुद्रबाट उत्पन्न भयौ । त्यसपछि उत्पत्ति स्थानबाट प्रकट भएर शब्द गर्न थाल्यौ र त्यस बेलादेखि नै तिम्रो महिमा स्तुत्य भयो ।

यमेन दत्तं त्रित एनमायुनगिन्द्रऽ एणं प्रथमो अध्यतिष्ठत् । गन्धर्वो अस्य रशनामगृभ्णात् सूरादश्वं वसवो निरतष्ट ॥१३॥

वसुहरूले सूर्यमण्डलबाट ऊर्जारूपी अश्वलाई निकाले । तीनै लोकमा विचरण गर्ने वायुले यमद्वारा प्रदान गरिएका अश्वलाई रथमा नियोजित गरे । सर्वप्रथम यस अश्वमा इन्द्रदेवता चढे र गन्धर्वहरूले यसको लगाम समाते, हामी त्यस्ता सूर्यको ऊर्जारूपी अश्वलाई प्रार्थना गर्दछौं ।

आस यमो अस्यादित्यो अर्वन्नसि त्रितो गुह्येन व्रतेन । असि सोमेन समया विपृक्त आहुस्ते त्रीणि दिदि बन्धनानि ॥१४॥

हे अर्वन् ! गोप्य व्रतका कारण तिमी यम हौ, आदित्य हौ, तीनै लोकमा व्याप्त छौ । सोमका साथ तिमी एक रूप हौ । द्युलोकमा तिम्रा तीन बन्धन छन् भनिन्छ ।

त्रीणि तऽ आहुर्दिवि बन्धनानि त्रीण्यप्सु त्रीण्यन्तः समुद्रे । उतेव मे वरुणश्छन्त्स्यर्वन् यत्रा तऽ आहुः परमं जनित्रम् ॥१५॥

हे चञ्चल प्रकृतिका अर्वन् ! तिमीलाई श्रेष्ठ उत्पादक सूर्य भन्ने गरिन्छ । दिव्यलोकमा जलमा र अन्तरिक्षमा गरी तिम्रा तीनतीन बन्धन छन् भन्ने गरिन्छ । तिमी वरुणका रूपमा हामीबाट प्रशंसा गरिएका छौ ।

इमा ते वाजिन्नवमार्जनानीमा शफानाथं सनितुर्निधाना । अत्रा ते भद्रा रशनाऽ अपश्यमृतस्य याऽ अभिरक्षन्ति गोपाः ॥१६॥

हे बलशाली ! तिम्रा सेचन गर्ने साधन हामी देख्छौं । तिम्रा खुरले खनिएको यो स्थान देख्छौं । यहाँ तिम्रा रक्षक कल्याणकारी डोरी छन्, यिनले सत्यको रक्षा गर्दछन् ।

आत्मानं ते मनसारादजानामवो दिवा पतयन्तं पतङ्गम् । शिरो अपश्यं पथिभिः सुगेभिररेणुभिर्जेहमानं पतत्रि ॥१७॥

हे अश्व ! तल्लो भागबाट आकाशमार्ग हुँदै सूर्यतिर जाँदा तिम्रा आत्मालाई हामी विचार गरेर चिन्दछौं । सुगम र धुलोरहित मार्गमा जाँदै गर्दा तिम्रा तल्लो भागमा पर्ने हामीहरूले शिरभाग देख्छौं ।

अत्रा ते रूपमुत्तममपश्यं जिगीषमाणमिषऽ आ पदे गोः । यदा ते मर्तो अनु भोगमानडादिद् ग्रसिष्ठऽ ओषधीरजीगः ॥१८॥

हे अश्व ! यज्ञको कामना गर्ने तिम्रो श्रेष्ठ स्वरूप हामी सूर्यमण्डलमा विद्यमान देख्दछौं । यजमानले जुन बेला उत्तम हवि तिम्रा लागि समर्पित गरे, त्यसपछि नै तिमीले हव्यरूपी औषधी ग्रहण गऱ्यौ ।

अनु त्वा रथो अनु मर्यो अर्वन्नु गावोनु भगः कनीनाम् । अनु व्रातासस्तव सख्यमीयुरनु देवा ममिरे वीर्यं ते ॥१९॥

हे चञ्चल स्वभावका ! रथ तिम्रै पछि लाग्दछ । मानिस, कन्याको सौभाग्य र गाईहरू तिम्रा पछि लाग्छन् । मनुष्य समुदायले तिम्रो मित्रता प्राप्त गरे भने देवगणले तिम्रो शौर्यलाई बयान गरेका छन् ।

हिरण्यशृङ्गोयो अस्य पादा मनोजवाऽ अवरऽ इन्द्रऽ आसीत् । देवाऽ इदस्य हविरद्यमायन् यो अर्वन्तं प्रथमो अध्यतिष्ठत् ॥२०॥

सबैभन्दा पहिले सुनको मुकुट धारण गरेर अश्वमा आरुढ हुने गरेका इन्द्रदेवता नै थिए । यस अश्वका खुट्टा फलामका जस्तै बलिया र वेगवान् छन् । देवताहरूले नै यसको हविरूपी भोजन ग्रहण गरे ।

ईर्मान्तासः सिलिकमध्यमासः सꣳ शूरणासो दिव्यासो अत्याः । हꣳसाऽ इव श्रेणिशो यतन्ते यदाक्षिषुर्दिव्यमज्ममश्वाः ॥२१॥

बलिया जाँघ र वक्ष भएका, मध्य भागमा पातलो, शक्तिशाली सूर्यको रथ तान्ने गरेका र निरन्तर कुदिरहने अश्वरूपी किरणहरू पङ्क्तिबद्ध भएर हाँसभैँ समान गतिमा गतिमान रहन्छन् । त्यस्ता बेलामा तिनले स्वर्गको मार्गमा दिव्यता प्राप्त गर्दछन् ।

तव शरीरं पतयिष्ण्वर्वन्तव चित्तं वातऽ इव ध्रजीमान् । तव शृङ्गाणि विष्ठिता पुरुत्रारण्येषु जर्भुराणा चरन्ति ॥२२॥

हे घोडाको जस्तै चञ्चल गति भएका अग्निदेवता ! तिम्रो शरीर ऊर्ध्वलोकतर्फ गमन गर्ने खालको र चित्त वायुजत्तिकै वेगवान् रहेको छ । तिम्रा विशिष्ट किसिमले रहेका दीप्तिहरू वनमा दावानलका रूपमा व्याप्त हुन्छन् ।

उप प्रागाच्छसनं वाज्यर्वा देवद्रीचा मनसा दीध्यानः । अजः पुरो नीयते नाभिरस्यानु पश्चात्कवयो यन्ति रेभाः ॥२३॥

यशस्वी, मनसमान तीव्र गतिले हिँड्ने, तेजस्वी अश्व माथितिर देवमार्गमा जान्छ । अज त्यसका अघि हिँड्छ । नाभीले त्यसको अनुगमन गर्दछ । स्तोताहरू पाठ गर्दै पछिपछि लाग्दछन् ।

उप प्रागात्परमं यत्सधस्थमर्वाँ२ऽ अच्छा पितरं मातरं च । अद्या देवाञ्जुष्टतमो हि गम्याऽ अथा शास्ते दाशुषे वार्याणि ॥२४॥

हे शक्तिशाली अर्वन् ! सर्वश्रेष्ठ उच्च स्थान पाएका पालक र सम्माननीय मातापिताको स्थानमा रहेका द्यावा र पृथिवीसित तिमी भेट हुन्छौ । हे याजकहरू हो ! तिमीहरू पनि सद्गुणले सुशोभित हुँदै देवत्व प्राप्त गर । देवताहरूबाट अपार वैभव प्राप्त गर ।

समिद्धो अद्य मनुषो दुरोणे देवो देवान्यजसि जातवेदः । आ च वह मित्रमहश्चिकित्वान्त्वं दूतः कविरसि प्रचेताः ॥२५॥

हे सबै प्राणीका हितैषि मित्र र अग्निदेवता ! तिमी महान् गुणले सम्पन्न भएर प्रज्वलित होऊ । कुशल याजकले निर्धारण गरेका यज्ञमण्डपमा देवता बोलाऊ र यजन गर । तिमी श्रेष्ठ चेतनायुक्त, विद्वान् र देवताका दूत हौ ।

तनूनपात्पथऽ ऋतस्य यानान्मध्वा समञ्जन्त्स्वदया सुजिह्व । मन्मानि धीभिरुत यज्ञमृन्धन् देवत्रा च कृणुह्यध्वरं नः ॥२६॥

हे शरीरका रक्षक र श्रेष्ठ वाणी भएका अग्निददेवता ! तिमी सत्यरूपी यज्ञका मार्गलाई वाणीका मिठासले सेचन गर्दै हवि ग्रहण गर । बुद्धिले मनन गर्दै यज्ञलाई समृद्ध गराऊ । हाम्रा यज्ञलाई देवतासम्म पुऱ्याउनका लागि योग्य बनाइदेऊ ।

नराशꣳसस्य महिमानमेषामुप स्तोषाम यजतस्य यज्ञैः । वे सुक्रतवः शुचयो धियंधाः स्वदन्ति देवाऽ उभयानि हव्या ॥२७॥

उत्तम कर्म गर्ने देवताहरूले दुई किसिमका हविको आस्वादन गर्दछन् । उनीहरूका बीचमा प्रशंसनीय र पूजनीय अग्निदेवतालाई हवि प्रदान गर्दै उनैको महिमा गाउँछौं ।

आजुह्वानऽ ईड्यो वन्द्यश्चा याह्यग्ने वसुभिः सजोषाः । त्वं देवानामसि यह्व होता स एनान्यक्षीषितो यजीयान् ॥२८॥

देवता बोलाउने हे अग्निदेवता ! तिमी प्रार्थनायोग्य, वन्दनीय र वसुजस्तै प्रेम गर्ने हौ । तिमी देवताका होताका रूपमा यहाँ आएर उनीहरूकै लागि यज्ञ गर ।

प्राचीनं बर्हिः प्रदिशा पृथिव्या वस्तोरस्या वृज्यते अग्रे अह्नाम् । व्यु प्रथते वितरं वरीयो देवेभ्यो अदितये स्योनम् ॥२९॥

दिनको थालनीमा भूमि छोप्ने कुश ज्यादै उत्तम छ । यो देवता र अदितिले सुखपूर्वक बस्नका लागि योग्य छ । यसलाई यज्ञवेदी ढाक्नका लागि फिँजाइन्छ ।

व्यचस्वतीरुर्विया वि श्रयन्तां पतिभ्यो न जनयः शुम्भमानाः । देवीर्द्वारो बृहतीर्विश्वमिन्वा देवेभ्यो भवत सुप्रायणाः ॥३०॥

पतिव्रता स्त्रीले पतिको उन्नति गराएझैं देवत्वले सम्पन्न द्वारका रूपमा रहेका देवीहरू सबैले आवतजावत गर्नका लागि खाली ठाउँमा मार्ग प्रदान गर्ने हुनाले सजिलैसित देवत्व प्राप्त गर्न सक्ने हुन्छन् ।

आ सुष्वयन्ती यजते उपाके उषासानक्ता सदतां नि योनौ । दिव्ये योषणे बृहती सुरुक्मे अधि श्रियꣳ शुक्रपिशं दधाने ॥३१॥

यज्ञभागका अधिकारिणी उषा र रात्रि दुवै देवी मानिसका लागि विभिन्न किसिमका सुख प्रकट गर्दछन् । उनीहरू यज्ञस्थलमा आएर प्रतिष्ठित होऊन् । ती दिव्यलोक वासिनी दुवै देवी अति गुणवती, श्रेष्ठ आभूषण आदिले शोभायुक्त, उज्ज्वल, तेजस्वी स्वरूप भएका र सौन्दर्य धारण गर्ने खालका छन् ।

दैव्या होतारा प्रथमा सुवाचा मिमाना यज्ञं मनुषो यजध्यै । प्रचोदयन्ता विदथेषु

कारू प्राचीनं ज्योतिः प्रदिशा दिशन्ता ॥३२॥

विराट् प्रकृति यज्ञका दुवै दिव्य होताहरू श्रेष्ठ वाणी बोल्दछन् । उनीहरू पूर्व दिशाबाट निस्कने खालका, आह्वान गर्न योग्य पुरातन सूर्यरूपी ज्योतिले यज्ञ सम्पन्न गर्दछन् । मानिसलाई यज्ञ आदि श्रेष्ठ कर्म गर्नका लागि उनीहरूले प्रेरणा प्रदान गर्दछन् ।

आ नो यज्ञं भारती तूयमेत्विडा मनुष्वदिह चेतयन्ती । तिस्रो देवीर्बर्हिरेदꣳ स्योनꣳ सरस्वती स्वपसः सदन्तु ॥३३॥

भारती देवी हाम्रा यज्ञमा चाँडै आइदिऊन् । यस यज्ञको कुरो बुझेर इडा देवी मानिसझैँ यहाँ आऊन् र देवी सरस्वती पनि चाँडै आऊन् । सत्कर्मशील यी तीन देवीहरू यस यज्ञमा आएर सुखकारी आसनमा बसून् ।

यऽ इमे द्यावापृथिवी जनित्री रूपैरपिꣳशद्भुवनानि विश्वा । तमद्य होतरिषितो यजीयान्देवं त्वष्टारमिह यक्षि विद्वान् ॥३४॥

हे होता हो ! द्यावापृथिवीले उत्पादन गर्दछन् । उनलाई त्वष्टादेवताले सजाए । तिमीहरू ज्ञानवान्, श्रेष्ठ कामनायुक्त र यज्ञशील छौ । त्यसैले आज यस यज्ञमा उनै त्वष्टादेवताको अर्चना उचित किसिमले गर ।

उपावसृज त्मन्या समञ्जन्देवानां पाथ ऋतुथा हवीꣳषि । वनस्पतिः शमिता देवो अग्निः स्वदन्तु हव्यं मधुना घृतेन ॥३५॥

हे यज्ञको स्तम्भरूपी यूपदेवता ! तिमी आफ्नै सामर्थ्यले देवताका लागि अन्न आदि अन्य यजनीय पदार्थ असल तरिकाले ल्याएर उचित समयमा प्रस्तुत गर । वनस्पतिदेव, शमितादेव र अग्निदेव मधुर घिउ आदिका साथ यजनीय हविष्यान्न सेवन गरुन् ।

सद्यो जातो व्यमिमीत यज्ञमग्निर्देवानामभवत्पुरोगाः । अस्य होतुः प्रदिश्यृतस्य वाचि स्वाहाकृतꣳ हविरदन्तु देवाः ॥३६॥

प्रदीप्त हुनासाथ अग्निदेवताले यज्ञीय भावना प्रकट गरे र देवताका अगुवा दूत बने । यस यज्ञका प्रमुख स्थानमा होताको भावनाअनुसार वेदका मन्त्र उच्चारण होऊन् । स्वाहा शब्दसँगै यज्ञका अग्निमा समर्पित गरिएको हविष्यान्न देवताले ग्रहण गरुन् ।

केतुं कृण्वन्नकेतवे पेशो मर्याऽ अपेशसे । समुषद्भिरजायथाः ॥३७॥

हे मनुष्यहरू ! तिमी राति निद्रामा मग्न हुन्छौ । त्यस बेला चेतनाहीन भए पनि बिहान फेरि सचेत हुँदै मानौँ प्रत्येक दिन नयाँ जीवन पाउँछौ ।

जीमूतस्येव भवति प्रतीकं यद्वर्मी याति समदामुपस्थे । अनाविद्धया तन्वा जय त्वꣳ स त्वा वर्मणो महिमा पिपर्तु ॥३८॥

कवच धारण गरेर जब शूरवीर योद्धा सङ्ग्रामस्थलतिर जान्छन्, त्यस बेला सेनाको स्वरूप बादलको जस्तो हुन्छ । हे वीर पुरुष ! तिमी आहत नभईकन विजय प्राप्त गर, त्यस कवचका महान् शक्तिले तिमीलाई रक्षा गरोस् ।

धन्वना गा धन्वनाजिं जयेम धन्वना तीव्राः समदो जयमे । धनुः शत्रोरपकामं कृणोति धन्वना सर्वाः प्रदिशो जयेम ॥३९॥

धनुषको शक्तिबाट युद्ध जितेर गाई प्राप्त गर्दछौँ । भीषण सङ्ग्राममा धनुषले शत्रुको कामना ध्वस्त गराउँछौँ । हाम्रो धनुष शुत्रलाई पराजित गराउँछ, यस्ता धनुषको महिमाले सबै दिशामा विजय गर्दछौँ ।

वक्ष्यन्तीवेदा गनीगन्ति कर्णं प्रियथ्ंᳬ सखायं परिषस्वजाना । योषेव शिङ्क्ते वितताधि धन्वज्ज्या इयथ्ंᳬ समने पारयन्ती ॥४०॥

सङ्ग्राममा विजय प्राप्त गराउने, धनुषमा चढ्ने प्रत्यञ्चाले अव्यक्त ध्वनि गर्दै प्रिय बाणरूपी मित्रलाई भेट्दछ । योद्धाका कानसम्म खिँचिदा त्यसले केही भन्न पो लागेको हो कि जस्तो लाग्दछ । सङ्कटबाट पार लगाउने यही प्रत्यञ्चा हो ।

ते आचरन्ती समनेव योषा मातेव पुत्रं बिभृतामुपस्थे । अप शत्रून् विध्यताथ्ंᳬ संविदाने आर्त्नी इमे विष्फुरन्ती अमित्रान् ॥४१॥

दुवै समान बल भएका दुई स्त्रीझैँ आचरण गर्दछन् । माताले काखमा पुत्र लिएझैँ बाण साथमा लिने यी दुवैले शत्रुलाई छेडेर मित्रबाहेक सबैलाई छरपस्ट गराउँछन् ।

बह्वीनां पिता बहुरस्य पुत्रश्चिश्चा कृणोति समनावगत्य । इषुधिः सङ्काः पृतनाश्च सर्वाः पृष्ठे निनद्धो जयति प्रसूतः ॥४२॥

यो धेरैको पिता हो र यसका धेरै पुत्र छन् । समरमा पुगेर यसले चीँचीँ ध्वनि निकाल्छ । योद्धाका पिठमा बाँधिएर आफूले उत्पन्न गरेका बाणले सबै सङ्गठित शत्रु जित्दछ ।

रथे तिष्ठन्नयति वाजिनः पुरो यत्र यत्र कामयते सुषारथिः । अभीशूनां महिमानं पनायत मनः पश्चादनु यच्छन्ति रश्मयः ॥४३॥

उत्तम सारथी रथमा बसेर अश्वलाई आफूखुसी जतातत्तै अगाडि सार्दछ । हे स्तोता हो ! तिमीहरू लगामको महिमा बयान गर । ऊ मनअनुसार नै प्रवृत्त हुन्छ ।

तीव्रान् घोषान् कृण्वते वृषपाणयोश्वा रथेभिः सह वाजयन्तः । अवक्रामन्तः प्रपदैरमित्रान् क्षिणन्ति शत्रूँ१रनपव्ययन्तः ॥४४॥

हातमा अश्वको लगाम लिएका सारथीहरू ठूलो स्वरमा जयघोष गर्दछन् र बल लगाएर आफूसँगै रथ कुदाउने घोडाले खुरले शत्रुलाई घाइते गराउँछन् । त्यस्ता अश्वहरू आफू सुरक्षित हुँदै शत्रुलाई विनाश गर्दछन् ।

रथवाहणथ्ंᳬ हविरस्य नाम यत्रायुधं निहितमस्य वर्म । तत्रा रथमुप शग्मथ्ंᳬ सदेम विश्वाहा वयथ्ंᳬ सुमनस्यमानाः ॥४५॥

रथलाई वृद्धि गराउने हव्य, अस्त्रशस्त्र र कवच आदि जहाँ राखिएका हुन्छन्, हामी प्रसन्न मनले त्यस रथमा सधैँ रहन्छौँ ।

स्वादुषथ्ंᳬसदः पितरो वयोधाः कृच्छ्रेश्रितः शक्तीवन्तो गभीराः । चित्रसेनाऽ इषुबलाऽ अमृध्राः सतोवीराऽ उरवो व्रातसाहाः ॥४६॥

यिनीहरू उमेर र बल धारण गर्दै शत्रुको अन्न नाश गरेर हामीलाई अन्न प्रदान गर्दछन् । सङ्कटका समयमा आश्रय प्रदान गर्ने, गम्भीर, विचित्र सेनाले युक्त यी महान् वीर स्वयं अहिंसित रहेर शत्रुसेना नाश गर्नमा समर्थ छन् ।

ब्राह्मणासः पितरः सोम्यासः शिवे नो द्यावापृथिवी अनेहसा । पूषा नः पातु दुरितादृतावृधो रक्षा माकिर्नो अघशꣳस ईशत ॥४७॥

ब्राह्मण, पितृ, सत्यरूपी यज्ञका पालक र सोमरस सिद्ध गर्ने यी सबैले हामीलाई रक्षा गरुन् । कल्याणकारी द्यावापृथिवी र पूषादेवताले हामीलाई पापबाट जोगाऊन् । पापी दुराचारी व्यक्तिले हामीमाथि शासन गर्न नपाओस् ।

सुपर्णं वस्ते मृगो अस्या दन्तो गोभिः सन्नद्धा पतति प्रसूता । यत्रा नरः सं च वि च द्रवन्ति तत्रास्मभ्यमिषवः शर्म यꣳसन् ॥४८॥

पक्षीका प्वाँख लगाइएको बाणका तिखो धारले शत्रुलाई खोजी गर्दछ । त्यस बाणलाई धागाले बाँधिएको हुन्छ र त्यो शत्रुका माझमा खस्ने गर्दछ । युद्धस्थलमा वीर योद्धाहरू यताउति आउनेजाने गर्दछन् । त्यस्तै ठाउँमा यही बाण हाम्रा लागि कल्याणकारी होस् ।

ऋजीते परि वृङ्धि नोश्मा भवतु नस्तनूः । सोमो अधि ब्रवीतु नोदितिः शर्म यच्छतु ॥४९॥

हे छोटो मार्गमा चल्ने ! हामीलाई सबै तिरबाट जोगाऊ । हाम्रो शरीर ढुङ्गाजस्तै बलियो होस् । सोमदेवताले हामीलाई उत्साहित गरुन् र माता अदितिले सुख प्रदान गरुन् ।

आ जङ्घन्ति सान्वेषां जघनाँ२ऽ उप जिघ्नते । अश्वाजनि प्रचेतसोऽ श्वान्त्समत्सु चोदय ॥५०॥

हे अश्व चलाउने चाबुक ! तिमी सङ्ग्राममा जागरुक अश्वलाई उत्प्रेरित र उत्तेजित गराऊ । यिनका ठडिएका माथिल्ला वा तल्ला अङ्गमा नजिकैबाट प्रहार गर ।

अहिरिव भोगैः पर्येति बाहुं ज्याया हेतिं परिबाधमानः । हस्तघ्नो विश्वा वयुनानि विद्वान् पुमान्पुमाꣳसं परि पातु विश्वतः ॥५१॥

सर्पझैं बेरिएर प्रत्यञ्चाको आघातबाट यसले हातको रक्षा गर्दछ । यी सबैले कुशल र जानकारी भएका मानिसलाई सबै तिरबाट संरक्षण गरुन् ।

वनस्पते वीड्वङ्गो हि भूयाऽ अस्मत्सखा प्रतरणः सुवीरः । गोभिः सन्नद्धो असि वीडयस्वास्थाता ते जयतु जेत्वानि ॥५२॥

हे काठले बनाइएका रथ ! तिमी हाम्रो मित्र भएर बलिया अङ्ग र श्रेष्ठ योद्धाले सम्पन्न भएर सङ्कटबाट हामीलाई पार लगाऊ । तिमी श्रेष्ठ किसिमका छालाका बन्धनले बाँधिएका छौ । त्यसैले वीरतापूर्वक काम गर । हे रथ ! तिमीमा सवार गरेका योद्धाले जित्नुपर्ने सबै खालका वैभवहरू जित्न सकून् ।

दिवः पृथिव्याः पर्योज उद्भृतं वनस्पतिभ्यः पर्याभृतꣳ सहः । अपामोज्मानं परि गोभिरावृतमिन्द्रस्य वज्रꣳ हविषा रथं यज ॥५३॥

हे अध्वर्युहरू हो ! पृथ्वी र सूर्यलोकबाट ग्रहण गरेको तेज, वनस्पतिबाट प्राप्त बल, जलबाट प्राप्त पराक्रमयुक्त रस तिमीहरू सबैतिर काममा खटाओ । सूर्यका किरणले आलोकित वज्रजस्तै बलियो रथ यजन कार्यमा समर्पित गर ।

इन्द्रस्य वज्रो मरुतामनीकं मित्रस्य गर्भो वरुणस्य नाभिः । सेमां नो हव्यदातिं जुषाणो देव रथ प्रति हव्या गृभाय ॥५४॥

हे दिव्य रथ ! इन्द्रदेवताको सैन्यशक्ति मरुत्गणजस्तै बलियो छौ । मित्रदेवताका गर्भरूपी आत्मा र वरुणदेवताको नाभीजस्तै छौ । हामीले समर्पण गरेको हविष्यान्नले सन्तुष्ट होऊ ।

उप श्वासय पृथिवीमुत द्यां पुरुत्रा ते मनुतां विष्ठितं जगत् । स दुन्दुभे सजूरिन्द्रेण देवैर्दूराद्दवीयो अप सेध शत्रून् ॥५५॥

हे दुन्दुभी ! तिमी आफ्ना ध्वनिले भूलोक र द्युलोक गुञ्जायमान बनाऊ । त्यसले गर्दा जङ्गमस्थावर सबैले तिमीलाई चिनून् । तिमी इन्द्रदेव र अन्य देवताहरूसित प्रेम गर्दछौ, त्यसैले हाम्रा शत्रुलाई हामीबाट टाढा हटाऊ ।

आ क्रन्दय बलमोजो नऽ आधा निःष्टनिहि दुरिता बाधमानः । अप प्रोथ दुन्दुभे दुच्छुनाऽ इतऽ इन्द्रस्य मुष्टिरसि वीडयस्व ॥५६॥

हे दुन्दुभी ! तिम्रो ध्वनि सुनेर शत्रुका सैनिक रुन थालून् । तेज प्रदान गरेर हाम्रो पाप नष्ट पारिदेऊ । तिमी इन्द्रदेवताको मुड्कीजस्तै बलियो भएर हामीलाई बलियो गराऊ र हाम्रा सेनाका नजिकै रहेर दुष्ट शत्रु पूर्ण रूपले विनाश गर ।

आमूरज प्रत्यावर्तयेमाः केतुमद् दुन्दुभिर्वावदीति । समश्वपर्णाश्चरन्ति नो नरोस्माकमिन्द्र रथिनो जयन्तु ॥५७॥

हे इन्द्रदेवता ! घोषणा गर्दै तिमी दुष्टका सेना राम्ररी लखेट । हाम्रो सेना विजयउल्लासको घोषणा गर्दै फर्कोस् । हाम्रा द्रुतगामी अश्वसँग वीर रथारोही घुम्दछन् । उनीहरू सबैले विजयश्री वरण गरुन् ।

आग्नेयः कृष्णग्रीवः सारस्वती मेषी बभ्रुः सौम्यः पौष्णः श्यामः शितिपृष्ठो बार्हस्पत्यः शिल्पो वैश्वदेवऽ ऐन्द्रोरुणो मारुतः कल्माषऽ ऐन्द्राग्नः सꣳहितोधोरामः सावित्रो वारुणः कृष्णऽ एकशितिपात्पेत्वः ॥५८॥

गर्दन कालो भएको हुनाले कृष्णग्रीवा नाम भएका पशुहरू अग्निदेवतासित, भेडीहरू सरस्वतीदेवीसित, पँहेलो रङ्गका पशुहरू सोमदेवतासित, काला रङ्गका पशु पूषादेवतासित, कालो पिठ्युँ भएका पशु बृहस्पतिदेवतासित, विभिन्न वर्णका पशु विश्वेदेवतासित, रातो रङ्गका पशु इन्द्रदेवतासित, छिर्के रङ्गका पशु मरुत्देवतासित, बलियो अङ्ग भएका पशु इन्द्र र अग्निदेवतासित, तल्लो भागमा सेतो भएका पशु सूर्यसित, एउटा खुट्टो सेतो र अन्य सर्वत्र कालो रङ्ग भएका वेगवान् पशु वरुणदेवतासित सम्बन्धित हुन्छन् ।

अग्नयेनीकवते रोहितञ्जिरनड्वानधोरामौ सावित्रौ पौष्णौ रजतनाभी वैश्वदेवौ पिशङ्गौ तूपरौ मारुतः कल्माषऽ आग्नेयः कृष्णोजः सारस्वती मेषी वारुणः पेत्वः ॥५९॥

रातो चिह्न भएका वृषभ दन्किँदो ज्वाला भएका अग्निसित, तल्लो भागमा सेतो रङ्ग भएका दुई पशु सवितादेवतासित, नाभीस्थानमा चाँदीजस्तै सेतो रङ्ग भएका दुई पशु पूषादेवतासित, पहँलो रङ्गका सिङ भएका दुई पशु विश्वेदेवतासित, छिर्के रङ्ग भएका

पशुहरू मरुत्‌देवतासित, कालो रङ्गका बाख्रा अग्निदेवतासित, भेडा सरस्वतीदेवीसित र उँधो मुन्टो लगाएर वेगसित कुद्ने पशु वरुणदेवतासित सम्बन्धित छन् ।

अग्नये गायत्राय त्रिवृते राथन्तरायाष्यकपालऽ इन्द्राय त्रैष्टुभाय पञ्चदशाय बार्हतायैकादशकपालो विश्वेभ्यो देवेभ्यो जागतेभ्यः सप्तदशेभ्यो वैरूपेभ्यो द्वादशकपालो मित्रावरुणाभ्यामानुष्टुभाभ्यामेकविंशऽशाभ्यां वैराजाभ्यांपयस्या बृहस्पतये पाङ्क्ताय त्रिणवाय शाक्वराय चरुः सवित्रऽ औष्णिहाय त्रयस्त्रिंशऽशाय रैवताय द्वादशकपालः प्राजापत्यश्चरुरदित्यै विष्णुपत्न्यै चरुरग्नये वैश्वानराय द्वादशकपालोनुमत्याऽ अष्यकपालः ॥६०॥

गायत्री छन्द, त्रिवृत् स्तोम, रथन्तर सामले स्तुति गरिने, अष्टाकपालमा सुसंस्कृत पुरोडाश अग्निदेवताका लागि हुन् । त्रिष्टुप् छन्द, पञ्चदश स्तोम, बृहत्सामले स्तुति गरिने एकादश कपालमा सुसंस्कृत हवि इन्द्रदेवताका लागि हुन् । जगती छन्द, सप्तदश स्तोम, वैरूप सामले स्तुति गरिने द्वादश कपालमा सुसंस्कृत हवि विश्वेदेवताका लागि हुन् । अनुष्टुप् छन्द, एकविंश स्तोम र वैराज सामले स्तुति गरिने दुधले बनाइएको चरु मित्रावरुणका लागि हुन् । पङ्क्ति छन्द, त्रिणव स्तोम, शाक्वर सामले स्तुति गरिने चरु बृहस्पतिदेवताका लागि हुन् । उष्णिक् छन्द, त्रयस्त्रिंश स्तोम, रैवत सामले स्तुति गरिने द्वादश कपालमा सुसंस्कृत गरिएको पुरोडाश हवि सवितादेवताका लागि हुन् । प्रजापतिका लागि चरु, विष्णुदेवताकी पत्नी र अदितिदेवीका लागि यज्ञमा चढाउने योग्य पदार्थ, वैश्वानर अग्निदेवताका निम्ति द्वादश कपालमा सुसंस्कृत पुरोडाश हवि र अनुमति देवताका लागि अष्टाकपालमा सुसंस्कृत पुरोडाश समर्पित गर्नुपर्दछ ।

इति एकोनत्रिंशोऽध्यायः

उनन्तीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ त्रिंशोऽध्यायः॥

॥तीसौं अध्याय॥

ऋषि– नारायण पुरुष, विश्वामित्र, श्यावाश्व, मेधातिथि ।

देवता– सविता ।

छन्द– त्रिष्टुप्, निचृत् गायत्री, गायत्री, स्वराट् अतिशक्वरी, निचृत् अष्टि, कृति, भुरिक् अत्यष्टि, विराट् सङ्कृति, निचृत् अत्यष्टि, विराट् कृति, विराट् धृति, निचृत् प्रकृति, भुरिक् धृति, भुरिक् अतिजगती, निचृत् कृति ।

देव सवितः प्र सुव यज्ञं प्र सुव यज्ञपतिं भगाय । दिव्यो गन्धर्वः केतपूः केतं नः पुनातु वाचस्पतिर्वाचं नः स्वदतु ॥१॥

हे उत्पादक सवितादेवता ! हामी सबैलाई तिमी शुभ कर्म गर्ने प्रेरणा प्रदान गर र यज्ञ आदि श्रेष्ठ कर्मलाई संरक्षण गर्ने प्रेरणा प्रदान गर । तिमी आफ्ना श्रेष्ठ ज्ञानले सबैलाई पवित्र गराउँछौ । त्यसैले हामी सबैको विचारलाई पनि पवित्र गराऊ । तिमी दैवी गुणले सम्पन्न वाणीका पोषक हौ । त्यसैले हामी सबैको वाणीलाई सुमधुर बनाऊ ।

तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥२॥

आफ्ना तेजले सबै सत्कर्म सम्पदान गराउनका लागि हाम्रा बुद्धिलाई सन्मार्गमा प्रेरित गर्ने सवितादेवताको वरण गर्न योग्य विकृतिनाशक, दिव्यता प्रदायक तेजको हामी ध्यान गर्दछौं ।

विश्वानि देव सवितर्दुरितानि परा सुव । यद्भद्रं तन्नऽ आ सुव ॥३॥

हे सवितादेवता ! हाम्रा सबै दुःख तिमी हटाइदेऊ र हाम्रा निम्ति कल्याणकारी जे हुन्छ, त्यसैलाई हामीतिर प्रेरित गर ।

विभक्तारꣳ हवामहे वसोश्चित्रस्य राधसः । सवितारं नृचक्षसम् ॥४॥

समस्त प्राणीहरूका आश्रयभूत, विविध धन प्रदान गर्ने, समस्त मानवका प्रकाशक सूर्यदेवतालाई हामी आह्वान गर्दछौं ।

ब्रह्मणे ब्राह्मणं क्षत्राय राजन्यं मरुद्भ्यो वैश्यं तपसे शूद्रं तमसे तस्करं नारकाय वीरहणं पाप्मने क्लीब माक्रयायाऽ अयोगूं कामाय पुंश्चलूमतिक्रुष्टाय मागधम् ॥५॥

यज्ञ, विद्यादान आदि ब्राह्मणको ब्रह्मकर्म, सुरक्षा, शासन आदि क्षत्रियको रक्षाकार्य, आपूर्ति आदि वैश्यको कर्म र सेवा आदि शूद्रका लागि यी सहज कर्म हुन् । अन्धकार स्थानमा चोर, नरकका लागि वीर घातक, पाप कर्मका लागि नपुंसकता, आयव्यय

आदि व्यापारका लागि पौरख र आँट, कामवासनाका लागि व्यभिचार र वक्तृताका लागि मागध उदाहरण दिने योग्य हुन्छन् ।

नृत्ताय सूतं गीताय शैलूषं धर्माय सभाचरं नरिष्ठायै भीमलं नर्माय रेभथं्ं हसाय कारिमानन्दाय स्त्रीषखं प्रमदे कुमारीपुत्रं मेधायै रथकारं धैर्याय तक्षाणम् ॥६॥

शरीरको हाउभाउ लगाउन सूत, गाउन, नाच्न र हाउभाउ कटाक्षका लागि नट, धर्मका लागि सभासद्, नेतृत्वका लागि पर्याप्त सामर्थ्यवान्, नम्रताका लागि मृदुभाषी, विनोदका लागि स्वाङ पार्नेहरूलाई नियुक्त गर । आनन्द प्राप्तिका लागि स्त्रीको सख्य भाव, उन्मत्त हुनका लागि वीराङ्गना कुमारी, बुद्धिमत्तापूर्ण कार्यका लागि शिल्पी र धैर्यका लागि कडाइबुनाइ गर्नेहरूलाई नियुक्त गर ।

तपसे कौलालं मायायै कर्मारथं्ं रूपाय मणिकारथं्ं शुभे वपथं्ं शरव्यायाऽ इषुकारथं्ं हेत्यै धनुष्कारं कर्मणे ज्याकारं दिष्टाय रज्जुसर्जं मृत्यवे मृगयु मन्तकाय श्वनिनम् ॥७॥

तताउनका लागि कुमाले, कुशलताका लागि कलाकार, सौन्दर्य जाँच्नका लागि जुहारी, शुभ संस्कारका लागि बिउ छर्न गोड्न कुशल व्यक्ति, लक्ष्य भेदन गर्नका लागि धनुर्धारी, हतियार प्रक्षेपण गर्नका लागि धनुषको ताँदो बनाउन र चलाउन सिपालु, उपदेश दिनका लागि डोरीका सहायताले चढ्न ओर्लन सिपालु, मृत्युदण्डका लागि जल्लाद र यमराजका कुकुर लिएर हिँड्नेहरूलाई नियुक्त गर ।

नदीभ्यः पौञ्जिष्ठ मृक्षीकाभ्यो नैषादं पुरुषव्याघ्राय दुर्मदं गन्धर्वाप्सरोभ्यो व्रात्यं प्रयुग्भ्यऽ उन्मत्तथं्ं सर्पदेवजनेभ्योप्रतिपदमयेभ्यः कितव मीर्यतायाऽ अकितवं पिशाचेभ्यो विदलकारीं यातुधानेभ्यः कण्टकीकारीम् ॥८॥

नदीको काममा मछुवाडे, जङ्गली भालु आदि प्राणीका काममा निषाद, बाघझैं आक्रमण गर्ने पुरुषलाई नियन्त्रण गर्ने काममा प्रचण्ड वीर, अप्सरा र गन्धर्वहरूसम्बन्धी काममा संस्कार नभएका व्यक्ति, शोधकार्य गर्नका लागि दत्तचित्त भएर एकोहोरिने, सर्प, देवता र मानिसको कामका लागि अतुलनीय ज्ञानी पुरुष, पासा खेलमा जुवाडे, उन्नतिका प्रयासमा छलकपट विनाका सज्जन, शिाच प्रकृति भएकाहरूका लागि भेदनीति जानेका, मार्गका लुटारहरूका लागि अवरोध उपस्थित गराउन जान्नेलाई नियुक्त गर्नुपर्दछ ।

सन्धये जारं गेहायोपपति मार्त्यै परिवित्तं निर्ऋत्यै परिविविदान मराध्याऽ एदिधिषुः पतिं निष्कृत्यै पेशस्कारीथं्ं संज्ञानाय स्मरकारीं प्रकामोद्यायोपसदं वर्णायानुरुधं बलायोपदाम् ॥९॥

सन्धिसम्झौतामा बुढापाका, घर सम्हाल्न सहयोगी घरमुली, गरिबी निवारणका लागि मनग्गे सम्पन्न व्यक्ति, अनिकाल र रुढी चल्दा साधन जुटाउन जान्ने, काम गाहारो भएर गर्न नसक्दा प्राथमिकताका आधारमा काम छान्न जान्ने, सफा सुग्घर रहने कुरामा सफा गर्न जान्ने, उचित किसिमको ज्ञान प्राप्त गर्ने कुरामा स्नेहपूर्वक कार्य गराउन कुशल, अचानक काम आइलाग्दा नजिकैको व्यक्ति, स्वीकृति प्राप्त गर्नका लागि अनुरोध गर्न जान्ने व्यक्ति र शक्ति प्राप्त गर्नुपर्दा सहारा दिन सक्ने व्यक्तिलाई नियुक्त गर्नुपर्दछ ।

उत्सादेभ्यः कुब्जं प्रमुदे वामनं द्वार्भ्यः स्रामᳬं स्वप्नायान्धमधर्माय बधिरं पवित्राय भिषजं प्रज्ञानाय नक्षत्रदर्शं माशिक्षायै प्रश्निन मुपशिक्षायाऽ अभिप्रश्निनं मर्यादायै प्रश्नविवाकम् ॥१०॥

शत्रुनाश गर्नका लागि हतियार चलाउन जान्ने, रमाइलो गर्नका लागि बामपुड्का र ढोकामा पालेको काम गर्न परिश्रमी पुरुषलाई नियुक्त गरौं । स्वप्न देख्नका लागि अन्धा र अधर्मका अवस्थामा बहिरालाई अनुगमन गर्नुपर्दछ । रोगमुक्त हुने कार्य सम्पन्न गर्नका लागि औषधि विशेषज्ञ, विशिष्ट ज्ञान प्राप्त गर्नका लागि खगोलविद्, समग्र शिक्षा प्राप्त गर्नका लागि प्रश्न सोध्न जान्ने, शिक्षाको अभ्यासका लागि जिज्ञासु र न्याय व्यवस्थाका लागि पञ्च भलादमी नियुक्त गर्नुपर्दछ ।

अर्मेभ्यो हस्तिपं जवायाश्वपं पुष्ट्यै गोपालं वीर्यायाविपालं तेजसेजपालमिरायै कीनाशं कीलालाय सुराकारं भद्राय गृहपᳬं श्रेयसे वित्तधमाध्यक्ष्यायानुक्षत्तारम् ॥११॥

भारी र मानिस ओसार्ने काममा हात्ती पाल्ने, तीव्र गतिमा जानका लागि घोडा पाल्ने, बलियो हुनका लागि गाई पाल्ने, वीर्य बढाउनका लागि भेडा पाल्ने, तेज बढाउनका लागि बाख्रा पाल्ने, अन्न बढाउनका लागि गोडमेल जान्ने किसान, अमृतसरहको शुद्ध पेय पदार्थका लागि पेल्ने काम जान्ने, सुख र कल्याणका लागि गृहस्थी चलाउन कुशल, नामयश कमाउनका लागि सम्पन्न र अध्यक्षताका लागि निरीक्षण गर्न जान्ने व्यक्तिहरूलाई नियुक्त गर्नुपर्दछ ।

भायै दार्वाहारं प्रभायाऽ अग्न्येधं ब्रध्नस्य विष्टपायाभिषेक्तारं वर्षिष्ठाय नाकाय परिवेष्टारं देवलोकाय पेशितारं मनुष्यलोकाय प्रकरितारᳬं सर्वेभ्यो लोकेभ्यऽ उपसेक्तारमव ऋत्यै वधायोपमन्थितारं मेधाय वासः पल्पूलीं प्रकामाय रजयित्रीम् ॥१२॥

अग्निको व्यवस्था गर्नका लागि दाउरे, उज्यालो व्यवस्था गर्नका लागि आगो बाल्न जान्ने, सूर्यको गर्मी धेरै हुने ठाउँका लागि सेचन गर्न जान्ने, स्वर्गको जस्तै सुखको अनुभव गर्नका लागि सबै तिरबाट प्रभावित गर्न सक्ने, देवलोकको जस्तै सुन्दर आकृति बनाउने, मानिसका समाजमा श्रेष्ठताको विकास गराउने, सबै ठाउँमा पानीको व्यवस्था गर्न सक्ने, आक्रमण गरेर वध गर्नका लागि खेलाबेला मच्चाउन सक्ने खालका मानिसहरूलाई नियुक्त गर्नुपर्दछ । बुद्धि र कुशलता प्राप्त गर्नका लागि लुगा धुनेजस्ता कामको अनुगमन गर्नुपर्दछ । शोभा बढाउनका लागि मनोरञ्जक चित्र आदिको कलाकारिताको ज्ञान भएका व्यक्तिहरूलाई पठ्याउनुपर्दछ ।

ऋतये स्तेनहृदयं वैरहत्याय पिशुनं विविक्त्यै क्षत्तार मौपद्रष्ट्र्यायानुक्षत्तारं बलायानुचरं भूम्ने परिष्कन्दं प्रियाय प्रियवादिन मरिष्ट्याऽ अश्वसादᳬं स्वर्गाय लोकाय भागदुघं वर्षिष्ठाय नाकाय परिवेष्टारम् ॥१३॥

शत्रुको सैन्य विनाश गर्नका लागि गुप्त रणनीति बनाउने, शत्रु वध गर्नका लागि चुक्ली गर्ने, भेद उत्पन्न गर्नका लागि विभाजक, सूक्ष्मतापूर्वक निरीक्षण गर्नका लागि निगरानी गर्न जान्ने, बल प्राप्तिका लागि आज्ञापालक, क्षेत्रविशेषमा भ्रमण गर्नेहरू, प्रिय कार्य

गर्नका लागि प्रियवादी, शत्रुता नाश गर्नका लागि अश्वारोही, स्वर्गीय वातावरणका लागि उचित वितरण गर्न जान्ने र सुख प्राप्तिका लागि सबै तर्फबाट प्रभावित गर्न सक्नेलाई नियुक्त गर्नुपर्दछ ।

मन्यवेयस्तापं क्रोधाय निसरं योगाय योक्तारश्थं शोकायाभिसर्त्तारं क्षेमाय विमोक्तार मुत्कूलनिकूलेभ्यस्त्रिष्ठिनं वपुषे मानस्कृतश्थं शीलायाञ्जनीकारीं निर्ऋत्यै कोशकारीं यमायासूम् ॥१४॥

अनीतिलाई रोकथाम गर्ने मन्युले आदर्शरूपी फलामलाई तताउँछ । क्रोध शान्ति गर्नका लागि दानी, जोडजाम गर्ने कामका लागि योगी, तेजस्विताका लागि अग्रगामी, संरक्षणका लागि मुक्तिदाता, अग्लोहोचो जमिन सम्याउनका लागि अग्लो, होचो र समतल गर्न जान्ने, शारीरिक विकासका लागि प्रमाणअनुसारको आचरण गर्न जान्ने, शालीनताका लागि दृष्टिलाई शुद्धि गर्नेलाई नियुक्त गर्नुपर्दछ । आपद्‌बाट जोगिनका लागि सञ्चय गर्ने जान्ने नीति भएका र नीति नियम चलाउनका लागि निष्पक्षताको व्यवहार गर्न जान्नेलाई नियुक्त गरौँ ।

यमाय यमसूमथर्वभ्योवतोकाश्थं संवत्सराय पर्यायिणीं परिवत्सरायाविजाता मिदावत्सरायातीत्वरीमिद्वत्सरायातिष्कद्वरी वत्सराय विजर्जराश्थं संवत्सराय पलिक्नीमृभुभ्योजिनसन्धश्थं साध्येभ्यश्चर्मम्नम् ॥१५॥

हे परमात्मा ! तिमी नियम बनाउनेहरूका लागि नियन्त्रण गर्नका लागि समर्थ सन्तान जन्माउनेलाई, हिंसाबाट पर रहनेलाई, अवतोका नामका स्त्रीलाई, संवत्सरका लागि कालक्रमको विधिव्यवस्था जान्नेलाई, परिवत्सरका लागि ब्रह्मचारिणी कुमारीलाई, इदावत्सरका लागि अत्यधिक गतिशील रहने स्त्रीलाई, इद्वत्सर अथवा अनुवत्सरका लागि अतिशय ज्ञानले सम्पन्न स्त्रीलाई, वत्सर वा अनुवत्सरका लागि जराजीर्ण वृद्धा स्त्रीलाई, संवत्सरका लागि सेतो कपाल भएकी वृद्धा स्त्रीलाई नियुक्त गर्नुपर्दछ । त्यसै गरी ऋभुहरूका लागि अपराजेय पुरुषसित मित्रता बनाउनेहरूलाई र साध्यका लागि विशिष्ट ज्ञान भएका पुरुषलाई नियुक्त गर्नुपर्दछ ।

सरोभ्यो धैवरमुपस्थावराभ्यो दाशं वैशन्ताभ्यो वैन्दं नड्वलाभ्यः शौष्कलं पाराय मार्गारमवाराय कैवर्तं तीर्थेभ्यऽ आन्दं विषमेभ्यो मैनालश्थं स्वनेभ्यः पर्णकं गुहाभ्यः किरातश्थं सानुभ्यो जम्भकं पर्वतेभ्यः किम्पूरुषम् ॥१६॥

सरोवरका लागि धीवरहरूलाई, उपवनका लागि सेवकहरूलाई, ससाना जलाशयका लागि निषादलाई, नर्कटले भरिएका ठाउँका लागि माछा मारेर जीविका गर्नेलाई, बाटो कटेर जानेका लागि बाटो चिनेकालाई, नदीपारि जानका लागि नाविकलाई, तीर्थका लागि किनारालाई तटबन्ध गर्न जान्ने, भिरालो ठाउँ जोगाउनका लागि बार लगाउन जान्नेलाई, ध्वनि उत्पन्न गर्नका लागि नर्सिङ्गा बजाउन जान्नेलाई, गुफाका लागि कोलकिराँत आदिलाई, पर्वतका चुचुराका लागि प्रचण्ड पुरुषलाई र पर्वतका लागि होचापुड्का खालका मानिसलाई नियुक्त गर्नुपर्दछ ।

बीभत्सायै पौल्कसं वर्णाय हिरण्यकारं तुलायै वाणिजं पश्चादोषाय ग्लाविनं विश्वेभ्यो भूतेभ्यः सिध्मलं भूत्यै जागरणमभूत्यै स्वपनमार्त्यै जनवादिनं व्यृद्ध्याऽ अपगल्भꣳ सꣳशराय प्रच्छिदम् ॥१७॥

बीभत्स कार्यका लागि पुल्कस नामका ठिमाहा जातिलाई, सुन्दर आकार प्रदान गर्नका लागि सुनको काम गर्नेलाई, जोखनापको काम गर्नका लागि व्यापारीलाई, पछि दोष लगाउनका लागि असन्तोषी व्यक्तिलाई, सबै प्राणीको हितका लागि सिद्ध पुरुषलाई, समृद्धिका लागि जागरुकलाई, असमृद्धिका लागि अल्छेलाई, दुखेको निको पार्नका लागि सबैलाई सावधान गराउन जान्नेलाई, उन्नतिका लागि ब्राठा गफ नगर्ने स्वाभिमानीलाई र बाण हान्नका लागि लक्ष्य भेदन गर्न जान्ने व्यक्तिलाई नियुक्त गर्नुपर्दछ ।

अक्षराजाय कितवं कृतायादिनवदर्शं त्रेतायै कल्पिनं द्वापरायाधिकल्पिन मास्कन्दाय सभास्थाणुं मृत्यवे गोव्यच्छमन्तकाय गोघातं क्षुधे यो गां विकृन्तन्तं भिक्षमाणऽ उपतिष्ठति दुष्कृताय चरकाचार्यं पाप्मने सैलगम् ॥१८॥

पासा खेल्नका लागि चतुर पुरुष, क्रियाशीलताका लागि समीक्षक, कार्यको सङ्कल्पका लागि कल्पनाशील, कर्मको तयारीका लागि अतिकल्पनाशील, सामूहिक आक्रमणको स्थितिमा तत्काल निर्णय लिन सक्ने, मृत्युका लागि इन्द्रिय सुखमा रमाउने, यमराजका लागि गाईको हत्या गर्ने, भोकै रहनका लागि गाई मारेर भिक्षा माग्दै उपस्थित हुने, दुष्कर्म निवारणका लागि डुलफिर गरिरहने, आचार्य र पापीका लागि दुष्टतापूर्वक दण्डित गर्ने खालका व्यक्तिलाई नियुक्त गर्नुपर्दछ ।

प्रतिश्रुत्कायाऽ अर्त्तनं घोषाय भषमन्ताय बहुवादिनमनन्ताय मूकꣳ शब्दायाडम्बराघातं महसे वीणावादं क्रोशाय तूणवध्म मवरस्पराय शङ्खध्मं वनाय वनपमन्यतोरण्याय दावपम् ॥१९॥

प्रतिज्ञाका लागि औचित्य निर्वाह गर्ने, घोषणाका लागि जोडदार रूपमा बोल्ने, विवादको अन्त्यका लागि कुशल वक्ता, विवादको टुङ्गो नलाग्दाका लागि चुप लागेर बस्ने, शब्दका लागि जोडदार रूपमा बाजा बजाउने, महत्त्वका लागि वीणा बजाउने, ठूलो ध्वनिका लागि ठूलो दमाहा बजाउने, मध्यम खालको ध्वनि निकाल्नका लागि शङ्ख बजाउने, वनको रक्षाका लागि वनपाले र अन्य किसिमका वनका लागि डढेलोबाट जोगाउने खालका व्यक्तिलाई नियुक्त गर्नुपर्दछ ।

नर्माय पुंश्चलूꣳ हसाय कारिं यादसे शाबल्यां ग्रामण्यं गणकमभिक्रोशकं तान्महसे वीणावादं पाणिघ्नं तूणवध्मं तान्नृत्तायानन्दाय तलवम् ॥२०॥

खेलवाडमा लागेकी दुश्चरित्र स्त्रीलाई, हँसाउन लागेका अनुकरण गर्ने व्यक्तिलाई, जलजन्तु मार्न लागेका नीच जातिका मानिसलाई पर हटाउनुपर्दछ । गाउँको मुखिया, ज्योतिषि र सबैलाई बोलाउनेलाई सत्कार गर्नका लागि नियुक्त गर्नुपर्दछ । वीणावादक, तालमा बाजा बजाउने र स्वर निकाल्न बाजा बजाउनेलाई र नृत्यमा आनन्द प्राप्तिका लागि ताली बजाउनेहरू नियुक्त गर्नुपर्दछ ।

अग्नये पीवनं पृथिव्यै पीठसर्पिणं वायवे चाण्डालमन्तरिक्षाय वꣳशनर्तिनं दिवे खलितꣳ सूर्याय हर्यक्षं नक्षत्रेभ्यः किर्मिरं चन्द्रमसे किलासमह्ने शुक्लं पिङ्गाक्षꣳ रात्र्यै कृष्णं पिङ्गाक्षम् ॥२१॥

आगाको काम गर्नका लागि ठूलो ज्यानको मानिस, पृथ्वीका लागि आसनमा बसेर चल्ने, वायुका लागि प्रचण्ड कार्य गर्ने पुरुष, अन्तरिक्षको कार्य गर्नका लागि बाँसमाथि कला देखाउने, द्युलोकका लागि खगोलविद्, सूर्यका लागि हरियो वर्णका, नक्षत्रका लागि सुन्तला रङ्ग मन पराउने, चन्द्रमाका लागि चर्मरोग लागेका, दिनका लागि सफा रङ्ग र पहेँला आँखा भएको र रात्रिका लागि कालो रङ्ग र पहेँला आँखा भएकाहरूलाई नियुक्त गर्नुपर्दछ ।

अथैतानष्टौ विरूपाना लभतेतिदीर्घं चातिह्रस्वं चातिस्थूलं चातिकृशं चातिशुक्लं चातिकृष्णं चातिकुल्वं चातिलोमशं च । अशूद्राऽ अब्राह्मणास्ते प्राजापत्याः मागधः पुंश्चली कितवः क्लीबोशूद्राऽ अब्राह्मणास्ते प्राजापत्याः ॥२२॥

यसै किसिमले माथि बताइएका यी आठ अतिदीर्घ, अतिह्रस्व, अतिस्थूल, अतिकृश, अतिशुक्ल, अतिकृष्ण, अतिकुल्व र अति रोमशलाई तथा चाटुकार, दुराचारिणी, जुवाडे, र नपुंसक जस्ता यी चार किसिमका अब्राह्मण र अशूद्र अर्थात् बुद्धि र परिश्रम नगर्नेलाई प्रजापतिकहाँ जिम्मा लगाउनुपर्दछ ।

इति त्रिंशोऽध्यायः

तीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ एकत्रिंशोऽध्यायः॥

॥एकतीसौं अध्याय॥

ऋषि— नारायण पुरुष, उत्तरनारायण ।

देवता— पुरुष जगद्बीज, आदित्य ।

छन्द— निचृत् अनुष्टुप्, अनुष्टुप्, विराट् अनुष्टुप्, विराट् त्रिष्टुप्, भुरिक् त्रिष्टुप्, निचृत् त्रिष्टुप्, निचृत् आर्षी त्रिष्टुप् ।

सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । स भूमिꣳ सर्वत स्पृत्वात्यतिष्ठ द्दशाङ्गुलम् ॥१॥

हजारौं शिर, हजारौं नेत्र, हजारौं चरण भएका विराट् पुरुषले सारा ब्रह्माण्ड जितेर त्यसलाई दस औँलाले निर्माण गर्दै ओगटेका छन् ।

पुरुषऽ एवेदꣳ सर्वं यद्भूतं यच्च भाव्यम् । उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥२॥

निर्माण भइसकेको र निर्माण हुनुपर्ने सृष्टिको रूप उनै विराट् पुरुष हुन् । ती विराट् पुरुषका एक चरणमा सबै प्राणी अटेका छन् र तीन वटा चरण दिव्यलोकमा छन् ।

एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः । पादोस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥३॥

यस संसारको विशालताभन्दा ठूला उनै विराट् पुरुष छन् । अमर आत्मा र अविनाशी जगत्का स्वामी पनि उनै विराट् पुरुष हुन् । अन्न खाएर बढ्नेहरूका स्वामी उनै हुन् ।

त्रिपादूर्ध्वऽ उदैत्पुरुषः पादोस्येहाभवत्पुनः । ततो विष्वङ् व्यक्रामत्साशनानशने अभि ॥४॥

उपल्लो लोकमा तीन चरण हुने विराट् पुरुषको एक भाग यहाँ फेरि प्रकट भयो । अन्न खाने प्राणी र अन्न नखाने वनस्पति आदिमा उनै विराट् पुरुष व्याप्त रहेका छन् ।

ततो विराडजायत विराजो अधि पूरुषः । स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ॥५॥

उनै विराट् पुरुषबाट यो ब्रह्माण्ड उत्पन्न भयो । उनै विराट् पुरुषबाट समस्त प्राणी उत्पन्न भए । देहधारीहरूमध्ये उनै सबैभन्दा श्रेष्ठ भए अनि उनैले सबैभन्दा पहिले पृथ्वीलाई त्यसपछि अन्य शरीरधारीहरूलाई उत्पन्न गरे ।

तस्माद्यज्ञात्सर्वहुतः सम्भृतं पृषदाज्यम् । पशूँस्ताँश्चक्रे वायव्यानारण्या ग्राम्याश्च ये ॥६॥

सबै हवन गरेका यज्ञबाट सन्तुष्टिदायक पोषण तत्त्व उत्पन्न भयो । त्यसैबाट वायुमा गतिशीलता उत्पन्न भयो भने वन र गाउँमा रहने प्राणीको पनि उत्पत्ति भयो ।

तस्माद्यज्ञात्सर्वहुतऽ ऋचः सामानि जज्ञिरे । छन्दाꣳसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ॥७॥

विराट् यज्ञ पुरुषबाट ऋग्वेद र सामवेदका गीत प्रकट भए । त्यहीँबाट यजुर्वेद र अन्य वेदका ऋचा उत्पन्न भए ।

तस्मादश्वाऽ अजायन्त ये के चोभयादतः । गावो ह जज्ञिरे तस्मात्तस्माज्जाताऽ अजावयः ॥८॥

विराट् पुरुषबाटै दुवैतिर दाँत भएका र गाई, बाख्रा, भेडा आदि उत्पन्न भए ।

तं यज्ञं बर्हिषि प्रौक्षन्पुरुषं जातमग्रतः । तेन देवाऽ अयजन्त साध्याऽ ऋषयश्च ये ॥९॥

विशिष्ट प्राणप्रवाहरूपी त्यस यज्ञका साध्य बनेका देवता र ऋषिहरूले पहिले प्रकट भएका यज्ञपुरुषलाई नै यज्ञका काममा खटाएर यज्ञको कार्य सम्पन्न गरे ।

यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन् । मुखं किमस्यासीत्किम्बाहू किमूरू पादाऽ उच्येते ॥१०॥

सङ्कल्पबाट उत्पन्न विराट् पुरुषलाई ज्ञानीहरू विभिन्न किसिमले वर्णन गर्दछन् । त्यसको कस्तो कल्पना गर्छन् ? त्यसको मुख कुन हो ? त्यसका पाखुरा, जङ्घा र गोडा कुनकुन हुन् ? शरीर संरचनामा त्यो पुरुष कसरी पूर्ण बनेको छ ?

ब्राह्मणोस्य मुखमासीद् बाहू राजन्यः कृतः । ऊरू तदस्य यद्वैश्यः पद्भ्याꣳ शूद्रो अजायत ॥११॥

त्यस विराट् पुरुषको मुख ब्रह्मज्ञानी, पाखुरा शूरवीर, तिघ्रा वितरण गर्ने वैश्य र गोडा श्रमिक शूद्र वर्गले वा तिनको भावले प्रकट गराए ।

चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत । श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ॥१२॥

त्यस विराट् पुरुषका मनमा चन्द्रमा, आँखामा सूर्य, कानमा वायु र प्राण तथा मुखमा अग्निको रूप देखियो ।

नाभ्या आसीदन्तरिक्षꣳ शीर्ष्णो द्यौः समवर्तत । पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ२ऽ अकल्पयन् ॥१३॥

त्यसै विराट् पुरुषका नाभीमा अन्तरिक्ष, शिरमा द्युलोक, गोडामा भूमि, कानमा दस दिशा प्रकट भएका लोकको कल्पना भयो ।

यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत । वसन्तोस्यासीदाज्यं ग्रीष्मऽ इध्मः शरद्धविः ॥१४॥

विराट् पुरुषले हवि निर्माण गरेपछि देवताले यज्ञरूपी सृष्टिको थालनी गर्दा वसन्त ऋतु घिउ र ग्रीष्म ऋतु समिधा र शरद् ऋतु हविष्यका रूपमा प्रकट भए ।

सप्तास्यासन् परिधयस्त्रिः सप्त समिधः कृताः । देवा यद्यज्ञं तन्वानाऽ अबध्नन् पुरुषं पशुम् ॥१५॥

देवताहरूले यस सृष्टिरूपी यज्ञको सुरसार गर्दै सात वटा परिधि बनाए । सातलाई तीनले गुनेका समिधा भए । त्यसपछि स्वतन्त्र पुरुष पशुका बन्धनमा आबद्ध भयो ।

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् । ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ॥१६॥

देवताहरूले यज्ञले यजन गरे, धर्मकर्म उनको प्रथम स्थान हो । देवताहरूले स्वर्गमा स्थान पाए । त्यहाँ पूर्णकामा साधना गर्ने देवताहरू नै रहन्छन् ।

अद्भ्यः सम्भृतः पृथिव्यै रसाच्च विश्वकर्मणः समवर्त्तताग्रे । तस्य त्वष्टा विदधद्रूपमेति तन्मर्त्यस्य देवत्वमाजानमग्रे ॥१७॥

सर्वप्रथम सबै खालका कर्म गर्ने परमात्मा विश्वकर्माले पृथ्वी र जल बनाए र त्यस जलरस रूपी प्राणतत्त्वले सृष्टिको निर्माण भयो । मर्त्यलाई देवत्व प्रदान गर्दै उनै विश्वनिर्माताले विश्वको निर्माण गरे ।

वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसः परस्तात् । तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यतेयनाय ॥१८॥

सूर्यको जस्तै तेजले सम्पन्न, अन्धकाररहित, त्यस्ता विराट् पुरुषलाई जानिसकेपछि साधक र उपासकहरूलाई मोक्ष प्राप्त हुन्छ । मोक्ष प्राप्तिको मार्ग यही हो, यसभन्दा बाहेक अर्को कुनै मोक्षको मार्ग छैन ।

प्रजापतिश्चरति गर्भे अन्तरजायमानो बहुधा वि जायते । तस्य योनिं परि पश्यन्ति धीरास्तस्मिन् ह तस्थुर्भुवनानि विश्वा ॥१९॥

प्रजापालक परमात्मकाको सत्ता सम्पूर्ण पदार्थमा विद्यमान छ, ती परमात्मा अजन्मा भएर पनि अनेकौं रूपमा प्रकट हुन्छन् । उनकै कारणले सम्पूर्ण भुवनहरू शक्तिमा समाहित भएका छन् । विशिष्ट ज्ञानसम्पन्न व्यक्तिले नै उनको मुख्य स्वरूप देख्न पाउँछन् ।

यो देवेभ्यऽ आतपति यो देवानां पुरोहितः । पूर्वो यो देवेभ्यो जातो नमो रुचाय ब्राह्मये ॥२०॥

देवसमुदायमा अग्रणी एवं उस देवसमुदायलाई प्रकाशित गराउने, सबै देवताभन्दा जसको स्वरूप पहिले नै प्रकट भएको थियो, त्यस्ता तेजसम्पन्न ब्रह्मलाई हाम्रो नमस्कार छ ।

रुचं ब्राह्मं जनयन्तो देवाऽ अग्रे तदब्रुवन् । यस्त्वैवं ब्राह्मणो विद्यात्तस्य देवाऽ असन्वशे ॥२१॥

ब्रह्मज्ञानी देवताहरूको भनाइअनुसार जुन प्रकाशमय ब्रह्मलाई प्रकट गराउने ज्ञानी हुन् उनैले त्यस विराट सत्तालाई जान्दछ । उनै विराट् सत्ताका अधिकारभित्र सम्पूर्ण देवशक्तिहरू रहेका हुन्छन् ।

श्रीश्च ते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणामुं मऽ इषाण सर्वलोकं मऽ इषाण ॥२२॥

हे प्रकाशस्वरूप परमात्मा ! सबैलाई प्रसन्नता प्रदान गर्ने वैभवरूपी लक्ष्मी तिम्रै पत्नीका रूपमा छन् । रात्रि, दिन र नक्षत्रहरू तिम्रा भुजाका रूपमा छन् । द्युलोक र पृथ्वी तिम्रा मुखजस्तै हुन् । इच्छाशक्तिले सबैका इच्छा पुरा गराउनमा समर्थ तिमी नै छौ । हे ईश्वर ! हाम्रो उत्तम लोक प्राप्त गर्ने इच्छा तिमीले नै पूरा गराऊ ।

इति एकत्रिंशोऽध्यायः

एकतीसौं अध्याय सकियो ।

भूर्भुवः स्वः तत्सवितुवरिण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल
यजुर्वेद – संहिता

॥अथ द्वात्रिंशोऽध्यायः॥

॥बत्तीसौं अध्याय॥

ऋषि– ब्रह्म स्वयंभु, मेधाकाम, श्रीकाम ।

देवता– आत्मा, सदसस्पति, अग्नि, वरुण आदि लिङ्गोक्त, श्री मन्त्रोक्त ।

छन्द– अनुष्टुप, निचृत् पङ्क्ति, भुरिक् पत्रष्टुप, निचृत् त्रिष्टुप, निचृत् शक्वरी, त्रिष्टुप, भुरिक् गायत्री, निचृत् अनुष्टुप, निचृत् बृहती ।

तदेवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमाः । तदेव शुक्रं तद् ब्रह्म ता आपः स प्रजापतिः ॥१॥

सर्वव्यापक परमात्मा नै स्वयं प्रकाशित प्रजापति हुन् । संसारभरि सबैतिर फिँजाउनका लागि अग्नि, सूर्यको जस्तै तेजयुक्त आदित्य, व्यापक प्राणरूपी वायु, आनन्दमय चन्द्रमा, शुद्ध तथा पवित्र दीप्तिमान् शुक्र, श्रेष्ठ तथा उत्कृष्ट पथप्रदर्शक ब्रह्म, सबैमा विद्यमान रहेको जल र समस्त प्रजाका पालनकर्ता पनि उनै हुन् ।

सर्वे निमेषा जज्ञिरे विद्युतः पुरुषादधि । नैनमूर्ध्वं न तिर्यञ्चं न मध्ये परि जग्रभत् ॥२॥

परम तेजस्वी, सर्वव्यापी परमात्माबाटै सबै किसिमका कालहरू प्रकट भएका हुन् । यिनै परमात्मालाई माथिबाट, वरपरबाट अथवा मध्य भागबाट पूर्ण रूपले कसैले पनि ग्रहण गर्न सक्दैन, त्यसैले यिनका विषयमा कसैले जान्दैन ।

न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यशः । शिरण्यगर्भऽ इत्येष मा मा हिंᳬसीदित्येषा यस्मान्न जातऽ इत्येषः ॥३॥

जुन परमात्मालाई महिमा हिरण्यगर्भः... यस्मान्न जातः .... तथा मा मा हिंसीत्... आदि वेदका मन्त्रले महिमा वर्णन गरेका छन्, उनको नाम र यश अत्यन्त विशाल छ, तर पनि उनको कुनै प्रतिमान छैन ।

एषो ह देवः प्रदिशोनु सर्वाः पूर्वो श जातः स उ गर्भे अन्तः । स एव जातः स जनिष्यमाणः प्रत्यङ् जनास्तिष्ठति सर्वतोमुखः ॥४॥

ती परमात्मा सबै दिशाउपदिशामा, जन्म लिएका तथा जन्म लिनका लागि तत्पर सबै प्राणीमा संव्याप्त छन् । उनैले जन्म लिएर पुनःपुनः जन्म लिने हुन् र वर्तमानमा पनि सर्वत्र विद्यमान छन् ।

यस्माज्जातं न पुरा किं चनैव यऽ आबभूव भुवनानि विश्वा । प्रजापतिः प्रजया सᳬरराणस्त्रिणि ज्योतीᳬषि सचते स षोडशी ॥५॥

जुन परमात्मा एक्लै नै सबै भुवनहरूमा व्याप्त छन्, उनीभन्दा पहिले केही पनि उत्पन्न भएको थिएन, उनै प्रजाका साथ रहने प्रजापति सोह्र कलाले युक्त भएर अग्नि, विद्युत् र सूर्यरूपी तीन किसिमका ज्योति धारण गर्दछ ।

येन द्यौरुग्रा पृथिवी च दृढा येन स्वः स्तभितं येन नाकः । यो अन्तरिक्षे रजसो विमानः कस्मै देवाय हविषा विधेम ॥६॥

जुन परमात्माले द्युलोकलाई तेजस्वी बनाए, जसले सुख र आनन्द प्राप्त गर्नका लागि पृथ्वीलाई दृढ बनाए र आदित्य मण्डल एवं स्वर्गलोकलाई स्थिर गराए, जसले आकाशमा विभिन्न लोकहरूको निर्माण गरे, उनै आनन्दस्वरूप परमात्मालाई भक्तिपूर्वक अर्चना गर्दछौं, उनका अतिरिक्त हवि प्रदान गर्दै अरू कसको अर्चना गरौं ?

यं क्रन्दसी अवसा तस्तभाने अभ्यैक्षेतां मनसा रेजमाने । यत्राधि सूरऽ उदितो विभाति कस्मै देवाय हविषा विधेम । आपो ह यद्बृहतीर्यश्चिदापः ॥७॥

जुन परमात्मा द्यावापृथिवी शब्दायमान भएर, मानिसलाई संरक्षण प्रदान गर्न स्थिर र प्रकाशित हुन्छन्, महिमाशाली रूपमा जसलाई सबैले हेर्दछन्, जसका आश्रयले सूर्यदेवता उदाएर अन्तरिक्षमा प्रकाशित हुन्छन्, तिनै परमात्मालाई हामी आपो ह यद् .... र यश्चिदापः... भन्ने मन्त्रका साथ हविद्वारा विधिपूर्वक उनैको अर्चना गर्दछौं ।

वेनस्तत्पश्यन्निहितं गुहा सद्यत्र विश्वं भवत्येकनीडम् । तस्मिन्निदꣳ सं च वि चैति सर्वꣳ स ओतः प्रोतश्च विभूः प्रजासु ॥८॥

प्रत्येक पदार्थमा लुकेका त्यस्ता परमात्मालाई ज्ञानीजनले नित्य, सम्पूर्ण संसारलाई आश्रय दिनेका रूपमा चिनेका हुन्छन् । सबै प्रजाहरूमा व्याप्त रहेका त्यस्ता परमात्मामा पनि प्रलय कालमा सबै प्राणीहरू विलीन हुन्छन् र सृष्टि कालमा उनैबाट पुनः प्रकट हुन्छन् ।

प्र तद्वोचेदमृतं नु विद्वान् गन्धर्वो धाम विभृतं गुहा सत् । त्रीणि पदानि निहिता गुहास्य यस्तानि वेद स पितुः पितासत् ॥९॥

उनै परमात्माका स्वरूपको वर्णन ज्ञानीजनले मात्रै गर्न सक्दछन् । बुद्धिमा धारण गर्नाले नै त्यस्ता परमात्मा सुशोभित हुन्छन् । त्यस्ता परमात्माका सत्, चित् र आनन्दरूपी तीन पदलाई जसले धारण गर्दछ, उही पालकको पनि पालक हुन्छ ।

स नो बन्धुर्जनिता स विधाता धामानि वेद भुवनानि विश्वा । यत्र देवाऽ अमृतमानशानास्तृतीये धामन्नध्यैरयन्त ॥१०॥

अमरता प्राप्त गरिसकेका ज्ञानीहरू स्वर्गरूपी जुन तेस्रो धाममा स्वेच्छापूर्वक विचरण गर्दछन्, त्यसै धाममा व्याप्त उनै परमात्मा हामी सबैका बन्धु हुन् । हामी सबैलाई उत्पन्न गर्ने र पालन पोषण गर्ने उनै हुन् । उनैले सबै भुवन र सबै प्राणीहरूलाई जानेका छन् ।

परीत्य भूतानि परीत्य लोकान् परीत्य सर्वाः प्रदिशो दिशश्च । उपस्थाय प्रथमजामृतस्यात्मनात्मानमभि सं विवेश ॥११॥

सबै प्राणी, सबै लोक, सबै दिशाउपदिशाहरूलाई जानेर सत्य नियमका तीन वेदमा आधारित सनातन रूपको उपासना गरेर ज्ञानीहरू आत्मरूपे परमात्मामा समाहित हुने गर्दछन् ।

परि द्यावापृथिवी सद्यऽ इत्वा परि लोकान् परि दिशः परि स्वः । ऋतस्य तन्तुं विततं विचृत्य तदपश्यत्तदभवत्तदासीत् ॥१२॥

आकाशदेखि पृथ्वीसम्मका सबै पदार्थ, सबै लोकहरू, सबै दिशाउपदिशाहरू र आत्मशक्तिलाई ज्ञानीहरूले जानिसकेपछि अटल सत्यरूपमा विशेष प्रकारले बाँधिएका उनै परमात्माको अनुभूति गर्दै पहिले उनी जस्ता थिए उस्तै रूपमा परिणत हुन पुग्दछन्

सदसस्पतिमद्भुतं प्रियमिन्द्रस्य काम्यम् । सनिं मेधामयासिषᳶ स्वाहा ॥१३॥

इन्द्रदेवताका प्रिय मित्र हुनाले खोजेको कुरो दिन सक्ने, सबैको मर्म बुझ्ने र असल व्यवहारका स्वामी सदसस्पतिदेवबाट हामी अद्‌भुत ज्ञानबुद्धि प्राप्त गर्न चाहन्छौँ ।

यां मेधां देवगणाः पितरश्चोपासते । तया मामद्य मेधयाग्ने मेधाविनं कुरु स्वाहा ॥१४॥

देवगण र पितृगणले जुन उत्तम बुद्धिको कामना गर्दछन्, हे अग्निदेवता ! त्यस्तो बुद्धिले आज हामीलाई पनि मेधावी बनाऊ भनेर नै हामी यो आहुति प्रदान गर्दछौँ ।

मेधां मे वरुणो ददातु मेधामग्निः प्रजापतिः । मेधामिन्द्रश्च वायुश्च मेधां धाता ददातु मे स्वाहा ॥१५॥

हे वरुणदेवता ! हे प्रजापालक अग्निदेवता ! हे इन्द्रदेवता ! हे वायुदेवता ! हे परमात्मा ! हामीलाई उत्तम बुद्धि प्रदान गर भनेर यो आहुति प्रदान गर्दछौँ ।

इदं मे ब्रह्म च क्षत्रं चोभे श्रियमश्नुताम् । मयि देवा दधतु श्रियमुत्तमां तस्यै ते स्वाहा ॥१६॥

देवगणले हाम्रो यस ज्ञानतेज र हाम्रो यस क्षात्रबल यी दुई कुराले हामीलाई शोभायमान गराऊन् भनेर नै हामी आज यो आहुति प्रदान गर्दछौँ ।

इति द्वात्रिंशोऽध्यायः

बत्तीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ त्रयस्त्रिंशोऽध्यायः॥

॥तेत्तीसौं अध्याय॥

ऋषि– वत्सप्री, विरूप, गोतम, कुत्स, वामदेव, विश्वामित्र, भरद्वाज, मेधातिथि, पराशर शाक्त्य, अत्रिदुहिता, विश्ववारा, वसिष्ठ, प्रस्कण्व, वामदेव गोतम, लुशोधानाक, पुरुमीढ, आजमीढ, सुनीति, अवत्सार, काश्यप, वेन, सुचीक, त्रिशोक, मधुच्छन्दा अगस्त्य, गौरीविति शाक्त्य, विभ्राट् सौर्य, प्रस्कण्व, अवत्सार, काश्यप, वेन, कुत्स, आङ्गिरस, श्रुतकक्ष, सुकक्ष, जमदग्नि, नृमेध, हिरण्यस्तूप, आङ्गिरस, कुसीदी काण्व, अवत्सार काश्यप, वेन, कुत्स, आङ्गिरस, अगस्त्य, मेधातिथि, मधुच्छन्दा, प्रतिक्षत्र, अवत्सार काश्यप, प्रगाथ, कूर्म गार्त्समद, सुहोत्र, आदित्य, याज्ञवल्क्य, ऋजिश्वा, मधुच्छन्दा, कुशिक, देवल, असित, गौरीविति, दक्ष, परमेष्ठी प्रजापति, बृहद्दिव आथर्वण, तापस, कण्व, त्रित आप्त्य, मनु वैवस्वत, मेध ऐन्द्र, मनु ।

देवता– अग्नि, वैश्वानर, इन्द्र, विश्वेदेवा, वेन, सूर्य, वायु, इन्द्रवायु, मित्रावरुण, अश्विनीकुमार, सोम, आदित्य, सविता, भाववृत्त, इन्द्रामरुत्, महेन्द्र ।

छन्द– स्वराट् पङ्क्ति, गायत्री, निचृत् गायत्री, भुरिक् त्रिष्टुप्, त्रिष्टुप्, विराट् गायत्री, विराट् त्रिष्टुप्, निचृत् त्रिष्टुप्, भुरिक् पङ्क्ति, अनुष्टुप्, बृहती, जगती, विराट् जगती, पिपीलिकामध्या निचृत् गायत्री, भुरिक् बृहती, निचृत् बृहती, स्वराट् आर्ची गायत्री, निचृत् जगती, भुरिक् अनुष्टुप्, पङ्क्ति, निचृत् पङ्क्ति, विराट् बृहती, स्वराट् सतोबृहती ।

अस्याजरासो दमामरित्राऽ अर्चद्धूमासो अग्नयः पावकाः । श्वितीचयः श्वात्रासो भुरण्यवो वनर्षदो वायवो न सोमाः ॥१॥

यजमान, साधक अग्निले युक्त हुन्छन् । अग्निदेव नबुढिने, शत्रुका दमनकर्ता, वन्दनीय, धुवाँरूपी ज्वालायुक्त, पवित्रस्वरूप, उज्ज्वल वर्णका, शीघ्र सहायक, पोषणकर्ता, वनमा आश्रित, वायुसमान उत्साहप्रद र सोमसमान फलदायी हुन्छन् ।

हरयो धूमकेतवो वातजूताऽ उप द्यवि । यतन्ते वृथगग्नयः ॥२॥

धुवाँरूपी ध्वजाले चिनिने अग्निदेवताले रस हरण गर्दछन् । वायुद्वारा प्रेरित भएर ठाउँ सर्ने अग्निदेव आकाशमा पृथक्पृथक् रूपमा विचरण गर्दछन् ।

यजा नो मित्रावरुणा यजा देवाँ२ऽ ऋतं बृहत् । अग्ने यक्षि स्वं दमम् ॥३॥

हे अग्निदेवता ! हाम्रा निम्ति मित्र र वरुणको यजन गर । विशाल यज्ञ सम्पन्न गर र यज्ञशालामा पूजायोग्य भावले बस ।

युक्ष्वा हि देवहूतमाँ२ऽ अश्वाँ२ऽ अग्ने रथीरिव । नि होता पूर्व्यः सदः ॥४॥

हे अग्निदेवता ! देवताको आह्वान गर्ने अश्वलाई सारथीजस्तै बनेर आफ्ना रथमा नियोजित गर । सर्वप्रथम हविदाता भएर तिमी हाम्रा यज्ञको अनुष्ठानमा प्रतिष्ठित होऊ ।

द्वे विरूपे चरतः स्वर्थे अन्यान्या वत्समुप धापयेते । हरिरन्यस्यां भवति स्वधावाञ्छुक्रो अन्यस्यां ददृशे सुवर्चाः ॥५॥

दुई भिन्नभिन्न रूपरङ्ग भएका स्त्रीहरूको जस्तै रात्रि र दिन आआफ्ना उत्तम कर्ममा तत्पर रहँदै विभिन्न किसिमले विचरण गर्दछन् । उनीहरूमध्ये एउटी रात्रि कालो वर्णकी छिन् र उनको स्वधावान् पुत्र चन्द्रमालाई उनले उत्पन्न गर्दछिन् भने अर्की गोरो वर्णकी दिन नाम भएकीले उत्तम तेजले सम्पन्न पुत्र सूर्यलाई प्रकट गर्दछिन् भन्ने मान्यता रहेको छ ।

अयमिह प्रथमो धायि धातृभिर्होता यजिष्ठो अध्वरेष्वीड्यः । यमप्नवानो भृगवो विरुरुचुर्वनेषु चित्रं विभ्वं विशेविशे ॥६॥

देवता बोलाइदिने, यज्ञीय कर्म निर्वाह गर्ने अग्निदेवताले यज्ञमा ऋत्विक्‌हरूको प्रशंसनीय स्तुति प्राप्त गर्दछन् । यज्ञको कार्य गर्न यस यज्ञवेदीमा उनलाई स्थापित गरेका छन् । यजमानको उन्नतिका लागि भृगुवंशी ऋषिले विलक्षण एवं विस्तृत कर्मका सम्पादक अग्निदेवतालाई वनमा प्रज्वलित गरेका थिए ।

त्रीणि शता त्री सहस्राण्यग्निं त्रिंशच्च देवा नव चासपर्यन् । औक्षन्घृतैरस्तृणन्बर्हिरस्मा आदिद्धोतारं न्यसादयन्त ॥७॥

तीन हजार, तीन सय उन्चालीस देवताहरूले अग्निदेवताको पूजा गरेका छन् । उनलाई घिउले सेचन गरेका छन् र उनका लागि कुशको आसन ओछ्याएका छन् । अनि फेरि उनीहरू सबैले तिनलाई होताका रूपमा वरण गरेर माथि विराजित गराएका छन् ।

मूर्धानं दिवोऽ अरतिं पृथिव्या वैश्वानरमृतऽ आ जातमग्निम् । कविꣳ सम्राजमतिथिं जनानामासन्ना पात्रं जनयन्त देवाः ॥८॥

देवताहरूले द्युलोकका शिरोभागमा आदित्यका रूपमा पृथ्वीका सीमासम्म प्रकाशित गराउने, यज्ञादिमा उत्पन्न, क्रान्तदर्शी, सम्यक्‌रूपले ओजवान्, समस्त प्रजाले अतिथिका रूपमा पूजा गरिएका, मुख्य होताका रूपमा रहने, वैश्वानर अग्निदेवतालाई सबैको रक्षकका रूपमा प्रज्वलित गराए ।

अग्निर्वृत्राणि जङ्घनद्द्रविणस्युर्विपन्यया । समिद्धः शुक्रऽ आहुतः ॥९॥

सत्प्रयासबाट प्रसन्न भएर याजकलाई प्रसन्नता प्रदान गर्ने हे प्रदीप्त अग्निदेवता ! हामीलाई बन्धनमा राख्ने खालका दुष्ट प्रवृत्ति विनाश गर ।

विश्वेभिः सोम्यं मध्वग्नऽ इन्द्रेण वायुना । पिबा मित्रस्य धामभिः ॥१०॥

हे अग्निदेवता ! इन्द्र, वायु, मित्र आदि देवताहरूका सम्पूर्ण तेजसँगै बसेर तिमी मधुर सोमरस पान गर ।

आ यदिषे नृपतिं तेजऽ आनट् शुचि रेतो निषिक्तं द्यौरभीके । अग्निः शर्धमनवद्यं युवानꣳ स्वाध्यं जनयत् सूदयच्च ॥११॥

अन्न र जलका लागि जति बेला मन्त्रले पवित्र गरिएको, देवत्व प्राप्तिको उद्देश्यले यजन गर्न योग्य तेजलाई अग्निमा हवन गरिन्छ, त्यस बेला अग्निदेवताले बलको आश्रय बनेको, दोषमुक्त, निरन्तर रूपमा प्रवाहित, सम्यक् रूपले विचारणीय अवस्थामा रहेको, संसारको बीज रूपी जललाई स्वर्गका नजिकै अन्तरिक्षमा मेघका रूपमा प्रकट गर्दछन् र वर्षाका रूपमा तल खसाउँछन् ।

अग्ने शर्ध महते सौभगाय तव द्युम्नान्युत्तमानि सन्तु । सं जास्पत्यᳬ सुयममा कृणुष्व शत्रूयतामभि तिष्ठा महाᳬसि ॥१२॥

हे अग्निदेवता ! उत्तम सौभाग्यका निम्ति हाम्रा शत्रु पराजित गर । तिम्रो तेज उत्कृष्ट छ । तिमी दाम्पत्य सम्बन्धलाई सुखी र सुनियोजित गर अनि शत्रुको प्रभाव समाप्त गर ।

त्वा हि मन्द्रतममर्कशोकैर्ववृमहे महि नः श्रोष्यग्ने । इन्द्रं न त्वा शवसा देवता वायुं पृणन्ति राधसा नृतमाः ॥१३॥

हे आनन्ददायक, पूजनीय अग्निदेवता ! हामी तिम्रो स्तुति गर्दछौँ । हाम्रो उत्तम स्तोत्र सुन । नेतृत्व गर्नमा समर्थ तिमीलाई याजकहरू हव्यद्वारा वायु र इन्द्रदेवतालाई जस्तै सन्तुष्ट गराउँछन् ।

त्वे अग्ने स्वाहुत प्रियासः सन्तु सूरयः । यन्तारो ये मघवानो जनानामूर्वान्दयन्त गोनाम् ॥१४॥

हे अग्निदेवता ! अग्निमा उत्तम कार्य गर्ने विद्वान्हरू, धनको लगानी गर्नेहरू, प्रजाको व्यवस्था बनाउनेहरू र गाई पालन गर्नेहरू तिम्रो कृपाका पात्र बनून् ।

श्रुधि श्रुत्कर्ण वह्निभिर्देवैरग्ने सयावभिः । आ सीदन्तु बर्हिषि मित्रो अर्यमा प्रातर्यावाणो अध्वरम् ॥१५॥

प्रार्थनमाथि ध्यान दिने हे अग्निदेवता ! हाम्रो स्तुति स्वीकार गर । दिव्य अग्निदेवजस्तै गतिमा हिँड्ने मित्र, अर्यमा आदि देवगण प्रातःकालीन यज्ञमा आएर बसून् ।

विश्वेषामदितिर्यज्ञियानां विश्वेषामतिथिर्मानुषाणाम् । अग्निर्देवानामव आवृणानः सुमृडीको भवतु जातवेदाः ॥१६॥

अग्निदेव अदितिजस्तै समस्त यज्ञीय देवता उत्पन्न गर्ने समस्त मानवका वन्दनीय अतिथि हुन् । मानिसको प्रार्थना स्वीकार गर्ने अग्निदेव स्तोतालाई सुख, समृद्धि र प्रसन्नता प्रदान गरून् ।

महो अग्नेः समिधानस्य शर्मण्यनागा मित्रे वरुणे स्वस्तये । श्रेष्ठे स्याम सवितुः सवीमनि तद्देवानामवो अद्या वृणीमहे ॥१७॥

सवितादेवताको आज्ञाअनुसार हामी देवताको उत्तम संरक्षण वरण गर्दछौँ । हामी प्रदीप्त अग्निदेवताको आश्रय पाएर मित्र र वरुणदेवताका मध्यमा अपराधरहित भएर सधैँ कल्याण प्राप्त गरौँ ।

आपश्चित्पिप्युः स्तर्यो न गावो नक्षन्नृतं जरितारस्तऽ इन्द्र । याहि वायुर्न नियुतो नो अच्छा त्वᳬ हि धीभिर्दयसे वि वाजान् ॥१८॥

हे इन्द्रदेवता ! स्तोताहरूले तिम्रो यज्ञ प्राप्त गर्दछन् र जलले तिम्रो बल वृद्धि गर्दछ । तिमी हाम्रा नजिक आऊ । तिम्रा ती वायुको जस्तै वेग भएका अश्वलाई नियोजित गरेर आफ्नै बलवुद्धिले अन्न प्रदाता बनेर हाम्रा नजिकै आऊ ।

गावऽ उपावतावतं मही यज्ञस्य रप्सुदा । उभा कर्णा हिरण्यया ॥१९॥

सूर्यरश्मि यज्ञका लागि आऊन्, तिनले पृथ्वीलाई यज्ञीय रूप प्रदान गर्दछन् । तिनका दुवै किनारा चम्किला छन् । तिमी हाम्रा यज्ञका नजिकै आएर हामीलाई रक्षा गर ।

यदद्य सूरऽ उदितेनागा मित्रो अर्यमा । सुवाति सविता भगः ॥२०॥

सूर्य उदाउँदा निष्पाप मित्र, अर्यमा, भग र सविताले हामीलाई अभीष्ट धन दिऊन् ।

आ सुते सिञ्चत श्रियथं रोदस्योरभिश्रियम् । रसा दधीत वृषभम् । तं प्रत्नथायं वेनः ।२१॥

हे अध्वर्यु हो ! आकाश र पृथ्वीमा देदीप्यमान दुधजस्तै सोमको मिश्रण बनाओ । पछि त्यसै दुधले बलशाली सोमलाई आत्मसात् गर्नेछ ।

आतिष्ठन्तंपरि विश्वे अभूषञ्छ्रियो वसानश्चरति स्वरोचिः । महत्तद्वृष्णो असुरस्य नामा विश्वरूपो अमृतानि तस्थौ ॥२२॥

समस्त कविले रथमा बसेका इन्द्रदेवतालाई महिमामय बनाए । इन्द्रदेव आफ्नै दीप्तिले दीप्त भएर शोभायमान रूपमा विचरण गर्दछन् । सबैका लागि जीवनमा प्राण सञ्चार गर्ने, उनका उत्तम सङ्कल्पलाई पूर्ण गराउने इन्द्रदेवताको कीर्ति महान् छ । सम्पूर्ण रूपले युक्त भएर उनी अमृत तत्त्वमा रहन्छन् ।

प्र वो महे मन्दमानायान्धसोऽ र्चा विश्वानराय विश्वाभुवे । इन्द्रस्य यस्म सुमखथं सहो महि श्रवो नृम्णं च रोदसी सपर्यतः ॥२३॥

हे ऋत्विक् हो ! सम्पूर्ण विश्वका उत्पादक, मनुष्यका लागि अन्नदाता, महान् आनन्द प्रदायक, इन्द्रदेवताको अर्चना गर । उनलाई द्यावापृथिवीले पनि उत्तम यज्ञ, सङ्घर्षशक्ति, महान् यश र धन आदि पदार्थ प्रदान गरेर पूजा गर्दछन् ।

बृहन्निदिध्मऽ एषां भूरि शस्तं पृथुः स्वरुः । येषामिन्द्रो युवा सखा ॥२४॥

अति तेजस्वी, अति व्यापक, शत्रुलाई सताउने, सामर्थ्यशाली र महान् इन्द्रदेवता जसका मित्र बनेका हुन्छन्, तिनको मनग्गे प्रशंसा हुन्छ । त्यस्ता इन्द्रदेवता वन्दनीय छन् ।

इन्द्रेहि मत्स्यन्धसो विश्वेभिः सोमपर्वभिः । महाँ२ऽ अभिष्टिरोजसा ॥२५॥

हे इन्द्रदेवता ! सोमरूपी अन्नले तिमी प्रफुल्लित हुन्छौ । त्यसैले तिमी आफ्ना शक्तिले दुष्ट शत्रुमाथि विजय प्राप्त गर्दछौ । विजयश्रीले आफूलाई वरण गरुन् भनेर क्षमता आर्जन गर्न तिमी यज्ञशालामा आऊ ।

इन्द्रो वृत्रमवृणोच्छर्धनीतिः प्र मायिनाममिनाद्वर्पणीतिः । अहन् व्यथंसमुशधग्वनेष्वाविर्धेनाऽ अकृणोद्राम्याणाम् ॥२६॥

महान् बलशाली, नीतिकुशल, धन हरण गर्ने चोरलाई दण्ड दिने, इन्द्रदेवताले मायावी असुरलाई विनाश गर्दछन् । त्यसका साथै उनले वृत्रासुरलाई प्रतिरोध गर्दछन्, हिंसक दुष्टलाई संहार गर्दै देवतालाई खुसी पार्दछन् र याज्ञिकहरूको असल वाणी प्रकट गर्दछन् ।

कुतस्त्वमिन्द्र माहिनः सन्नेको यासि सत्पते किं तऽ इत्था । सं पृच्छसे समराणः शुभानैर्वोचेस्तन्नो हरिवो यत्ते अस्मे । महाँ२ऽ इन्द्रो यऽ ओजसा कदा चन स्तरीरसि कदा चन प्र युच्छसि ॥२७॥

हे सज्जनका स्वामी महान् इन्द्रदेवता ! तिमी एक्लै कहाँ जान्छौ ? तिमीहरू कसरी यस्ता भयौ ? हे हरियो वर्णका सुन्दर अश्वले युक्त शोभनीय इन्द्रदेवता ! हामीदेखि पर जानुको कारण भन । किनभने हामी तिम्रै हौं । हे महान् इन्द्रदेवता ! तिमी आफ्ना तेजले न त कहिल्यै हिंसा गर्दछौ, न त कहिल्यै प्रमाद नै गर्दछौ ।

आ तत्तऽ इन्द्रायवः पनन्ताभि यऽ ऊर्वं गोमन्तं तितृत्सान् । सकृत्स्वं ये पुरुपुत्रां महीᳪं सहस्रधारां बृहतीं दुदुक्षन् ॥२८॥

हे इन्द्रदेवता ! भूमिका मालिकलाई हिंसा गर्ने दुष्टलाई तिमी मारिदिन्छौ । धेरै सन्तान भएकी र प्रचुर अन्न फलाउने पृथ्वीलाई दोहन गर्नेलाई र सहस्र धाराले वर्षणयुक्त विद्युत् दोहन गरेर सिंचाइ गर्ने मानिसलाई तिमी श्रेष्ठता प्रदान गर्दछौ । तिनले सधैँभरि तिम्रो स्तुति गर्दछन् ।

इमां ते धियं प्र भरे महो महीमस्य स्तोत्रे धिषणा यत्तऽ आनजे । तमुत्सवे च प्रसवे च सासहिमिन्द्रं देवासः शवसामदन्ननु ॥२९॥

हे महान् यशस्वी इन्द्रदेवता ! तिमी शत्रुहरूलाई पराजित गरेर उन्नति गर्दछौ । हामी उत्तम स्तोत्रले तिम्रो स्तुति गर्दछौं । उत्साहित देवताहरू आफ्नो धन वृद्धि र रक्षा प्राप्त गर्नका लागि तिमीलाई प्रसन्न गराउँछन् ।

विभ्राड् बृहत्पिबतु सोम्यं मध्वायुर्दधद्यज्ञपतावविह्रुतम् । वातजूतो यो अभिरक्षति त्मना प्रजाः पुपोष पुरुधा वि राजति ॥३०॥

अत्यन्त तेजस्वी सूर्यदेव प्रचुर मात्रामा सोमपान गरुन् । याजकलाई बाधारहित लामो आयु प्रदान गरुन् । सूर्यदेव वायुबाट प्रेरित रश्मिका माध्यमबाट सम्पूर्ण जगत्को पोषण गर्दछन् र उनलाई आभा आदिले पुष्ट गरेर विविध रूपमा प्रकाशित गर्दछन् ।

उदु त्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ॥३१॥

सम्पूर्ण प्राणीका ज्ञाता सूर्यदेवताले समस्त विश्वलाई दृष्टि प्रदान गर्नका लागि ज्योतिर्मयी रश्मिहरू विशेष रूपले प्रकाशित भएका छन् ।

येना पावक चक्षसा भुरण्यन्तं जनाँ२ऽ अनु । त्वं वरुण पश्यसि ॥३२॥

जुन दृष्टि वा प्रकाशले तिमी प्राणीहरूलाई धारणपोषण गर्ने यस संसारलाई प्रकाशित गर्दछौ, हामी तिम्रा त्यसै प्रकाशलाई स्तुति गर्दछौं ।

दैव्यावध्वर्यू आ गतᳪं रथेन सूर्यत्वचा । मध्वा यज्ञᳪं समञ्जाथे । तं प्रत्नथायं वेनश्चित्रं देवानाम् ॥३३॥

हे दिव्य अध्वर्युजस्ता अश्विनीकुमारहरू हो ! तिमीहरू सूर्यजस्तै कान्तिमान् रथमा यहाँ आओ र मधुर हविले युक्त यज्ञलाई उत्तम विधिले सम्पन्न गराओ ।

आ नऽ इडाभिर्विदथे सुशस्ति विश्वानरः सविता देवऽ एतु । अपि यथा युवानो मत्सथा नो विश्वं जगदभिपित्वे मनीषा ॥३४॥

नाना रूपमा प्रशंसित कल्याणकारी सवितादेव अन्नयुक्त भएर हाम्रा यज्ञमा आऊन् । हे

वरुणदेवता ! तिमी जुन रूपमा आनन्दित छौ, उसै किसिमले हाम्रा यज्ञमा आएर आफ्नो कृपाले हामीलाई र सम्पूर्ण विश्वलाई हर्षित गर ।

यदद्य कच्च वृत्रहन्नुदगाऽ अभि सूर्य । सर्वं तदिन्द्र ते वशे ॥३५॥

वृत्रसंहारक, उदीयमान इन्द्रदेवता ! तिमीले प्रकट गर्ने सबै थोक तिम्रै अधिकारमा हुन्छ ।

तरणिर्विशवदर्शतो ज्योतियकृदसि सूर्य । विश्वमा भासि रोचनम् ॥३६॥

सूर्यद्वारा अन्धकार नाश गरेझैँ शत्रुलाई विनाश गर्ने हे इन्द्रदेवता ! तिमी जहाँसुकै उदाए पनि सबै संसारको जुनसुकै ठाउँ तिम्रै अधिकारमा रहेको हुन्छ ।

तत्सूर्यस्य देवत्वं तन्महित्वं मध्या कर्तोर्विततथ्ं सं जभार । यदेदयुक्त हरितः सधस्थादाद्रात्री वासस्तनुते सिमस्मै ॥३७॥

सूर्यदेवताको त्यस्तो दिव्यता र महत्ता अत्यन्त व्यापक छ । त्यसैले संसारका मध्य भागमा रहेर विस्तीर्ण ग्रहमण्डलको निर्माण गर्ने र संहार गर्दै एकीकृत गराउने काम गर्दछ । ती सूर्यदेवताले आफ्ना हरियो वर्णका किरणलाई आकाशबाट अलग्याएर केन्द्रमा धारण गर्दा रात्रिले यस ब्रह्माण्डमाथि बाक्लो अन्धकारको आवरण ओढाउने गर्दछ ।

तन्मित्रस्य वरुणस्याभिचक्षे सूर्यो रूपं कृणुते द्योरुपस्थे । अनन्तमन्यद्रुशदस्य पाजः कृष्णमन्यद्धरितः सं भरन्ति ॥३८॥

द्युलोकका काखमा सूर्यदेवताको सबै तिरबाट मानिसले देख्न सक्ने रूप प्रकट हुन्छ । त्यो रूप मित्र र वरुणदेवताले प्रकट गराउँछन् । सूर्यको किरणले एकातर्फ अनन्त विश्वमा चेतनारूपी उज्यालो भर्दछ भने अर्कातिर अन्धकार भरिएको हुन्छ ।

बण्महाँ२ऽ असि सूर्य बडादित्य महाँ२ऽ असि । महस्ते सतो महिमा पनस्यतेद्धा देव महाँ२ऽ असि ॥३९॥

प्रेरक, अदितिपुत्र हे सूर्यदेवता ! तिमी महान् तेजस्वी छौ भन्ने कुरो निश्चित छ । हे देवता ! तिमी महान् शक्तिशाली पनि छौ । तिम्रो महानताको गुणगान हामी गर्दछौँ ।

बट् सूर्य श्रवसा महाँ२ऽ असि सत्रा देव महाँ२ऽ असि । मह्ना देवानामसुर्यः पुरोहितो विभु ज्योतिरदाभ्यम् ॥४०॥

हे सूर्यदेवता ! तिमी आफ्नो यशका कारण महान् छौ । देवताका बीचमा विशेष महत्त्वका कारण तिमी महान् छौ । तिमी अन्धकाररूपी असुर नाश गर्दछौ । पुरोहितजस्तै बनेर देवताको नेतृत्व गर्दछौ । तिम्रो तेज अदम्य, सर्वव्यापी र अविनाशी छ ।

श्रायन्तऽ इव सूर्यं विश्वेदिन्द्रस्य भक्षत । वसूनि जाते जनमानऽ ओजसा प्रति भागं न दीधिम ॥४१॥

सूर्यको आश्रयमा किरण रहेझैँ इन्द्रदेव सम्पूर्ण संसारका आश्रयदाता हुन् । पिताबाट पुत्रले पाउने धनको भागजस्तै इन्द्रदेवसित हामी आफ्ना भागको कामना गर्दछौँ । किनभने जन्म लिएका र जन्म लिनेहरूलाई उनैले आआफ्नो भाग प्रदान गर्दछन् ।

अद्या देवाऽ उदिता सूर्यस्य निरंᳪहसः पिपृता निरवद्यात् । तन्नो मित्रो वरुणो मामहन्तामदितिः सिन्धुः पृथिवी उत द्यौः ॥४२॥

हे देवताहरू हो ! आज सूर्योदय कालको दिव्य प्रकाशका रश्मिहरूले हामीलाई पापबाट रक्षा गरुन् र अपयशलाई हामीबाट दूर गराऊन् । मित्र, वरुण, सिन्धु, पृथ्वी र द्युलोकले हाम्रो मनोकामना पूरा गराऊन् ।

आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च । हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥४३॥

गहिरो अन्धकारमा डुबेका आकाशमा भ्रमण गर्दै देवता र मानिसहरूका यज्ञ आदि श्रेष्ठ कर्महरू सवितादेवताले व्यवस्थित गर्दछन् । उनी सबै लोकलाई हेर्दै स्वर्णिम रथमा आउँछन् ।

प्र वावृजे सुप्रया बर्हिरेषामा विश्पतीव बीरिटऽ इयाते । विशामक्तोरुषसः पूर्वहूतौ वायुः पूषा स्वस्तये नियुत्वान् ॥४४॥

सबै प्राणीको कल्याणका लागि नियुत नाम भएका वाहनमा आरूढ वायुदेव र पूषादेव रातको अन्त्य अवस्था उषा कालमा मानिसहरूले बोलाउँदा राजाजस्तै भएर आउँदछन् । यी दुवै देवताहरूका लागि यज्ञशालामा उत्तम प्रकारले कुशको आसन तयार हुन्छन् ।

इन्द्रवायू बृहस्पतिं मित्राग्निं पूषणं भगम् । आदित्यान् मारुतं गणम् ॥४५॥

यज्ञशालामा हामी इन्द्र, वायु, बृहस्पति, मित्र, अग्नि, पूषा, भग आदित्यगण र मरुत्गण आदि देवतालाई आह्वान गर्छौं ।

वरुणः प्राविता भुवन्मित्रो विश्वाभिरूतिभिः । करतां नः सुराधसः ॥४६॥

वरुण एवं मित्र देवता आफ्ना सम्पूर्ण साधनले विविध प्रकारले हामी सबैको रक्षा गर्दछन् । उनीहरूले हामीलाई वैभवबाट सम्पन्न गराऊन् ।

अधि नऽ इन्द्रैषां विष्णो सजात्यानाम् । इता मरुतो अश्विना । तं प्रत्नथायं वेनो ये देवासऽ आ नऽ इडाभिर्विश्वेभिः सोम्यं मधवोमासश्चर्षणीधृतः ॥४७॥

हे इन्द्रदेवता ! हे विष्णुदेवता ! हे मरुत्देवताहरू हो ! हे अश्विनीकुमारदेवताहरू हो ! तिमीहरू सबै हाम्रा सजातीय मानिसहरूका माझमा आइदेओ । हाम्रो सबै किसिमले तिमीहरू रक्षा गर र हामीलाई सबैले धारण गर ।

अग्नऽ इन्द्र वरुण मित्र देवाः शर्धः प्र यन्त मारुतोत विष्णो । उभा नासत्या रुद्रो अध ग्नाः पूषा भगः सरस्वती जुषन्त ॥४८॥

हे अग्नि, इन्द्र, वरुण, मित्र, मरुत् र विष्णु आदि देवताहरू हो ! हामीलाई सामर्थ्य प्रदान गर । दुवै अश्विनीकुमार, रुद्र, देवपत्नीहरू, पूषा, भग, सरस्वतीले हवि ग्रहण गरुन् ।

इन्द्राग्नी मित्रावरुणादितिᳪ स्वः पृथिवी द्यां मरुतः पर्वताँ२ऽ अपः । हुवे विष्णु पूषणं ब्रह्मणस्पतिं भगं नु शᳪसᳪ सवितारमूतये ॥४९॥

इन्द्र, अग्नि, मित्र, वरुण, अदिति, पृथ्वी, द्युलोक, आदित्य, मरुत्, पर्वत, जल, विष्णु, पूषा, ब्रह्मणस्पति, भगदेव र सविता आदि देवताहरूलाई हामी आह्वान गर्दछौं । उनीहरू यस यज्ञशालामा चाँडै आएर हाम्रो रक्षा गरुन् ।

अस्मे रुद्रा मेहना पर्वतासो वृत्रहत्ये भरहूतौ सजोषाः । यः शर्थ्ऽसते स्तुवते धायि पज्रऽ इन्द्रज्येष्ठा अस्माँ२ऽ अवन्तु देवाः ॥५०॥

समस्त देवताहरूमा वृत्रहन्ता इन्द्रदेव प्रमुख शक्तिशाली छन् । उनी स्तोताका नजिकै आउँछन् । रुद्रगणसँगै उनले वर्षा गराउने मेघबाट रणक्षेत्रमा हाम्रो संरक्षण गरुन् ।

अर्वाञ्चो अद्या भवता यजत्रा आ वो हार्दि भयमानो व्ययेयम् । त्राध्वं नो देवा निजुरो वृकस्य त्राध्वं कर्तादवपदो यजत्राः ॥५१॥

हे पूज्य देवगण ! तिमीहरू आज हामीसमक्ष प्रकट होओ । हामी भयभीत हुँदा तिमीहरूको हृदयजस्तै प्रिय आश्रय प्राप्त गरौँ । हे पूज्य देवगण ! कष्टदायी दुष्ट शत्रुबाट आपद् कालमा अनेकौँ किसिमले हाम्रो रक्षा गर ।

विश्वे अद्य मरुतो विश्वऽ ऊती विश्वे भवन्त्वग्नयः समिद्धाः । विश्वे नो देवाऽ अवसा गमन्तु विश्वमस्तु द्रविणं वाजो अस्मे ॥५२॥

मरुत्देव र रुद्र आदि सबै देवताले हाम्रो संरक्षण गरुन् । सम्पूर्ण अग्नि प्रज्वलित होऊन् । इन्द्र आदि सबै देवता हाम्रो संरक्षणका लागि यज्ञमा आऊन् । हामीलाई सबै किसिमका ऐश्वर्यसम्पदा र अन्न सामग्री उपलब्ध होस् ।

विश्वे देवाः शृणुतेमथ्ऽ हवं मे ये अन्तरिक्षे यऽ उप द्यवि ष्ठ । ये अग्निजिह्वाऽ उत वा यजत्राऽ आसद्यास्मिन्बर्हिषि मादयध्वम् ॥५३॥

हे विश्वेदेवताहरू हो ! तिमीहरू अन्तरिक्ष वा द्युलोकमा जहाँ भए पनि हाम्रो प्रार्थना सुनेर आओ र कुशका आसनमा बसेर सोम पान गर्दै आनन्दित होओ ।

देवेभ्यो हि प्रथमं यज्ञियेभ्योमृतत्वथ्ऽ सुवसि भागमुत्तमम् । आदिद्दामानथ्ऽ सवितर्व्यूर्णुषेनूचीना जीविता मानुषेभ्यः ॥५४॥

हे सवितादेवता ! उदयकालमा तिमी यज्ञका लागि योग्य देवताको अमृतमय सार तत्त्वको उत्तम भाग प्रदान गर्दछौ । त्यसपछि उदाएर दीप्तिमान् रश्मि विस्तृत गराउँछौ र प्राणीको जीवनका लागि रश्मि विस्तार गर्दछौ ।

प्र वायुमच्छा बृहती मनीषा बृहद्रयिं विश्ववारथ्ऽ रथप्राम् । द्युतद्यामा नियुतः पत्यमानः कविः कविमियक्षसि प्रयज्यो ॥५५॥

हे अध्वर्युहरू हो ! तिमीहरू व्यापक बुद्धिले सम्पन्न यज्ञ आदिका कार्यमा नियुक्त भएका छौ । तिमीहरू महान् ऐश्वर्यसम्पन्न, क्रान्तदर्शी, सबैमा व्याप्त, रथहरूले सम्पन्न, र तेजस्वी वायुदेवतालाई उचित किसिमले बुद्धि लगाएर स्तुति गर ।

इन्द्रवायू इमे सुता उप प्रयोभिरा गतम् । इन्दवो वामुशन्ति हि ॥५६॥

हे इन्द्रदेवता ! हे वायुदेवता ! यो सोमरस तिमीहरूकै लागि पेलेर र निचोरेर तयार गरीकन राखिएको हो । तिमीहरू अन्न आदि पदार्थ आफूसित लिएर यहाँ आइदेओ, किनभने यस सोमरसले तिमीहरू दुवैलाई खोजिरहेको छ ।

मित्रथ्ऽ हुवे पूतदक्षं वरुणं च रिशादसम् । धियं घृताचीथ्ऽ साधन्ता ॥५७॥

घिउजस्तै जीवनमा शक्ति दिने र वर्षा गराउने मित्रवरुणदेवताहरूलाई हामी यज्ञमा आह्वान गर्दछौँ । मित्रले हामीलाई बलशाली बनाऊन् र वरुणले हाम्रा हिंस्रक शत्रुहरू विनाश गरुन् ।

दस्रा युवाकवः सुता नासत्या वृक्तबर्हिषः । आ यातं रुद्रवर्त्तनी । तं प्रत्नथायं वेनः ॥५८॥

रोग निको पार्ने, सधैँ सत्य बोल्ने, रुद्रदेवजत्तिकै प्रतापी, सुन्दर अनुहार भएका हे दुवै अश्विनीकुमारहरू हो ! तिमीहरू यहाँ आएदेओ र ओछ्याइएका कुशका आसनमा बसेर सफासँग तयार गरिएको यो सोमरस पान गर ।

विदद्यदी सरमा रुग्णमद्रेर्महि पाथः पूर्व्यथ्ंं सध्र्यक्कः । अग्रं नयत्सुपद्यक्षराणामच्छा रवं प्रथमा जानती गात् ॥५९॥

उत्तम चरणहरूमा विभक्त, सर्वप्रथम मन्त्रका अक्षरका रूपमा स्फुरित भएको दिव्य वाणीले परम सत्यमा आधारित अमृत तत्त्वको उपदेशले हामीलाई उन्नति गराउँछ । यस्ता दिव्य वाणीले सुशोभित विद्वान्हरूले यज्ञशालामा ढुङ्गाले पेलेर तयार पारेको सोमरस सेवन गर्छन् ।

नहि स्पशमविदन्नन्यमस्माद्वैश्वानरात्पुरऽ एतारमग्नेः । एमेनमवृधन्नमृताऽ अमर्त्यं वैश्वानरं क्षैत्रजित्याय देवाः ॥६०॥

देवताहरूले यस्ता विश्वहितैषि अग्निदेवताभन्दा बाहेक अरू कुनै पनि वस्तुलाई सबै कार्यमा अगुवाका रूपमा चिनेका छैनन् । उनीहरूले यी अग्निको अविनाशी रूपलाई चिनेपछि विश्वका हितकारी वैश्वानर अग्निलाई यजमानद्वारा सबै क्षेत्रमा सफलता प्राप्त गर्नका लागि प्रवृद्ध गराएका हुन् ।

उग्रा विघनिना मृधऽ इन्द्राग्नी हवामहे । ता नो मृडातऽ ईदृशे ॥६१॥

उग्र शत्रुलाई सङ्ग्राममा विदीर्ण गराउने, इन्द्र र अग्निदेवतालाई हामी आह्वान गर्दछौं । ती दुवै देवताले हामीलाई सफल र सुखी बनाऊन् ।

उपास्मै गायता नरः पवमानायेन्दवे । अभि देवाँ२ऽ इयक्षते ॥६२॥

हे याजक हो ! चाल्नीले छानिने, द्रोणकलश नामका पात्रमा जम्मा हुने र देवशक्तिलाई यज्ञमा काम लाग्ने, विशुद्ध सोमको स्तुति गर ।

ये त्वाहिहत्ये मघवन्नवर्धन्ये शाम्बरे हरिवो ये गविष्टौ । ये त्वा नूनमनुमदन्ति विप्राः पिबेन्द्र सोमथ्ंं सगणो मरुद्भिः ॥६३॥

हरि नामका अश्वका अधिपति र ऐश्वर्यले सम्पन्न हे इन्द्रदेवता ! जसले अहि नामका असुरलाई मार्न, शम्बासुरलाई वध गर्नका लागि तिमीलाई अगाडि सारे, जुन मेधावी मरुत्हरूले गाई प्राप्त गर्नका लागि युद्धमा तिमीलाई खुसी तुल्याए, ती सबैका साथमा तिमी सोमपान गर ।

जनिष्ठा उग्रः सहसे तुराय मन्द्रऽ ओजिष्ठो बहुलाभिमानः । अवर्धन्निन्द्रं मरुतश्चिदत्र माता यद्वीरं दधनद्धनिष्ठा ॥६४॥

धारण गर्ने माताले वीर इन्द्रलाई जन्म दिएपछि मरुत्हरूले उनको प्रशंसा गर्दै तिमी वन्दनीय, ओजवान् र महास्वाभिमानी छौ, तिमी पराक्रमका लागि र शत्रु विनाशका लागि प्रचण्ड शक्तिले सम्पन्न भएर जन्मेका छौ भने ।

आ तू नऽ इन्द्र वृत्रहन्नस्माकमर्धमा गहि । महान्महीभिरूतिभिः ॥६५॥

हे वृत्रहन्ता इन्द्रदेवता ! तिमी आफ्ना रक्षण कार्यमा महान् छौ । हाम्रा यज्ञशालामा

सोमपान गर्नका लागि तिमीलाई आह्वान गर्दछौं । यहाँ आएर यस यज्ञस्थललाई सुशोभित गराऊ ।

त्वमिन्द्र प्रतूर्त्तिष्वभि विश्वाऽ असि स्पृधः । अशस्तिहा जनिता विश्वतूरसि त्वं तूर्य तरुष्यतः ॥६६॥

हे इन्द्रदेवता ! तिमी युद्धस्थलमा सङ्ग्रामका लागि तत्पर भएर शत्रुको सेनालाई पराजित गर्दछौ । तिमी सुखका उत्पादक, दुष्टका विनाशक र सबै शत्रुका नाशक हौ । हाम्रा हिंसक शत्रुलाई तिमी विनाश गरिदेऊ ।

अनु ते शुष्मं तुरयन्तमीयतुः क्षोणी शिशुं न मातरा । विश्वास्ते स्पृधः श्नथयन्त मन्यवे वृत्रं यदिन्द्र तूर्वसि ॥६७॥

हे इन्द्रदेवता ! आफ्ना शिशुको रक्षा गर्नका लागि मातापिता तत्पर रहेझैं आकाश र पृथ्वी उसै गरी तिम्रा बलका अनुगामी हुन्छन् । तिमीले वृत्रासुरको वध गर्दा तिम्रा क्रोधका अगाडि युद्धका लागि तयार हुने शत्रुपक्ष कमजोर हुन थाल्दछ ।

यज्ञो देवानां प्रत्येति सुम्नमादित्यासो भवता मृडयन्तः । आ वोर्वाची सुमतिर्ववृत्यादᳪहोश्चिद्या वरिवोवित्तरासत् ॥६८॥

देवताहरूका लागि यज्ञ सुखदायक हुन्छ । हे आदित्यगण ! हाम्रा लागि तिमीहरू कल्याणकारी छौ । तिमीहरूको श्रेष्ठ विवेकशील प्रेरणा हामीलाई प्राप्त होस्, त्यस प्रेरणाले हामीलाई कष्टबाट संरक्षित गर्दै श्रेष्ठ सम्पदा प्रदान गरोस् ।

अदब्धेभिः सवितः पायुभिष्ट्वᳪ शिवेभिरद्य परि पाहि नो गयम् । हिरण्यजिह्वः सुविताय नव्यसे रक्षा माकिर्नो अघशᳪसऽ ईशत ॥६९॥

हे सवितादेवता ! नदब्ने कल्याणकारी तेजले हाम्रा घरको रक्षा गर । स्वर्ण जिह्वा भएका हे देवता ! हामीलाई नयाँ सुख र सुरक्षा प्रदान गर । हामी पापीका अधीनमा नहोऔं ।

प्र वीरया शुचयो दद्रिरे वामध्वर्युभिर्मधुमन्तः सुतासः । वह वायो नियुतो याह्यच्छा पिबा सुतस्यान्धसो मदाय ॥७०॥

हे वायुदेवता ! तिमी वीर छौ, त्यसैले तिमीलाई शुद्ध, मधुरतापूर्ण सोमरस अध्वर्युहरू प्रदान गर्दछन् । तिमी रथमा अश्व नियोजित गर, हामीनजिकै आऊ र यो अन्नरूपी सोमरस पान गर ।

गावऽ उपावतावतं मही यज्ञस्य रप्सुदा । उभा कर्णा हिरण्यया ॥७१॥

सूर्यरश्मि यज्ञका लागि आऊन्, तिनले पृथ्वीलाई यज्ञीय रूप प्रदान गर्दछन् । तिनका दुवै किनारा चम्किला छन् ।

काव्ययोराजानेषु क्रत्वा दक्षस्य दुरोणे । रिशादसा सधस्थऽ आ ॥७२॥

हे विद्वान्हरूका हितैषि मित्रावरुणदेवता हो ! यज्ञ आदि असल कार्य गर्नमा दक्षता प्राप्त गरेका हुनाले तिमीहरू याजकहरूका यज्ञस्थलमा सोमरस पान गर्दै यज्ञका कर्महरू सम्पन्न गर्नका लागि आओ ।

दैव्यावध्वर्यु आ गतᳪ रथेन सूर्यत्वचा । मध्वा यज्ञᳪसमञ्जाथे । तं प्रत्नथायं वेनः ॥७३॥

दिव्य अध्वर्युका रूपमा रहेका हे अश्विनीकुमारहरू हो ! तिमीहरू सूर्यजस्तै कान्तिमान् रथमा आरुढ भएर यहाँ यज्ञस्थलमा आओ र मधुर हविले यज्ञलाई सम्पन्न बनाओ ।

तिरश्चीनो विततोरश्मिरेषामधः स्विदासीश्दुपरि स्विदासीश्त् । रेतोधाऽ आसन्महिमानऽ आसन्त्स्वधा अवस्तात्प्रयतिः परस्तात् ॥७४॥

बीज धारण गर्ने देवताको प्रकाश तेर्छो भएर तल र माथि फैलियो र देवताका महिमाले जल प्रेरित गरे । स्वधाको भोग्यस्थान तल स्थिर गराए र प्रयतिको स्थान माथि स्थिर गराए ।

आ रोदसी अपृणदा स्वर्महज्जातं यदेनमपसो अधारयन् । सो अध्वराय परि णीयते कविरत्यो न वाजसातये चनोहितः ॥७५॥

भर्खर उत्पन्न अग्निलाई यजमानले धारण गरेपछि अग्निले आफ्नो तेजयुक्त प्रकाश द्यावापृथिवी र विस्तृत अन्तरिक्षमा व्याप्त गराए । अन्न पाउने आशाले यज्ञका लागि सज्जित अश्वजस्ता अन्न प्रदान गर्ने र मेधावी अग्निदेव चारै दिशाबाट ल्याइन्छन् ।

उक्थेभिर्वृत्रहन्तमा या मन्दाना चिदा गिरा । आङ्गूषैराविवासतः ॥७६॥

वृत्रासुरको हत्या गर्ने, आनन्ददायी स्वभाव भएका इन्द्र र अग्निदेवतालाई उत्तम स्तोत्रले उचित रूपमा हामी वन्दना गर्दछौं ।

उप नः सूनवो गिरः शृण्वन्त्वमृतस्य ये । सुमृडीका भवन्तु नः ॥७७॥

हाम्रो प्रार्थना सुनेर अमरपुत्र देवताहरू हामीकहाँ आऊन् र सुख प्रदान गरुन् ।

ब्रह्माणि मे मतयः शश्सुतासः शुष्मऽ इयर्ति प्रभृतो मे अद्रिः । आ शासते प्रति हर्यन्त्युक्थेमा हरी वहतस्ता नो अच्छ ॥७८॥

हे मरुत् ! विद्याले अभिषिक्त भएका मननशील पुरुषहरूले गरेको स्तुति अत्यन्त सुखद हुन्छ । उनीहरू यस्ता उक्थरूपी स्तोत्रलाई प्राप्त गर्ने इच्छा गर्दछन् । हाम्रा अश्वले हामीलाई तिनीहरूका यज्ञस्थलमा पुऱ्याऊन् भनेर इन्द्रले मरुत्लाई भने ।

अनुत्तमा ते मघवन्नकिर्नु न त्वावाँ२ऽ अस्ति देवता विदानः । न जायमानो नशते न जातो यानि करिष्या कृणुहि प्रवृद्ध ॥७९॥

हे ऐश्वर्यशाली इन्द्रदेवता ! तिमीभन्दा ठूलो धनी अर्को कुनै छैन । तिमीसमानको ज्ञानी पनि कोही छैन । हे महान् इन्द्रदेवता ! तिमीद्वारा गरिएका कार्यको समानता न कसैले गर्न सक्यो, न पछि कसैले गर्न सक्ला ।

तदिदास भुवनेषु ज्येष्ठं यतो जज्ञ उग्रस्त्वेषनृम्णः । सद्यो जज्ञानो नि रिणाति शत्रूननु यं विश्वे मदन्त्यूमाः ॥८०॥

सम्पूर्ण लोकमा नै इन्द्रदेवता सर्वश्रेष्ठ छन् । उनैबाट प्रकाशस्वरूप, श्रेष्ठ ज्योतिष्मान् सूर्यदेवता उत्पन्न भएका हुन् । उनै सूर्यले उत्पन्न हुनासाथ तुरुन्त अन्धकाररूपी शत्रुलाई नाश गर्दछन् । रक्षा गर्ने सम्पूर्ण देवताहरू उनीदेखि ज्यादै प्रसन्न हुन्छन् ।

इमाऽ उ त्वा पुरूवसो गिरो वर्धन्तु या मम । पावकवर्णाः शुचयो विपश्चितोभि स्तोमैरनूषत ॥८१॥

हे ऐश्वर्यवान् इन्द्रदेव हाम्रा स्तुतिले तिम्रो कीर्ति बढोस् । अग्निजस्तै प्रखर, पवित्र आत्मा र विद्वान् साधकहरू स्तोत्रले तिम्रो प्रार्थना गर्दछन् ।

यस्यायं विश्वऽ आर्यो दासः शेवधिपा अरिः । तिरश्चिदर्ये रुशमे पविरवि तुभ्येत् सो अज्यते रयिः ॥८२॥

आर्य र दास इन्द्रदेवताका धनको रक्षक हुन् । उनी रुशमका लागि पवीरझैँ अनुकूल हुन्छन् । इन्द्रदेव तिमीहरूका लागि गुप्त धन प्रदायक हुन्छन् ।

अयथं॑ सहस्रमृषिभिः सहस्कृतः समुद्रऽ इव पप्रथे । सत्यः सो अस्य महिमा गृणे शवो यज्ञेषु विप्रराज्ये ॥८३॥

हजारौं ऋषिका स्तुतिको बल पाएका प्रख्यात यज्ञदेव समुद्रजस्तै विस्तृत हुन्छन् । यिनको सत्यनिष्ठा र शक्ति प्रसिद्ध छ । यज्ञमा स्तोत्रगान गर्दै यिनको सम्मान गरौं ।

अदब्धेभिः सवितः पायुभिष्ट्वथं॑ शिवेभिरद्य परि पाहि नो गयम् । हिरण्यजिह्वः सुविताय नव्यसे रक्षा माकिर्नो अघशथं॑स ईशत ॥८४॥

हे सवितादेवता ! नदब्ने कल्याणकारी तेजले हाम्रा घरको रक्षा गर । स्वर्ण जिह्वा भएका हे देवता ! हामीलाई नयाँ सुख र सुरक्षा प्रदान गर । हामी पापीका अधीनमा नहोऔं ।

आ नो यज्ञं दिविस्पृशं वायो याहि सुमन्मभिः । अन्तः पवित्रऽ उपरि श्रीणानोयथं॑ शुक्रो अयामि ते ॥८५॥

हे वायु हो ! राम्ररी पेलेको पवित्र सोमरस हामी प्रदान गर्दछौं । दिव्यलोक स्पर्श गर्ने हाम्रो यस यज्ञमा श्रेष्ठ स्तोत्रका नजिकै तिमीहरू आओ ।

इन्द्रवायू सुसन्दृशा सुहवेह हवामहे । यथा नः सर्वऽ इज्जनोनमीवः सङ्गमे सुमनाऽ असत् ॥८६॥

यस यज्ञमा उत्तम रूपले हेर्ने गरेका, उत्तम रूपले बोलाइने गरेका इन्द्र र वायुदेवतालाई हामी आह्वान गर्दछौं । त्यसो भएपछि हाम्रा पुत्रपौत्र आदि सबै जना रोगव्याधबाट मुक्त र गतिलो सोचाइका हुनेछन् ।

ऋधगित्था स मर्त्यः शशमे देवतातये । यो नूनं मित्रावरुणावभिष्टयऽ आचक्रे हव्यदातये ॥८७॥

मित्रावरुणलाई आफ्नो कामना पूरा गर्नका लागि आहुति प्रदान गर्ने व्यक्तिहरू यथार्थ रूपमा देवतालाई हर्षित गराउनका लागि आहुति प्रदान गर्दछन् ।

आ यातमुप भूषतं मध्वः पिबतमश्विना । दुग्धं पयो वृषणा जेन्यावसू मा नो मर्धिष्टमा गतम् ॥८८॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू दुवै हाम्रा यज्ञमा आओ र शोभा बढाओ । यहाँ आएर मधुर रस पान गर । हे वर्षा गराउने देवता र धनका अधिपति हो ! हामीलाई तिमीहरू दुध आदि पेय पदार्थले पूर्ण गराउँदै आइदेओ । हामीलाई नसताओ ।

प्रैतु ब्रह्मणस्पतिः प्र देव्येतु सूनृता । अच्छा वीरं नर्यं पङ्क्तिराधसं देवा यज्ञं नयन्तु नः ॥८९॥

ब्रह्मणस्पति हाम्रो अनुकूल भएर यज्ञमा आइदिऊन् । हामीलाई सत्यरूप दिव्य वाणी प्राप्त होस् । मनुष्यका हितकारी देवगण हाम्रा यज्ञमा पङ्क्तिबद्ध भएर अधिष्ठित होऊन् र शत्रुहरूको विनाश गरुन् ।

चन्द्रमाऽ अप्स्वन्तरा सुपर्णो धावते दिवि । रयिं पिशङ्गं बहुलं पुरुस्पृहथं॑ हरितेति कनिक्रदत् ॥९०॥

चन्द्रमाबाट निस्केको, शुभ्र दीप्तिले सम्पन्न, तेजस्विता धारण गरेको हरियो आभाले सम्पन्न सोम पर्जन्यका रूपमा घोर गर्जन गर्दै द्युलोक र अन्तरिक्षबाट गमन गर्दछ । त्यसले मानिसका मनको रहरअनुसार सुनझैं तेजस्वी धन प्रदान गर्दछ ।

देवंदेवं वोवसे देवं देवमिभिष्टये । देवं देवथ्ं हुवेम वाजसातये गृणन्तो देव्या धिया ॥९१॥

श्रेष्ठ स्तोत्रले स्तुति गर्दै हामी आफ्नो रक्षाका लागि देवताका अधिपतिलाई आह्वान गर्दछौं । अभीष्ट सुख प्राप्त गर्नका लागि हामी देवाधिपति देवतालाई आहुति समर्पित गर्दछौं र अन्न प्राप्त गर्नका लागि हामी सर्वश्रेष्ठ देवतालाई आह्वान गर्दछौं ।

दिवि पृष्ठे अरोचताग्निर्वैश्वानरो बृहन् । क्ष्मया वृधानऽ ओजसा चनोहितो ज्योतिषा बाधते तमः ॥९२॥

सबै मानिसका हितैषि महान् अग्निदेवता द्युलोकका पृष्ठमा दीप्तिमान् हुने गर्दछन् । भूलोकमा मानिसहरूले प्रदान गरेका हविले प्रवृद्ध हुँदै आफ्नै ओजले अन्न आदिमा वृद्धि गरेर उनले मानिसहरूलाई पोषण गर्दछन् र आफ्ना ज्योतिले अन्धकारलाई हटाइदिन्छन् ।

इन्द्राग्नी अपादियं पूर्वागात्पद्वतीभ्यः । हित्वी शिरो जिह्वया वावदच्चरत्त्रिथ्ंशत्पदा न्यक्रमीत् ॥९३॥

हे इन्द्र र अग्निदेवता ! गोडाविनाकी उषा, गोडा भएका प्रजाभन्दा पहिले नै आउँछिन् र शिर नभए पनि जिब्राले प्रेरणा दिँदै एक दिनमा तीस मुहूर्त वा कदम चल्दछिन् ।

देवासो हि ष्मा मनवे समन्यवो विश्वे साकथ्ं सरातयः । ते नो अद्य ते अपरं तुचे तु नो भवन्तु वरिवोविदः ॥९४॥

शत्रुमाथि रिस देखाउने हे देवताहरू हो ! तिमीहरू सबै एक साथ भएर म मनुलाई ऐश्वर्य प्रदान गर । हामी र हाम्रा सन्तानलाई प्रतिदिन श्रेष्ठ मार्ग प्रदान गर ।

अपाधमदभिशस्तीरशस्तिहाथेन्द्रो द्युम्न्याभवत् । देवास्तऽ इन्द्र सख्याय येमिरे बृहद्भानो मरुद्गण ॥९५॥

इन्द्रदेवता उच्छृङ्खल पुरुषलाई सताउँछन् । उनले हिंस्रक पशुलाई पर भगाउँछन् र अन्न आदि ऐश्वर्यले मानिसलाई समृद्ध गराउँछन् । हे इन्द्रदेवता ! हे अग्निदेवता ! हे मरुत्देवताहरू हो ! सबै देवगण तिमीहरूको मित्रता पाउनका लागि सधैं प्रयत्न गरिरहन्छन् ।

प्र वऽ इन्द्राय बृहते मरुतो ब्रह्मार्चत । वृत्रथ्ं हनति वृत्रहा शतक्रतुर्वज्रेण शतपर्वणा ॥९६॥

हे मरुत् हो ! महान् इन्द्रदेवताका लागि स्तुति अर्पित गर । शतकर्मा इन्द्रले सयौं ग्रन्थि भएका वज्रले वृत्रलाई मार्दछन् ।

अस्येदिन्द्रो वावृधे वृष्ण्यथ्ं शवो मदे सुतस्य विष्णवि । अद्या तमस्य महिमानमायवोनु ष्टुवन्ति पूर्वथा । इमा उऽ त्वा यस्यायमयथ्ं सहस्रमूर्ध्वऽ ऊ षु णः ।९७॥

इन्द्रदेव र विष्णुदेवता सोमरस पान गरेर अत्यधिक आनन्दित हुँदै यजमानको वीर्य र बल बढाउँछन्, त्यसैले स्तोताहरू आज पनि इन्द्रदेवताकै महिमाको ज्याद‍ै बयान गर्दछन् ।

इति त्रयत्रिंशोऽध्यायः

तेत्तीसौं अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ चतुस्त्रिंशोऽध्यायः॥

॥चौंतीसौं अध्याय॥

ऋषि– शिवसङ्कल्प, अगस्त्य, गृत्समद, हिरण्यस्तूप, आङ्गिरस, देवश्रवा, देववात, भारत, नौधा, गोतम, प्रस्कण्व, कुत्स, कशिपा, भरद्वाज दुहिता, वसिष्ठ, सुहोत्र, ऋजिश्वा, मेधातिथि, भरद्वाज, विहव्य, यज्ञ प्राजापत्य, दक्ष, कूर्म, गार्त्समद, कण्व घौर, गृत्समद, विश्वकर्मा भौवन, नाभानेदिष्ठ ।

देवता– मन, अन्न, अनुमति, सिनीवाली, सरस्वती, अग्नि, इन्द्र, सोम, सविता, अश्विनीकुमार, सूर्य, रात्रि, उषा, अग्नि, भर, पूषा, विष्णु, द्यावापृथिवी, इन्द्राग्नी, लिङ्गोक्त, मरुद्गण, ऋषिसृष्टि, हिरण्य, पृथिवी, आदित्यगण, सप्तर्षिगण, ब्रह्मणस्पति, विश्वकर्मा अग्नि ।

छन्द– विराट् त्रिष्टुप, त्रिष्टुप, स्वराट् त्रिष्टुप, उष्णिक, निचृत् अनुष्टुप, अनुष्टुप, विराट् जगती, विराट् अनुष्टुप, निचृत् त्रिष्टुप, भुरिक् पङ्क्ति, स्वराट् ब्राह्मी गायत्री, निचृत् जगती, निचृत् गायत्री, पथ्याबृहती, निचृत् उष्णिक, पङ्क्ति, गायत्री, भुरिक् त्रिष्टुप, जगती, भुरिक् उष्णिक, भुरिक् शक्वरी, भुरिक् जगती, निचृत् बृहती, विराट् बृहती ।

यज्जाग्रतो दूरमुदैति दैवं तदु सुप्तस्य तथैवैति । दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसंकल्पमस्तु ॥१॥

जागेका अवस्थामा मानिसको मन जथाभावी परपरसम्म पुगेभैँ सुतेका अवस्थामा पनि जाने गर्दछ । त्यही मन नै पक्का पनि तेजस्वी इन्द्रियहरूका ज्योतिको रूप हो । जीवात्माको एक मात्र दिव्य माध्यमका रूपमा त्यही एउटा मन रहेको छ । त्यसो हुँदा हाम्रो त्यो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

येन कर्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः । यदपूर्वं यक्षमन्तः प्रजानां तन्मे मनः शिवसंकल्पमस्तु ॥२॥

सत्कर्ममा लागिरहेका मनीषीहरू उसै मनले यज्ञीय श्रेष्ठ कर्महरूलाई सम्पादन गर्दछन् । सम्पूर्ण प्राणीका शरीरमा त्यो मन विद्यमान रहेको हुन्छ र यज्ञमा त्यसले अपूर्व एवं आदरणीय भावले शोभा बढाएको हुन्छ । त्यसो हुँदा हाम्रो त्यो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतं प्रजासु । यस्मान्नऽ ऋते किं चन कर्म क्रियते तन्मे मनः शिवसंकल्पमस्तु ॥३॥

प्रकाण्ड ज्ञानसम्पन्न, चेतनशील र धैर्यताले युक्त हाम्रो त्यो मन सम्पूर्ण प्राणीका अन्तःकरणमा अमर प्रकाशको पुञ्जजस्तो बनेर रहेको हुन्छ । त्यस मनका अभावमा

कुनै पनि कार्य गर्न सम्भव हुँदैन । त्यसो हुँदा हाम्रो त्यो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

येनेदं भूतं भुवनं भविष्यत् परिगृहीतममृतेन सर्वम् । येन यज्ञस्तायते सप्तहोता तन्मे मनः शिवसंकल्पमस्तु ॥४॥

त्यसै अविनाशी मनका सामर्थ्यले भूत, वर्तमान र भविष्यत् यी सबै कालका ज्ञानलाई प्रत्यक्ष अनुभव गर्दछ । त्यसै मनले नै सात किसिमका याज्ञिकहरूले युक्त भएका यज्ञलाई विस्तृत रूप प्रदान गर्दछ । त्यसो हुँदा हाम्रो त्यो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

यस्मिन्नृचः साम यजूꣳषि यस्मिन् प्रतिष्ठिता रथनाभाविवाराः । यस्मिंश्चित्तꣳ सर्वमोतं प्रजानां तन्मे मनः शिवसंकल्पमस्तु ॥५॥

यसै मनभित्र वेदका सम्पूर्ण ऋचाहरू प्रतिष्ठित भएका हुन्छन् । यिनै ऋचामा भएका सामवेद र यजुर्वेदका मन्त्रहरू पनि धुरामा आड लागेका रथका पाङ्ग्रोजस्ता भएर मनमा अटाउँछन् । त्यसै मनमा नै सम्पूर्ण प्राणीको हित गर्ने किसिमको ज्ञान पनि अटाएको हुन्छ । त्यसो हुनाले नै हाम्रो त्यो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयते भीशुभिर्वाजिनऽ इव । हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसंकल्पमस्तु ॥६॥

कुशल सारथिले लगाम समातेर वेगसित कुदेका अश्वलाई आफ्ना गन्तव्यमा पुग्नका लागि प्रेरित गरेझैँ बाटो नपाएका मानिसलाई यसै मनले लक्ष्यसम्म पुऱ्याउने गर्दछ । यो अत्यन्त वेग भएको मन रोगव्याध र बुढ्यौलीबाट प्रभावित नभईकन हृदयकेन्द्रमा बसेको हुन्छ । त्यस्तो खालका हाम्रो मन सधैँभरि असल र कल्याणकारी सङ्कल्पमा लागिरहेको होस् ।

पितुं नु स्तोषं महो धर्माणं तविषीम् । यस्य त्रितो व्योजसा वृत्रं विपर्वमर्दयत् ॥७॥

जसका बलले तीनै लोकमा यशस्वी इन्द्रदेवताले वृत्रासुरलाई टुक्र्याएर मारिदिए, उनै शक्तिशाली, सबैको पोषक र धारणकर्ता अन्नदेवतालाई हामी स्तुति गर्दछौँ ।

अन्विदनुमते त्वं मन्यासै शं च नस्कृधि । क्रत्वे दक्षाय नो हिनु प्र णऽ आयूꣳषि तारिषः ॥८॥

हे अनुमति नामका विशिष्ट देवता ! हामीलाई कल्याणकारी सुख प्रदान गर । बुद्धि, बल, दक्षता प्राप्त गर्नका लागि हामीलाई संवर्धित गर र हाम्रो आयु निश्चित रूपमा बढाइदेऊ ।

अनु नोद्यानुमतिर्यज्ञं देवेषु मन्यताम् । अग्निश्च हव्यवाहनो भवतं दाशुषे मयः ॥९॥

हे अनुमति नामका विशिष्ट देवता ! आज हाम्रा यज्ञलाई तिमी देवताहरूका लागि अनुकूल बनाइदेऊ र हवि वहन गर्ने अग्निदेवता पनि हविष्य प्रदान गर्ने यजमानहरूप्रति आनन्ददायक होऊन् ।

सिनीवालि पृथुष्टुके या देवानामसि स्वसा । जुषस्व हव्यमाहुतं प्रजां देवि दिदिड्ढि नः ॥१०॥

हे विराट् स्वरूप भएकी सिनीवालीदेवी ! तिमी देवताहरूकी बहिनी हौ । हे देवी ! अग्निमा समर्पित गरिएको आहुति ग्रहण गरेर हामीलाई असल सन्तान देऊ ।

पञ्च नद्यः सरस्वतीमपि यन्ति सस्रोतसः । सरस्वती तु पञ्चधा सो देशेभवत्सरित् ॥११॥

एक समान स्रोत भएका पाँच किसिमका श्रेष्ठ प्रवाहशील नदीहरू गएर महानदी सरस्वतीमा मिसिएभैं उनै सरस्वती नदीका प्रदेशमा भएका पाँच नदीका रूपमा श्रम, विचार, अर्थ, कला र भावसम्बन्धी विद्याहरू प्रसिद्ध हुन्छन् र यिनैका एकीकृत रूपले सबैलाई उन्नतिशील बनाउँछन् ।

त्वमग्ने प्रथमो अङ्गिराऽ ऋषिर्देवो देवानामभवः शिवः सखा । तव व्रते कवयो विद्मनापसोजायन्त मरुतो भ्राजदृष्टयः ॥१२॥

हे अग्निदेवता ! सर्वप्रथम तिमी अङ्गिरा ऋषिका रूपमा प्रकट भयौ । त्यसपछि तिमी सर्वद्रष्टा, दिव्यतायुक्त, कल्याणकारी र देवताहरूमा सर्वश्रेष्ठ मित्रका रूपमा सम्मानित भयौ । तिम्रा व्रतको अनुशासनबाट मरुत्गण क्रान्तदर्शी कर्मका ज्ञाता भए र श्रेष्ठ तेजस्वी शस्त्र उनीहरूले प्राप्त गरेका छन् ।

त्वं नो अग्ने तव देव पायुभिर्मघोनो रक्ष तन्वश्च वन्द्य । त्राता तोकस्य तनये गवामस्यनिमेषꣳ रक्षमाणस्तव व्रते ॥१३॥

हे अग्निदेवता ! तिमी वन्दना गर्न योग्य छौ । आफ्ना अनुशासनभित्र रहेका यी यजमानहरूलाई संरक्षण गर । हाम्रा शारीरिक क्षमतालाई आफ्ना सामर्थ्यले पोषित गर । शीघ्रतापूर्वक संरक्षित गर्ने हुनाले तिमी यजमानका पुत्रपौत्र आदि सन्तान र गाई आदि पशुका पनि संरक्षक होऊ ।

उत्तानायामव भरा चिकित्वान्त्सद्यः प्रवीता वृषणं जजान । अरुषस्तूपो रुशदस्य पाजऽ इडायास्पुत्रो वयुनेजनिष्ट ॥१४॥

हे आन्तरिक बुद्धिले सम्पन्न होताहरू हो ! तिमीहरू उत्तानो मुख भराओ । भरिएपछि चाँडै नै चाहिएको कुरो वर्षा गर्नेलाई उत्पन्न गराओ । त्यसको तेज प्रकट हुन्छ । यसै गरी उज्यालो प्रकाशले युक्त इडाको पुत्र उत्पन्न हुन्छ ।

इडायास्त्वा पदे वयं नाभा पृथिव्याऽ अधि । जातवेदो निधीमह्यग्ने हव्याय वोढवे ॥१५॥

हे सर्वज्ञाता अग्निदेवता ! पृथ्वीका केन्द्रीय स्थलको उत्तर वेदीका बीचमा तिमीलाई हामी स्थापित गराउँछौँ । हामीबाट समर्पित हवि ग्रहण गर ।

प्र मन्महे शवसानाय शूषमाङ्गूषं गिर्वणसे अङ्गिरस्वत् । सुवृक्तिभिः स्तुवतऽ ऋग्मियायार्चामार्कं नरे विश्रुताय ॥१६॥

इन्द्रदेवताको शक्ति बढाउने स्तुति हामीलाई थाहा छ । शक्तिको आकाङ्क्षायुक्त, श्रेष्ठ वाणीले सम्पन्न, ज्ञानवान्, पराक्रमशक्तिले विख्यात इन्द्रदेवतालाई अङ्गिराका जस्तै स्तुति र मन्त्रले हामी अर्चना गर्दछौँ ।

प्र वो महे महि नमो भरध्वमाङ्‌गूष्यꣳ शवसानाय साम । येना नः पूर्वे पितरः पदज्ञाऽ अर्चन्तो अङ्गिरसो गाऽ अविन्दन् ॥१७॥

हे ऋत्विक् ! तिमी महान् पराक्रमी इन्द्रदेवतालाई प्रसन्न गर्नका लागि स्तुति र सामगान गर्दै उनलाई नमस्कार गर । हाम्रा पूर्वज अङ्गिरा आदि ऋषिहरूले यसै किसिमको अर्चना गरेर तेजस्विता प्राप्त गरेका थिए ।

इच्छन्ति त्वा सोम्यासः सखायः सुन्वन्ति सोमं दधति प्रयाꣳसि । तितिक्षन्ते अभिशस्तिं जनानामिन्द्र त्वदा कश्चन हि प्रकेतः ॥१८॥

हे इन्द्रदेवता ! सोमयाग गर्ने सखारूपी ऋत्विक्‌हरू तिम्रो स्तवन गर्ने रहर गर्दछन् । उनीहरू तिम्रा लागि सोमरस छानेर तयार गर्दछन् र हविष्यान्न धारण गर्दछन् । उनीहरू शत्रुको हिंसक प्रहार सहन गर्दछन् । हे इन्द्रदेवता ! तिमीभन्दा प्रसिद्ध अर्को को होला ?

न ते दूरे परमा चिद्रजाꣳस्या तु प्र याहि हरिवो हरिभ्याम् । स्थिराय वृष्णे सवना कृतेमा युक्ता ग्रावाणः समिधाने अग्नौ ॥१९॥

साह्रै चाँडो कुद्ने अश्व भएका हे इन्द्रदेवता ! अति नै टाढा भएका पनि तिम्रा लागि टाढा होइनन् । किनभने तिम्रो अश्व सबै ठाउँमा पुग्छ । तिमी स्थायी बलले युक्त र चाहिएको कुरो पुऱ्याइदिने हौ । तिम्रै लागि भनेर यज्ञ आदि कार्य सम्पन्न गरिएका छन् । यहाँ अग्नि बलिसकेपछि सोमरस पेल्नका लागि ढुङ्गाहरू काम लाग्दछन् ।

अषाढं युत्सु पृतनासु पप्रिꣳ स्वर्षामप्सां वृजनस्य गोपाम् । भरेषुजाꣳ सुक्षितिꣳ सुश्रवसं जयन्तं त्वामनु मदेम सोम ॥२०॥

हे सोमदेवता ! तिमी सङ्ग्राममा असहनीय देखिन्छौ र शत्रुहरूमाथि विजय प्राप्त गर्दछौ । विशाल सेनाका संरक्षक, जलदाता, सङ्ग्रामका विजेता, श्रेष्ठ निवासयुक्त र कीर्तिमान हुनाले तिम्रो अनुगमन हामी गर्नेछौं ।

सोमो धेनꣳ सोमो अर्वन्तमाशुꣳ सोमो वीरं कर्मण्यं ददाति । सादन्यं विदथ्यꣳ सभेयं पितृश्रवणं यो ददाशदस्मै ॥२१॥

जसले हविरूपी द्रव्य दान गर्दछ, त्यसलाई सोमदेवताले गाई र अश्व दिन्छन् । कर्मकुशल, गृहव्यवस्थामा कुशल, यज्ञका अधिकारी, सभामा प्रतिष्ठित पिताको यश बढाउने पुत्र पनि सोमदेवताकै अनुग्रहबाट प्राप्त हुन्छन् ।

त्वमिमा ओषधीः सोम विश्वास्त्वमपो अजनयस्त्वं गाः । त्वमा ततन्थोर्वन्तरिक्षं त्वं ज्योतिषा वि तमो ववर्थ ॥२२॥

हे सोमदेवता ! तिमी यी समस्त औषधिहरूलाई उत्पन्न गर्दछौ । तिमीले नै जल र धेनुलाई पनि उत्पन्न गरेका हौ । तिमीले नै अन्तरिक्षलाई विस्तृत गराएका हौ र आफ्ना तेजस्विताले अन्धकार नष्ट गराउँछौ ।

देवेन नो मनसा देव सोम रायो भागꣳ सहसावन्नभि युध्य । मा त्वा तनदीशिषे वीर्यस्योभयेभ्यः प्रचिकित्सा गविष्टौ ॥२३॥

हे दिव्य शक्तिसम्पन्न सोमदेवता ! विचारपूर्वक श्रेष्ठ धनको भाग हामीलाई प्रदान गर । तिमी दानका लागि प्रवृत्त हुँदा तिमीलाई प्रतिबन्धित कसैले गर्नेछैन । किनभने

तिमी नै अति समर्थ कार्यसाधक हौ । स्वर्गको कामना भएको हुनाले हामीलाई दुवै लोकमा तिमी सुख प्रदान गर ।

अष्टौ व्यख्यत् ककुभः पृथिव्यास्त्री धन्व योजना सप्त सिन्धून् । हिरण्याक्षः सविता देवऽ आगाद्दधद्रत्ना दाशुषे वार्याणि ॥२४॥

सुनौला दृष्टि हुने सवितादेवताले पृथ्वीका आठै दिशा, त्यस्तै आठ दिशा हुने तीन वटै लोक र ती तीन लोकमा भएका सात सागर आदिलाई उज्यालो पारुन् । त्यसपछि त्यहाँ रहने गरेका हविदाताहरूले मन पराउने विभूति लिएर आऊन् ।

हिरण्यपाणिः सविता विचर्षणिरुभे द्यावापृथिवी अन्तरीयते । अपामीवां बाधते वेति सूर्यमभि कृष्णेन रजसा द्यामृणोति ॥२५॥

सुनौला किरणरूपी हात भएका, विलक्षण द्रष्टाका रूपमा सम्मानित सवितादेव द्यावा र पृथिवीका बीचमा भ्रमण गर्दछन् । उनी रोग आदि बाधा नष्ट गरेर अन्धकार नाश गर्ने दीप्तिले आकाशलाई उज्यालो पार्दछन् ।

हिरण्यहस्तो असुरः सीनीथःसुमृडीकः स्ववाँ यात्वर्वाङ् । अपसेधन् रक्षसो यातुधानानस्थाद्देवः प्रतिदोषं गृणानः ॥२६॥

सुनौला किरणरूपी हात भएका, प्राणदाता, कल्याणकारक, उत्तम किसिमको सुख प्रदान गर्ने, दिव्य गुणले सम्पन्न सूर्यदेवता सम्पूर्ण मानिसका सबै किसिमका दोषहरूलाई, असुरलाई र दुष्कर्मीलाई नष्ट गराउँदै उदाउँछन् । त्यस्ता सूर्यदेवता हाम्रा निम्ति सधैँ कल्याणकारी होऊन् ।

ये ते पन्थाः सवितः पूर्व्यासोरेणवः सुकृताऽ अन्तरिक्षे । तेभिर्नो अद्य पथिभिः सुगेभी रक्षा च नो अधि च ब्रूहि देव ॥२७॥

हे सवितादेवता ! उहिलेदेखि नै तिम्रो मार्ग धुलोरहित रूपमा आकाशमा निश्चित छ । त्यसै मार्गबाट आज आएर तिमी हाम्रो रक्षा गर र हामीलाई देवत्व प्राप्त गराऊ ।

उभा पिबतमश्विनोभा नः शर्म यच्छतम् । अविद्रियाभिरूतिभिः ॥२८॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू दुवै यस यज्ञस्थलमा सोमपान गर्नका लागि आओ । तिमीहरू दुवैले अक्षय सामर्थ्यद्वारा हामीलाई सुखशान्ति प्रदान गर ।

अप्नस्वतीमश्विना वाचमस्मे कृतं नो दस्रा वृषणा मनीषाम् । अद्यूत्येवसे नि ह्वये वां वृधे च नो भवतं वाजसातौ ॥२९॥

हे दर्शनयोग्य शक्तिसम्पन्न अश्विनीकुमार हो ! तिमीहरू दुवैले हाम्रो बोली र बुद्धि सत्कर्ममा प्रेरित गर । सन्मार्गबाट उपलब्ध हुने अन्नका लागि हामी याजक तिमीहरू दुईलाई आह्वान गर्दछौँ । तिमीहरू दुवै हाम्रो यज्ञ र हाम्रो पनि वृद्धि गराओ ।

द्युभिरक्तुभिः परि पातमस्मानरिष्टेभिरश्विना सौभगेभिः । तन्नो मित्रो वरुणो मामहन्तामदितिः सिन्धुः पृथिवी उत द्यौः ॥३०॥

हे अश्विनीकुमार हो ! दिनरात निरन्तर उत्तम धनले हामीलाई सबै किसिमबाट संरक्षित गर । मित्र, वरुण, अदिति, सिन्धु र द्युलोक यी सबै तिमीहरूले हामीलाई दिएको धन सुरक्षा गर्न सहायक बनून् ।

आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च । हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥३१॥

गहिरो अन्धकारमा डुबेका आकाशमा भ्रमण गर्दै देवता र मानिसहरूका यज्ञ आदि श्रेष्ठ कर्महरू सवितादेवताले व्यवस्थित गर्छन् । उनी सबै लोकलाई हेर्दै स्वर्णिम रथमा आउँछन् ।

आ रात्रि पार्थिवꣳरजः पितुरप्रायि धामभिः । दिवः सदाꣳसि बृहती वि तिष्ठसऽ आ त्वेषं वर्त्तते तमः ॥३२॥

हे रात्रिदेवी ! तिमी भूलोक र अन्तरिक्षलोकका खाली स्थानहरूलाई पूरा गराउँछ्यौ । तिमी महान् दिव्यलोकका स्थानहरूमा व्याप्त हुन्छ्यौ । तिम्रा महिमाले यसै गरी अन्धकार सर्वत्र व्याप्त हुने गर्दछ ।

उषस्तच्चित्रमा भरास्मभ्यं वाजिनीवति । येन तोकं च तनयं च धामहे ॥३३॥

हवन प्रारम्भ गराउने हे उषादेवी ! हामीलाई सन्तानको पोषण गर्न सक्ने गरी विलक्षण ऐश्वर्य प्रदान गर ।

प्रातरग्निं प्रातरिन्द्रꣳ हवामहे प्रातर्मित्रावरुणा प्रातरश्विना । प्रातर्भगं पूषणं ब्रह्मणस्पतिं प्रातः सोममुत रुद्रꣳ हुवेम ॥३४॥

हामी बिहान अग्निदेवतालाई आह्वान गर्दछौं । यज्ञको सफलताका लागि इन्द्रदेव, मित्र, वरुण, अश्विनीकुमार, भग, पूषा, ब्रह्मणस्पति, सोम र रुद्रदेवतालाई आह्वान गर्दछौं ।

प्रातर्जितं भगमुग्रꣳ हुवेम वयं पुत्रमदितेर्यो विधर्ता । आध्रश्चिद्यं मन्यमानस्तुरश्चिद्राजा चिद्यं भगं भक्षीत्याह ॥३५॥

हामी जगत्लाई धारण गर्ने, उग्र वीर र विजयशील भगदेवताको स्तुति गर्दछौं । उनी अदितिका पुत्र हुन्, उनको स्तुति गर्नाले दरिद्र पनि धनवान् हुन्छ । राजा पनि उनीसित धनको याचना गर्दछन् ।

भग प्रणेतर्भग सत्यराधो भगेमां धियमुदवा ददन्नः । भग प्र णो जनय गोभिरश्वैर्भग प्र नृभिर्नृवन्तः स्याम ॥३६॥

हे भगदेवता ! तिमी नै वास्तविक धन हौ । शाश्वत सत्य नै धन हो । हे भगदेवता ! हाम्रो स्तुतिबाट प्रसन्न भएर इच्छा लागेको सत्यको धन प्रदान गर । हे देवता ! हामीलाई गाई, घोडा, पुत्र आदि प्रदान गर । असल मानिसका समाजमा रहने बनाऊ ।

उतेदानीं भगवन्तः स्यामोत प्रपित्वऽ उत मध्ये अह्नाम् । उतोदिता मघवन्त्सूर्यस्य वयं देवानाꣳ सुमतौ स्याम ॥३७॥

हे देवता ! तिम्रो कृपाले हामी भाग्यवान् बनौं । दिनको प्रारम्भ र मध्यमा हामी भाग्यवान् रहौं । हे धनवान् भगदेवता ! हामी सूर्योदयमा सबै देवताको अनुग्रह प्राप्त गरौं ।

भगऽ एव भगवाँ२ऽ अस्तु देवास्तेन वयं भगवन्तः स्याम । तं त्वा भग सर्वऽ इज्जोहवीति स नो भग पुरऽ एता भवेह ॥३८॥

हे देवताहरू हो ! भगदेवता नै ऐश्वर्यवान् हुन् । उनले कृपा गरेर हामीलाई धनवान् बनाऊन् । हे भगदेवता ! मानव समुदाय तिम्रो आह्वान गर्दछ, हाम्रो यज्ञमा आऊ ।

समध्वरायोषसो नमन्त दधिक्रावेव शुचये पदाय । अर्वाचीनं वसुविदं भगं नो रथमिवाश्वा वाजिनऽ आ वहन्तु ॥३९॥

दधिक्रावाको जस्तै पवित्र पद प्राप्तिका लागि उषा कालमै यज्ञमा आऊ । तीव्रगामी अश्वले रथ हिँडाएझैँ ती धनवान् भगदेव हामीकहाँ आऊन् ।

अश्वावतीर्गोमतीर्नऽ उषासो वीरवतीः सदमुच्छन्तु भद्राः । घृतं दुहाना विश्वतः प्रपीता यूयं पात स्वस्तिभिः सदा नः ॥४०॥

समस्त गुणले युक्त अश्व, गाई, वीरले युक्त एवं घिउले सेचन गर्ने कल्याणकारी उषाहरूले हाम्रो घर उज्यालो पारुन् । उनले सधैँ हाम्रो पालन गर्दै कल्याण गरुन् ।

पूषन् तव व्रते वयं न रिष्येम कदा चन । स्तोतारस्तऽ इह स्मसि ॥४१॥

हे पूषादेवता ! तिम्रै नियम, अनुशासन र व्रतमा रहन तत्पर हुनाले हाम्रो कदापि विनाश नहोस् । हामी यस यज्ञ आदिका अनुष्ठानले तिमीलाई यस्तै प्रार्थना गर्दछौँ ।

पथस्पथः परिपतिं वचस्या कामेन कृतो अभ्यानडर्कम् । स नो रासच्छुरुधश्चन्द्राग्रा धियंधियंꣳ सीषधाति प्र पूषा ॥४२॥

उत्तम स्तोत्रले प्रार्थना गर्दा सत्यको मार्गमा प्रेरित गर्ने पूषादेवताले हामीलाई आह्लाददायक र सन्तापनाशक साधन प्रदान गर्दै सिद्धि प्रदान गर्न हाम्रो बुद्धि सत्कर्ममा लगाऊन् ।

त्रीणि पदा वि चक्रमे विष्णुर्गोपाऽ अदाभ्यः । अतो धर्माणि धारयन् ॥४३॥

विश्वरक्षक, अविनाशी विष्णुदेव तीनै लोकमा यज्ञ आदि कर्म पोषित गर्दछन् । उनी तीन पाइलाले जगत्मा व्याप्त रहन्छन् । अर्थात् उनी सृष्टि, स्थिति र रूपान्तरण यी तीन शक्तिले विश्व सञ्चालन गर्दछन् ।

तद्विप्रासो विपन्यवो जागृवांꣳसः समिन्धते । विष्णोर्यत्परमं पदम् ॥४४॥

ब्रह्मनिष्ठ बनेर जीवन यापन गर्ने र अल्छ्याइँ आदि नभएकाहरू सधैँ नै श्रेष्ठ कर्म गर्दछन् । त्यस्ता साधकले अन्तर्यामी परमेश्वरको सर्वोत्तम परमधाम प्राप्त गर्दछन् ।

घृतवती भुवनानामभिश्रियोर्वी पृथ्वी मधुदुघे सुपेशसा । द्यावापृथिवी वरुणस्य धर्मणा विष्कभिते अजरे भूरिरेतसा ॥४५॥

हे द्युलोक र पृथिवीलोक ! जलयुक्त सुन्दर रूप भएका र भुवनलाई आश्रय प्रदान गर्ने, मधुर अन्नरस प्रदान गर्ने, अमर र बलवान् तिमीहरू नै छौ । तिमीहरूलाई वरुणदेवताले धारण गर्दछन् ।

ये नः सपत्नाऽ अप ते भवन्त्विन्द्राग्निभ्यामव बाधामहे तान् । वसवो रुद्राऽ आदित्याऽ उपरिस्पृशं मोग्रं चेत्तारमधिराजमक्रन् ॥४६॥

हाम्रा शत्रुहरू हारुन् । हामी उनलाई इन्द्राग्निका सामर्थ्यले विनाश गर्दछौँ । वसुगण, रुद्रगण र आदित्यगण यी सबै देवताले हामीलाई उच्च स्थानमा बसाएर पराक्रमी, ज्ञानसम्पन्न र सबैका अधिपति बनाऊन् ।

आ नासत्या त्रिभिरेकादशैरिह देवेभिर्यातं मधुपेयमश्विना । प्रायुस्तारिष्टं नी रपाᳬसि मृक्षतᳬ सेधतं द्वेषो भवतᳬ सचाभुवा ॥४७॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू दुवै तेत्तीस देवताहरूका साथ हाम्रा यस यज्ञमा मधुपान गर्न आओ । हाम्रो आयु बढाओ र हाम्रो पाप जरैदेखि नाश गरिदेओ । हामीप्रति द्वेषको भावना समाप्त गरेर सबै कार्यमा सहायक भइदेओ ।

एष वः स्तोमो मरुतऽ इयं गीर्मान्दार्यस्य मान्यस्य कारोः । एषा यासीष्ट तन्वे वयां विद्यामेषं वृजनं जीरदानुम् ॥४८॥

हे मरुत्गण ! यो वाजी तिमीहरूकै हो । आनन्ददायी, सम्माननीय स्तोतालाई समृद्ध गर्नका लागि यसैमा तिमीहरू आओ । हामी पनि अन्न, बल, यश र धन प्राप्त गरौं ।

सहस्तोमाः सहच्छन्दसऽ आवृतः सहप्रमाऽ ऋषयः सप्त दैव्याः । पूर्वेषां पन्थामनुदृश्य धीराऽ अन्वालेभिरे रथ्यो न रश्मीन् ॥४९॥

स्तोम र छन्दहरूका साथमा कर्म गर्न लागेका, शब्दको प्रमाण गर्दै परीक्षणमा लागेका, ज्ञानले सम्पन्न, दिव्य सप्तर्षिहरूले पहिलेका ऋषिहरूले अपनाएको मार्गमा चल्दै यस विराट् सृष्टिरूपी यज्ञलाई प्रादुर्भाव गरे । लगाम नियन्त्रणमा राखेर प्रेरित गरिएका अश्वले रथीलाई लक्षित स्थानमा पुऱ्याएझैं यस्ता यज्ञ ती साधकलाई उनीहरूको अभीष्ट स्थान स्वर्गसम्म पुग्ने माध्यमको काम गर्दछन् ।

आयुष्यं वर्चस्यᳬ रायस्पोषमौद्भिदम् । इदᳬ हिरण्यं वर्चस्वज्जैत्रायाविशतादु माम् ॥५०॥

आयु बढाउने, कान्तिमान्, धनको रूप, पुष्टिवर्धक, भूमिमा उत्पन्न भएको, तेजयुक्त, प्रकाशक, सुनरूपी वैभव विजय प्राप्त गर्नका लागि हामीलाई पक्कै प्राप्त होस् ।

न तद्रक्षाᳬसि न पिशाचास्तरन्ति देवानामोजः प्रथमजᳬ ह्येतत् । यो बिभर्ति दाक्षायणᳬ हिरण्यᳬ स देवेषु कृणुते दीर्घमायुः स मनुष्येषु कृणुते दीर्घमायुः ॥५१॥

त्यस स्वर्णरूपी दैवी सम्पदामाथि राक्षस र पिशाचले आक्रमण गर्दैनन् । त्यो पक्का पनि सबैभन्दा पहिले उत्पन्न भएका देवताहरूको तेज हो । जसले गहनाका रूपमा स्वर्ण धारण गर्दछन्, ती दैवी सम्पदाले विभूषित मानिसले दीर्घायु प्राप्त गर्दछन् ।

यदाबध्नन् दाक्षायणा हरण्यᳬशतानीकाय सुमनस्यमानाः । तन्मऽ आ बध्नामि शतशारदायायुष्माञ्जरदष्टिर्यथासम् ॥५२॥

दक्षवंशीय ब्राह्मणहरूले विचारपूर्वक स्वर्णरूपी विभूतिलाई अनेकौं सेनाले युक्त राजाका लागि सुरक्षित राखिएको थियो । हामी पनि सय वर्षको आयु प्राप्त गर्नका लागि त्यही स्वर्ण धारण गर्दछौं । हामी पनि चिरञ्जीवी भएर वृद्धअवस्थासम्म जीवित रहन सकौं ।

उत नोहिर्बुध्न्यः शृणोत्वजऽ एकपात्पृथिवी समुद्रः । विश्वे देवाऽ ऋतावृधो हुवानाः स्तुता मन्त्राः कविशस्ता ऽ अवन्तु ॥५३॥

अहिर्बुध्न्य देवता, अज, एकपात, पृथिवी, समुद्र र सबै देवताका समूहले हाम्रो कुरो सुनून् । सत्यका संवर्द्धक, मन्त्रले स्तुति गरिने, बुद्धिमान्हरूले प्रशंसा गरेका र हामीले आह्वान गरेका यी सबै देवताहरूले हामीलाई उचित किसिमले संरक्षण प्रदान गरुन् ।

इमा गिरऽ आदित्येभ्यो घृतस्नूः सनाद्राजभ्यो जुह्वा जुहोमि । शृणोतु मित्रो अर्यमा भगो नस्तुविजातो वरुणो दक्षो अꣳशः ॥५४॥

तेजस्वी आदित्यगणलाई जुहू पात्रका घिउले सेचन गर्दै हामी स्तुति गर्दछौं । मित्र, अर्यमा, भग, सर्वव्यापी वरुणदेव, दक्ष र अंश आदि देवगणले हाम्रो स्तुति ग्रहण गरुन् ।

सप्त ऋषयः प्रतिहिताः शरीरे सप्त रक्षन्ति सदमप्रमादम् । सप्तापः स्वपतो लोकमीयुस्तत्र जागृतो अस्वप्नजौ सत्रसदौ च देवौ ॥५५॥

हाम्रा शरीरमा रहेका छाला, आँखा, कान, जिब्रो, नाक, मन, बुद्धि अथवा सात किसिमका प्राण आदि रूपका सप्तर्षिहरू निरन्तर जाँगरिला भएर यस शरीरलाई संरक्षण गर्दछन् । यी सात सुतिरहेका शरीरका हृदयरूपी आकाशमा रहेको सचेत आत्मामा पुगेका हुन्छन् । त्यस अवस्थामा कहिल्यै नसुत्ने, प्राणीको रक्षा गर्नमा निरन्तर प्रयत्नशील, यज्ञमा उपस्थित प्राण र अपानरूपी देवता पनि जाग्रत नै रहेका हुन्छन् ।

उत्तिष्ठ ब्रह्मणस्पते देवयन्तस्त्वेमहे । उप प्र यन्तु मरुतः सुदानवऽ इन्द्र प्राशूर्भवा सचा ॥५६॥

हे ब्रह्मणस्पति ! तिमी उठ, देवताहरूलाई भेट्न चाहने हामी तिम्रो स्तुति गर्दछौं । हितकारी मरुत्गण हामीकहाँ आऊन् । हे इन्द्रदेवता ! तिमी ब्रह्मणस्पतिसँग सोमपान गर ।

प्र नूनं ब्रह्मणस्पतिर्मन्त्रं वदत्युक्थ्यम् । यस्मिन्निन्द्रो वरुणो मित्रो अर्यमा देवाऽ ओकाꣳसि चक्रिरे ॥५७॥

ब्रह्मणस्पतिले निश्चय नै स्तुतियोग्य मन्त्रहरू विधिपूर्वक उच्चरित गराउँछन् । ती मन्त्रहरूमा इन्द्र, वरुण, मित्र र अर्यमा आदि देवगण निवास गरेका हुन्छन् ।

ब्रह्मणस्पते त्वमस्य यन्ता सूक्तस्य बोधि तनयं च जिन्व । विश्वं तद्भद्रं यदवन्ति देवा बृहद्वदेम विदथे सुवीराः । यऽ इमा विश्वा विश्वकर्मा यो नः पितान्नपतेन्नस्य नो देहि ॥५८॥

हे ब्रह्मणस्पतिदेवता ! तिमी सम्पूर्ण संसारका नियन्ता हौ । त्यसैले हाम्रो प्रार्थना बुझ र हामीदेखि प्रसन्न हौ । तिमी यस सूक्तका ज्ञाता हौ । देवगणको संरक्षणमा जुन कल्याण प्राप्त हुन्छ, त्यो विशेष महिमा हामीलाई प्राप्त होस् । यस संसारका पूर्ण निर्माता जो हुन्, उनै परमेश्वर पालकर्ता पनि हुन् । उनैले हामीलाई रक्षा गरुन् । हे अन्नका अधिपतिदेवता ! तिमीहाम्रा लागि अन्न प्रदायक सिद्ध होऊ र हामीलाई असल किसिमको अन्न प्रदान गर ।

इति चतुस्त्रिंशोऽध्यायः

चौंतीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ पञ्चत्रिंशोऽध्यायः॥

॥पैंतीसौं अध्याय॥

ऋषि– आदित्य, देवगण, भिषक् आथर्वण, सङ्कसुक, सुचीक, शुनःशेप, मेधातिथि, प्रस्कण्व, वैखानस, शिरिम्बिठ भारद्वाज, दमन ।

देवता– पितृ, वायु, लिङ्गोक्त, ओषधि, सविता, प्रजापति, मृत्यु, विश्वेदेवा, वरुण, अनड्वुत, सूर्य, पवमान अग्नि, अग्नि, इन्द्र, जातवेदा, पृथिवी ।

छन्द– निचृत् गायत्री, प्राजापत्या बृहती, गायत्री, उष्णिक, अनुष्टुप, भुरिक् गायत्री, त्रिष्टुप, स्वराट् बृहती, निचृत् त्रिष्टुप, विराट् अनुष्टुप, निचृत् अनुष्टुप, स्वराट् अनुष्टुप, भुरिक् उष्णिक, स्वराट् त्रिष्टुप, निचृत् गायत्री, प्राजापत्या गायत्री, स्वराट् गायत्री ।

अपेतो यन्तु पणयोसुम्ना देवपीयवः । अस्य लोकः सुतावतः । द्युभिरहोभिरक्तुभिर्व्यक्तं यमो ददात्ववसानमस्मै ॥१॥

अर्काको धन अपहरण गर्ने, देवतासँग विद्वेष राख्ने, दुःखदायी असुरहरू यस स्थानबाट भागून् । यो स्थान देवताहरूका लागि तयार गर्ने याजकहरूको हो । यमदेवताले ऋतुहरू, दिन र रात्रिहरूले निर्धारण गरेका श्रेष्ठ स्थानहरू यी याजकहरूलाई प्रदान गरुन् ।

सविता ते शरीरेभ्यः पृथिव्याँल्लोकमिच्छतु । तस्मै युज्यन्तामुस्रियाः ॥२॥

हे यजमानहरू हो ! सबैका प्रेरक सवितादेवताले तिमीहरूका शरीरका लागि यस पृथ्वीमा श्रेष्ठ स्थान दिने इच्छा गरुन् । सवितादेवताले प्रदान गरेको त्यस्तो संस्कारित क्षेत्र पशुहरूले समृद्ध भएर रहोस् ।

वायुः पुनातु सविता पुनात्वग्नेर्भ्राजसा सूर्यस्य वर्चसा । वि मुच्यन्तामुस्रियाः ॥३॥

हलो जोतिसकेपछि खेतलाई वायुदेवताले पवित्र गराऊन् । सवितादेवताले त्यस स्थानलाई पवित्र गराऊन् । सूर्यका तेजस्वी प्राणरूपी किरणले त्यो स्थान पवित्र होस् । त्यसपछि गौपुत्र गोरुलाई पनि हलोबाट मुक्त गरियोस् ।

अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता । गोभाजऽइत्किलासथ यत्सनवथ पूरुषम् ॥४॥

पिपल र पलाशजस्ता वृक्षमा निवास गर्ने हे औषधि हो ! तिमीहरू यजमानलाई जीवनशक्ति प्रदान गरेर उसमाथि कृपा गर्दछौ । त्यसै कारणले तिमीहरू विशेष रूपमा कृपाका पात्र बनेका छौ ।

सविता ते शरीराणि मातुरुपस्थऽ आ वपतु । तस्मै पृथिवि शं भव ॥५॥

हे यजमानहरू हो ! सवितादेवताले तिमीहरूका शरीरलाई धर्तीमाताका काखमा स्थापित गराऊन् । हे पृथ्वी ! तिमी पनि यी यजमानलाई अनेकौं किसिमले कल्याण गर ।

प्रजापतौ त्वा देवतायामुपोदके लोके नि दधाम्यसौ । अप नः शोशुचदघम् ॥६॥

हे मृतक ! तिमीलाई जलका नजिकै रहेको पवित्र स्थानमा प्रजापतिका स्मृतिमा प्रतिष्ठित गर्दछौं । त्यस्ता प्रजापतिदेवताले हामीभित्रका पापी भावनाहरू चाँडै हटाइदिऊन् ।

परं मृत्यो अनु परेहि पन्थां यस्ते अन्यऽ इतरो देवयानात् । चक्षुष्मते शृण्वते ते ब्रवीमि मा नः प्रजाꣳ रीरिषो मोत वीरान् ॥७॥

हे मृत्यु ! तिम्रो मार्ग देवयान मार्गभन्दा भिन्न पितृयान नामको हो । त्यसो हुँदा तिमी त्यही आफ्ना मार्गबाट फर्केर जाऊ । ज्ञानसम्पन्न चक्षुले युक्त र श्रवणक्षमताले सम्पन्न तिमीलाई हाम्रा प्रजा, सन्तान र वीर पुरुषहरू हनन नगर भनेर हामी तिमीलाई निवेदन गर्दछौं ।

शं वातः शꣳ हि ते घृणिः शं ते भवन्त्विष्टकाः । शं ते भवन्त्वग्नयः पार्थिवासो मा त्वाभि शूशुचन् ॥८॥

हे यजमानहरू हो ! वायुदेवता तिमीहरूका लागि मङ्गलकारी होऊन्, सूर्यदेवताले तिमीहरूलाई कल्याण गरून् । इष्टकाले निर्माण गरिएको यज्ञकुण्ड मङ्गलकारी होस्, धर्तीमा रहेका अग्निदेवता कल्याणकारी होऊन् र तिनीहरू सबैले तिमीहरूलाई दुःख नदिऊन् ।

कल्पन्तां ते दिशस्तुभ्यमापः शिवतमास्तुभ्यं भवन्तु सिन्धवः । अन्तरिक्षꣳ शिवं तुभ्यं कल्पन्तां ते दिशः सर्वाः ॥९॥

तिमीहरूका लागि दिशाहरू कल्याणकारी होऊन्, जल तिमीहरूका लागि हितकारी होस्, समुद्र, अन्तरिक्ष र सम्पूर्ण दिशाहरू पनि तिमीहरूका लागि आनन्ददायक होऊन् ।

अश्मन्वती रीयते सꣳ रभध्वमुत्तिष्ठत प्र तरता सखायः । अत्रा जहीमोशिवा ये असञ्छिवान्वयमुत्तरेमाभि वाजान् ॥१०॥

हे सखा ! ढुङ्गा भरिएका नदीहरू प्रवाहित भइरहेका छन् । तिमी तिनीहरूलाई तर्नका लागि मनग्गे प्रयास गर । उभिएर तिनका नजिक जाऊ । यस्ता नदीमा जेजति दुःखदायी पदार्थहरू छन्, तिनलाई पर हटाऊ । सुखदायक अन्न आदि पोषक पदार्थ यी नदीमा प्राप्त गर ।

अपाघमप किल्बिषमप कृत्यामपो रपः । अपामार्ग त्वमस्मदप दुःष्वप्न्यꣳ सुव ॥११॥

हे दुष्कर्मका सञ्चालक अपामार्ग ! तिमी हाम्रा दुष्कर्मरूपी पापकर्मलाई नष्ट गराऊ । अपयशकारी शारीरिक दुष्कर्महरूलाई विनाश गर । शत्रुले प्रयोग गरेका गुप्त अपराध र दुःस्वप्नका दुःखद परिणामहरूलाई पनि हामीदेखि पर राख ।

सुमित्रिया नऽआपऽओषधयः सन्तु दुर्मित्रियास्तस्मै सन्तुयोस्मान्द्वेष्टि यं च वयं द्विष्मः ॥१२॥

जल र औषधिहरू हाम्रा निम्ति श्रेष्ठ मित्रजस्ता कल्याणकारी होऊन् । हामीसित जसले द्वेष गर्दछन् र जोप्रति हामी द्वेष गर्दछौं, तिनीहरूका लागि यी पदार्थहरू शत्रुझैं दुःखदायी होऊन् ।

अनड्वाहमन्वारभामहे सौरभेयथ्ं स्वस्तये । स नऽ इन्द्रऽ इव देवेभ्यो वह्निः सन्तारणो भव ॥१३॥

सुरभि गाईको पुत्र गोरुलाई हामी कल्याणका निम्ति स्पर्श गर्दछौं । हे गोरु ! हामीलाई लक्ष्यमा पुऱ्याऊ । तिमी इन्द्रदेवताजस्तै भएर देवताहरूको शक्ति धारण गर्दछौ ।

उद्वयं तमसस्परि स्वः पश्यन्तऽउत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥१४॥

अन्धकार हटाउने श्रेष्ठतम ज्योतिलाई हामीले देखेका छौं । उनै ज्योतिस्वरूप र देवताहरूमा उत्कृष्टतम ज्योतिर्पुञ्ज सूर्यमा हामी पुग्न सकौं ।

इमं जीवेभ्यः परिधिं दधामि मैषां नु गादपरो अर्थमेतम् । शतं जीवन्तु शरदः पुरूचीरन्तर्मृत्युं दधतां पर्वतेन ॥१५॥

प्राणधारी मानिसको संरक्षणका लागि हामी यो परिधि तयार गर्दछौं । यसबाट कोही पनि अल्पायुको मृत्युमा नपरोस् । यी पुत्रपौत्रादिले सय वर्षको आयु प्राप्त गरुन् । हामी ढुङ्गाको बाधा उपस्थित गरेर मृत्युलाई रोक्दछौं ।

अग्नऽ आयूथ्ंषि पवसऽ आ सुवोर्जमिषं च नः । आरे बाधस्व दुच्छुनाम् ॥१६॥

हे अग्निदेवता ! हामीलाई लामो आयु प्रदान गर, अन्न र बलले पूर्ण गर । चाकरी गर्ने श्वानवृत्ति भएका शत्रुलाई हामीबाट टाढा लैजाऊ ।

आयुष्मानग्ने हविषा वृधानो घृतप्रतीको घृतयोनिरेधि । घृतं पीत्वा मधु चारु गव्यं पितेव पुत्रमभि रक्षतादिमान्त्स्वाहा ॥१७॥

हे आयुस्मान् अग्निदेवता ! तिमी हविले वृद्धि हुने, प्राप्त भएको घिउ भक्षण गर्ने, मुख भएका छौ, घिउबाट उत्पन्न हुने खालका र महान् हौ । तिमी गाईको मधुर र उत्तम घिउ पान गरेर यी प्राणीलाई पिताले पुत्रलाई झैं सुरक्षित राख्दछौ । यो आहुति तिम्रा लागि समर्पित गरिएको छ ।

परीमे गामनेषत पर्यग्निमहृषत । देवेष्वक्रत श्रवः कऽ इमाँ२ऽ आ दधर्षति ॥१८॥

सबै देवताले गाईको उद्धार गरे । उनले अग्निदेवतालाई विभिन्न स्थानमा प्रतिष्ठित गरे र देवताका लागि हविष्यान्न प्रदान गरे । यिनीमाथि आक्रमण गर्ने कसको सामर्थ्य छ र ?

क्रव्यादमग्निं प्र हिणोमि दूरं यमराज्यं गच्छतु रिप्रवाहः । इहैवायमितरो जातवेदा देवेभ्यो हव्यं वहतु प्रजानन् ॥१९॥

मांसभक्षक अग्निदेवतालाई हामी यहाँदेखि पर राख्दछौँ । ती शवदाहक अग्निदेव मृत्युराज यमकै नजिक रहून् । यहाँ अर्कै सुप्रसिद्ध जातवेदा अग्निदेव छन्, यिनले हाम्रो आहुति देवतासमक्ष पुऱ्याउँछन् ।

वह वपां जातवेदः पितृभ्यो यत्रैनान्वेत्थ निहितान् पराके । मेदसः कुल्याऽ उप तान्त्स्रवन्तु सत्याऽ एषामाशिषः सं नमन्ताᳬ स्वाहा ॥२०॥

हे जातवेदा अग्निदेवता ! तिमी पितृहरूका लागि हविको सार भाग वहन गर । किनभने तिमी यहाँभन्दा धेरै पर निवास गरिरहेका पितृहरूलाई चिन्दछौ । उनीहरूको रक्षाका निम्ति नजिकै जलका धाराहरू पनि प्रवाहित होऊन् । उनीहरूको आशीर्वाद सत्य साबित हुँदै उचित रूपमा पूरा पनि होस् । उनै पितृहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

स्योना पृथिवि नो भवानृक्षरा निवेशनी । यच्छा नः शर्म सप्रथाः । अप नः शोशुचदघम् ॥२१॥

हे पृथ्वीदेवी ! तिमी हाम्रा लागि सुखदायक, सङ्कट तथा कष्टबाट मुक्त र निवासका लागि योग्य होऊ । तिमी उचित किसिमले विस्तृत भएर हामीलाई सुख र शरण प्रदान गर । हाम्रो पाप तिमीले नै नष्ट र दूर गराऊ ।

अस्मात्त्वमधि जातोसि त्वदयं जायतां पुनः । असौ स्वर्गाय लोकाय स्वाहा ॥२२॥

हे अग्निदेवता ! तिमीलाई यहाँ यी यजमानहरूले उत्पन्न गरेका हुन् । यी यजमानले तिम्रो कृपाबाट अन्न र ऐश्वर्य प्राप्त गरुन् । यी यजमानले स्वर्ग प्राप्त गर्नका लागि र संसारको हित गर्नका लागि उत्तम कर्म गर्दै न्यायको मार्ग अनुसरण गरुन् ।

इति पञ्चत्रिंशोऽध्यायः

पैँतीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ षट्त्रिंशोऽध्यायः॥

॥छत्तीसौं अध्याय॥

ऋषि– दध्यङ् आथर्वण, विश्वामित्र, वामदेव, मेधातिथि, सिन्धुद्वीप, ऋषिसुता लोपामुद्रा ।

देवता– विश्वेदेवा, बृहस्पति, सविता, इन्द्र, मित्र, वरुण, अहोरात्र, इन्द्राग्नी, आपः, पृथिवी, लिङ्गोक्त, महावीर । अग्नि, सूर्य ।

छन्द– पङ्क्ति, निचृत पङ्क्ति, दैवी बृहती, निचृत् गायत्री, गायत्री, पादनिचृत् गायत्री, वर्द्धमाना गायत्री, द्विपदा विराट् गायत्री, निचृत् अनुष्टुप्, विराट् अनुष्टुप्, अतिशक्वरी, पिपीलिकामध्या निचृत् गायत्री, भुरिक् शक्वरी, भुरिक् जगती, भुरिक् बृहती, भुरिक् उष्णिक्, भुरिक् ब्राह्मी त्रिष्टुप् ।

ऋचं वाचं प्र पद्ये मनो यजुः प्र पद्ये साम प्राणं प्र पद्ये चक्षुः श्रोत्रं प्र पद्ये । वागोजः सहौजो मयि प्राणापानौ ॥१॥

हामी वाणीरूपी ऋग्वेद, मनरूपी यजुर्वेद तथा प्राणरूपी सामवेदका शरणमा जान्छौं । यस किसिमको वेदको ज्ञान प्राप्त गर्नका लागि आँखा र कानका सामर्थ्यका शरण लिनुपर्ने हुन्छ । वेदको ज्ञान प्रचार गर्नका लागि वाणी, जोस र वेदका नियमअनुशासनलाई अनुसरण गर्नुपर्ने हुन्छ । त्यसैले हामीभित्र प्राण, अपान आदिका साथै ओज पनि स्थापित होस् ।

यन्मे छिद्रं चक्षुषो हृदयस्य मनसो वातितृण्णं बृहस्पतिर्मे तद्दधातु । शं नो भवतु भुवनस्य यस्पतिः ॥२॥

हे बृहस्पतिदेवता ! तिमी हाम्रा आँखा, हृदय र मनका कमजोरीहरूलाई हटाइदेऊ । हे संसारका पालक ! हामी सबैलाई तिमी कल्याण गर ।

भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥३॥

आफ्ना तेजले सबै लोकमा सत्कर्म सम्पदान गराउने, प्राणस्वरूप, दुःखनाशक, सुखस्वरूप, प्रकाशले सम्पन्नदेवताको वरण गर्न योग्य विकृतिनाशक, दिव्यता प्रदायक तेजको हामी ध्यान गर्दछौं । उनै देवताले हाम्रा बुद्धिलाई सन्मार्गमा प्रेरित गरुन् ।

कया नश्चित्रऽ आ भुवदूती सदावृधः सखा । कया शचिष्ठया वृता ॥४॥

निरन्तर गतिशील हे इन्द्रदेवता ! तिमी कुनकुन तृप्तिकारक पदार्थ अर्पण गर्दा र कस्ता पूजाविधिले प्रसन्न हुन्छौ ? तिमी कुन दिव्य शक्तिका सहायताले हाम्रो सहयोग गर्छौ ?

कस्त्वा सत्यो मदानां मᳬंहिष्ठो मत्सदन्धसः । दृढा चिदारुजे वसु ॥५॥

सत्यनिष्ठलाई आनन्द प्रदान गर्नेहरूमा सोम सर्वोपरि छ, किनकि हे इन्द्रदेवता ! यो डराउँदा शत्रुको ऐश्वर्य नाश गर्न यसले प्रेरणा दिन्छ ।

अभी षु णः सखीनामविता जरितॄणाम् । शतं भवास्यूतिभिः ॥६॥

स्तुतिले प्रसन्न गर्ने आफ्ना मित्रका रक्षक हे इन्द्रदेवता ! हरेक किसिमले हाम्रो रक्षा गर्नका लागि तिमी उच्च कोटिको तयारीका साथ प्रस्तुत होऊ ।

कया त्वं नऽ ऊत्याभि प्र मन्दसे वृषन् । कया स्तोतृभ्यऽ आ भर ॥७॥

हे अभीष्ट फलदायक इन्द्रदेवता ! तिमी कुन साधनले रक्षा गर्दै हामीलाई अति हर्ष प्रदान गर्दछौ ? कस्ता खालका संरक्षण साधनले तिमी स्तोतालाई सम्पन्न बनाउँछौ ?

इन्द्रो विश्वस्य राजति । शं नो अस्तु द्विपदे शं चतुष्पदे ॥८॥

सबैका स्वामी, ऐश्वर्यशाली इन्द्रदेवताले दुई खुट्टे मानिस आदि प्राणी र चारखुट्टे पशु सबैलाई कल्याण गरुन् ।

शं नो मित्रः शं वरुणः शं नो भवत्वर्यमा । शं नऽ इन्द्रो बृहस्पतिः शं नो विष्णुरुरुक्रमः ॥९॥

मित्रदेव, श्रेष्ठ वरुणदेव, न्यायकारी अर्यमादेव, ऐश्वर्यवान् इन्द्रदेव, वाणीका स्वामी बृहस्पतिदेव, संसारको पालन गर्ने विष्णुदेव हामी सबैका लागि हितकारी होऊन् ।

शं नो वातः पवताᳬं शं नस्तपतु सूर्यः । शं नः कनिक्रदद्देवः पर्जन्यो अभि वर्षतु ॥१०॥

वायुदेवता र सूर्यदेवता हाम्रा लागि कल्याणकारी होऊन् र गर्जन गर्ने पर्जन्यदेवताले हामीलाई मङ्गल गरुन् ।

अहानि शं भवन्तु नः शᳬं रात्रीः प्रति धीयताम् । शं नऽ इन्द्राग्नी भवतामवोभिः शं नऽ इन्द्रावरुणा रातहव्या । शं नऽ इन्द्रापूषणा वाजसातौ शमिन्द्रासोमा सुविताय शं योः ॥११॥

दिन र रात हामी सबैका लागि मङ्गलकारी होऊन् । इन्द्र र अग्निदेवता तथा इन्द्र र वरुणदेवता हामी सबैका लागि कल्याणकारी होऊन् । इन्द्र र पूषादेवताले मङ्गलकारी अन्न र ऐश्वर्य प्रदान गरुन् । इन्द्र र सोमदेवताले सुसन्तति प्राप्त गर्नका लागि रोग र भय हटाउँदै हाम्रा लागि मङ्गलमय होऊन् ।

शं नो देवीरभिष्टयऽ आपो भवन्तु पीतये । शं योरभि स्रवन्तु नः ॥१२॥

दिव्य जल हामी सबैका लागि अभीष्ट फलदायक तथा तृप्तिकारक होस् । हाम्रा रोगहरू शमन गर्नका लागि र अनिष्ट हटाउनका लागि त्यो जल बर्सिइरहोस् । यसरी नै त्यसले हामीलाई सबै तिरबाट कल्याण नै गरिरहोस् ।

स्योना पृथिवि नो भवानृक्षरा निवेशनी । यच्छा नः शर्म सप्रथाः ॥१३॥

हे पृथ्वीदेवी ! तिमी हाम्रा लागि सुखदायी, निर्विघ्न तथा उत्तम आवास प्रदान गर । हाम्रा लागि सबै तिरबाट विस्तृत हुँदै सुखदायी होऊ ।

आपो हि ष्ठा मयोभुवस्ता नऽ ऊर्जे दधातन । महे रणाय चक्षसे ॥३६.१४॥

हे जलदेवता ! तिमी सुखका मूल स्रोत हौ । हामीलाई पराक्रमले युक्त उत्तम कर्म गर्नका लागि पोषक रस प्रदान गर ।

यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ॥१५॥

हे जलसमूह ! तिमीहरू कल्याणकारी रसका रूपमा यस संसारमा रहेका छौ । त्यसैले स्नेहमयी माताले आफ्ना शिशुलाई दुधपान गराएझैं हामी सबैलाई त्यो दिव्य रस पान गराओ ।

तस्माऽ अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ॥१६॥

हे जलसमूह ! तिमीहरू गतिमान छौ । तिमीहरूको रस पूर्ण रूपले प्राप्त गर्नका लागि हामी सबै तिमीहरूका नजिक आएका छौं । तिमीहरूले हामी सबैलाई उन्नतिशील बनाओ ।

द्यौः शान्तिरन्तरिक्षꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्वꣳ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥१७॥

स्वर्गलोक, अन्तरिक्ष र पृथ्वीलोकले हामीलाई शान्ति प्रदान गरुन् । जल, औषधि, वनस्पति आदिले हामीलाई शान्ति प्रदान गरुन् । सबै देवताहरूले हामीलाई शान्ति प्रदान गरुन् । सर्वव्यापी परमात्माले सम्पूर्ण जगत्मा शान्ति स्थापना गरुन् । शान्तिले पनि हामीलाई परम शान्ति प्रदान गरोस् ।

दृ ते दृꣳह मा मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् । मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे । मित्रस्य चक्षुषा समीक्षामहे ॥१८॥

हे परमात्मा ! हामीलाई तिमी सामर्थ्यवान् बनाऊ । सबै प्राणीले हामीमाथि मित्रभाव राखून् । हामी सबैलाई मित्रभावले हेर्ने गर्दछौं । हामी सबै नै मित्रताका भावले हेर्ने गरौं ।

दृते दृꣳह मा । ज्योक्ते सन्दृशि जीव्यासं ज्योक्ते सन्दृशि जीव्यासम् ॥१९॥

हे परमात्मा ! हामीलाई तिमी शक्तिसम्पन्न बनाऊ । तिम्रो दिव्य दर्शनले हामी लामो आयु बाँच्न पाऔं । तिम्रो दर्शनका लागि हामी लामो समयसम्म जीवित रहने आयु प्राप्त गरौं ।

नमस्ते हरसे शोचिषे नमस्ते अस्त्वर्चिषे । अन्याँस्ते अस्मत्तपन्तु हेतयः पावको अस्मभ्यꣳ शिवो भव ॥२०॥

हे अग्निदेवता ! तिम्रो तेजस्वी ज्वालालाई हामी नमस्कार गर्दछौं । यस ज्वालाले पवित्रता बढाएर दुष्टता नाश गरोस् । तिम्रो ज्वाला शत्रुका लागि कष्टदायी र हामी सबैका लागि पवित्रता प्रदान गर्ने मङ्गलकारी होस् ।

नमस्ते अस्तु विद्युते नमस्ते स्तनयित्नवे । नमस्ते भगवन्नस्तु यतः स्वः समीहसे ॥२१॥

विद्युत्झैं तेजस्वी र मेघझैं गर्जन गर्ने हे परमात्मा ! तिमीलाई नमस्कार छ । तिमी हाम्रा लागि मङ्गलकारी छौ, त्यसैले तिमीलाई अनेकौं पटक नमस्कार गर्दछौं ।

यतो यतः समीहसे ततो नो अभयं कुरु । शं नः कुरु प्रजाभ्योभयं नः पशुभ्यः ॥२२॥

हे परमात्मा ! तिमी जोजोसित चाहन्छौ ती सबैसित हामीलाई भयरहित बनाऊ । हाम्रा प्रजारूपी सन्तानहरूलाई सधैं हितकारी होऊ र हाम्रा पशुहरूलाई भयरहित बनाऊ ।

सुमित्रिया नऽ आपऽ ओषधयः सन्तु दुर्मित्रियास्तस्मै सन्तु । योस्मान् द्वेष्टि यं च वयं द्विष्मः ॥२३॥

हे जल र औषधिहरू हो ! हामी सबैका लागि तिमीहरू मङ्गलकारी होओ । हामीसित रिस गर्नेहरू र हामीले रिस गरेकाहरूलाई तिमीहरू कष्टदायक होओ ।

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतं जीवेम शरदः शतꣳ शृणुयाम शरदः शतं प्र ब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ॥२४॥

देवताहरूले धारण गरेका, नेत्रको रूपमा रहेका, दीप्तिमान् सूर्यदेवता पूर्व दिशाबाट उदाउँछन् । सूर्यदेवताका सहायताले हामी सय वर्षसम्म संसार देख्न पाऔं, सय वर्षसम्मको आयु प्राप्त गरौँ, सय वर्षसम्म कानले सुनौँ, सय वर्षसम्म असल कुरो बोलौँ, सय वर्षसम्म दुःख पाउनु नपरोस् र सय वर्षसम्मका शरद् ऋतुहरूलाई पूरा गर्दै त्यसभन्दा लामो समयसम्म आनन्दपूर्वक रहन सकौँ ।

इति षट्त्रिंशोऽध्यायः

छत्तीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ सप्तत्रिंशोऽध्यायः॥

॥सैंतीसौं अध्याय॥

ऋषि– दध्यङ आथर्वण, श्यावाश्व, दीर्घतमा ।

देवता– सविता, अग्नि, द्यावापृथिवी, वल्मीकवपा, वराहविहत, आदार, घर्म, प्राण, पत्नी, आशीर्वाद ।

छन्द– निचृत् उष्णिक्, जगती, ब्राह्मी गायत्री, निचृत् पङ्क्ति, विराट् ब्राह्मी गायत्री, भुरिक् अतिजगती, निचृत् अष्टि, स्वराट् अतिधृति, अतिशक्वरी, स्वराट् पङ्क्ति, त्रिष्टुप्, स्वराट् उत्कृति, निचृत् गायत्री, भुरिक् अनुष्टुप्, निचृत् ब्राह्मी अनुष्टुप्, भुरिक् बृहती, निचृत् त्रिष्टुप्, निचृत् अत्यष्टि, विराट् उष्णिक्, निचृत् अतिजगती, अनुष्टुप् ।

देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम् । आ ददे नारिरसि ॥१॥

हे अग्निदेवता ! सवितादेवताका अनुशासनमा रहेर अश्विनीकुमारदेवताका बाहु र पूषादेवताका दुवै हातले हामी तिमीलाई ग्रहण गर्दछौं । तिमी हाम्रा शत्रु नहोऊ ।

युञ्जते मनऽ उत युञ्जते धियो विप्रा विप्रस्य बृहतो विपश्चितः । वि होत्रा दधे वयुनाविदेकऽ इन्मही देवस्य सवितुः परिष्टुतिः ॥२॥

एक्लै यज्ञ धारण गर्ने, मार्गको ज्ञान भएका सवितादेव महान् स्तुतिका पात्र हुन् । अति बुद्धिमान् र ज्ञानी मानिस आफ्नो मन र बुद्धि उनै प्रेरक सवितादेवमा योजित गर्दछन् ।

देवी द्यावापृथिवी मखस्य वामद्य शिरो राध्यासं देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥३॥

हे पृथ्वी र दिव्यलोकका दिव्य शक्तिहरू हो ! आज यस यज्ञस्थलमा देवयज्ञका निमित्त, मुख्य वेदीमा हामी तिमीलाई स्थापना गर्दछौं । हे माटोरूपी देवता ! यस श्रेष्ठ यज्ञस्थलमा यज्ञका लागि तिमीलाई शीर्ष स्थानमा ग्रहण गर्दछौं ।

देव्यो वम्र्यो भूतस्य प्रथमजा मखस्य वोद्य शिरो राध्यासं देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥४॥

हे अग्निबाट उत्पन्न ज्वाला ! तिमी प्राणीहरूभन्दा पहिले नै उत्पन्न भएका हौ । यस यज्ञस्थलमा ज्ञानी जनका बीचमा सबै प्राणीको कल्याणका लागि तिमीलाई शीर्ष स्थान दिएर सत्कार गर्दछौं । प्रजाको पालन गर्ने यज्ञमा तिमीलाई सम्मानपूर्वक शीर्ष स्थानमा नियुक्त गरेका छौं ।

इयत्यग्रऽ आसीन्मखस्य तेद्य शिरो राध्यास देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥५॥

हे अग्निका शिखा ! यज्ञीय सङ्गतिलाई उचित किसिमले श्रेष्ठता प्रदान गर्नका लागि तिमीलाई हामी प्रयोग गर्दछौँ । यस भूमिका मध्य भागमा रहेका यज्ञस्थलमा विद्वान्हरूले यजन गर्नका लागि तिमीलाई उचित किसिमले नियुक्त गर्दछन् ।

इन्द्रस्यौज स्थ मखस्य वोद्य शिरो राध्यासं देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥६॥

हे अग्निका ज्वाला ! इन्द्रदवताले ओज प्राप्त गरेझैँ आज यस पृथ्वीका बीच भागमा रहेका यज्ञस्थलमा यज्ञको मूर्धन्य स्वरूपमा तिमीलाई ग्रहण गरेका छौँ । हामी यस शीर्ष स्थानमा रहेका मुख्य यज्ञका निमित्त, उत्तम तरिकाले यज्ञ सम्पादन गर्नका निमित्त, उत्तम गुणको यस यज्ञलाई सम्पादन गर्नका निमित्त, यज्ञरूपी उत्तम व्यवहारका निमित्त, उत्तम विज्ञानको प्रचारका निमित्त, विद्यावर्धक व्यवहारका निमित्त तिमीलाई ग्रहण गर्दछौँ । तिमी यी सबै श्रेष्ठ गुणले सम्पन्न छौ ।

प्रैतु ब्रह्मणस्पतिः प्र देव्येतु सूनृता । अच्छा वीरं नर्यं पङ्क्तिराधसं देवा यज्ञं नयन्तु नः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । ॥७॥

ब्रह्मणस्पति हाम्रो अनुकूल भएर यज्ञमा आऊन् । हामीलाई सत्यरूप दिव्य वाणी प्राप्त होस् । बलवान्, सर्वहितकारी, प्रजालाई अनुशासित गर्ने, देवगण हाम्रा यज्ञमा पङ्क्तिबद्ध भएर अधिष्ठित होऊन् र शत्रुहरूको विनाश गरुन् । यज्ञका शीर्षको रूपमा रहेका त्यस्ता देवता बारम्बार भूलोक, भुवलोक र स्वर्लोकमा हुने गरेका यज्ञका निम्ति नियुक्त गरिन्छन् ।

मखस्य शिरोसि । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखस्य शिरोसि । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखस्य शिरोसि । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥८॥

हे अग्निदेवता ! तिमी यज्ञको शीर्षरूप हौ । त्यसैले यज्ञको विशिष्ट कार्यका निम्ति अथवा यज्ञ सम्पादन गर्नका लागि तिमीलाई बारम्बार हामी नियुक्त गर्दछौँ ।

अश्वस्य त्वा वृष्णः शक्ना धूपयामि देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । अश्वस्य त्वा वृष्णः शक्ना धूपयामि देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । अश्वस्य त्वा वृष्णः शक्ना धूपयामि देवयजने पृथिव्याः । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥९॥

हे बलशाली वृष्ण ! तिमीलाई देवताको यजन प्रक्रियाअन्तर्गत पृथ्वीमा अश्वरूपी यज्ञाग्निद्वारा उत्पन्न र त्यसैबाट संस्कारित गर्दछन् । तिमीलाई यज्ञा लागि यज्ञको शीर्ष भागको प्रयोजनका लागि नियुक्त गरेर प्रयोग गरिन्छ ।

ऋजवे त्वा साधवे त्वा सुक्षित्यै त्वा । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे । मखाय त्वा मखस्य त्वा शीर्ष्णे ॥१०॥

हे बलशाली ! तिमीलाई सत्यका लागि, सज्जनताका लागि र श्रेष्ठ भूमिका लागि नियुक्त वा प्रयुक्त गरिन्छ । तिमीलाई यज्ञका लागि, यज्ञका श्रेष्ठतम रूपमा प्रयोग गरिन्छ ।

यमाय त्वा मखाय त्वा सूर्यस्य त्वा तपसे । देवस्त्वा सविता मध्वानक्तु पृथिव्याः सꣳस्पृशस्पाहि । अर्चिरसि शोचिरसि तपोसि ॥११॥

हे समर्थ अग्निदेवता ! दिव्य अनुशासन, यज्ञीय प्रयोजन र सूर्यको तापका सार्थकताका लागि तिमीलाई नियुक्त गरिएको छ । सवितादेवताले तिमीलाई मधुरतायुक्त बनाऊन् । पृथ्वीलाई स्पर्श गरेर तिमी सबै प्राणीलाई हित गर । तिमी ज्वालाका रूपमा छौ, विद्युत्का रूप हौ र तापका शक्तिले सम्पन्न छौ ।

अनाधृष्य पुरस्तादग्नेराधिपत्यऽ आयुर्मे दाः । पुत्रवती दक्षिणतऽ इन्द्रस्याधिपत्ये प्रजां मे दाः । सुषदा पश्चाद्देवस्य सवितुराधिपत्ये चक्षुर्मे दाः । आश्रुतिरुत्तरतो धातुराधिपत्ये रायस्पोषं मे दाः । विधृतिरुपरिष्टाद्बृहस्पतेराधिपत्यऽ ओजो मे दा विश्वाभ्यो मा नाष्ट्राभ्यस्पाहि मनोरश्वासि १२॥

हे पृथिवी ! शत्रुबाट हिंसित नभईकन रहँदै पूर्व दिशामा अग्निको रक्षक बनेर हामीलाई आयु प्रदान गर । पुत्रवती बनेर दक्षिण दिशामा इन्द्रदेवताको स्वामित्वमा रहँदै उत्तम सन्तान प्रदान गर । हे पृथ्वी ! तिमी सुखदायी भएर पश्चिम दिशामा सवितादेवताका स्वामित्वमा रहँदै हामीलाई दिव्य दृष्टि प्रदान गर । उत्तम रीतिले सुन्न सकिने भएर उत्तर दिशामा ब्रह्माका स्वामित्वमा रहँदै हामीलाई उत्तम धनले सम्पन्न ऐश्वर्य प्रदान गर । ऊर्ध्व दिशामा विभिन्न किसिमका पदार्थहरूलाई धारण गर्नमा समर्थ हुँदै बृहस्पतिदेवतका स्वामित्वमा रहेर हामीलाई ओजस्वी बनाऊ । हे पृथिवी ! दुष्ट प्रवृत्ति भएका शत्रुहरूबाट हामीलाई रक्षा गर । तिमी मनस्विहरूलाई वहन गर्ने अश्वको रूप हौ ।

स्वाहा मरुद्भिः परि श्रीयस्व दिवः सꣳस्पृशस्पाहि । मधु मधु मधु ॥१३॥

हाम्रो यो आहुति मरुत्देवताले धारण गरुन् । द्युलोकलाई स्पर्श गर्ने यस हविले हामीलाई रक्षा गरोस् । प्राण, अपान र व्यान अथवा पृथ्वी, अन्तरिक्ष र द्युलोकमा मधुरता यसले स्थापना गरोस् ।

गर्भो देवानां पिता मतीनां पतिः प्रजानाम् । सं देवो देवेन सवित्रा गत सꣳ सूर्येण रोचते ॥१४॥

देवताका धारक, ज्ञानी जनका पालक, प्रजाका रक्षक र दिव्य गुणले सम्पन्न परमात्मा नै हुन । उनी सम्पूर्ण संसारका प्रेरक सूर्यदेवताजत्तिकै प्रकाशित हुन्छन्, हामी उनलाई नमस्कार गर्दछौं ।

समग्निरग्निना गत सं दैवेन सवित्रा सथं सूर्येणारोचिष्ट । स्वाहा समग्निस्तपसा गत सं दैव्येन सवित्रा सथं सूर्येणारूरुचत ॥१५॥

परमात्मा अग्निदेवताजस्त्रै सवितादेवतामा एकाकार भएर सूर्यका रूपमा प्रकाशित हुन्छन् । आहुति दिइएको हविसहितका अग्नि सूर्यको तेजसित एकाकार भएर र दिव्य गुणले युक्त सवितादेवतासित एकाकार भएर सूर्यदेवतासितै प्रकाशित हुन्छन् ।

धर्ता दिवो वि भाति तपसस्पृथिव्यां धर्ता देवो देवानाममर्त्यस्तपोजाः । वाचमस्मे नि यच्छ देवायुवम् ॥१६॥

ज्ञानी जनलाई धारण गर्ने, दिव्य गुणले सम्पन्न परमात्मा, साधारण मानिसहरूभन्दा भिन्न आफ्ना तपःशक्तिले सामर्थ्यवान् भएर द्युलोक र किरणसमूहलाई धारण गर्ने सूर्यका रूपमा पृथ्वीमा सुशोभित हुने गर्दछन् । उनै परमात्माले हामीलाई दिव्यता धारण गराउने किसिमको वाणी प्रदान गरुन् ।

अपश्यं गोपामनिपद्यमानमा च परा च पथिभिश्चरन्तम् । स सध्रीचीः स विषूचीर्वसानऽ आ वरीवर्ति भुवनेष्वन्तः ॥१७॥

कहिले नजिक र कहिले टाढाको मार्गबाट विचरण गरिरहने सूर्यदेव निरन्तर गतिशील हुँदा पनि कहिल्यै ढल्दैनन् । उनी सम्पूर्ण विश्वलाई संरक्षण गर्दछन् । चारैतिर फैलिने तेज धारण गर्दै समस्त लोकमा विराजमान सूर्यदेवतालाई हामी देख्छौँ ।

विश्वासां भुवां पते विश्वस्य मनसस्पते विश्वस्य वचसस्पते सर्वस्य वचसस्पते । देवश्रुत्त्वं देव घर्म देवो देवान् पाह्यत्र प्रावीरनु वां देववीतये । मधु माध्वीभ्यां मधु माधूचीभ्याम् ॥१८॥

समस्त संसारका स्वामी, सबैका मनका रक्षक, सबैका वाणीका प्रेरक, सबैका वाणीका पालक, प्रकाशक, देवताहरूमा कीर्तिमान् रूप, दिव्य गुणले युक्त, सुखदाता परमात्माले यस संसारमा धर्मका पथमा चल्ने ज्ञानीहरूको रक्षा गरुन् । हे अश्विनीकुमारहरू हो ! तिमीहरू मधुर गुणले युक्त विद्या, उत्तम रीतिले प्रदान गर र मधुर ब्रह्मज्ञानका साधकहरूका साथै देवत्व प्राप्तिका लागि प्रयास गर्नमा लागेका ज्ञानीहरूलाई संरक्षण गर । हे याजकहरू हो ! तिमीहरू त्यस्ता परमात्माका सहायक होओ ।

हृदे त्वा मनसे त्वा दिवे त्वा सूर्याय त्वा । ऊर्ध्वो अध्वरं दिवि देवेषु धेहि ॥१९॥

हे यज्ञदेवता ! हामी हृदयको विशालताका लागि, मनको शुद्धताका लागि र सूर्यको तेजस्विता धारण गर्नका लागि तिम्रो स्तुति गर्दछौँ । हाम्रो हव्य तिमी माथि देवलोकसम्म पुऱ्याऊ ।

पिता नोसि पिता नो बोधि नमस्ते अस्तु म मा हिथं सीः । त्वष्टृमन्तस्त्वा सपेम पुत्रान्पशून्मयि धेहि प्रजामस्मासु धेह्यरिष्टाहथं सह पत्या भूयासम् ॥२०॥

हे यज्ञदेवता ! हाम्रा लागि तिमी पिताजस्तै पालक हौ । त्यसैले हामीलाई तिमी पिता अथवा गुरुजत्तिकै ज्ञानवान् बनाऊ । त्यसैका लागि हामी तिमीलाई नमस्कार गर्दछौँ ।

हामीसमस्त प्रजासहित प्रजापतिजस्तै तेजस्वी बनेर तिमीलाई प्राप्त गर्न सकौं । हामीलाई तिमी पशुधन, सन्तान र उत्तम प्रजाले सम्पन्न गराऊ । तिम्रा साथमा हामी कल्याणकारी भएर चिरकालसम्म सुखपूर्वक जीवन व्यतीत गर्न सकौं । हामीलाई तिमी हिंसित नगर ।

अहः केतुना जुषताᳬ सुज्योतिर्ज्योतिषा स्वाहा । रात्रिः केतुना जुषताᳬ सुज्योतिर्ज्योतिषा स्वाहा ॥२१॥

आफ्नै ज्योतिले प्रकाशित, कर्मयुक्त दिनहरू सबैका लागि प्रसन्नताप्रदायक सिद्ध होऊन । आफ्नै ज्योतिले ज्योतिष्मती रात्रि कर्मयुक्त भएर प्रसन्नतादायी सिद्ध होऊन् भनेर नै हामी यो आहुति समर्पित गर्दछौं ।

इति सप्तत्रिंशोऽध्यायः

सैतीसौं अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ अष्टात्रिंशोऽध्यायः॥

॥अठतीसौं अध्याय॥

ऋषि– दध्यङ् आथर्वण, दीर्घतमा, मेधातिथि, प्रस्कण्व ।

देवता– सविता, रज्जू, गौ, वत्स, लिङ्गोक्त, विप्रुष, वाक्, परीशास, महावीर, घर्म, विश्वेदेवा, वातनाम, अश्विनीकुमार, खर, पूषा, रुद्र, पय, अग्नि, आपः, सूर्य, समित्, दधिघर्म, यजमान, आशीर्वाद ।

छन्द– विराट् आर्ची पङ्क्ति निचृत् गायत्री, भुरिक् साम्नी बृहती, आर्ची पङ्क्ति, निचृत् अतिजगती, निचृत् अत्यष्टि, अष्टि, भुरिक् गायत्री, अनुष्टुप्, विराट् उष्णिक्, निचृत् उष्णिक्, अतिशक्वरी, स्वराट् जगती, भुरिक् अतिधृति, निचृत् अतिशक्वरी, भुरिक् आकृति, निचृत्, उपरिष्यात् बृहती, निचृत् त्रिष्टुप्, परोष्णिक्, निचृत् अनुष्टुप्, विराट् अनुष्टुप्, साम्नी पङ्क्ति, स्वराट् पङ्क्ति, पङ्क्ति, स्वराट् धृति ।

देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम् । आ ददेदित्यै रास्नासि ॥१॥

हे यज्ञीय ऊर्जा ! तिमीलाई हामी सवितादेवताको प्रेरणाले, अश्विनीकुमारहरूका बाहुमा पूषादेवता हातले ग्रहण गर्दछौं । तिमी दैवी प्रवाह उत्पन्न गराउने देवमाता अदितिको मेखलाजस्तै सबैलाई व्याप्त र प्रभावित गराउने हौ ।

इडऽ एह्य दितऽ एहि सरस्वत्येहि । असावेह्यसावेह्यसावेहि ॥२॥

हे इडा नामकी धर्तीमाता ! हे अदिति नामकी देवमाता ! हे सरस्वती माता ! तिमीहरू गाईभैँ पोषण प्रदान गर्ने बनेर यहाँ आओ । यसै रूपमा आओ ।

अदित्यै रास्नासीन्द्राण्याऽ उष्णीषः । पूषासि घर्माय दीष्व ॥३॥

हे यज्ञको ऊर्जा ! तिमी देवमाता अदितिको मेखलाजस्तै छौ । सङ्गठन गर्नमा कुशल इन्द्राणीको शिरपोसजत्तिकै प्रतिष्ठित छौ । तिमीहरू पोषण प्रदान गर्नमा समर्थ छौ । न्यानोका रूपमा हितकारी कार्यहरू गर्नका लागि आफ्ना शक्तिलाई नियोजित गर ।

अश्विभ्यां पिन्वस्व सरस्वत्यै पिन्वस्वेन्द्राय पिन्वस्व । स्वाहेन्द्रवत् स्वाहेन्द्रवत् स्वाहेन्द्रवत् ॥४॥

हे गाईभैँ हित बर्साउने सूक्ष्म प्रकृति ! तिमी अश्विनीकुमार, सरस्वतीदेवी र इन्द्रदेवतालाई पुष्टि गर्नका लागि निरन्तर प्रवाहित होओ । इन्द्रदेवताका लागि यो आहुति बारम्बार समर्पित गरिएको छ ।

यस्ते स्तनः शशयो यो मयोभूर्यो रत्नधा वसुविद्यः सुदत्रः । येन विश्वा पुष्यसि वार्याणि सरस्वति तमिह धातवेकः । उर्वन्तरिक्षमन्वेमि ।५॥

हे सरस्वती देवी ! सन्तानका लागि माताका स्तन सुखदायक निद्रामा सुताउने, आनन्ददायक र उत्तम बल प्रदायक हुनुका साथै उत्तम गुणलाई पोषण गर्ने खालको हुन्छ । उसै गरी तिम्रो दिव्य ज्ञानरूपी दुध सुखशान्तिप्रदायक, वरण योग्य, पुष्टिकारक, ऐश्वर्य दाता, कल्याणकारी विभूति प्रदायक छ । हे सरस्वतीदेवी सबै खालका कार्यलाई पोषण गर्ने, उत्तम, दानशील तिम्रो ज्ञानलाई संसारमा प्रजाको पोषणका लागि हामीलाई प्रदान गर, त्यसो भएपछि हामी विशाल अन्तरिक्षका अनुगामी हुन सक्नेछौं ।

गायत्रं छन्दोसि त्रैष्टुभं छन्दोसि द्यावापृथिवीभ्यां त्वा परि गृह्णाम्यन्तरिक्षेणोप यच्छामि । इन्द्राश्विना मधुनः सारघस्य घर्मं पात वसवो यजत वाट् । स्वाहा सूर्यस्य रश्मये वृष्टिवनये ॥६॥

हे इन्द्रदेवता ! तिमी गायत्री छन्द र त्रिष्टुप् छन्दले स्तुति गर्नेहरूलाई संरक्षण प्रदान गर्दछौ । हे दुवै अश्विनीकुमारहरू हो ! द्युलोकबाट पृथ्वीलोकसम्मका सबै प्रजा निरोगी होऊन् भन्नका लागि हामी तिमीहरू दुवैलाई धारण गर्दछौं । अन्तरिक्षका वर्षा र वायुले सबैको प्राण रक्षा गरेझैं प्रजालाई ज्ञान तथा ऐश्वर्यले सम्पन्न बनाउनका लागि तिमीहरू दुवैलाई हामी स्वीकार गर्दछौं । हे वसुहरू हो ! मधुररसजस्तै, मधुर व्यवहारयुक्त पराक्रम हामीले सत्यका रूपमा स्वीकार गर्दछौं । तिमीहरू उचित किसिमले यज्ञ सम्पादन गर र वर्षाका लागि सूर्यका रश्मिका सहायता प्राप्त गर्न यज्ञ कार्य सम्पन्न गर ।

समुद्राय त्वा वाताय स्वाहा सरिराय त्वा वाताय स्वाहा । अनाधृष्याय त्वा वाताय स्वाहाप्रतिधृष्याय त्वा वाताय स्वाहा । अवस्यवे त्वा वाताय स्वाहाशिमिदाय त्वा वाताय स्वाहा ॥७॥

सम्पूर्ण प्राणीलाई उत्पन्न गर्ने, सबै प्राणीलाई अभीष्ट प्रदान गर्ने, अखण्ड शक्ति भएका, अपराजित, संरक्षण प्रदान गर्ने, कष्ट मेटाउनमा सक्षम हे वायुदेवता ! तिम्रा लागि यो आहुति समर्पित गरिँदै छ, यसलाई तिमी स्वीकार गर ।

इन्द्राय त्वा वसुमते रुद्रवते स्वाहेन्द्राय त्वादित्यवते स्वाहेन्द्राय त्वाभिमातिघ्ने स्वाहा । सवित्रे त्वऽ ऋभुमते विभुमते वाजवते स्वाहा बृहस्पतये त्वा विश्वदेव्यावते स्वाहा ॥८॥

हे वसुरूपी धनका शक्तिले सम्पन्न, रुद्ररूपी ओजले सम्पन्न इन्द्रदेवता ! तिम्रा लागि आहुति समर्पित गरिएको छ । हे आदित्यका तेजले सम्पन्न इन्द्रदेवता ! तिम्रा लागि यो आहुति समर्पित गरिएको छ । हे अभिमानीलाई नष्ट गर्ने इन्द्रदेवता ! तिम्रा लागि यो आहुति समर्पित छ । ऋत र ज्ञानले प्रकट हुने, अत्यधिक सामर्थ्यवान्, ऐश्वर्य एवं शक्तिशाली सैन्यबल प्रदान गर्ने सवितादेवताका लागि यो आहुति समर्पित छ । समस्त देवशक्तिहरूका हितकारी बृहस्पति नामका देवताका लागि यो आहुति समर्पित छ ।

यमाय त्वाङ्गिरस्वते पितृमते स्वाहा । स्वाहा घर्माय स्वाहा घर्मः पित्रे ॥९॥

पितृहरू र अङ्गिराहरूले युक्त यमदेवताका लागि यो आहुति समर्पित छ । घर्म नामका विशेष यज्ञलाई विस्तार गर्नका लागि यो आहुति समर्पित छ । पितृहरूको सन्तुष्टिका लागि यो आहुति समर्पित छ ।

विश्वाऽ आशा दक्षिणसद्विश्वान् देवानयाडिह । स्वाहाकृतस्य घर्मस्य मधोः पिबतमश्विना ॥१०॥

यस यज्ञस्थलमा दक्षिण दिशामा बसेका होताहरूले, सबै दिशामा रहने गरेका सबै देवता र विद्वान्हरूको यथोचित पूजाअर्चना गरे । त्यसैले हे अश्विनीकुमारहरू हो ! तिमीहरू यहाँ आओ र यज्ञमा हामीले समर्पित गरेको मधुर आहुतिको रस पान गर ।

दिवि धाऽ इमं यज्ञमिमं यज्ञं दिवि धाः । स्वाहाग्नये यज्ञियाय शं यजुर्भ्यः ॥११॥

हे याज्ञिकहरू हो ! यज्ञाग्निले सुखपूर्वक यज्ञकार्य सम्पन्न र यस यज्ञको हवि देवलोकसम्म पुऱ्याऊ । यजुर्वेदका मन्त्रहरूलाई उच्चारण गर्दै हुति समर्पित गर ।

अश्विना घर्मं पातꣳ हार्द्वानमहर्दिवाभिरूतिभि. । तन्त्रायिणे नमो द्यावापृथिवीभ्याम् ॥१२॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू आफ्ना रक्षणशक्तिले मनमा प्रिय लाग्ने यज्ञलाई दिनरात रक्षा गर । कालचक्रका प्रवर्तक सूर्य र द्युलोकबाट पृथ्वीसम्म सबै दैवी शक्तिलाई हामी नमस्कार गर्दछौं ।

अपातामश्विना घर्ममनु द्यावापृथिवी अमꣳसाताम् । इहैव रातयः सन्तु ॥१३॥

हे अश्विनीकुमारहरू हो ! तिमीहरू हाम्रो यज्ञलाई हरेक किसिमले रक्षा गर । द्युलोक र पृथ्वीलोकका अधिष्ठाता देवताहरू पनि तिमीहरूका कार्यमा सहयोगी होऊन् । तिमीहरू आआफ्ना स्थानमा नै रहेर हामीलाई यहाँ ऐश्वर्य प्रदान गर ।

इषे पिन्वस्वोर्जे पिन्वस्व ब्रह्मणे पिन्वस्व क्षत्राय पिन्वस्व द्यावापृथिवीभ्यां पिन्वस्व । धर्मासि सुधर्मामेन्यस्मे नृम्णानि धारय ब्रह्म धारय क्षत्रं धारय विशं धारय ॥१४॥

हे यज्ञदेवता ! अन्न वृद्धि गर्न र बलपराक्रम प्राप्त गर्नका लागि सम्पूर्ण प्रजालाई तिमी पुष्ट बनाऊ । ब्राह्मणत्व तथा क्षत्रियत्व वृद्धिका लागि प्रजालाई पुष्ट बनाऊ । द्युलोक र पृथ्वीलाई विस्तृत गराउनका लागि प्रजालाई पुष्ट गराऊ । हे परमात्मा ! तिमी उत्तम रीतिले समस्त प्रजा र राष्ट्रलाई धारण गर्नका लागि सक्षम छौ । तिमी हिंसारहित छौ । मानिसलाई हितकारी हुने ऐश्वर्य हामीलाई प्रदान गर र ब्राह्मणत्व, क्षत्रियत्व र व्यापारको क्षमता प्रदान गर ।

स्वाहा पूष्णे शरसे स्वाहा ग्रावभ्यः स्वाहा प्रतिरवेभ्यः । स्वाहा पितृभ्यऽ ऊर्ध्वबर्हिर्भ्यो घर्मपावभ्यः स्वाहा द्यावापृथिवीभ्याꣳ स्वाहा विश्वेभ्यो देवेभ्यः ॥१५॥

स्नेहको भावनाले सम्पन्न पूषा, प्राण, शब्द गर्ने प्राणीहरू, सोमपान गर्ने, घर्म नामको यज्ञलाई पवित्र गराउने पितृहरू, द्युलोक, पृथ्वीलोक र सम्पूर्ण देवताहरूका लागि यो आहुति प्रदान गरिएको छ ।

स्वाहा रुद्राय रुद्रहूतये स्वाहा सं ज्योतिषा ज्योतिः । अहः केतुना जुषताᳬ सुज्योतिर्ज्योतिषा स्वाहा । रात्रिः केतुना जुषताᳬ सुज्योतिर्ज्योतिषा स्वाहा । मधु हुतमिन्द्रतमे अग्नावश्याम ते देव घर्म नमस्ते अस्तु मा मा हिᳬसीः ॥१६॥

राक्षसका संहारक रुद्रदेवताका लागि यो आहुति प्रदान गरिएको छ । ज्योतिसित ज्योति मिलेर उचित किसिमले प्रज्वलित होस् भनेर हामीले यो आहुति प्रदान गरेका छौं । दिनमा प्रज्ञायुक्त तेज आफ्ना तेजसित संयुक्त होस् भनेर यो आहुति प्रदान गरेका छौं । रातमा प्रज्ञाले युक्त तेज आफ्ना तेजसित मिसियोस् भनेर यो आहुति प्रदान गरेका छौं । हे दिव्य गुणले युक्त परमात्मा ! तिमी तेजस्वी अग्निमा समर्पित गरिएको मधुर आहुति ग्रहण गर र हामीलाई रक्षा गर ।

अभीमं महिमा दिवं विप्रो बभूव सप्रथाः । उत श्रवसा पृथिवीᳬ सᳬ सीदस्व महाँ२ऽ असि रोचस्व देववीतमः । वि धूममग्ने अरुषं मियेध्य सृज प्रशस्त दर्शतम् ॥१७॥

हे अग्निदेवता ! तिम्रो यो विशाल कीर्ति द्युलोक र पृथ्वीलोकमा व्याप्त भएको छ । तिमी सबै देवताहरूलाई तृप्त गर्नमा समर्थ छौ । तिमी हाम्रा यज्ञमा उचित किसिमले विराजमान भएर प्रज्वलित होऊ । हे यज्ञका योग्य, उत्कृष्ट अग्निदेवता ! तिमी आफ्ना राता रङ्गले युक्त, दर्शनीय धुवाँलाई विस्तार गर ।

या ते घर्म दिव्या शुग्या गायत्र्याᳬ हविर्धाने । सा तऽ आ प्यायतां निष्ट्यायतां तस्यै ते स्वाहा । या ते घर्मान्तरिक्षे शुग्या त्रिष्टुभ्याग्नीध्रे । सा तऽ आ प्यायतां निष्ट्यायतां तस्यै ते स्वाहा । या ते घर्म पृथिव्याᳬ शुग्या जगत्याᳬ सदस्या । सा तऽ आ प्यायतां निष्ट्यायतां तस्यै ते स्वाहा ॥१८॥

हे अग्निदेवता ! तिम्रो जुन दीप्ति द्युलोक र विशिष्ट यज्ञमा गायत्री छन्दमा रहेको हुन्छ, जुन दीप्ति अन्तरिक्षमा एवं अग्निजत्तिकै प्रदीप्त भएर त्रिष्टुप् छन्दमा छ, तिम्रो जुन दीप्ति पृथ्वीका सभास्थानमा जगती छन्दमा छ, त्यही दीप्ति विस्तृत होस् र बलियो पनि होस् भनेर नै यो आहुति समर्पित गर्दछौं ।

क्षत्रस्य त्वा परस्पाय ब्रह्मणस्तन्वं पाहि । विशस्त्वा धर्मणा वयमनु क्रामाम सुविताय नव्यसे ॥१९॥

हे परमात्मा ! शत्रुबाट प्रजाको रक्षा गर्नका लागि हामीले तिम्रो अनुसरण गरेका छौं । शौर्यवान् क्षत्रियहरू र ज्ञानवान् ब्राह्मणहरूका शरीरमा विद्यमान शक्तिलाई तिमीले रक्षा गर । प्रजालाई धर्मका मार्गमा लगाएर उत्तम पदार्थ प्राप्त गर्नका लागि श्रेष्ठल मार्गमा डोहोऱ्याउन र कर्तव्य पालन गर्नका लागि हामी तिम्रो अनुसरण गर्दछौं ।

चतुःस्रक्तिर्नाभिर्ऋतस्य सप्रथाः स नो विश्वायुः सप्रथाः स नः सर्वायुः सप्रथाः । अप द्वेषो अप ह्वरोन्यव्रतस्य सश्चिम ॥२०॥

हे परमात्मा ! तिमी चारै दिशामा व्याप्त भएर यज्ञको व्यवस्थाका केन्द्र भएका छौ । अत्यन्त विस्तृत यशले सम्पन्न भएर जीवनपर्यन्त हाम्रो रक्षा गर । विस्तृत यश कमाएका तिमीले हाम्रो कल्याणका लागि दीर्घायु प्रदान गर । द्वेष गर्ने र कुटिल

शत्रुहरूबाट र जन्ममरणबाट हामीलाई मुक्त गराऊ । हामी अहैतुकी कृपा गर्नेहरू सबै नै तिमीलाई उपासना गर्दछौं ।

घर्मैतत्ते पुरीषं तेन वर्धस्व चा च प्यायस्व । वर्धिषीमहि च वयमा च प्यासिषीमहि ॥२१॥

हे यज्ञदेवता ! तिमी विशाल ऐश्वर्यले सम्पन्न एवं सामर्थ्यवान् छौ । तिम्रो समृद्धि अझै बढिरहोस् । यसै गरी तिमी पूर्ण ऐश्वर्यशाली होऊ । हामीहरू श्रेष्ठ धन र पदार्थले सन्तुष्ट भएर पूर्ण रूपमा उन्नति गर्न सकौं ।

अचिक्रदद्वृषा हरिर्महान्मित्रो न दर्शतः । सꣳ सूर्येण दिद्युतदुदधिर्निधिः ॥२२॥

हे यज्ञदेवता ! हाम्रा लागि जल र औषधिहरू परम मित्रजस्तै भएर लाभ गराउने होऊन् । हामीसित जो रिसडाह गर्दछन् अथवा हामी जोसित रिसाउँछौं, उनीहरूका लागि जल र यी औषधिहरू शत्रुजस्तै भएर हानी गर्ने होऊन् ।

सुमित्रिया नऽ आपऽ ओषधयः सन्तु दुर्मित्रियास्तस्मै सन्तु योस्मान्द्वेष्टि यं च वयं द्विष्मः ॥२३॥

हे यज्ञदेवता ! हाम्रा लागि जल तथा औषधि परम मित्रजस्तै लाभ प्रदान गर्ने खालका होऊन् । हामीसित जसले रिस गर्दछन्, अथवा हामी जोसित रिस गर्दछौं तिनका लागि यी जल र औषधिहरू शत्रुजस्तै हानी गर्ने खालका होऊन् ।

उद्वयं तमसस्परि स्वः पश्यन्तऽ उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥२४॥

अन्धकार हटाउने श्रेष्ठतम ज्योतिलाई हामीले देखेका छौं । उनै ज्योतिस्वरूप र देवताहरूमा उत्कृष्टतम ज्योतिर्पुञ्ज सूर्यमा हामी पुग्न सकौं ।

एधोस्येधिषीमहि समिदसि तेजोसि तेजो मयि धेहि ॥२५॥

हे यज्ञदेवता ! तिमी स्वयं प्रकाशमान छौ । यो प्रकाश सधैं विस्तार होस् । तिमी प्रज्वलित भएको काठका समिधाजस्तै प्रकाशित तेजको रूप हौ, त्यसैले हामीलाई पनि तेजस्वी बनाऊ ।

यावती द्यावापृथिवी यावच्च सप्त सिन्धवो वितस्थिरे । तावन्तमिन्द्र ते ग्रहमूर्जा गृह्णाम्यक्षितं मयि गृह्णाम्यक्षितम् ॥२६॥

हे यज्ञदेवता ! द्युलोक एवं भूलोकको विस्तार भएका ठाउँसम्म र सातै समुद्र तथा विभिन्न दिशाहरू फैलिएका ठाउँसम्मका विस्तृत क्षेत्रमा हामी सबै प्राणीहरूले तिम्रै ऊर्जा ग्रहण गरेका छौं । त्यसै कारणले हामी ग्रहण गर्ने अक्षुण्ण सामर्थ्य पनि तिमीबाटै प्राप्त गर्दछौं ।

मयि त्यदिन्द्रियं बृहन्मयि दक्षो मयि क्रतुः । घर्मस्त्रिशुग्वि राजति विराजा ज्योतिषा सह ब्रह्मणा तेजसा सह ॥२७॥

परमात्मा अग्नि, विद्युत् तथा सूर्य यी तीनै वटाजस्तै तेजस्वी भएर महान् प्रकाश, विविध तेजका साथै ब्रह्मतेजले संयुक्त भएर सुशोभित भएका छन् । उनैले हामीलाई महान् बलशाली बनाऊन्, हामीलाई काम गर्ने शक्ति र दक्षता प्रदान गरुन् ।

पयसो रेतऽ आभृतं तस्य दोहमशीमह्युत्तरामुत्तराᳫं समाम् । त्विषः संवृक् क्रत्वे दक्षस्य ते सुषुम्णस्य ते सुषुम्णाग्निहुतः । इन्द्रपीतस्य प्रजापति भक्षितस्य मधुमतऽ उपहूतऽ उपहूतस्य भक्षयामि ॥२८॥

पयस् नामको बर्सिएका उनका रेतस् नामका उर्वरक तेज प्रकृतिमा यज्ञका प्रभावले भरिएको छ । त्यसलाई दोहन गर्ने यज्ञीय प्रक्रियाको लाभ आगामी वर्षहरूमा हामीले लगातार प्राप्त गर्न सकौँ । त्यस तेजस्वी कान्तिलाई स्वीकार गर्ने, सङ्कल्पलाई सिद्धि प्रदान गर्नमा कुशल, आमन्त्रण गरिएका हे यज्ञदेवता ! सुखकारक अग्निमा तिम्रा लागि प्रदान गरिएको आहुति साँच्चै नै सुखप्रदायक छ । इन्द्रदेवताले पान गरेको, प्रजापतिले सेवन गरेको, मधुरतायुक्त हव्य हामी पनि सेवन गर्न सकौँ ।

इति अष्टत्रिंशोऽध्यायः

अठ्तीसौँ अध्याय सकियो ।

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ एकोनचत्वारिंशोऽध्यायः॥

॥उनन्चालीसौं अध्याय॥

ऋषि– दध्यङ् आथर्वण, परमेष्ठी प्रजापति, साध्य ।

देवता– मान्त्रवर्णिक्य, यजमान, आशीर्वाद, श्री, प्रायश्चित्त देवता, सविता, मरुद्गण, अग्नि ।

छन्द– पङ्क्ति, भुरिक् अनुष्टुप्, स्वराट् अनुष्टुप्, निचृत् बृहती, कृति, विराट् धृति, भुरिक् गायत्री, निचृत् अत्यष्टि, भुरिक् अष्टि, आकृति, स्वराट् जगती, त्रिष्टुप्, निचृत्त्रिष्टुप् ।

स्वाहा प्राणेभ्यः साधिपतिकेभ्यः । पृथिव्यै स्वाहाग्नये स्वाहान्तरिक्षाय स्वाहा वायवे स्वाहा दिवे स्वाहा सूर्याय स्वाहा ॥१॥

प्राणका अधिपति हिरण्यगर्भका साथै उत्तम प्राणका लागि, पृथ्वीका लागि, अग्निका लागि, अन्तरिक्षका लागि, वायुदेवताका लागि, द्युलोकका लागि र सूर्यदेवताका लागि यो आहुति प्रदान गरिएको छ ।

दिग्भ्यः स्वाहा चन्द्राय स्वाहा नक्षत्रेभ्यः स्वाहाद्भ्यः स्वाहा वरुणाय स्वाहा । नाभ्यै स्वाहा पूताय स्वाहा ॥२॥

सबै दिशाहरूका लागि, चन्द्रमाका लागि, नक्षत्रहरूका लागि, जलसमूहका लागि, संसारको केन्द्रस्थलका रूपमा रहेको यज्ञका लागि र पवित्रता सञ्चार गराउने देवताका लागि यो आहुति समर्पित गरिएको छ ।

वाचे स्वाहा प्राणाय स्वाहा प्राणाय स्वाहा । चक्षुषे स्वाहा चक्षुषे स्वाहा श्रोत्राय स्वाहा श्रोत्राय स्वाहा ॥३॥

उत्तम वाणीका लागि, प्राणवायुलाई पवित्र राख्नका लागि, दुवै आँखाको पवित्रताका लागि र दुवै कानको परिवत्रताका लागि यो आहुति समर्पित छ ।

मनसः काममाकूतिं वाचः सत्यमशीय । पशूनाꣳ रूपमन्नस्य रसो यशः श्रीः श्रयतां मयि स्वाहा ॥४॥

अन्तःकरणको कामना पूर्तिका लागि र वाणीलाई सत्य बोल्ने क्षमता प्राप्त गर्नका लागि यो आहुति प्रदान गरिएको छ । पशुधनले घरको शोभा बढोस्, अन्न, रस, कीर्ति र समृद्धि प्राप्ति होस् भनेर यो आहुति समर्पित गरिएको छ ।

प्रजापतिः सम्भ्रियमाणः सम्राट् सम्भृतो वैश्वदेवः सꣳसन्नो घर्मः प्रवृक्त स्तेजऽ उद्यतऽ आश्विनः पयस्यानीयमाने पौष्णो विष्यन्दमाने मारुतः क्लथन् । मैत्रः शरसि सन्ताय्यमाने वायव्यो ह्रियमाणऽ आग्नेयो हूयमानो वाग्घुतः ॥५॥

यज्ञका प्रभावल पुष्ट हुँदै गरेका प्रजापतिका लागि, प्रजाले सम्मान गरेका सम्राट्का लागि, विद्वान्हरूबाट सम्मानित वैश्वदेवताका लागि, उच्च आसन प्राप्त गरेका तेजस्वी

घर्म नामका यज्ञ विशेषका लागि, उन्नत पदमा प्रकाशित तेजका लागि, जलले अभिषेक गरिएका अश्विनीकुमारहरूका लागि, पृथ्वीको हितमा प्रवृत्त पूषादेवताका लागि, शत्रुनाशक मरुत्‌हरूका लागि, कृषिसाधनहरूका विस्तारक मित्रदेवताका लागि, युद्धक्षेत्रमा गमनशील वायुदेवताका लागि र आहुति प्राप्त गर्ने अग्नि तथा वाक् देवताका लागि यो आहुति प्रदान गरिएको छ ।

सविता प्रथमेहन्नग्निर्द्वितीये वायुस्तृतीयऽ आदित्यश्चतुर्थे चन्द्रमाः पञ्चमऽ ऋतुः षष्ठे मरुतः सप्तमे बृहस्पतिरष्टमे । मित्रो नवमे वरुणो दशमऽ इन्द्रऽ एकादशे विश्वेदेवा द्वादशे ॥६॥

पहिलो दिन सवितादेवताका लागि, दोस्रो दिन अग्निदेवताका लागि, तेस्रो दिन वायुदेवताका लागि, चौथो दिन आदित्यदेवताका लागि, पाँचौँ दिन चन्द्रमाका लागि, छैटौँ दिन ऋतुहरूका लागि, सातौँ दिन मरुत्‌गणका लागि, आठौँ दिन बृहस्पतिदेवताका लागि, नवौँ दिन मित्रदेवताका लागि, दसौँ दिन वरुणदेवताका लागि, एघारौँ दिन इन्द्रदेवताका लागि र बाह्रौँ दिन विश्वेदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

उग्रश्च भीमश्च ध्वान्तश्च धुनिश्च । सासह्वाँश्चाभियुग्वा च विक्षिपः स्वाहा ॥७॥

उग्रदेवताका लागि, भीमदेवताका लागि, ठूलो स्वरमा कराउने ध्वान्तदेवताका लागि, डरले थर्कमान गराउने धुनिदेवताका लागि, पराजित गर्नमा समर्थ सामह्वानदेवताका लागि, शत्रुमाथि हमला गर्ने अभियुग्वादेवताका लागि र शत्रुलाई छिन्नभिन्न गराउने विक्षिप नामका वायुदेवताका लागि यो आहुति प्रदान गरिएको छ ।

अग्निꣳ हृदयेनाशनिꣳ हृदयाग्रेण पशुपतिं कृत्स्नहृदयेन भवं यक्ना । शर्वं मतस्नाभ्यामीशानं मन्युना महादेवमन्तः पर्शव्येनोग्रं देवं वनिष्ठुना वसिष्ठहनुः शिङ्गीनि कोश्याभ्याम् ॥८॥

हृदयले अग्निदेवतालाई, हृदयको अग्रभागले विद्युत्‌देवतालाई, सम्पूर्ण हृदयले पशुपतिदेवतालाई, यकृत्‌ले आकाशदेवतालाई, मिर्गौलाले जलदेवतालाई, मनका जोसले ईशानदेवतालाई, भित्रका मांसपेशीले महादेवतालाई, आँतले उग्रदेवतालाई, चिउँडाले वसिष्ठलाई र हृदयका कोषले शिङ्गी नामका देवतालाई हामी सन्तुष्ट र पुष्ट गराउँछौँ ।

उग्रँल्लोहितेन मित्रꣳ सौव्रत्येन रुद्रं दौर्व्रत्येनेन्द्रं प्रक्रीडेन मरुतो बलेन साध्यान् प्रमुदा । भवस्य कण्ठ्यꣳ रुद्रस्यान्तः पार्श्व्यं महादेवस्य यकृच्छर्वस्य वनिष्ठुः पशुपतेः पुरीतत् ॥९॥

लोहितले उग्रदेवतालाई, उत्तम व्रतका पालनले मित्रदेवतालाई, दुराचारको त्यागले रुद्रदेवतालाई, श्रेष्ठ आचरणले इन्द्रदेवतालाई, बलको सदुपयोगले मरुत्‌देवतालाई, प्रसन्नताले साध्यदेवतालाई, सुमधुर गायनका आधारभूत कण्ठले भवदेवतालाई, मांसपेशीहरूमा समाहित शक्तिले रुद्रदेवतालाई, सहृदयताले महादेवतालाई, स्थूल आँतमा सन्निहित शक्तिले शर्वदेवतालाई र पुरीतत् नामका हृदयमा भएका नाडीले पशुपतिदेवतालाई प्रसन्न गराउँछौँ ।

लोमभ्यः स्वाहा लोमभ्यः स्वाहा त्वचे स्वाहा त्वचे स्वाहा लोहिताय स्वाहा लोहिताय स्वाहा मेदोभ्यः स्वाहा मेदोभ्यः स्वाहा । माꣳसेभ्यः स्वाहा

माꣳसेभ्यः स्वाहा स्नावभ्यः स्वाहा स्नावभ्यः स्वाहास्थभ्यः स्वाहास्थभ्यः स्वाहा मज्जभ्यः स्वाहा मज्जभ्यः स्वाहा रेतसे स्वाहा । पायवे स्वाहा ॥१०॥

रौँका लागि, छालाका लागि, रगतका लागि, मांसका लागि, मांसपेशीका लागि, स्नायुका लागि, अस्थिका लागि, मज्जाका लागि, वीर्यका लागि र गुदारूपी अवयवका लागि यो आहुति प्रदान गर्दछौँ ।

आयासाय स्वाहा प्रायासाय स्वाहा संयासाय स्वाहा वियासाय स्वाहोद्यासाय स्वाहा । शुचे स्वाहा शोचते स्वाहा शोचमानाय स्वाहा शोकाय स्वाहा ॥११॥

आयासदेवताका लागि, प्रयासदेवताका लागि, संयासदेवताका लागि, वियासदेवताका लागि, उद्यासदेवताका लागि, शुचदेवताका लागि, शोचदेवताका लागि, शोचमानदेवताका लागि र शोकदेवताका लागि यो आहुति समर्पित गर्दछौँ ।

तपसे स्वाहा तप्यते स्वाहा तप्यमानाय स्वाहा तप्ताय स्वाहा घर्माय स्वाहा । निष्कृत्यै स्वाहा प्रायश्चित्यै स्वाहा भेषजाय स्वाहा ॥१२॥

तपका लागि, सन्तापका लागि, तप्यमानका लागि, तप्तका लागि, घर्मका लागि, निष्कृतिका लागि, प्रायश्चित्तका लागि र भेषजका लागि यो आहुति समर्पित गर्दछौँ ।

यमाय स्वाहान्तकाय स्वाहा मृत्यवे स्वाहा । ब्रह्मणे स्वाहा ब्रह्महत्यायै स्वाहा विश्वेभ्यो देवेभ्यः स्वाहा द्यावापृथिवीभ्याꣳ स्वाहा ॥१३॥

यमका लागि, अन्तकका लागि, मृत्युका लागि, ब्रह्मका लागि, ब्रह्महत्याका लागि, सम्पूर्ण देवताहरूका लागि र द्युलोक तथा पृथ्वीका लागि यो आहुति समर्पित गरिएको छ ।

॥ इति एकोनचत्वारिंशोऽध्यायः ॥

॥उनन्चालीसौँ अध्याय सकियो ॥

ॐ

भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

वाजसनेयि माध्यन्दिन शुक्ल

यजुर्वेद – संहिता

॥अथ चत्वारिंशोऽध्यायः॥

॥चालीसौं अध्याय॥

ऋषि– दध्यङ् आथर्वण, ब्रह्मा, अगस्त्य ।

देवता– आत्मा, परमात्मा, अग्नि ।

छन्द– अनुष्टुप्, भुरिक् अनुष्टुप्, निचृत् त्रिष्टुप्, निचृत् अनुष्टुप्, स्वराट् जगती, स्वराट् उष्णिक् ।

ईशा वास्यमिदथ्ं सर्वं यत्किं च जगत्यां जगत् । तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम् ॥१॥

यस सृष्टिमा भएका सबै जडचेतन सबैमा ईश्वरको उपस्थितिले ढाकेको छ, यस सृष्टिलाई उसैले पदार्थहरू प्रदान गरेको छ । त्यसो हुँदा उसले दिएका कुराको उपभोग गरौं, अर्काको अधिकार हनन हुने गरी अधिक कुरो नखोजौं ।

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतथ्ं समाः । एवं त्वयि नान्यथेतोस्ति न कर्म लिप्यते नरे ॥२॥

यस संसारमा उचित किसिमका कर्महरू अनुशासित रूपमा गर्दै सय वर्षको आयु बाँच्ने कामना गरौं । कर्मले मानिसलाई लिप्त गर्न नसकोस् । यो तिमीहरूकै लागि हो, यसका अतिरिक्त परम कल्याणको मार्ग अर्को कुनै पनि छैन ।

असुर्या नाम ते लोकाऽ अन्धेन तमसावृताः । ताँस्ते प्रेत्यापि गच्छन्ति ये के चात्महनो जनाः ॥३॥

यस किसिमको अनुशासन पालन नगर्नेहरू केवल शरीरका रूपमा मात्रै मानिस देखिएका असुर्य हुने गर्दछन् । उनीहरूले जीवनभरि गहिरो अन्धकारमा घेरिएर दुःखको जीवन बिताउँछन् । त्यस्ता आत्माको निर्देशनलाई हनन गर्नेहरू शरीरबाट प्राण छुटेपछि प्रेतका रूपमा त्यस्तै अन्धकारले भरिएका लोकमा पर्ने गर्दछन् ।

अनेजदेकं मनसो जवीयो नैनद्देवाऽ आप्नुवन् पूर्वमर्शत् । तद्धावतोन्यानत्येति तिष्ठत्तस्मिन्नपो मातरिश्वा दधाति ॥४॥

चञ्चलताविनाको त्यो ईश्वर एउटै छ, त्यो ईश्वर मनभन्दा पनि बढी वेगवान् छ । त्यस्तो स्फुर्तिवान् ईश्वर पहिलेदेखि नै छ तर उसलाई देवता या इन्द्रियसमूह भएका कसैले पनि प्राप्त गर्न सक्दैनन् । त्यो ईश्वर स्थिर रहँदा रहँदै पनि आफ्ना गतिले अन्य गतिशीलहरूभन्दा अगाडि पुग्दछ । उसैका अनुशासनभित्र रहेर नै गतिशील वायुले जललाई धारण गरेको हुन्छ ।

तदेजति तन्नैजति तद्दूरे तद्वन्तिके । तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ॥५॥

त्यही परमात्मारूप परमतत्त्व गतिशील पनि छ र स्थिर पनि छ । त्यो दूर पनि छ र निकटमा पनि छ । त्यसले यस संसारका सम्पूर्ण जडचेतनलाई आफूभित्र समेटेको र सबैलाई बाहिरबाट पनि ओगटेको छ ।

यस्तु सर्वाणि भूतान्यात्मन्नेवानुपश्यति । सर्वभूतेषु चात्मानं ततो न वि चिकित्सति ॥६॥

व्यक्तिले सबै जडचेतन सृष्टिलाई उसै परमात्मामा आत्मतत्त्वका रूपमा स्थित रहेको अनुभव गरेपछि नै सबै प्राणीभित्र त्यो आत्मतत्त्व समाहित भएको अनुभव गर्दछ र त्यस्ता अवस्थामा ऊ कुनै पनि किसिमले भ्रमित हुँदैन ।

यस्मिन्त्सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः । तत्र को मोहः कः शोकऽ एकत्वमनुपश्यतः ॥७॥

व्यक्तिले यो आत्मतत्त्व समस्त प्राणीका रूपमा प्रकट भएको छ भन्ने कुरो जानिसकेका स्थितिमा त्यसको एकत्व अनुभूति गर्ने स्थितिमा पुग्दछ र मोह अथवा शोकबाट मुक्त हुन्छ ।

स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरꣳ शुद्धमपापविद्धम् । कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ॥८॥

त्यस्तो परमात्मा सर्वव्यापी छ, तेजस्वी छ, त्यो दोषरहित छ, स्नायु वा शरीररहित र छिद्र वा दागरहित छ । त्यो शुद्ध र निष्पाप छ । त्यो क्रान्तदर्शी कवि हो, मनीषी हो, सर्वजयी र स्वयं उत्पन्न हुने खालको छ । उसैले अनादि कालदेखि नै सबैका लागि यथायोग्य साधन र अर्थको व्यवस्था बनाएको छ ।

अन्धं तमः प्र विशन्ति येसंभूतिमुपासते । ततो भूयऽ इव ते तमो यऽ उ सम्भूत्याꣳ रताः ॥९॥

जुन मानिस असंभूतिजस्ता विखण्डन र विनाशको उपासना गर्दछन्, त्यस्ता खालका प्रवृत्तिमा रमाउनेहरू घोर अज्ञानरूपी अन्धकारमा छोपिन्छन् । जसले केवल सम्भूतिरूपी सङ्गठित सिर्जनशीलताको मात्रै उपासना गर्दछन् उनीहरू पनि सबै किसिमका अन्धकारमै छोपिन्छन् ।

अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात् । इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१०॥

जुन दिव्य पुरुषले हाम्रा लागि यस्तो विषयमा विशेष रूपले बताएका छन्, हामीले उनै धीर पुरुषबाट सम्भूतियोगको प्रभाव भिन्न कुरो हो र असम्भूति योगको प्रभाव त्यसभन्दा भिन्न हुन्छ भन्ने सुनेका छौँ ।

सम्भूतिं च विनाशं च यस्तद्वेदोभयꣳ सह । विनाशेन मृत्युं तीर्त्वा सम्भूत्यामृतमश्नुते ॥११॥

त्यसै कारणले सम्भूति भनेको समयअनुसारको नयाँ सिर्जना हो र विनाश भनेको अवाञ्छनीय कुराको विनाश गर्ने हो । यी दुई वटा कला हुन् र यिनीहरू एकै साथमा

रहेका हुन्छन् भन्ने कुरो जान्नुपर्दछ । विनाशको कलाबाट मृत्युलाई पार गरेर सम्भूतिका कलाले अमरता प्राप्त गर्न सकिन्छ ।

अन्धं तमः प्र विशन्ति येविद्यामुपासते । ततो भूयऽ इव ते तमो यऽ उ विद्यायाᳪं रताः ॥१२॥

जसले अविद्याको उपासना गर्दछन्, उनीहरू गहिरो अन्धकारमा डुब्दछन् र जसले विद्याको उपासना गर्दछन्, उनीहरू पनि उसै किसिमले अज्ञानरूपी अन्धकारमै डुबेका हुन्छन् ।

अन्यदेवाहुर्विद्यायाऽ अन्यदाहुरविद्यायाः । इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१३॥

जुन दिव्य पुरुषले हाम्रै लागि विशेष रूपले यो कुरो भनेका छन्, विद्या र अविद्याको प्रभाव केही रूपमा भिन्नभिन्न किसिमका हुन्छन् भनेर हामीले उनै दिव्य पुरुषबाट सुनेका छौँ ।

विद्यां चाविद्यां च यस्तद्वेदोभयᳪं सह । अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥१४॥

त्यसै कारणले यस्ता विद्या र अविद्या दुवैको ज्ञानलाई एकै साथ प्राप्त गरौँ । अविद्याका प्रभावले मृत्युलाई पार गरेर विद्याद्वारा अमृतत्त्वलाई प्राप्त गर्न सकिन्छ ।

वायुरनिलममृतमथेदं भस्मान्तᳪं शरीरम् । ओ३म् क्रतो स्मर । क्लिबे स्मर । कृतᳪं स्मर ॥१५॥

यस जीवनको अस्तित्व पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्च महाभूतका संयोगले बनेको छ । शरीर त आखिरमा भस्म हुने नै हो । त्यसैले हे सङ्कल्पकर्ता हो ! तिमीहरू पनि परमात्मालाई उपासना गर । आआफ्ना सामर्थ्यले स्मरण गरेर जुनजुन कर्म गरिसकेका छौ, तिनलाई स्मरण गर ।

अग्ने नय सुपथा राये अस्मान्विश्वानि देव वयुनानि विद्वान् । युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमऽ उक्तिं विधेम ॥१६॥

दिव्य गुणले युक्त हे अग्निदेवे ! सबै मार्ग जानेका हुनाले हामी याजकहरूलाई यज्ञको फल प्राप्त गराउनका लागि तिमी नै सन्मार्गतिर लैजाऊ । हामीलाई कुटिल आचरण भएका शत्रु र पापबाट मुक्त राख । तिम्रा लागि स्तोत्र र नमस्कारको व्यवस्था गर्दछौँ ।

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् । योसावादित्ये पुरुषः सोसावहम् ॥१७॥

सुनको चम्किलो पात्रजस्तै भएर सत्यको मुखरूपी स्वरूप सधैँ छोपिएको हुन्छ । त्यस आवरणलाई हटाएपछि त्यो आदित्यका रूपमा रहेको पुरुष मै हुँ भनेर थाहा पाइन्छ ।

ॐ खं ब्रह्म ॥१८॥

ॐ अक्षर आकाशभरि ब्रह्मका रूपमा सर्वत्र व्याप्त भएर रहेको छ ।

॥ इति चत्वारिंशोऽध्यायः ॥

॥चालीसौँ अध्याय सकियो ॥

इति शुक्लयजुर्वेदसंहिता समाप्ता

॥ शुक्लयजुर्वेद सकियो ॥